


# झापाको पत्रकारिता

## आरम्भदेखि २०४०

नेपाल पत्रकार महासंघ
झापा शाखा

# झापाको पत्रकारिता

## आरम्भदेखि २०४० साल

**सम्पादन**

गोपाल गिरी । राजबाबु शंकर

**प्रकाशक**

नेपाल पत्रकार महासंघ, झापा शाखा

| | |
|---|---|
| पुस्तक | : **झापाको पत्रकारिता (आरम्भदेखि २०४०)** |
| प्रकाशक | : नेपाल पत्रकार महासंघ, झापा शाखा, बिर्तामोड |
| फोन | : ०२३–५३०२०६ |
| इमेल | : fnjjhapa2071@gmail.com |
| सम्पादक | : गोपाल गिरी र राजबाबु शंकर |
| प्रकाशन मिति | : २०८१ साल |
| प्रकाशन प्रति | : २१०० प्रति |
| सर्वाधिकार | : प्रकाशकमा |
| आवरण/ सज्जा | : सन्तोष शर्मा (सुसन मिडिया प्रा.लि., बिर्तामोड-झापा) |
| मूल्य | : रु ३५०/- |
| मुद्रण | : अरनिको छापाखाना, बिराटनगर |
| ISBN | : 9789937-1-6555-6 |

काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना

झापा जिल्लाका पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघ, झापाले स्थापनाको ३५ वर्ष पूरा गरेको तथा १४औं अधिवेशन आयोजनाको अवसरमा जिल्लाको पत्रकारिता सम्बन्धी विविध गतिविधि र विषयवस्तु समेटेर पुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ। यस अवसरमा जिल्लाभरका महासंघ सदस्य, सञ्चारकर्मी र सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

लोकतन्त्रको आधारभूत अवयवका रूपमा रहेको प्रेस स्वतन्त्रता जनताको सूचना माग्ने र पाउने अधिकारसँग सम्बन्धित मौलिक हक हो। संविधान तथा कानून प्रदत्त सूचना सञ्चार र अभिव्यक्ति स्वतन्त्रताको हक सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको छ। श्रमजिवी पत्रकारहरूको हकहित र अधिकार सुनिश्चित गर्दै स्वतन्त्र पत्रकारिताको संस्थागत विकासमा क्रियाशील नेपाल पत्रकार महासंघले मुलुकको राष्ट्रियता, लोकतन्त्र र नागरिक अधिकार संरक्षणको लागि खेल्दै आएको भूमिकाप्रति धन्यवाद व्यक्त गर्दछु। यस सन्दर्भमा, नेपाल पत्रकार महासंघ, झापाले जिल्लामा प्रेस स्वतन्त्रताको प्रवर्द्धन, निष्पक्ष पत्रकारिता, सत्यतथ्य सूचना प्रकाशन तथा प्रसारण र सञ्चारकर्मीको हकहितको संरक्षणमा पुऱ्याउँदै आएको भूमिका उल्लेखनीय छ। आगामी दिनमा शाखाले स्वच्छ, निष्पक्ष, सही, तटस्थ सूचना र विषयवस्तुमार्फत स्वतन्त्र पत्रकारिताको विकासमा थप योगदान गर्न सकोस् भन्ने अपेक्षा गरेको छु।

अन्त्यमा, नेपाल पत्रकार महासंघ, झापाको १४औं महाधिवेशनको अवसरमा प्रकाशोन्मुख "पुस्तक" को सफलताको शुभकामना व्यक्त गर्दछु।

पुष्पकमल दाहाल 'प्रचण्ड'

१६ चैत्र २०८०
ने. सं. ११४४ चिल्ला गा, चौथी

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल

मा. रेखा शर्मा
सञ्चार तथा सूचना प्रविधि मन्त्री

## शुभकामना सन्देश

नेपाल पत्रकार महासंघ, झापा शाखाले पत्रकारिताको आरम्भदेखि विसं २०४० सालसम्मको परिवेश, त्यसबेलाका पत्रकारको परिचय, आलेख र महत्वपूर्ण अभिलेख समेटेर पुस्तक प्रकाशन गर्न थालेकोमा खुशी लागेको छ। यसमा प्रकाशित सामग्रीले इतिहासको सही उत्खनन् गर्दै अग्रजको सम्मान र नयाँ पुस्तालाई मार्गदर्शन गर्नसकून् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

चेतनाका दृष्टिले अगाडि रहेको झापा जिल्लामा पत्रकारिताको थालनी पनि विसं २०१० सालदेखि भएको सुन्दा गौरव महसुस भएको छ। सात दशक पार गरेको झापाको पत्रकारिताको इतिहास लिपिबद्ध गर्ने उद्देश्यले नेपाल पत्रकार महासंघ जिल्ला शाखाले इतिहासको अभिलेखीकरण थाल्नुलाई मैले महत्वपूर्ण ठानेको छु । नयाँ पुस्तालाई इतिहासको सही जानकारी दिनु आजका पुस्ताको दायित्व हो । यसबाट इतिहासको विस्मृतिमा रहेका महत्वपूर्ण अभिलेखहरुको उत्खनन् गर्दै अग्रजहरुको पहिचान र उहाँहरुले गरेका संघर्षका गाथाको लेखिलेखीकरण गर्न महत्वपूर्ण योगदान पुग्नुका साथै तथ्यपूर्ण अभिलेखीकरण, प्रचार र अनुशरणले आजको पुस्तालाई उत्प्रेरित र भावी पुस्तालाई सही मार्गदर्शन गर्नेछ।

नेपाल पत्रकार महासंघ झापाले पत्रकारको सामाजिक सुरक्षाका लागि एक करोड रुपैयाँको पत्रकार सहारा उपचार कोष बनाएको र ई–लाइब्रेरी समेत सञ्चालन गरेको सुन्दा खुशी लागेको छ । पत्रकारको हितका लागि थालिएका यसप्रकारका रचनात्मक कार्यका लागि धन्यवाद दिन चाहन्छु । सूचना प्रविधिको प्रयोगका कारण केन्द्र र मोफसलको दूरी कम हुँदै गएको छ। सरकार निरन्तर डिजिटल पूर्वाधारको विकास र विस्तारमा जुटेको छ। हरेक पालिका र वडा केन्द्रसम्म उच्च गुणस्तरको इन्टरनेटको विस्तारमा सरकार लागेको छ। अब हिमाल, पहाड र तराईका जुनसुकै भूभागमा बसेर जिल्ला र पालिकास्तरबाटै पत्रकारिता गर्ने वातावरण बन्दै गएको छ।

यसका साथै सरकार संघीय संरचनाअनुरुप पत्रकारिता क्षेत्रको विकासका लागि आवश्यक कानुन निर्माणको तयारीमा जुटेको छ। आम सञ्चार विधेयक र मिडिया काउन्सिल विधेयक संसदमा पेश हुने तयारीमा छन् भने विज्ञापन नियमावली र राष्ट्रिय प्रसारण नियमावली संशोधनका साथै अन्य आवश्यक निर्णयमार्फत जिल्लामा कार्यरत पत्रकार र सञ्चालित सञ्चारमाध्यमको विकास तथा सहजीकरणका लागि सरकारले नीतिगत काम गरिरहेको छ।

अन्त्यमा, नेपाल पत्रकार महासंघ झापाले थालेको इतिहास अभिलेखीकरणले सफलता प्राप्त गरोस्, हार्दिक शुभकामना दिन दिन चाहन्छु।

२० चैत, २०८०

नेपाल संवत् ११४४ चिल्लागा ८

रेखा शर्मा
(मन्त्री)

# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

Ref No. :

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति Central Committee Federation of Nepali Journalists

मिति : २०८१/०१/१०

## रचनात्मक कार्यका लागि शुभकामना

नेपाली पत्रकारिताको अध्ययन गर्नका लागि अझै पनि आवश्यक अध्ययन सामग्रीको आवश्यकता महसुस भइरहेको छ। पत्रकारितालाई हतारको साहित्य भनिन्छ र त्यसै अनुसारको त्यसको प्रवाह हुने पनि गर्दछ। यसो भन्नुको तात्पर्य भनेको के हो भने, समकालीन मुद्दाहरूको पहिचान गर्दै र ती मुद्दाहरूमाथि समाचार सामग्री तयार गरेर सम्बोधनका लागि सरोकारवालाहरूको ध्यानाकर्षण गर्ने काममा पत्रकारिता प्रायः सीमित हुने गर्दछ। यसो गर्दैगर्दा पत्रकारिताले महत्वपूर्ण दायित्व निर्वाह पनि गरिरहेको हुन्छ। यो दायित्व निर्वाहसँगै समस्याको सम्बोधनको वातावरण बन्दछ। त्यस्तो वातावरण निर्माण भयो भने त्यसबाट लाभान्वित हुने भनेको समाज र आम नागरिक नै हुन्।

पत्रकारिता क्षेत्रले यसरी दायित्व निर्वाह गर्दैगर्दा प्राप्त हुने परिणामका आधारमा विद्वानहरूले पत्रकारिताको महत्वको चर्चा मात्र गर्दैनन्, पत्रकारिता जीवन्त हुनुपर्छ भन्ने आवश्यकता समेत औंल्याउँछन्। तत्कालीन अमेरिकी राष्ट्रपति थोमस जेफर्सनले भनेका थिए: 'यदि मलाई कसैले सरकार र पत्रकारितामध्ये एक रोज्न भन्यो भने म एक मिनेट पनि नसोची पत्रकारिता रोज्छु।' समाजलाई निरन्तर गतिशील, पारदर्शी र जवाफदेही बनाउँदै आवश्यक खबरदारी समेत गर्नका लागि पत्रकारिताको अनिवार्यतालाई यस्तै सन्दर्भहरूले पुष्टि गर्ने गर्दछन्।

पत्रकारिताको यो महत्वका बारेमा चर्चा हुँदै गर्दा पत्रकारिताले कुन समयमा के गर्‍यो ?– भन्ने आधारमा यसको अध्ययन समेत हुँदै गयो भने त्यसले नयाँ पुस्ता र समयलाई समेत मार्गनिर्देश गर्न सक्दछ। यति मात्र होइन, जस्तोसुकै चुनौतिसँग पनि जुझ्न र ती चुनौतिलाई अवसरमा परिणत गर्ने क्षमता पनि त्यस्ता अध्ययनहरूले राख्दछन्। त्यसकारण पनि पत्रकारिताले कुन समयमा कस्तो भूमिका निर्वाह गर्‍यो भन्ने कुरालाई अध्ययनसँगै अनुभवका आधारमा समेत लिपिबद्ध गरेर राख्नु समकालीन पुस्ताको महत्वपूर्ण जिम्मेवारी हुन्छ।

शायद यस्तै कुरालाई महसुस गरेर होला, नेपाल पत्रकार महासंघको झापा शाखाले जिल्लाको प्रारम्भदेखिको पत्रकारिताको झल्को देखिनेगरी 'झापाको पत्रकारिता' नामक पुस्तक प्रकाशन गर्दै छ। यो पुस्तकमा प्रकाशित सामग्रीहरूले तत्कालीन पत्रकारिताको अभ्यासको तौरतरिका, पत्रकारहरूका समस्या र चुनौति अनि चुनौतिलाई अवसरमा कसरी बदलियो भन्ने कुराहरूको बारेमा जानकारी दिनेछन्। अहिले प्रविधिको उच्च विकास र त्यसको सहयोगमा पत्रकारितामा योगदान दिइरहेका पुस्ताका लागि तत्कालीन झापाली पत्रकारिताको अभ्यासको श्रृंखला एउटा रोमाञ्चक अध्ययन सामग्री हुनेछ।

तर, एउटा कुरा के स्पष्ट छ भने झापा शाखाको यो रचनात्मक प्रस्तुति झापाका पत्रकार र पाठकका लागि मात्र सम्पत्तिका रुपमा सीमित हुने छैन। संसारका जुनसुकै स्थानमा बस्ने पत्रकारिताका अध्येताहरूका लागि समेत महत्वपूर्ण सामग्रीका रुपमा रहने छ। महासंघ झापा शाखाको यो रचनात्मक कार्यको प्रशंसा सहित हार्दिक बधाई ज्ञापन गर्दछु।

विपुल पोखेल
अध्यक्ष

Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-4112763 / 4112673, Fax: +977-1-4112785, Email: fnjnepalcentral@gmail.com, URL : www.fnjnepal.org

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists
कोशी प्रदेश समिति, विराटनगर
Koshi Province Committee, Biratnagar
☎ ०२१-४६९८२८
email: fnjprovince1@gmail.com

प.स. :-

च. नं. :-

## शुभकामना !

नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाले अधिवेशनको अवसर पारेर स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ । यस सुखद् अवसरमा शाखा टिमलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपाली पत्रकारिताको इतिहास र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि झापा जिल्लामा रहेर पत्रकारिता गर्नु हुने अग्रज र सहकर्मीले खेलेको भूमिका अहम् रहेको कतै छिपेको छैन् । जिल्लामा रहेर पत्रकारिता गर्ने पत्रकारहरु, जिल्लाको पत्रकारिता क्षेत्रको इतिहास र वर्तमान अग्रजहरुको विगतको अनुभव, अनुभूति, र वर्तमानमा खेलिरहेको भूमिका, पत्रकारिताको विकासक्रम, र आगामी कार्ययोजनालगायतका विषयवस्तु पुस्तकमा समेटिनु सकारात्मक र सराहनीय काम हो । यस किसिमको पुस्तक प्रकाशनबाट अग्रज पत्रकारहरुले पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको उच्च कदर र सम्मान हुनुका साथै उहाँहरुको पत्रकारिता क्षेत्रको अनुभव र अनुभूतिहरु इतिहासका रुपमा संग्रहित हुने विश्वास लिएको छु ।

स्मारिका प्रकाशन गरी पत्रकारिता, परिवेश र पात्रहरु क्रमशः पछिल्लो पुस्ताको विस्मृतिमा गइरहेको हुँदा इतिहासलाई लिपिवद्ध गर्ने प्रयासको शुरुवात महासंघ झापाले गरेको छ । झापामा पत्रकारिता आरम्भदेखि २०४० सम्मको परिवेश, त्यसबेलाका पत्रकारको परिचय, आलेख र महत्वपूर्ण अभिलेखहरु समेटी पुस्तकाकार दिनु प्रशंसनीय विषय हो । महासंघ झापाले जिल्लाका पत्रकारको सामाजिक सुरक्षाका लागि १ करोड रुपैयाँको पत्रकार सहारा उपचार कोष बनाएको छ । यो शाखाको उत्कृष्ठ काममध्ये एक हो भन्ने ठानेको छु । श्रमजीवि पत्रकारहरुका लागि यो ठूलो उपलब्धी हो । पत्रकारहरुको क्षमता अभिवृद्धी गरी प्रोत्साहित गर्न अक्षयकोषसहित विभिन्न पुरस्कार स्थापना, लेखनवृत्ति वितरणलगायतका कार्यले झापा शाखालाई उत्कृष्ट बनाएको छ ।

पत्रकारिताको विगत र वर्तमानसमेत समेटिने यो पुस्तकबाट नवप्रवेशी पत्रकारहरु र पत्रकारितामा चासो राख्ने जोकोही पाठकलाई पत्रकारिताका बारेमा बुझ्न, जान्न र सिक्न मद्दत पुग्ने विश्वास लिएको छु । यो पुस्तक पत्रकारिता विषयमा अध्ययन अनुसन्धानमा चासो राख्ने सबैलाई लाभदायक हुनुका साथै आमपाठकका लागि संग्रहणीय बन्न सकोस् हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.....................

(लवदेव ढुंगाना)

कार्यवाहक अध्यक्ष

# सात दशकको यात्रा

मानव उत्पत्ति र विकासक्रमसँगै सञ्चारको पनि विकास भएको पाइन्छ । चिन्ह र संकेतको युगबाट शुरू भएको सञ्चार बोली र भाषाको युग, अक्षरको युग, छापाखानाको युग, आमसञ्चारको युग हुँदै सूचना समाजको युगमा पुगेको छ । वर्तमान युग जहाँ मल्टिमिडिया छ, अन्लाइन र सेटेलाइटले संसार एउटा गाउँ बनेको छ । सूचना प्रविधिको अभूतपूर्व विकास, उदार विश्व व्यापार प्रणाली तथा राजनीतिक उदारवादले विश्वलाई साँघुरो बनाइदिएको छ ।

सञ्चारको विकासलाई पछ्याउँदै शुरू भएको पत्रकारिताको विकासले आमनागरिकलाई सुसूचित हुन सहज बनाइदिएको छ । विश्वमा पत्रकारिताको विकासको धेरैपछि नेपालमा पत्रकारिताको बीजारोपण भएको पाइन्छ । १७२ वर्षअघि गिद्धे प्रेसको प्रवेशको पृष्ठभूमिसँगै १३७ वर्षअघि अर्थात् १९४३ सालबाट नेपाली पत्रकारिताको औपचारिक शुभारम्भ मोतीराम भट्टले भारतको बनारसबाट 'गोर्खा भारत जीवन' पत्रिका मार्फत गरेको इतिहास छ । मोतीरामकै अगुवाइमा १९५५ सालमा प्रकाशित 'सुधासागर' पत्रिका नै नेपालको पहिलो पत्रिका हो ।

यसको ५५ वर्षपछि मात्र झापामा पत्रकारिताको बीजारोपण भएको पाइन्छ । अध्ययन अनुसार, २०१० साल मंसीर १२ गते प्रकाशन शुरू भएको 'केटो' मासिक यस जिल्लाको पहिलो पत्रिका र त्यसका सम्पादक श्यामकृष्ण उपाध्यायलाई झापा जिल्लाको पहिलो पत्रकार मानिएको छ । झापाको पत्रकारिताले सात दशक पार गरेको छ । मोफसलमा पत्रकारिताको विकासको इतिहासका दृष्टिले झापा अग्रणी जिल्लामध्येमा पर्दछ । अग्रजहरूले पत्रकारिताको विकासमा झापा मोफसलकै जेठो जिल्ला हो पनि भनेका छन् ।

लेटर प्रेसबाट शुरू भएको झापाको पत्रकारिताले आजसम्म आइपुग्दा थुप्रै उतारचढाव व्यहोरेको छ, धेरै पत्रकार जन्माएको छ । झापामा पत्रकारिताको जग बसाल्ने अग्रजहरूमध्ये धेरै भौतिक रूपमा बिदा भइसक्नु भएको छ । यहाँ पत्रकारिता शुरू भएको ३६ वर्षपछि पत्रकारहरू संगठित भएको इतिहास छ । संगठित हुने क्रममा नेपाल पत्रकार संघ हुँदै महासंघ बनेर पेशागत हक हित तथा पत्रकारको क्षमता विकासमा क्रियाशील छ ।

पेशाको पुस्तान्तरणसँगै इतिहासका तथ्यहरू क्रमशः विस्मृतिमा गइरहेका छन् । झापाली पत्रकारिताको ७१ वर्षको इतिहास, विकासक्रम कहींकतै लिपिबद्ध भएको पाइएको छैन । झापाली पत्रकारिताको त्यही इतिहासलाई लिपिबद्ध गर्ने कार्यको शुरूवात महासंघ झापाको वर्तमान समितिले गरेको छ । इतिहास र यहाँको पत्रकारिताको विकासक्रम, परिवेश र पात्रहरू बारे भावी पुस्तालाई समेत स्मरण गराउन, खोज अध्ययन गर्न चासो राख्नेहरूलाई तथ्य जानकारी गराउन इतिहासलाई लिपिबद्ध गर्नुपर्ने खाँचोलाई मध्यनजर गरी हामीले यस कार्यको शुरूवात गरेका हौं ।

हजार माइलको यात्रा पनि पहिलो पाइलाबाटै शुरू हुन्छ, यो पनि पहिलो पाइला नै हो । मैले अघि नै भनें कि यो शुरूवात हो, पूर्ण होइन । गर्दै नगर्नुभन्दा केही न केही शुरू गर्नु उत्तम हुन्छ । झापाली पत्रकारिताको समग्र इतिहास एकैपटक लिपिबद्ध गर्नु कठिन काम हो । तसर्थ हामीले पहिलो पाइला भनौं या केही न केही शुरू गर्नैपर्छ भन्ने हुट्हुटीले आरम्भदेखि २०४० सालसम्मको इतिहास, त्यसबेलाका पात्र (पत्रकार), परिवेश र केही अभिलेखलाई यस पुस्तकमा लिपिबद्ध गर्ने प्रयास गरेका छौं । यहाँका सञ्चारमाध्यमको विवरण पनि समेट्ने प्रयास गरेका छौं ।

पुस्तकलाई इतिहासको तथ्यको सँगालो बनाउने हाम्रो प्रयास सबै क्षेत्र र पात्रका पर्याप्त सूचनाको उपलब्धता, आधिकारिकता एवम् अद्यावधिकताको सीमितताले पूर्ण हुन नसकेकोमा हामी नै पूर्ण सन्तुष्ट छैनौं । तथापि पाइएका अधिकतम तथ्य समेटिएको छ । प्रस्तुत पुस्तक सकेसम्म स्तरयुक्त बनाउन प्रशस्त प्रयास गरिएको छ । झापाली पत्रकारिताको इतिहासका बारेमा जिज्ञासा राख्ने, अध्ययन अनुसन्धान गर्न चाहने जोसुकैलाई यो पुस्तक उपयोगी हुने हाम्रो विश्वास छ । पछिल्लो पुस्तालाई झापाली पत्रकारिताका विषयमा बुझ्न यो पुस्तक सहायकसिद्ध हुने हाम्रो अपेक्षा छ ।

अधिकतम प्रयासका बीचमा पनि विषयवस्तु र पात्र छुटेका हुन सक्छन् । भाषा, शैली, प्रस्तुति, चित्राङ्कन लगायतका पक्षमा कमी भएको हुन सक्छ । यो एक पुस्तक मात्र नभएर हामी सबैको साझा परिचय हो र पूँजी हो । कमी भएका विषय, पात्र र तथ्यहरु थपेर अझ परिस्कृत, पूर्ण एवम् उपयोगी बनाउनु भोलिको जिम्मेवारी हो । यसर्थ सबै पत्रकारहरू, समाजका प्रबुद्ध वर्ग एवम् पाठकहरूबाट आधिकारिक तथ्य तथा रचनात्मक सुझावको हामी सदैव अपेक्षा सहित स्वागत गर्दछौं । यसलाई थप परिस्कृत गर्दै २०४० सालसम्म मात्र होइन,

वर्तमानसम्मकै इतिहास र पात्रहरु बारे लिपिबद्ध गर्नु, पुस्तकाकार दिनु महासंघ झापा शाखाको नेतृत्वको मुख्य जिम्मेवारी हो ।

'झापाको पत्रकारिता : आरम्भदेखि २०४०' पुस्तक प्रकाशन गर्ने सन्दर्भमा सम्पादकको भूमिकामा रहनु हुने गोपाल गिरी र राजबाबु शंकर, भाषा सम्पादनमा सहयोग गर्नु हुने लक्ष्मण ढकाल, लेखक-पत्रकारहरु, महासंघ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, पूर्वअध्यक्षहरु, तथ्य तथा अभिलेख खोज कार्यमा सहयोग गर्नु हुने पत्रकार सुरेन्द्र भण्डारी, तस्वीर स्केच गरेर पुस्तकलाई आकर्षक बनाउन सहयोग गर्नुहुने पवन राजवंशी, आकर्षक लेआउट गर्नुहुने सन्तोष शर्मा, प्राविधिक रूपमा सहयोग गर्नु हुने सन्तोष अधिकारी, रूपा मुखिया, यो पुस्तक प्रकाशनमा सहयोग गर्ने बिर्तामोड नगरपालिका, छपाई गर्ने अरनिको छापाखानालाई धन्यवाद ज्ञापन गर्दछु ।

**- एकराज गिरी**

*अध्यक्ष : नेपाल पत्रकार महासंघ, झापा शाखा*

# अनुक्रम

## अग्रलेख


| | | |
|---|---|---|
| १. **झापा जिल्लाको पत्रकारिता** | गोपाल गिरी/ राजबाबु शंकर | १ |


## अन्तरबोध खण्ड


| | | |
|---|---|---|
| १. **श्यामकृष्ण उपाध्याय** | आभा शर्मा | २४ |
| २. **एस.एल. शर्मा** | मोहन काजी | ३० |
| ३. **स्वयम्भूलाल श्रेष्ठ** | दीपक अधिकारी | ३६ |
| ४. **नकुल काजी** | तारामणि सापकोटा | ४३ |
| ५. **वसन्तकुमार खड्का** | गोपाल गिरी | ४९ |
| ६. **चूडामणि रेग्मी** | राजु बराल | ५३ |
| ७. **डिल्लीराम निर्भीक** | राजबाबु शंकर | ५७ |
| ८. **द्रोणाचार्य क्षेत्री** | सन्तोष आचार्य | ६३ |
| ९. **गोविन्दचन्द्र छेत्री** | नरेन्द्र ढकाल | ७२ |
| १०. **भरत कोइराला** | उत्तम नेपाल | ७९ |
| ११. **मदन ढकाल** | सुरेन्द्र भण्डारी | ८३ |
| १२. **गोपीकृष्ण खनाल** | केशव भट्टराई | ९१ |
| १३. **देवेन्द्रकिशोर ढुंगाना** | सन्तोष शर्मा | ९५ |
| १४. **डिकमान विरही** | रमेश समदर्शी | ९९ |
| १५. **हीरा आकाश** | पर्वत पोर्तेल | १०४ |
| १६. **तारा बराल** | द्रोण अधिकारी | १०९ |
| १७. **गञ्जबहादुर दाहाल** | विमल लामिछाने | ११४ |
| १८. **अमृतलाल श्रेष्ठ** | झुलन रेग्मी | ११९ |
| १९. **भरत भूर्तेल** | कृष्ण धरावासी | १२३ |
| २०. **राधा शर्मा** | सम्पादक | १२९ |
| २१. **लक्ष्मण ढकाल** | सुब्रत न्यौपाने | १३३ |
| २२. **गोपाल गिरी** | अम्बिका भण्डारी | १३८ |
| २३. **केशव आचार्य** | राजेन्द्र गौतम | १४४ |
| २४. **राजेश ढुंगाना** | सुवास ढकाल | १५० |
| २५. **गोविन्द 'गुलाफ'** | एकराज प्रधान | १५३ |
| २६. **लेखनाथ 'परदेशी'** | देविका अधिकारी | १५८ |

## संस्मरण/ लेख खण्ड


| | | |
|---|---|---|
| १. पत्रकार बन्ने रहर | युवराज गौतम | १६२ |
| २. अघिल्लो समयमा झापाको पत्रकारिता | लीला उदासी | १६५ |
| ३. झापा घोषणा–पत्र जारी भएको ऐतिहासिक दिन | तारा बराल | १६९ |
| ४. झापाबाट सिकौं | चन्द्र भण्डारी | १७१ |
| ५. आधा शताब्दी लामो झापाली पत्रकारिता... | राजेश ढुंगाना | १७४ |
| ६. मेरो पत्रकारिता यात्रामा झापाको प्रभाव | धर्मेन्द्र झा | १७७ |
| ७. त्यो बेलाको पत्रकारिता | चिन्तामणि दाहाल | १८१ |
| ८. झापाले डोहोऱ्याएको मेरो पत्रकारिता | मोहन मैनाली | १८७ |
| ९. झापाको पत्रकारितालाई नमन | स्वागत नेपाल | १९० |
| १०. मेरो पत्रकारिता–पाठशाला | अखण्ड भण्डारी | १९४ |
| ११. त्यो पत्रकारिता, यो पत्रकारिता | गोपीकृष्ण ढुंगाना | १९८ |
| १२. पत्रकारितामा 'सेल्फ सेन्सरसीप' | शिव गाउँले | २०२ |
| १३. प्रवासमा नेपाली पत्रकारिता... | भानुभक्त आचार्य | २०७ |


## अभिलेख खण्ड


| | |
|---|---|
| १. हालसम्म झापा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका पत्रपत्रिकाको विवरण | २१६ |
| २. झापा जिल्लाका दैनिक पत्रिकाहरू | २३० |
| ३. झापा जिल्लाका साप्ताहिक पत्रिकाहरू | २३० |
| ४. झापा जिल्लाका मासिक पत्रिकाहरू | २३३ |
| ५. झापाका नियमित प्रशारित टेलिभिजन | २३४ |
| ६. झापाका एफएम रेडियोहरू | २३४ |
| ७. झापाका नियमित अन्लाइन न्यूज पोर्टलहरू | २३६ |
| ८. नेपाल पत्रकार महासंघ झापा शाखा संस्थापकदेखि हालसम्मका कार्यसमितिको विवरण | २४४ |

# झापा जिल्लाको पत्रकारिता

पत्रकारिता भनेको समाजको आँखा हो, जसको माध्यमबाट देशलाई हेरिन्छ । सबैखाले राम्रा–नराम्रा विषय, घटना र प्रसँगहरूलाई सार्वजनिक गर्ने माध्यम पत्रकारिता हो । इतिहासको अभिलेख राख्ने र आगामी युगको सन्देश दिने सेवा नै पत्रकारिता हो ।

संसार, जसलाई आज हामी घरको कोठामा बसेर देख्दैछौं; संसारका ती सबै रोमाञ्चकारी घटनाहरूको प्रत्यक्ष प्रशारण दृश्य र श्रव्य रूपमा जुन हामी पाउँछौं/देख्दछौं; ती सबैका पछि एक निर्भीक, सिर्जनशील, कल्पनाशील र त्यागी पत्रकारको कलम र फोटोग्राफीको योगदान छ ।

प्राणलाई सधैं संकटमा पारेर, धेरै दुष्ट र स्वार्थी मान्छेहरूको निशाना बनेर सदा अन्धकारका विरूद्ध चेतनाको ज्योति फैलाउन व्यस्त रहेको एक स्वयम्सेवकको नाम हो– पत्रकार । कसैका स्वार्थमा नबिक्ने, कसैका धम्कीमा नतर्सिने, कसैका सहानुभूति र संवेदनाहरूले भावुक नहुने एक निष्पक्ष द्रष्टा र निर्भीक कलमको संयोजन हो– पत्रकारिता ।

संसारका जस्तै दुर्गम, अप्ठ्यारा र दुर्लङ्घ्य मानिएका ठाउँहरूमा पनि पत्रकार उपस्थित छ । आज जुन चेतना, ज्ञान र जानकारी मानिसले लिइरहेका छन्; ती सबका पछि ती व्यक्तिहरूको त्याग र बलिदानको कथा छ, जसले आफ्नो प्राणलाई हत्केलामा राखी ती वस्तुहरूलाई सार्वजनिक गर्न र सबैको जानकारीमा ल्याउन प्रयत्न गर्ने गर्दछन् ।

ठूला–ठूला युद्धका मैदानहरूमा बम र गोलीहरूबाट तर्किंदै, त्यसलाई प्रहार गर्नेहरूका तस्वीरहरू खिच्दै हिंड्ने ती व्यक्तिहरू नभएका भए हाम्रा घरका टेलिभिजनहरूको के काम थियो ? रहस्यका प्रत्येक षडयन्त्रहरूको भण्डाफोर नभइरहेको भए मानवतामाथि भइरहने शोषण, अन्याय र अत्याचारमाथि नै समाजले परिचय कसरी पाएको हुन्थ्यो ?

पत्रकार र पत्रकारिता अब एउटा पूर्ण रूपले स्थापित र सम्मानित त्यो क्षेत्र हो, जसलाई समाज र राष्ट्रले उत्तिकै सम्मानका साथ हेर्दछ, सुन्दछ र पढ्दछ । पत्रकारिताभित्र कौतुहलता, दृश्य र विश्वास सँगसँगै छ । पत्रिकामा आइसकेपछि,

रेडियोले बोलिसकेपछि वा टेलिभिजनमा छायाङ्कित भइसकेपछि त्यसलाई अविश्वास गर्नेहरूभित्र पनि कतै विश्वास पसिसकेको हुन्छ ।

पत्रकारिताले आज राष्ट्रलाई प्रकाश दिइरहेको छ, उज्यालो फ्याँकिरहेको छ । अन्धकारमा टर्चलाइटको ज्योतिले हरेक रहस्यमय वस्तुलाई यथार्थमा देखाए झैँ मुलुकका सबैखाले समस्याहरूलाई सार्वजनिक गरिरहेको छ । विश्वभरि नै पत्रकारितालाई राष्ट्रको चौथो अंगको रूपमा स्वीकार गरी त्यसलाई स्वतन्त्र ढंगले अघि बढ्न मार्गप्रशस्त गरिएको छ । आजको विश्वमा पत्रकारिता नै तेस्रो आँखा बनेको छ । जीवनका जस्तासुकै व्यस्तताका बीचमा पनि पत्रकारहरूले विश्वलाई आफ्ना अघि ल्याएर उभ्याइदिन्छन् । ठूला-ठूला युद्धभूमिका विनाशहरू, उत्साहजनक सुखद समाचारहरू, अन्तरिक्षका उत्पातहरू सबै कुरा पत्रकारिताले सार्वजनिक गर्दै विश्वव्यापी बनाएको छ ।

जनतालाई सुसूचित गर्ने र जनताका भावनालाई सार्वजनिक गरी सधैं सबैलाई सबै कुराको जानकारी गराई एउटा पारदर्शी समाजको सिर्जना गर्न र त्यसलाई त्यत्तिकै सफा सुन्दर राख्न पत्रकारिताको भूमिका अत्यन्त गहन छ । जहाँ शासन सत्ताका वेतनधारी गुप्तचरहरू पनि पुग्न सकेका हुँदैनन्, जहाँ षडयन्त्रका गम्भीर कसरतहरू भइरहेका हुन्छन्, जहाँ जनविरोधी र राष्ट्रद्रोही कर्महरूले आफ्नो अनुहारको आकार लिन खोजेका हुन्छन्; त्यहाँ हरेक क्षण उपस्थित हुन सक्ने, पुग्न सक्ने र त्यसलाई भताभुङ्ग पारी समाजका अघि प्रस्तुत गर्ने काम पत्रकारिताले गर्न सक्छ । पत्रकारिता भनेको प्रजातन्त्रको एउटा त्यस्तो दह्रिलो खुट्टा हो, जसलाई टेकेर नै यसले मानव अधिकार र स्वतन्त्रताको कठिनतम् पहाड चढ्नु पर्छ ।

बारम्बार राष्ट्रमा कठिनभन्दा कठिन परिस्थितिहरूको सिर्जना भई नै रहन्छ । दलहरू सत्ताप्राप्तिका षडयन्त्रकारी खेलहरूमा फँसिरहन्छन् । तिनका सत्ताप्राप्तिका रूमाल लुकाउने खेलहरूमा कहिलेकाहीँ साँच्चैका विषाक्त हातका मुड्कीहरू पनि बज्रिन सक्छन्, जसको परिणाम प्रजातन्त्रमाथि नै आघात पर्न सक्छ । पार्टीका पर्चाहरू र दलका मुख-पत्रहरू बनेर पत्रकारिताले बहकिनु हुँदैन । जब पत्रकारितालाई कसैले धन कमाउने साधन मान्दछ, तब पत्रकारिता कसैको मुख-पत्र बन्दछ; त्यो पीत बन्दछ । त्यसले प्रजातन्त्र र जनताका विपक्षमा आफ्नो कलमलाई तीखो छुरी बनाएर घोच्दछ ।

पत्रकारिताले हाम्रो देशमा प्रवेश गरेको पनि शताब्दी नाघिसकेको छ । १९५५ साल श्रावणमा प्रकाशित 'सुधा सागर' ले साहित्यिक पत्रिकाका रूपमा पत्रकारिताको प्रारम्भ गरेको पाइन्छ भने पहिलो नेपाली समाचार-पत्रका रूपमा १९५८ साल

बैशाख २४ गतेदेखि प्रकाशन प्रारम्भ भएको 'गोरखापत्र' सबैभन्दा जेठो, समृद्ध र संस्थागत भई चलिरहेको ऐतिहासिक पत्रिका हो । समाचार-पत्रका रूपमा प्रारम्भ भई करीब सय वर्षदेखि लगातार चलिरहेको 'गोरखापत्र' नै नेपाली पत्रकारिता क्षेत्रको एक गौरवको रूपमा रहेको छ ।

समयक्रम सँगसँगै पत्रकारिताले राजधानीबाट मोफसलका जिल्लाहरूमा प्रवेश गर्‍यो । देशले मागेका आन्दोलनहरू र विकासका गतिहरू सँगसँगै पत्रकारिताले आफ्नो क्षेत्रलाई व्यापक बनाउँदै लग्यो । पूर्वी सीमान्त जिल्लाका रूपमा रहेको झापा देशकै एक सचेत जिल्लाका रूपमा चिनिंदै आएको छ । राष्ट्रलाई नै प्रभावित गर्ने प्रायशः राजनैतिक घटनाक्रमहरू यसै जिल्लाबाट उठान भएका छन् । जहिले पनि समाचार-पत्रका प्रथम पृष्ठमा पढिरहनु पर्ने यो जिल्लाले देशलाई नै ऊर्जा प्रदान गर्दै आएको छ । मुलुकमा हुने राजनीतिक आन्दोलनहरू, संघर्षशील प्रतिभाहरू तथा नेतृत्वशाली व्यक्तिहरूको उद्‌गमभूमि झापाले देशलाई सदा गति प्रदान गर्दै आएको छ ।

यो जिल्लाले जसरी अरू क्षेत्रमा आफ्नो प्रभाव देखाएको छ, त्यसैगरी पत्रकारिताको क्षेत्रमा पनि विशिष्ट योगदान पुर्‍याइआएको छ । ७० वर्ष लामो पत्रकारिताको इतिहास बोकेको यस जिल्लाले पत्रकारिताका प्रसंगमा कैयौं उतारचढावहरू बेहोरेको छ । २०१० साल मंसीर १२ गतेदेखि प्रकाशित हुन थालेको 'केटो' पाक्षिक पत्रिका झापाली पत्रकारिताको इतिहासमा जेठो मानिएको छ । यद्यपि नेपाली भाषा प्रचारक संघ, इलामबाट महानन्द सापकोटाको सम्पादनमा २००९ सालमा 'हाम्रो नेपाल' नामक पत्रिका झापाको भद्रपुरस्थित पूर्वाञ्चल प्रेसबाट प्रकाशन भएको पनि उल्लेख पाइन्छ । सो साहित्यिक पत्रिकाका केही अंक भद्रपुरबासी भवानीप्रसाद शर्माको सम्पादनमा प्रकाशन भएपछि पछिल्ला केही अंकहरू काठमाडौंबाट पनि प्रकाशित भएको देखिन्छ । सो पत्रिकाको सम्पादन-प्रकाशनमा श्यामकृष्ण उपाध्याय र दान खालिङको पनि योगदान रहेको पाइन्छ ।

यद्यपि 'केटो' पत्रिका नै झापाको पहिलो समाचारप्रधान पत्रिका हुनुको नाताले प्रकाशक एवम् सम्पादक श्यामकृष्ण उपाध्याय नै जेठो सम्पादकका रूपमा इतिहाससिद्ध हुन पुग्दछन् । यसरी 'केटो'लाई झापाको प्रथम मुद्रित पत्रिका मानिन्छ । 'केटो' को प्रकाशकमा देवलाल घिमिरेको नाम छ । करीब एक वर्ष प्रकाशनमा रहेको 'केटो' ले झापा जिल्लालाई पत्रकारिताको क्षेत्रमा अग्रसर गरायो । तर, त्यसबेलाको प्रशासनिक कोपभाजनमा परेर त्यसले लामो सेवा दिन सकेन ।

यस बाहेक झापाली पत्रकारिताको इतिहासमा केही सामयिक संकलन तथा

समाचार-पत्रहरू पनि प्रकाशित भएका देखिन्छन् । यसै सन्दर्भमा नेपाली साहित्य सदन, धुलाबारीबाट भवानीप्रसाद शर्माको सम्पादनमा 'मेची-काली' (२०१५), अनारमनी, बिर्ताबाट भैरवबहादुर श्रेष्ठ र कुमारी शान्ति प्रसाईंको सम्पादनमा 'विद्यामणि' (२०१६) र भद्रपुरबाट 'प्रकाश मण्डल' नामक संस्था प्रकाशक रहेर २०१७ सालको प्रकाशन मिति भएको 'प्रकाश' नामक पत्रिकामा शुभकामना दिने लेखकहरूले भने २०१९ सालको मिति उल्लेख गरेको पाइन्छ । जसमा वसन्तकुमार खड्का- सम्पादक, नरेशकुमार वर्मा र नारायणप्रसाद पराजुली- सहायक सम्पादक हुनुहुन्थ्यो ।

त्यसपछि श्यामकृष्ण उपाध्यायकै सम्पादनमा २०१८ साल भदौदेखि 'युवक' पत्रिका प्रकाशन हुन थालेको पाइन्छ । समाचारप्रधान पत्रिका भए तापनि त्यसमा कविता लगायत विभिन्न साहित्यिक लेख-रचनाहरू प्रकाशन भएको देखिन्छ । त्यसको प्रकाशक भने स्वयम्भूलाल श्रेष्ठ हुनुहुन्थ्यो । २०१८ सालमै दिव्य भूर्तेल, बाबुलाल अग्रवाल, उदयराज शर्मा, रमेश भट्टराई, चतुर्भुज अग्रवाल, राजेन्द्र कोइराला, आनन्द श्रेष्ठ, ओम सिटौलाको सक्रियतामा हस्तलिखित पत्रिका 'दियो' केही समय प्रकाशनमा आयो । यसको कभरपेजमा दियोको चित्र बनाउने कलाकारमा कुसुम छेत्री र इन्द्र अधिकारीको भूमिका रहेको इतिहास छ ।

झापा जिल्लामा पत्रपत्रिका दर्ताको क्रम २०२० साल भदौ १७ गतेदेखि प्रारम्भ भएको पाइन्छ । झापा जिल्ला प्रशासन कार्यालयमा 'भानु' (साहित्यिक) त्रैमासिक दर्ता भएको पहिलो पत्रिका हो । सो पत्रिकाको सम्पादक भद्रपुर, भानुनगर निवासी भवानीप्रसाद घिमिरे हुनुहुन्थ्यो । २०२० सालमै शनिश्चरे हाईस्कूल, शनिश्चरे (झापा) बाट वार्षिक मुखपत्रका रूपमा 'उषा' को प्रकाशन प्रारम्भ भएको थियो । जसमा इन्द्र प्रधान, केदारमणि ढकाल, रूद्र खरेल, मोहन शिवाकोटी आदिद्वारा सम्पादित 'उषा' का ६ वटा अंक प्रकाशन भएको पाइन्छ । त्यसैको हाराहारीमा शान्तिनगरबाट तेजराज खतिवडाको सम्पादनमा प्रगतिशील पत्रिका 'पाउलो' प्रकाशित भयो । तेजराज खतिवडाकै सम्पादनमा 'आँखो' का केही अंक समेत प्रकाशित भए । २०२० साल चैत २ गते झापा जिल्ला पञ्चायत प्रकाशक रहेको 'पञ्चायत' मासिक दर्ता भएको जिल्ला प्रशासन कार्यालयको अभिलेखमा छ । क्रमिक रूपमा झापा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका पत्रपत्रिकाको विस्तृत विवरण यस पुस्तकको २१६ देखि २२९ पृष्ठमा छ ।

२०२३ साल असोज २७ मा भद्रपुर नगर पञ्चायत प्रकाशक र स्वयम्भुलाल श्रेष्ठ सम्पादक रहेर 'मेची सन्देश' पाक्षिक र २०२३ सालमै नेपाली साहित्य

परिषद्-भद्रपुरका निम्ति डिल्लीराम निर्भीकद्वारा 'मोती' साहित्यिक पत्रिकाको ३ अंक प्रकाशन भएको पाइएको छ; जुन दर्ता भने भएको देखिंदैन । यसमा चूडामणि रेग्मी र रामप्रसाद पोखरेल सम्पादक रहेको उल्लेख छ । सोही वर्ष प्रकाशित भएको 'कस्तुरी' पत्रिका पनि ३ अंक मात्रै छापिएको पाइन्छ ।

वि.स. २०२५ बैशाख १२ गते दिव्य भूर्तेलको सम्पादनमा जिल्ला कार्यालय–झापामा २०२५ साल जेठ १ गतेबाट प्रकाशन गर्नेगरी 'साँचो' पाक्षिक दर्ता भए पनि तत्कालीन विद्यार्थी नेतृत्वबीच बेमेल हुँदा केही अंक मात्र प्रकाशन भएको थियो । सो पत्रिकामा सम्पादक दिव्य भूर्तेल, प्रकाशक द्रोणाचार्य क्षेत्री र व्यवस्थापक गोपाल भूर्तेल रहेका थिए । जेठ १ गते प्रकाशन गर्ने भनी स्वीकृति लिएको भए पनि सो पत्रिका समयमा प्रकाशित हुन नसकेर जेठ ३० गते मात्रै प्रकाशित भएको अभिलेख भेटिन्छ ।

'साँचो' को दोस्रो अंकको सम्पादकमा वासुदेव शर्मा, व्यवस्थापकमा द्रोणाचार्य क्षेत्री र प्रकाशकमा जीतबहादुर पुरी रहेका थिए । विद्यार्थी आन्दोलन र भद्रपुरमा घटेको एसपी शैलेन्द्र काण्डका कारण विद्यार्थीहरू सैद्धान्तिक रूपमा विभाजित भए । विद्यार्थीहरू बीच विभाजन भएपछि 'पञ्चामृत' साहित्यिक मासिक २०२५ साल मंसीर २८ मा दर्ता भएको पाइन्छ । जनवादी बामपन्थी विचारवादी विद्यार्थीहरू आबद्ध सो पत्रिकाको सम्पादक वासुदेव शर्मा, सहसम्पादक रूद्र खरेल, प्रकाशक राधाकृष्ण मैनाली र प्रबन्धकहरूमा– द्रोणाचार्य क्षेत्री, चैतन्य सुब्बा, पदमप्रसाद राजवंशी, शिवप्रसाद शिवाकोटी र लखीराम किस्कू रहेको देखिन्छ । 'पञ्चामृत'ले झापा जिल्लाको प्रगतिशील पत्रकारिताको क्षेत्रमा योगदान पुर्‍याएको पाइन्छ । यो पत्रिका २०२८ सालसम्म जम्मा २४–२५ अंक निस्किएर बन्द भएको थियो ।

यसपछि समसामयिक रूपमा २०२५ सालमा 'गोरेटो', 'मुना', 'सहयोग', ' शारदाश्री' र 'आशीर्वाद'; 'हिमाल' (२०२६) तथा २०२७ सालमा 'कन्तुर', 'लालटिन', 'झम्पल', 'किसान दाइ', 'आव्हान' र 'कोसेली'; 'जमघट' (२०२८), 'विचार (२०२९) र 'झटारो' (२०३०) प्रकाशित भएको देखिन्छ । २०३० सालमै 'साहित्य दूत', 'प्रयास', 'अञ्जली', 'नलिनी' साहित्यिक संकलन तथा धुलाबारी माविबाट तेजराज खतिवडाको सम्पादनमा 'धारो' प्रकाशन भयो ।

त्यसैगरी, अरनिको खेलकूद कला केन्द्र, काँकरभिट्टाबाट विष्णुविभु घिमिरेको सम्पादनमा २०३४ सालमा 'अहिले', आँशु ताम्राकार लगायतको सम्पादनमा 'छहारी' र गोविन्दराज भट्टराई लगायतको सम्पादनमा 'हिमज्योति'; युवराज गौतमको सम्पादनमा 'शिरविन्दु' (२०३५) प्रकाशित भएको पाइएको छ । २०३६ सालमा '

नवज्योति', गोपाल भण्डारी लगायतको सम्पादनमा 'सरस्वती', कन्काई मावि. सुरूंगाबाट सारस्वत घिमिरे लगायतको सम्पादनमा 'कन्काई' र पञ्चायत पुस्तकालय एवम् वाचनालय, दमकबाट मेघराज तिम्सिना लगायतको सम्पादनमा 'नागबेली' प्रकाशित भएका छन् । राजवंशी भाषा प्रचार समितिको मुखपत्रका रूपमा २०४० सालदेखि 'उदय' नामक सामयिक संकलन समितिका अध्यक्ष फूलसिंह राजवंशीको सम्पादनमा १० अंक निस्किएर बन्द भएको थियो ।

त्यस्तै, सामयिक संकलनको रूपमा २०५० सालमा खेमलाल पोखरेल लगायतको सम्पादनमा 'प्रतिभा', कन्काई क्याम्पस सुरूंगाबाट कोमल पोखरेलको सम्पादनमा 'कन्काई' स्मारिका (२०५१), प्रेमप्रकाश थेवेको सम्पादनमा 'सिरिजंगा' (२०५१), सुरूंगाबाट साहित्यिक पत्रिका 'दोमुखा' (२०५२), साहित्य कला संगम दमकबाट कमल जंगली आचार्य लगायतको सम्पादनमा 'संगम' (२०५३), टंक आचार्य लगायतको सम्पादनमा 'गौरव' (२०५३), गंगा भेट्वालको सम्पादनमा 'सुसेली' (२०५४), दीपक सुवेदीको सम्पादनमा 'बिहानी', पूर्णिमा साहित्य समूह, सुरूंगाको सम्पादन र प्रकाशनमा 'पूर्णिमा' (२०५४), प्रेमकुमार प्रधानको सम्पादनमा 'अर्को विकल्प' (२०५५) प्रकाशित भएको अभिलेख भेटिन्छ ।

यी बाहेक प्रकाशन सम्बत् खुलेका 'गौरावाणी' (२०५९), 'प्रतिभा' (२०६०), 'स्मृति' (२०६२), 'दियालो' (२०६४) छन् भने सम्पादक-प्रकाशक र तिथिमितिको जानकारी हुन नसकेकामा 'मेचीका सुसेली' (काँकडभिट्टा मावि), 'मेची प्रपात' (मेची जनसाधारण मावि. बाहुण्डाँगी), 'कन्काई प्रवाह' (कन्काई प्र.प्र., सुरूंगा), 'मिलन' (अधिकृत कर्मचारी मिलन केन्द्र, झापा) र 'नवरंग' (नवरंग साहित्य प्रतिष्ठान, धरमपुर, झापा) बाट विशेषांकका रूपमा प्रकाशित भएका छन् ।

वि.स. २०२८ अघिसम्म पञ्चायती व्यवस्थाका विरूद्ध प्रगतिशील र प्रजातान्त्रिक धारका छुट्टाछुट्टै सामयिक संकलन र पत्रिकाहरू प्रकाशन गरेर जनजागरूकता सिर्जना गर्ने काम गरेको देखिन्छ । सोही क्रममा २०२७ साल बैशाखदेखि जिल्ला कार्यालयमा दर्ता नभए पनि प्रजातान्त्रिक विचारका साथ 'आह्वान' पत्रिका प्रकाशित भएको पाइन्छ । यसको सम्पादकमा पुण्य ढकाल, व्यवस्थापक शिव भूर्तेल र सल्लाहकारमा दिव्य भूर्तेल रहेका थिए । यसमा सिलसिलेवार रूपमा समाजवादी चिन्तक सीके प्रसाईंका वैचारिक लेखहरू प्रकाशित भएका थिए । यो पत्रिकाको २०२८ सालमा प्रकाशन स्थगन भएको देखिन्छ ।

वि.स. २०२५ साउन १७ गतेबाट श्यामकृष्ण उपाध्यायले साप्ताहिक रूपमा 'आलोक' प्रकाशन गर्न थाल्नुभयो । २०४८ सालसम्म चर्चाकै शिखरमा रही प्रकाशित

भइरहेको समाजकै 'आलोक' बनेको सो समाचारप्रधान पत्रिकाले त्यसबेलाका जनताको दमित आवाजलाई उठाउने काम गरेको थियो । श्यामकृष्ण उपाध्यायको मृत्युपश्चात् २०६८ साल माघ ८ गतेको निर्णयबाट छोरी आभा शर्माको नाममा नामसारी भएको अभिलेख छ । त्यसपछि उहाँले भद्रपुरकै उदीयमान प्रजातान्त्रिक धारका पत्रकार भरत भूर्तेललाई 'आलोक' साप्ताहिक प्रकाशन र सम्पादनको जिम्मेवारी हस्तान्तरण गर्नुभएको थियो । सो पत्रिका भरत भूर्तेलको सम्पादनमा केही वर्ष प्रकाशन भएर बन्द भयो ।

भद्रपुरमा डा. हृषीकेश उपाध्यायको सम्पादकत्वमा २०२५ साल चैत १२ गते 'सूर्योदय' साप्ताहिक दर्ता भएको पाइन्छ भने २०२६ साल असार ८ गते वसन्तकुमार खड्का सम्पादक एवम् प्रकाशक रहनेगरी 'सूर्योदय' साप्ताहिक नामसारी भएको अभिलेख भेटिन्छ । खड्काको २०५० सालमा निधन भएपछि 'सूर्योदय' साप्ताहिक पनि बन्द भयो ।

वि.स.२०२६ असोज २ गते चूडामणि रेग्मीको सम्पादन एवम् प्रकाशनमा दर्ता भएको 'युगज्ञान' साप्ताहिक सोही सालको असोज १४ गतेबाट चन्द्रगढीबाट प्रकाशन प्रारम्भ भयो । (जिल्ला प्रशासन कार्यालयको पत्रपत्रिका दर्ता किताबमा भने यसको अभिलेख उल्लेख छैन) सम्पादक-प्रकाशक रेग्मी मेची क्याम्पसमा प्राध्यापन गर्ने हुँदा जागिरेले पत्रपत्रिका प्रकाशन गर्न बन्देज भएका कारण २०२९ सालमा उहाँले श्रीमती वेदकुमारी रेग्मीलाई प्रकाशक राखेर गोविन्दचन्द्र छेत्रीलाई सम्पादनको जिम्मेवारी दिनुभएको थियो । त्यसपछि केही समय प्रदीपमणि रेग्मीको नाम सम्पादकको रूपमा रहेको देखिन्छ । प्रजातन्त्र पुनर्स्थापनाकालसम्म पनि प्रकाशित हुँदै आएको 'युगज्ञान' साप्ताहिक २०४८ सालमा आएर चन्द्र भण्डारीको सम्पादनमा ३ वर्षसम्म प्रकाशन भएर स्थगन भयो ।

चन्द्रगढीबाटै २०२६ सालको बैशाखमा 'विवेचना' मासिक (नेपाली साहित्यको उत्कृष्ट संकलन-१) नकुल काजी र डिल्लीराम निर्भीकको संयुक्त सम्पादनमा प्रकाशन भएको देखिन्छ । त्यसपछि २०२९ साल मंसीरमा नकुल काजीको प्रकाशन एवम् सम्पादनमा 'विवेचना' अर्द्धसाप्ताहिक चन्द्रगढीबाट प्रकाशित भयो । २०३४ साल असोजदेखि साप्ताहिक रूपमा प्रकाशित हुन थालेको 'विवेचना' २०४० साल माघसम्म प्रकाशित भएर बन्द भयो । (यद्यपि झापा जिल्ला प्रशासन कार्यालयको पत्रपत्रिका दर्ता किताबमा यस पत्रिकाको अभिलेख उल्लेख छैन)

झापाका अर्का पुराना पत्रकार डिल्लीराम निर्भीकले २०२९ साल मंसीर १० गते दर्ता भई २०२९ साल पुस १४ गतेदेखि भद्रपुरबाट पाक्षिक रूपमा 'सिद्धार्थ' प्रकाशन

गरेको देखिन्छ । त्यस पत्रिकालाई २०३७ साल मंसीर २० गतेदेखि साप्ताहिक र २०४७ साल साउन ७ गतेबाट अर्द्धसाप्ताहिक बनाएर प्रकाशन गरेको पाइन्छ ।

त्यसपछि २०३५ साल पुस १० गते डिल्लीप्रसाद भट्टराईको सम्पादनमा 'सेवासुश्रूषा' द्वैमासिक, २०३६ साल असार ७ गते योग्यराज न्यौपाने सम्पादक/प्रकाशक रहेर साहित्यिक 'ध्वनि' मासिक, २०३६ मंसीर २३ गते बिर्तामोडबाट मदन ढकाल सम्पादक/प्रकाशक रहेर 'विश्वदीप' मासिक, २०३७ साल भदौ २५ गते गरामनी ठेगानाबाट सम्पादक/प्रकाशक डिकमान मुखिया रहेको 'रहर' मासिक, २०३८ साल जेठ ८ गते प्रदीपमणि रेग्मी सम्पादक/प्रकाशक रहेर 'जुही' त्रैमासिक, २०३८ साल कार्तिक १४ गते गञ्जबहादुर दाहाल सम्पादक/प्रकाशक रहेर 'जनज्योति' मासिक, २०३८ साल मंसीर ८ गते श्यामकृष्ण उपाध्यायको सम्पादनमा 'संसार' द्वैमासिक, २०३८ साल फागुन २१ गते अमृतलाल श्रेष्ठको सम्पादकत्वमा 'साहित्यालोक' त्रैमासिक, २०३८ साल फागुन २५ गते रञ्जीतकुमार खड्का- सम्पादक र प्रदीपकुमार खड्का प्रकाशक रहेर 'लालीगुराँस' त्रैमासिक पत्रिका दर्ता भएको थियो ।

वि.स. २०३९ बैशाख १० गतेबाट मेची अञ्चलकै पहिलो दैनिक पत्रिका 'हिजो आज' दर्ता भएर सोही वर्षको असार १३ गतेबाट प्रकाशन प्रारम्भ भएको थियो । डिल्लीराम निर्भीक सम्पादक-प्रकाशक रहेको २ पेजको मात्रै पत्रिका भए पनि लेटरप्रेसमा तयार गरी दैनिक पाठककहाँ पुऱ्याउने सिलसिला शुरू गरेको थियो । २०५६ सालपछि यो पत्रिका अफ्सेट प्रविधिबाट छापिन थालेको थियो ।

राष्ट्रिय जनमत संग्रह (२०३६-२०३७) पछि प्राप्त प्रेस स्वतन्त्रतालाई उपभोग गर्ने क्रममा २०३९ साल साउन २७ गते योग्यराज न्यौपानेको सम्पादन-प्रकाशनमा 'जनध्वनि' साप्ताहिक, २०३९ साल असोज २२ गते चन्द्रगढीबाट प्रकाशक-सम्पादक श्रीमती मीना अधिकारी रहेको 'नयाँ विचार' साप्ताहिक, २०३९ साल पूस २ गते शलभ राजेन्द्र शर्माको सम्पादन-प्रकाशनमा 'दुबो' द्वैमासिक, २०३९ साल फागुन १२ गते गञ्जबहादुर दाहाल सम्पादक-प्रकाशक रहेको 'जनज्योति' साप्ताहिक, २०४० साल बैशाख ४ गते श्रीमती माया देवानको प्रकाशन र हीरा आकाशको सम्पादनमा भद्रपुरमा दर्ता भएको 'वरूण' साप्ताहिक २०४७ साल बैशाख ६ गतेको मञ्जुरीनामा अनुसार प्रकाशक-सम्पादक नकुल काजी कायम भएकोमा २०६४ साल जेठ २३ गतेको अर्को मञ्जुरीनामा अनुसार काजीबाट माया पकुवालको नाममा स्वाामित्व हस्तान्तरण भएको भेटिन्छ । सम्पादक-प्रकाशक माया पकुवालको निधनपश्चात् सो पत्रिका २०७८ साल चैत १४ गते इशा प्रधानमा नामसारी भएर प्रकाशन भइरहेको छ ।

त्यस्तै, २०४० साल असोज ४ गते विष्णु शिवाकोटी (शनिश्चरे)को सम्पादन–प्रकाशनमा दर्ता भएको 'अञ्जुली' साप्ताहिक २०४८ साल जेठ ३ गते जिल्ला प्रशासन कार्यालयको निर्णय अनुसार पत्रिकाको नाम परिवर्तन गरी 'नयाँ शक्ति' कायम भएको देखिन्छ । २०४० साल असोज ५ गते चन्द्रगढीका तारा बरालको सम्पादन एवम् प्रकाशनमा दर्ता भएको 'साप्ताहिक विचार' २०५२ साल बैशाख १८ गतेको निर्णय अनुसार नरेन्द्रकुमार कार्की– प्रकाशक र खगेन्द्रकुमार कार्की– सम्पादक कायम गरिएको अभिलेख भेटिन्छ ।

२०४० साल पूस २५ गते मदन ढकालको सम्पादनमा 'शनिबार' साप्ताहिक, २०४० साल बैशाख २ गते मोहनबहादुर ढुंगानाको नाममा दर्ता भएको 'स्वतन्त्र आवाज' साप्ताहिक केही महिना सञ्चालन भएर बन्द भए पनि २०४९ साल चैतमा नामसारी भएर देवेन्द्रकिशोर ढुङ्गानाको सम्पादन–प्रकाशनमा केही अंक निस्केको देखिन्छ । उक्त पत्रिकालाई २०५९ साल बैशाख २२ गतेको निर्णय अनुसार दैनिक पत्रिकाको रूपमा अनुमति दिइए पनि प्रकाशन भएको पाइँदैन ।

मुलुकमा २०४७ सालमा बहुदलीय प्रजातन्त्र प्राप्त भएपछि साप्ताहिक पत्रिकाहरू निस्कने क्रममा २०४७ साल भदौ ७ गते लीला उदासी (बिर्तामोड)को सम्पादन–प्रकाशनमा दर्ता भएर प्रकाशन हुन थालेको 'स्वाधीन संवाद' साप्ताहिक पत्रिकाको स्वामित्व उदासीले २०४८ साल साउन ५ गते हरिचरण बानियाँलाई हस्तान्तरण गरेको पाइन्छ । त्यसपछि फेरि बानियाँको सम्पादन–प्रकाशनमा निस्केको 'स्वाधीन संवाद' २०५४ साल भदौ ३ गतेको निर्णय अनुसार माधव विद्रोही सम्पादक र कृष्णप्रसाद भण्डारी प्रकाशकका नाममा नामसारी भएको देखिन्छ ।

अनारमनीबाट गोपीकृष्ण खनाल सम्पादक र गणेशबहादुर कार्की प्रकाशक रहनेगरी २०४७ साल कार्तिक २७ गते 'मनकामना साप्ताहिक' दर्ता भएको थियो । २०४७ साल माघ २७ मा सूर्यप्रसाद नेपाल (अनारमनी) को सम्पादन–प्रकाशन रहेको 'लोकमत' साप्ताहिक दर्ता भई प्रकाशन हुन थालेको थियो । २०४८ साल साउन २ गते पदमबहादुर पौडेलको सम्पादन–प्रकाशनमा दर्ता भएको 'सृष्टि' साप्ताहिक २०५३ साल असोज १५ गतेबाट नाम परिवर्तन गरेर 'नौलो सृष्टि' साप्ताहिक कायम रहेको छ ।

तिलबिक्रम कन्दङ्वा प्रकाशक–सम्पादक रहेर २०४८ साल साउन २३ गते दर्ता भएको 'जनचाहना' साप्ताहिक केपी कन्दङ्वा कार्यकारी सम्पादक भएर झापाबाट केही समय प्रकाशन भएको थियो । नकुल काजीको सम्पादनमा २०४९ साल मंसीर २८ मा 'झापा एक्सप्रेस' दैनिक पत्रिका दर्ता भई चन्द्रगढीबाट प्रकाशन प्रारम्भ

भयो । मेची प्रकाशन प्रा.लि. प्रकाशक रहेको सो पत्रिका २०५० साल साउन १५ को निर्णयबाट भने धनजुजु श्रेष्ठको सम्पादनमा लगभग ६ महिना प्रकाशन भयो ।

पत्रिका दर्ता हुने क्रममै झापा जिल्ला प्रशासन कार्यालयमा अन्य विधाका पत्रिकाहरु पनि दर्ता भएका छन् । यस क्रममा २०४९ साल फागुन ५ मा कृष्णप्रसाद भट्टराई सम्पादक र सासंक प्रतिष्ठान प्रकाशक रहेर 'सासंक' त्रैमासिक, २०४९ साल फागुन १९ गते समूह प्रकाशन प्रा.लि. प्रकाशक रहेर सम्पादक लोकराज पौडेलले 'ज्योतिष दर्पण' मासिक दर्ता गरेको अभिलेख पाइन्छ ।

झापा जिल्लाको चर्चित पत्रिका 'विवेचना' दैनिकको दर्ता २०५० साल साउन १५ गते भयो, जसको सम्पादक नकुल काजी र प्रकाशकत्व विवेचना प्रकाशन प्रा.लि.मा रहेको थियो । 'विवेचना' दैनिकको स्वामित्व २०६५ साल भदौ २३ को निर्णयले चिन्तन पब्लिकेशन एण्ड सर्भिसेस प्रा.लि.मा हस्तान्तरण भएपछि केही महिना नियमित प्रकाशन भएर स्थगन रहेको थियो । स्थगित अवस्थामा २०७३ साल असारमा स्वामित्व हस्तान्तरण भई हिमालचन्द्र खरेलको सम्पादनमा २०७३ साल साउन १ गतेबाट लगभग २ वर्ष पत्रिका प्रकाशन भएपछि २०७५ साल माघ १८ गतेको निर्णय अनुसार सुब्रत न्यौपानेमा हस्तान्तरण भएको देखिन्छ ।

२०५० साल मंसीर १६ मा प्रकाशक डम्बरबहादुर श्रेष्ठ र सम्पादक जयबहादुर श्रेष्ठ रहेको 'कन्काई एक्सप्रेस' साप्ताहिक, २०५१ साल पूस २८ मा सम्पादक–प्रकाशक डिकमान विरही रहेको 'झुल्केघाम' साप्ताहिक २०५२ कार्तिक २१ गतेको निर्णय अनुसार प्रकाशकमा लोकराज ढकाल कायम भएको देखिन्छ भने २०६२ साल साउन १३ गतेको निर्णयमा टिकेन्द्र ढकाललाई प्रकाशकत्व हस्तान्तरण गरेको अभिलेख छ । सोही वर्षको जेठ ३ गते दर्ता भएको 'नौलो आयाम' साप्ताहिकको डिल्ली खनाल (दमक) सम्पादक र पंकज दाहाल प्रकाशक रहेका छन् ।

झापा जिल्लामा स्थापनाकालदेखि नै नियमित प्रकाशन हुँदै आएको दैनिक 'पूर्वाञ्चल' २०५२ साल साउन २९ गते भरतलाल गिरीको प्रकाशकत्वमा दर्ता भएको पत्रिका हो । प्रारम्भमा गोविन्दचन्द्र छेत्री सम्पादक रहेको सो पत्रिकामा २०६२ साल असोज १२ गतेबाट मदन ढकाल सम्पादक रही उहाँको देहावसानपछि २०७४ साल साउन २ गतेबाट एकराज गिरीको सम्पादनमा प्रकाशन भइरहेको छ । सोही वर्षको असोज ५ गते दर्ता भएको सम्पादक-प्रकाशक केदारनाथ रिमाल (दमक) रहेको 'पूर्वाञ्चल आवाज' साप्ताहिक, असोज १० गते सुरेन्द्रकुमार कर्ण (भद्रपुर) को नाममा दर्ता 'तिलकोर' मासिक, मंसीर ११ गते लोकराज ढकाल– सम्पादक तथा लेखनाथ भट्टराई– प्रकाशक रहनेगरी दर्ता भएको 'नयाँ सन्दर्भ' साप्ताहिक

२०५४ साल भदौ १३ गते राजेश ढुंगानामा हस्तान्तरण भएकोमा २०६० साल पूस १० गतेको निर्णय मुताविक पुनः लेखनाथ र लोकराजकै नाममा कायम भएको अभिलेखमा छ । २०६९ साल असोज ७ गतेको निर्णय अनुसार सम्पादक-प्रकाशकमा तारामणि सापकोटा रहेको देखिने सो पत्रिकाको सम्पादक-प्रकाशकमा २०७४ साल कार्तिक ३० गतेपछि भने गोविन्दचन्द्र छेत्री रहनुभएको छ ।

चन्द्रगढीबाट प्रकाशन हुनेगरी चूडामणि रेग्मीको सम्पादनमा 'यथार्थ कुरा' पाक्षिकको दर्ता २०५२ साल पूस १८ गते भएको देखिन्छ । २०५३ साल साउन ३० मा दर्ता भएको साप्ताहिक 'समाचार' गोपाल गिरी (भद्रपुर)को सम्पादन-प्रकाशनमा प्रकाशित भइरहेको छ । सोही सालको फागुन २५ गते रामनाथ बास्कोटा (चन्द्रगढी) को सम्पादन-प्रकाशनमा 'आधारशिला' त्रैमासिक र २०५४ साल साउन २४ गते राजबाबु शंकरको सम्पादन-प्रकाशनमा 'मेची खबर' साप्ताहिक केही महिना प्रकाशित भई २०७२ साल साउन २० गतेबाट राजु पाठक (बिर्तामोड) को नाममा स्वामित्व हस्तान्तरण भएको देखिन्छ ।

मुकुन्दप्रसाद न्यौपाने (अनारमनी) सम्पादक र रामप्रसाद अधिकारी प्रकाशक रहेर २०५४ साल साउन ३० गते 'पाथीभरा दर्शन' मासिक, सोही वर्षको भदौ १३ मा खगेन्द्रकुमार कार्की (हल्दिबारी) को स्वामित्वमा 'न्यू कान्तिपथ' दैनिक दर्ता भएको अभिलेख छ । २०५४ सालमै फागुन १ देखि बिर्तामोडबाट तिलबिक्रम कन्दङ्वाको सम्पादन- प्रकाशनमा 'मुक्ति आवाज' साप्ताहिक, चैत ११ गते नकुल काजी सम्पादक-प्रकाशक रहेर मोफसलको पहिलो अंग्रेजी ग्रबकतभचल ग्रअजय साप्ताहिक रूपमा २०५५ साल बैशाखदेखि केही समय प्रकाशित भएको पाइन्छ । २०५५ साल साउन १८ गते प्रकाशक- कमल मिश्र र सम्पादक- गोपाल घिमिरे दर्ता रहेको ' जनआन्दोलन' साप्ताहिकको २०५७ चैत ३० गतेको निर्णय अनुसार भने मिश्रलाई नै सम्पादनको पनि जिम्मा दिइएको पाइन्छ । 'जनआन्दोलन' साप्ताहिकको स्वामित्व एकलौटी प्राप्त गरेका मिश्रले २०६२ मंसीर ५ गते यज्ञप्रसाद पाठकलाई प्रकाशकत्व र डिकमान विरहीलाई सम्पादनको जिम्मेवारी दिएकोमा विरहीको कीर्तिशेषपछि २०६५ साल कार्तिक ६ गतेको निर्णय अनुसार इन्दिरा गौतम (इन्दू पूर्वेली) लाई सम्पादकको जिम्मेवारी दिइएको अभिलेखमा छ ।

राजेश ढुंगाना (भद्रपुर)को नाममा २०५५ साल मंसीर ७ गते नै दर्ता भएको ' जनसंसद्' साप्ताहिक २०६२ साल भदौ ७ को निर्णय अनुसार निजको नामबाट मोहनकुमार न्यौपाने (मोहन काजी)को नाममा हस्तान्तरण भई दैनिक कायम भएको देखिन्छ । काजीको सम्पादनमा २०७१ सालको पूससम्म प्रकाशित 'जनसंसद्'

दैनिक त्यसपछि २०७९ साल भदौसम्म मुक्ति पौडेलको सम्पादनमा निस्किएको थियो । २०५५ साल मंसीर १६ गते ठाकुरप्रसाद शिवाकोटीको स्वामित्वमा 'झापाली सन्देश' साप्ताहिक र २०५५ साल मंसीर १७ गते प्रेमकुमार प्रधानको नाममा 'अर्को विकल्प' त्रैमासिक र नेपाल स्काउट-झापाको प्रकाशनमा 'स्काउट दर्पण' त्रैमासिक जिल्ला प्रशासन कार्यालय झापा २०५५ साल पूस १७ गते दर्ता अभिलेख छ ।

लीला उदासी खनाल सम्पादक-प्रकाशक रहेको 'दीक्षा' मासिक २०५६ साल बैशाख ६ गते, सोही सालको जेठ १७ गते अरूणा नेम्बाङ- सम्पादक र जीएन शर्मा- प्रकाशक रहेर 'सप्रमाण' पाक्षिक, कमला आचार्यको स्वामित्वमा 'नयाँ अठोट' साप्ताहिक २०५६ साल भदौ २२ गते, अरूणा नेम्बाङ- सम्पादक र जीएन शर्मा- प्रकाशक रहेर 'पिपुल्स टाइम्स' साप्ताहिक २०५६ साल भदौ ३१ गते दर्ता रहेको छ । 'पिपुल्स टाइम्स'लाई दमकबाट दैनिक प्रकाशन गर्नेगरी २०७२ साल बैशाख २४ को निर्णय अनुसार सम्पादक खेमबहादुर दाहाल र प्रकाशक प्रवीणकुमार राईलाई संयुक्त हस्तान्तरण गरेको देखिन्छ ।

गोपाल काफ्ले सम्पादक-प्रकाशक रहेको 'साझा मञ्च' मासिक २०५७ साल जेठ ६ गते दर्ता भए पनि २०५८ साल भदौदेखि साप्ताहिकमा रूपान्तरण गरिएको छ भने किरण भारतीका नाममा सोही वर्षको भदौ ९ गते 'पूर्वी नेपाल' दैनिक दर्ता भएको छ ।

त्यसैगरी, २०५८ साल बैशाख १६ मा इन्द्रबहादुर न्यौपाने (दमक)को नाममा 'मासलाइन' दैनिक, २०५८ साल असोज २ गते गञ्जबहादुर दाहालको नाममा 'पूर्व सन्देश' दैनिक र २०५८ साल कार्तिक २६ गते सुजाता उप्रेती (भद्रपुर) को नाममा 'हिमालय' साप्ताहिक दर्ता छ । २०५९ साल साउन ३ गते राजवंशी भाषाको 'पान सुपारी' पाक्षिक खबरपत्रिकाले अस्थायी दर्ता लिएको त्यसका प्रकाशक लखनलाल राजवंशीले जानकारी दिनुभयो । १० अंकसम्म प्रकाशित भएको सो पत्रिकाको सम्पादक जगतप्रसाद राजवंशी हुनुहुन्थ्यो । सोही समूहले १ अंक मात्रै 'जागरण' मासिक मेगेजिन पनि प्रकाशन गरेको थियो । २०५९ साल असोज ३ गते पञ्चप्रकाश चेम्जोङ (गोलधाप) सम्पादक र चक्रबहादुर लिम्बू अविरल सागर- प्रकाशक रहेको 'सगरमाथा सौगात' मासिक सूचीकृत छ ।

त्यसपछि २०६० साल असोज ४ गते जलथलका कृष्णप्रसाद वन- सम्पादक र डिल्लीराम ढुंगेल- प्रकाशक रहेको 'प्रभात' मासिक र सोही मितिमा षड्कुशादेवी रेग्मी (दमक)को नाममा 'झापा टाइम्स' साप्ताहिक, २०६० साल असोज २६ गते हरिप्रसाद गौतमका नाममा 'नवप्रतिभा मञ्च नेपाल' त्रैमासिक र २०६० साल

माघ १४ मा सुशीला लम्साल सम्पादक र झापा ज्योति प्रकाशनको नाममा 'नौलो आवाज' साप्ताहिक दर्ता रहेको छ । सोको सम्पादकमा २०६३ साल जेठ १ बाट विकेन्द्र श्रेष्ठ कायम गरी प्रमाण-पत्र लिएर प्रकाशन भइरहँदा २०७४ साल असार ३० देखि सुभद्रा खड्का सम्पादक कायम रहेको पाइन्छ । खड्काको निधनपश्चात २०७८ साल साउन १४ देखि गीता चौहान सम्पादक र दीपक अधिकारी- प्रकाशक रहेको उल्लेख छ ।

सम्पादक मोहन गिरी रहेको 'सुपूर्व मालिका' साप्ताहिक २०६१ साल मंसीर ३० मा दर्ता देखिए पनि २०६२ साल माघ ३० को निर्णयबाट गोविन्दप्रसाद अधिकारी (गुलाफ) सम्पादक कायम गरिएको छ । २०६१ साल पूस २ गते रामबाबु महर्जनको सम्पादकत्वमा 'दोमुखा' साहित्यिक मासिक, सोही वर्षको फागुन १६ गते पवनकुमार राजवंशीको सम्पादनमा राजवंशी भाषाको 'विचन हप्तामारी' साप्ताहिक र सोही दिन दुर्गाप्रसाद अधिकारीको सम्पादकत्वमा 'दमक टाइम्स' मासिकको दर्ता अभिलेख रहेको छ ।

नेपाली र किरात भाषाको 'किरात नाम्साङ' मासिक २०६२ साल असोज ४ गते सम्पादक- डिकेन्द्रसिंह लिम्बू र प्रकाशक- सेसेहाङ फियाकको नाममा दर्ता छ भने २०६२ साल फागुन १० गते रविचन्द्र ओझाको स्वामित्वमा 'बज्रपात' दैनिक दर्ता भएको देखिन्छ । २०६३ साल साउन २१ मा तीर्थराज सिग्देलको नाममा 'न्यू मेची टाइम्स' दैनिक, २०६३ साल कार्तिक ३ मा महालक्ष्मी आचार्य पनेरुको नाममा 'स्वतन्त्र जनआवाज' साप्ताहिक, २०६३ साल कार्तिक १३ मा मुलिन्द्र सुवेदी 'दीपक' (गौरादह)को नाममा 'गाउँका खबर' साप्ताहिक र 'जनविज्ञप्ति' दैनिक, २०६३ साल कार्तिक २४ मा सुशीला लम्साल आचार्यको नाममा 'सशक्त नारी आवाज' साप्ताहिक, २०६३ साल कार्तिक ३० गते सम्पादक-प्रकाशक सन्तोष घिमिरे रहेर The Pioneer साप्ताहिक र २०६३ साल माघ १ मा कृष्णप्रसाद हुमागाईंको नाममा 'जय लोकतन्त्र' साप्ताहिक दर्ता रहेको छ ।

भानुभक्त भण्डारी सम्पादक भई २०६४ साल बैशाख ९ मा 'न्यू मासलाइन' दैनिक दर्ता रहे पनि २०६४ साल असार २७ को निर्णय अनुरूप सम्पादकको नाम संशोधन गरी अग्निप्रसाद कोइराला कायम गरिएको छ । २०६४ साल असोज ११ गते घनेन्द्र शर्मा, राजबाबु शंकर र गणेश खड्का प्रकाशक र घनेन्द्र शर्मा न्यौपाने सम्पादक रहेको 'बाल ज्ञानमाला' मासिक, सोही दिन अर्जुनधारा प्रकाशन प्रालिको नाममा कृष्ण हुमागाईं सम्पादक रहेको 'अर्जुनधारा' दैनिक; २०६४ साल मंसीर २० गते पुण्यप्रसाद खरेलको सम्पादनमा 'साहित्यिक सचेतना' मासिक, २०६४

साल फागुन १६ गते गोविन्दबहादुर थापा– प्रकाशक र विजय वस्ती– सम्पादक रहेको 'सनराइज' दैनिक, सोही वर्षको फागुन २० मा माधव विद्रोही– प्रकाशक र तारामणि सापकोटा– सम्पादक रहनेगरी 'झापा पोष्ट' दैनिक दर्ता भए पनि २०६९ साल बैशाखको निर्णय बमोजिम प्रकाशक–सम्पादकमा तारामणि सापकोटा कायम गरिएको छ । पछिल्लो विवरण अनुसार, सो पत्रिका २०७१ साल चैत २३ मा प्रकाशक–सम्पादक रेगिना भट्टराईलाई हस्तान्तरण भएको छ ।

विनोद बस्नेत सम्पादक रहेको 'नयाँ तहल्का' दैनिक २०६५ साल बैशाख ३० गते दर्ता भएको छ । सो पत्रिका २०६५ साल मंसीर १ गतेको निर्णयबाट प्रकाशक–सम्पादकमा गोपीचन्द्र पोखरेललाई कायम गरिएको छ । सोही मितिमा दीपेन्द्रकुमार राई (अर्जुनधारा–७)को नाममा 'यलम्बर टाइम्स' साप्ताहिक, २०६५ साल जेठ २१ गते कविता बास्तोला पाठक सम्पादक–प्रकाशक रहेको 'हाम्रो नयाँ पत्रिका' साप्ताहिक, सोही सालको भदौ ४ गते त्रैलोक्यनाथ शर्मा न्यौपानेको स्वामित्वमा 'रिमझिम' साप्ताहिक, सोही महिनाको १८ गते प्रकाशक– यादवप्रसाद पौडेल र सम्पादक–मुक्तिनाथ लुइँटेल रहेको 'पूर्वको अर्थ' साप्ताहिक, सोही वर्षको असोज १ गते भक्तबहादुर खपाङ्गी विकको स्वामित्वमा 'अनुसूचन' मासिक, सोही महिनाको १० गते जीएन शर्मा प्रकाशक–सम्पादक रहेको 'नयाँ जनअदालत' पाक्षिक, २०६५ सालकै कार्तिक १० गते प्रकाशक– सोमनाथ विश्वकर्मा र सम्पादक– राजकुमार विश्वकर्मा रहेको 'हाम्रो राय' साप्ताहिक, सोही सालको पूस २० गते यज्ञराज प्रसाईं प्रकाशक–सम्पादक रही दर्ता भएको 'सुखानी आवाज' साप्ताहिकको २०६७ साल कार्तिक १४ को निर्णयबाट स्वामित्व परिवर्तन गरी नारायणकुमार (एनके) दाहालको नाममा मासिक रूपमा प्रकाशन हुनेगरी २०६८ साल असार २१ को निर्णय अनुसार बुद्धिप्रसाद लामिछाने (विमल) सम्पादक कायम गरिएको छ ।

लीलाप्रसाद बराल– सम्पादक र कृष्णप्रसाद मिश्र– प्रकाशक रहेको 'प्रतिदिन' दैनिक २०६५ साल फागुन ६ गते दर्ता भई २०६६ साल साउन १६ को निर्णयले प्रकाशक– विष्णुबहादुर राई रहनेगरी नवसञ्चार गृह प्रालिलाई हस्तान्तरण गरिएको पाइन्छ । त्यसपछि २०७० साल साउन ६ गते सम्पादकमा राजेन्द्र गौतम कायम गरिएको छ । २०६५ साल चैत २३ गते अनिल शिवाकोटी– प्रकाशक र बीना प्रसाईंको सम्पादकत्वमा 'द इन्फो एक्सप्रेस' अंग्रेजी मासिक दर्ता रहेको छ ।

यसैगरी, २०६६ साल साउन ९ मा वीरबहादुर बेघा– प्रकाशक र दिनेश कार्की सम्पादक भएको 'संघीय नेपाल' साप्ताहिक र सोही वर्षको भदौ ११ गते नकुल काजीको प्रकाशन–सम्पादनमा 'पूर्वी प्रतिध्वनि' साप्ताहिक दर्ता भएको थियो । सो

पत्रिका केही समय प्रकाशन भएपछि सोही वर्षको माघ १४ को निर्णय अनुसार सम्पादक-प्रकाशक दुर्गाप्रसाद खरेल र द्रोण अधिकारीको नाममा कायम भए पनि २०६९ साल फागुन १५ मा पुनः नकुल काजीकै नाममा नामसारी गरी साप्ताहिकलाई दैनिक कायम गरिएको छ ।

वि.स. २०६७ साउन २० गते रवीन्द्र मण्डल (रविनश्री) सम्पादक-प्रकाशक रहेको 'क्रेजी न्यूज' साप्ताहिक, सोही वर्षको भदौ २० गते वेणुप्रसाद अधिकारी (गौरादह) को स्वामित्वमा 'कसार' साप्ताहिक, २०६७ साल मंसीर २३ गते उपेन्द्र प्रसाईं– प्रकाशक र कृष्णप्रसाद बास्कोटा– सम्पादक रहेको 'पूर्वेली दर्पण' साप्ताहिक, २०६७ साल फागुन ६ गते गीता घिमिरेको सम्पादन-प्रकाशनमा 'जनताराज' साप्ताहिक, चैत १७ गते रोहित खपाङ्गी सम्पादक-प्रकाशक रहेको 'बाध्यता' मासिक, सोही दिन उमाकान्त खनाल सम्पादकत्वमा 'पल' मासिक दर्ता भएको छ ।

वि.स. २०६८ बैशाख १४ गते डण्डीराज घिमिरे सम्पादक रहेर 'झापा वाणी' साप्ताहिक, सोही वर्षको असार २८ मा कृष्णप्रसाद अधिकारी– प्रकाशक र सरोज बराल– सम्पादक रहेर 'सभ्य नेपाल' साप्ताहिक, मंसीर २२ मा प्रकाशक– नवीन उप्रेती र सम्पादक– सचिन वंशल (अनारमनी)को नाममा 'माई लाइफ' पाक्षिक, पूस २८ गते सन्तबहादुर लिम्बूको नाममा 'दीप जलन' द्वैमासिक, माघ ५ गते रोहित काफ्लेको नाममा 'निर्माण लहर' साप्ताहिक र सोही दिन प्रेम राई सम्पादक– प्रकाशक रहेको 'सुप्तुलुङ' मासिक, चैत १५ गते शेरबहादुर नाल्बो– प्रकाशक र पूर्णबहादुर चेम्जोङ– सम्पादक रहेर 'असहमति' साप्ताहिक तथा सोही दिन ज्ञानमाया चम्लागाईं– सम्पादक र युवराज गिरी– प्रकाशक रहनेगरी 'उज्यालो पूर्व' दैनिक दर्ता रहेको छ ।

त्यसैगरी, २०६९ साल साउन २८ गते प्रेम राई सम्पादक रहेर 'सतासी' साप्ताहिक, असोज २८ गते विष्णुप्रसाद रिमालको सम्पादनमा 'निरूपण' अर्द्धवार्षिक (जर्नल), माघ ८ गते डण्डीराज घिमिरेको नाममा 'देशभित्र' साप्ताहिक दर्ता छ भने केदार आचार्यको नाममा रहेको 'यस म्यागेजिन' साप्ताहिकको दर्ता मिति उल्लेख छैन । २०६९ साल फागुन १७ गतेको मितिमा २ वटा पत्रिका दर्ता भएको देखिन्छ । जसमा कुवेरप्रसाद भट्टराईको नाममा 'शाब्दिक शक्ति' मासिक तथा तारामणि सापकोटाको नाममा 'पूँजीवाद' मासिक, सोही सालको फागुन २१ गते श्यामकृष्ण लम्साल– प्रकाशक र प्रकाश भण्डारी– सम्पादक रहेको 'न्यू पूर्वेली आस्था' मासिक र चैत २८ गते यामप्रसाद खनाल (जलथल-८) को नाममा 'जिज्ञासा मञ्च' मासिक दर्ता कायम छ ।

वि.स. २०७० असार ५ गते भक्तबहादुर विक खपाङ्गीको नाममा 'अखण्ड नेपाल' दैनिक, जेठ २५ गते एकराज गिरी सम्पादक रहेको 'पूर्वाञ्चल न्यूज' दैनिक, भदौ ३० गते मणिकुमार राई सम्पादक रहेको 'समर्पण सौगात' मासिक दर्ता छ भने २०७१ साल मंसीर १० गते मोहनकुमार न्यौपाने (मोहन काजी)को नाममा 'लोकतन्त्र पोष्ट्' दैनिक र फागुन २९ गते सुरेन्द्र लिम्बूको नाममा 'साझा लिम्बुवान' मासिक झापामा दर्ता भएको छ ।

२०७२ साल असार ६ गते प्रकाशक– देशराज नेम्बाङ र सम्पादक– विष्णुदेवी चेम्जोङ रहेको 'समदर्शी सञ्चार' मासिक, साउन १४ गते डम्मरू बरालको नाममा 'मेची आवाज' साप्ताहिक, साउन २५ गते लीलाराज खड्का झापालीको नाममा 'कनकाई' साप्ताहिक र डण्डीराज घिमिरेको स्वामित्वमा 'समरूप' साप्ताहिक, भदौ २० गते तीर्थराज सिग्देलको सम्पादनमा 'बिर्ताज्योति' साप्ताहिक, सोही महिनाको २९ गते अनिल वाग्लेको 'पूर्वेली' साप्ताहिक दर्ता छ ।

२०७३ साल असार २४ गते दिनेश दंगालको सम्पादकत्वमा 'वैकल्पिक बहस' मासिक, साउन १० गते प्रकाश पौडेल सम्पादक रहेर 'खबर मञ्च' साप्ताहिक र सोही वर्षको चैत १६ गते प्रदीप परियारको नाममा 'इजलास' दैनिक दर्ता कायम छ भने २०७४ साल जेठ ९ गते जीएन शर्माको स्वामित्वमा 'शान्ति यात्रा' मासिक, सोही वर्षको मंसीर ३ गते किरण भारतीको स्वामित्वमा 'पूर्वी सीमान्त' साप्ताहिक, माघ १९ गते उमाकान्त खनाल सम्पादक रहेर 'बुद्धशान्ति' साप्ताहिक र फागुन २२ गते प्रकाशक– मुक्ति पौडेल र सम्पादक– खगेन्द्रप्रसाद घिमिरे रहेको 'प्रदेश टाइम्स' साप्ताहिक दर्ता छ ।

त्यस्तै, २०७५ साल साउन २३ गते प्रकाशक– सेसेमी सेरेङ नाल्बो र सम्पादक– जयप्रकाश सम्बाहाम्फे रहेको लिम्बू किरात लिपिमा 'सेसेधा' द्वैमासिक, सोही दिन सम्पादक– यज्ञबहादुर सुब्बा र प्रकाशक– डिल्लीश्वर मुसाहाङ लिम्बूको नेपाली र लिम्बू भाषामा समेत 'पोक्लाबाङ' द्वैमासिक र सोही वर्षको असोज २२ गते रामप्रसाद निरौलाको नाममा 'कनकाई खबर' साप्ताहिक दर्ता रहेको छ ।

त्यसपछि २०७६ साल बैशाख १६ गते सुशीला पौडेलको स्वामित्वमा 'निष्कर्ष न्यूज' साप्ताहिक र सोही वर्षको कार्तिक २८ गते प्रकाशक– सेसेहाङ फियाक र सम्पादक– विश्वदीप फियाक रहेको 'माङ्गेन्ना' मासिक, २०७७ साल मंसीर २४ गते दिलीप थापाको सम्पादनमा 'रातो पोष्ट' साप्ताहिक, सोही वर्षको पूस ३ गते बालकृष्ण थापा– प्रकाशक र खगेन्द्रप्रसाद घिमिरे– सम्पादक रहेको 'छड्के अनुसन्धान' साप्ताहिक र २०७८ साल फागुन २२ गते जयप्रकाश सम्बाहाम्फे–

सम्पादक र सेसेमी सेरेङ– प्रकाशक रहेर लिम्बू भाषाको 'नाम्सामी' मासिक दर्ता भएको छ ।

वि.स. २०७९ मा भदौ २३ गते रोशन भट्टराई र गंगाराम गड्तौलाको नाममा एउटा मात्रै साप्ताहिक पत्रिका 'सूर्योदय' दर्ता देखिन्छ भने २०८० साल बैशाख १७ गते चूडामणि वशिष्ठ– सम्पादक र राजु पाठक– प्रकाशक रहेर 'सुखानी सन्देश' साप्ताहिक, साउन १२ गते तीर्थराज तिम्सिना सम्पादक रहेको 'पालिका सन्देश' र सोही वर्षको असोज ७ गते कुवेर दाहाल– सम्पादक र पंकज दाहाल– प्रकाशक रहेको 'ज्येष्ठ आवाज' द्वैमासिक दर्ता रहेको पाइन्छ ।

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका यी पत्रिकाहरु बाहेक विभिन्न प्रतिष्ठान र संघ–संस्थाहरूबाट समेत सामयिक संकलन, साहित्यिक, विशेषांक, संस्थागत मुखपत्र, जर्नल, संस्मरणात्मक कृति, स्मृति ग्रन्थ आदि प्रकाशित भएको पाइन्छ । सो क्रममा प्राज्ञिक संस्था मेची महाविद्यालय (हालको मेची बहुमुखी क्याम्पस)ले २०२४ सालमा सर्वप्रथम 'धारा' पत्रिका प्रकाशन गरेको थियो । सो मुखपत्रको सम्पादन चूडामणि रेग्मीले गर्नुभएको थियो । सो महाविद्यालयबाटै २०२७ सालमा 'कन्तुर' प्रकाशन भयो । द्रोणाचार्य छेत्री सम्पादक रहेको सो पत्रिका एक अंक मात्रै प्रकाशित भएको थियो ।

यस बाहेक मेची बहुमुखी क्याम्पसबाटै माधव भँडारी क्याम्पस-प्रमुख भएका बेला २०३६ सालबाट ३८ सालसम्म वार्षिक प्रकाशनको रूपमा 'अध्ययन' नामक पत्रिका निस्किएको थियो भने २०३७ सालमा 'रहर' नामक साहित्यिक पत्रिका चिन्तामणि दाहाल र राजेश ढुंगानाको सम्पादनमा प्रकाशन भएको पाइन्छ ।

यसै क्याम्पससँग सम्बन्धित रहेर 'पृथ्वी परिचर्चा' (२०३२), 'प्रवेशद्वार' (२०४३), घनश्याम स्मृति ग्रन्थ (२०५३), 'मेची क्याम्पस जर्नल' (२०५७ बाट नियमित), 'स्मृति' (२०५७), 'पर्यावरण' (२०६३), आदिवासी जनजाति विद्यार्थी संगठन स्मारिका (२०६३), 'हाम्रो मेची' (२०६७ र ६८ मा) प्रकाशित भएका थिए ।

यस जिल्लामा उल्लेख्य संख्यामा विभिन्न विधाका पत्रपत्रिकाहरूको दर्ता भएको पाइए पनि एकाध बाहेक अन्य पत्रिका नियमित र दिगो हुन सकेको छैन । पछिल्लो दशकयता पत्रपत्रिकाहरु पढ्ने संस्कारमा कमी आउँदा ब्रोडसिटदेखि लिएर मोफसलबाट प्रकाशन भइरहेका पत्रपत्रिकाहरु प्रकाशन हुने क्रम क्रमशः घट्दै गएको छ । जसले पत्रपत्रिकाको शाख स्थापना गरेको छापामाध्यमको पत्रकारिता क्षेत्र संकुचन भई सूचना प्रविधिको तीव्र विकास सँगसँगै पत्रकारिताको दायरा विस्तार भएर तिनै माध्यमहरूप्रति जनआकर्षण बढ्दो छ ।

भौगोलिक दृष्टिकोणले पनि सुगम जिल्ला भएका कारण मेची अञ्चलका विकासका सबै पूर्वाधारहरु झापामै केन्द्रित हुँदै गएकाले आफ्नो कर्मक्षेत्र फेर्न चाहनेहरूले पनि झापालाई रोज्ने गरेको पाइन्छ । विभिन्न कारणबाट झापा जिल्लामा स्थायी बासिन्दा हुन आइपुगेका महानन्द सापकोटा, श्यामकृष्ण उपाध्याय, दान खालिङ, एस.एल. शर्मा, स्वयम्भुलाल श्रेष्ठ, भवानी घिमिरे, द्रोणाचार्य क्षेत्री, डा.हृषीकेश उपाध्याय आदि अग्रज लेखक तथा पत्रकारहरूले झापाली पत्रकारिताको क्षेत्रलाई उर्वर बनाएको देखिन्छ । उहाँहरूले आ–आफ्ना समयकालमा झापालाई चेतना केन्द्रका रूपमा स्थापित गर्न भरमग्दुर प्रयत्न गरेको देखिन्छ ।

पत्रकारिता क्षेत्र सुन्नमा जति राम्रो र उत्कृष्ट लाग्दछ, यथार्थमा यो त्यत्तिकै कष्टकर र संघर्षमय पनि छ । समाजकै एक अंगका रूपमा पत्रकारिता पनि रहेको हुनाले यसबाट आयआर्जन र रोजगारीको सम्भावना कम छ । विकसित मुलुकहरु, जहाँ यसले संस्थागत बन्ने सौभाग्य पाएको छ, मा पत्रकारिता एक सम्मानित पेशा पनि बनेको छ । तर, नेपालमा, त्यो पनि झापा जिल्लामा, पत्रकारिता पेशा व्यावसायिक हुने अवसर भने अझै टाढा छ । आज त संकटपूर्ण अवस्थामा गुज्रिंदै छ भने आजभन्दा ७ दशक अघिको अवस्थाको अनुमान सहजै गर्न सकिन्छ ।

त्यस्तो कठिन अवस्था भोगेर पत्रकारिताको पहिचान र गरिमालाई उन्नत बनाउने अग्रजहरूको योगदानको कदर गर्न आजका झापाली पत्रकारहरूले कञ्जुस्याइँ गर्नु हुँदैन । मेची अञ्चलकै पत्रकारितालाई नेतृत्व दिने झापाली अगुवा एवम् अग्रज पत्रकारहरूको सोही ऐतिहासिक योगदान विस्मृत हुन नदिन पत्रकारहरूको छाता संगठनले सदैव प्रयत्न जारी राख्नु पर्छ ।

झापा जिल्लामा छापामाध्यमको औपचारिक अभिलेख राख्न थालिए पूर्व र त्यसपछि पनि पत्रकारितामा योगदान पुऱ्याउने थुप्रै पत्रकारहरु छन् । ती पत्रकारहरूमध्ये कतिपयले समाचार बनाउने, टाइप (कम्पोज) गर्ने, प्रूफ हेर्ने, छाप्ने र वितरण गर्नेसम्मको कर्म पनि आफै गरेर पत्रकारिताको व्यावसायिक प्रवर्द्धन गरेको इतिहास पाइन्छ । पत्रिकाहरु नियमित प्रकाशन गर्न सम्पादक नै आफै पत्रिकाका पाठक र विज्ञापनदाताहरूकहाँ पैदलै र साइकलमा पनि जिल्लाभर बिल बोकेर पुग्ने गर्दथे । त्यसरी जोगाइँदै ल्याइएको पत्रकारिताको शाखलाई आजका झापाली सञ्चारकर्मीहरूले जीवन्त राख्नु पर्ने दायित्वबोध गर्नु पर्दछ ।

उल्लिखित अभिलेखीकृत अग्रज पत्रकारहरु बाहेक तत्कालको झापाली पत्रकारिताको इतिहास सुरक्षण गर्न अन्य थुप्रैले भूमिका निर्वाह गरेका छन् । त्यस क्रममा झापाको पूर्वोत्तर बाहुण्डाँगीबाट 'विवेचना' पत्रिकाको प्रतिनिधि भएर राधा

चम्लागाईंले पु¥याएको सेवा उल्लेख्य छ । उहाँ सम्भवतः झापाकै पहिलो महिला पत्रकार हुनु पर्छ । यस विषयमा खोजी गर्न अरू जरूरी छ ।

त्यसैगरी, 'आलोक' साप्ताहिकसँग जोडिएर हँडिया बुधबारेका कमल ढकालले २०१९ सालबाट पत्रकारिता गरेको भेटिन्छ । त्यसबेला श्यामकृष्ण उपाध्यायको सहयोगी भएर आफूले 'युवक' र 'आलोक' पत्रिकामा काम गरेको बताउने हाल ८३ वर्षीय कमल ढकाल बुद्धशान्ति गापा- ३ मा गोकर्ण राइस मिल सञ्चालन गरेर बस्नुभएको छ ।

झापाका अग्रज पत्रकारहरूको सूचीमा बिर्सनै नहुने नामहरूमा रामप्रसाद पोखरेल पनि एक हुनुहुन्छ । उहाँले इलाममा दर्ता भए पनि 'मेची प्रवाह' साप्ताहिक झापा, भद्रपुरबाट केही वर्ष प्रकाशन गरेर झापाको पत्रकारितालाई बल पु¥याउनु भएको थियो । उहाँले आफ्नो पत्रिका बाहेक भद्रपुरबाट निस्कने अन्य पत्रिकाहरूमा लेख-रचना र सम्पादकीय समेत लेखेर सहयोग गर्नुभएको थियो ।

त्यसबेला सक्रिय युवा पत्रकारका रूपमा देवी वर्माको नाम उल्लेख गर्नै पर्ने हुन्छ । उहाँले 'सिद्धार्थ' पत्रिकामा सहसम्पादकका रूपमा काम गरेर पत्रिकालाई स्तरीय बनाउन मद्दत गर्नुभएको थियो । भद्रपुर निवासी अध्ययनशील, तार्किक र बौद्धिक युवाका रूपमा सुपरिचित वर्मा लगभग एक दर्जन भाषामा पोख्त हुनुहुन्थ्यो । पत्रकारिताबाट व्यावसायिक जीवन शुरू गरेर पछि जागिरे जीवन व्यतीत गरेका चन्द्रगढीका प्रहिल घिमिरे भद्रपुरका विवेचना, सूर्योदय, युगज्ञान र पञ्चायत पत्रिकामा विभिन्न पदमा रहेर काम गरेको सुनाउनु हुन्छ । राजधानीबाट प्रकाशित हुने 'मातृभूमि' र 'नयाँ सन्देश'मा समेत संवाददाताका रूपमा काम गरेको उहाँसँग स्मरण छ ।

युवा जोशका साथ झापाको पत्रकारितामा उदित युवराज गौतमले मेची क्याम्पसमा अध्ययनसँगै पत्रकारिता पनि गर्नुभएको थियो । उहाँ भद्रपुरबाट प्रकाशित हुने 'सूर्योदय'को पछिल्लो पातोमा 'विश्व परिक्रमा' स्तम्भ लेख्नु हुन्थ्यो । केही वर्ष जिल्ला सदरमुकाम रहेको भद्रपुरमा सक्रिय पत्रकारिता गरेर पत्रकारिता विषयक उच्च शिक्षा लिन राजधानी जानुभएका गौतम 'कान्तिपुर'मा र पछि 'गोरखापत्र'को प्रधान सम्पादकसम्म हुनुभएको थियो । उहाँ अहिले पनि स्थापित स्वतन्त्र पत्रकारका रूपमा देशभर चिनिनु हुन्छ ।

झापा, सालबारीका डम्बर गिरी पनि राजधानी काठमाडौंमा स्थापित हुनुहुन्थ्यो । उहाँ 'प्रतिविम्ब' र 'जनता' साप्ताहिकको सम्पादक तथा प्रगतिशील धारको 'लालीगुँरास' पत्रिकाको सम्पादनसँगै अन्य पत्रिकाहरूमा कार्यरत रहनुभएको थियो । झापाका पत्रिकाहरूमा त्यसबेला पनि राशिफल छापिने गर्दथ्यो । सो राशिफल भद्रपुरमा ज्योतिष पण्डित लेखनाथ कोइराला र बिर्तामोडमा केशव धितालको

नामबाट पत्रिकाहरूमा छापिन्थ्यो । 'सूर्योदय'का सह–सम्पादक रहेका निर्माण न्यौपाने पनि झापाली पत्रकारितामा सम्झनायोग्य नाममध्ये एक हो । चन्द्रगढीमा बसोबास गर्ने न्यौपानेले छापाखानाको व्यवस्थापनदेखि लिएर पत्रिकाको नियमितताका लागि मद्दत गर्नुभएको थियो । सोही क्रममा अनारमनी बिर्तामोडका हेमप्रसाद पाठकले झापाबाटै पत्रकारितामा संलग्न रहेर काठमाडौंमा केही वर्ष 'सम्बोधन' साप्ताहिकलाई निरन्तरता दिनुभएको थियो । हाल टेक्सास, अमेरिकामा रहनुभएका उहाँले पत्रकारिता पेशाकर्मीको सम्मानार्थ पुरस्कारको स्थापना गरी यो पेशाको गरिमा उच्च बनाउन गुन लगाउनुभएको छ ।

त्यसैगरी, भद्रपुरका कृष्ण दाहाल, शनिश्चरेका कृष्ण धरावासी, बिर्तामोडका लक्ष्मीप्रसाद लुइँटेल, चन्द्रगढीका रामनाथ बास्कोटा, कुनाली पराजुली र घनेन्द्र शर्मा समेत त्यसबेलाका उम्दा झापाली पत्रकार हुनुहुन्थ्यो । दाहाल रेडियो नेपालबाट प्रसारण हुने घटना र विचार कार्यक्रम तथा विमर्श साप्ताहिकमा झापा संवाददाता हुनुहुन्थ्यो भने धरावासीको मूल पहिचान साहित्यिक भए पनि शनिबार, साप्ताहिक विचार, झापा एक्सप्रेस लगायत पत्रिकामा समसायिक विषयमा स्तम्भ–लेखन समेत गर्नु हुन्थ्यो । लुइँटेल नेपाल टेलिभिजनको झापा जिल्ला संवाददाता तथा बास्कोटो 'साप्ताहिक विचार' पत्रिकामा स्तम्भ लेख्नु हुन्थ्यो भने शर्माका विशेषगरी शिक्षासँग सम्बन्धित लेखहरू विभिन्न पत्रिकामा छापिने गर्दथ्यो ।

सरकारी समाचारमाध्यम राष्ट्रिय समाचार समिति (रासस) ले पनि झापाको पत्रकारिताको विकासमा योगदान पुऱ्याएको थियो । प्रविधिको विकास भइनसकेको त्यो बेला रासस.ले देशभरका समाचार संकलन गरी बुलेटिनका रूपमा वितरण गर्ने गर्दथ्यो । सो बुलेटिन नै उसबेलाका धेरै समाचारका स्रोत हुन्थे । समाचार–बुलेटिन आफैमा केही होइन, त्यसमा कार्यरत लगनशील कर्मीहरूबाट संस्थाले गति पाउँछ । त्यस्तो गति दिने राससकर्मीहरूमा झापामा श्याम अधिकारी, इश्वरीमान श्रेष्ठ र अलि पछि सोमनाथ लामिछाने लगायतले यस जिल्लाको पत्रकारितामा उल्लेख्य उपस्थिति जनाएका छन् । यीमध्ये पनि श्रेष्ठको योगदान विशेष स्मरणीय रहेको छ ।

चन्द्रगढी–भद्रपुर लगायत जिल्लाका अन्य शहरमा ती समाचार–बुलेटिनको बजारीकरण र वितरणको व्यवस्थापन तत्कालीन रासस प्रमुख ईश्वरीमान श्रेष्ठले चुस्त–दुरूस्त राख्नुभएको थियो । भद्रपुर– ८, चन्द्रगढीमा रहेको रासस भवन र काँकरभिट्टामा जग्गा प्राप्ति एवम् त्यसमा भवन निर्माण गर्न उहाँले निर्वाह गर्नुभएको भूमिका सराहनीय छ ।

समाचारहरू संकलन गर्न राससले संवाददाता नियुक्त गर्ने गर्दछ । सोही क्रममा यस जिल्लामा पनि 'स्ट्रिङ्गर'का रूपमा रासस.मा नियुक्ति पाउने धेरैले राससलाई

समाचार लेखनको पाठशाला बनाए । रासस समाचार प्रेषणको केन्द्र पनि थियो । जिल्लामा रहेका राजधानीका ठूला पत्रिकाका संवाददाताहरूले हुलाक र राससको फ्याक्सबाटै समाचार पठाउने गर्दथे ।

भौगोलिक दृष्टिकोणले पनि सुगम जिल्ला भएका कारण मेची अञ्चलका विकासका प्रायशः पूर्वाधारहरु झापामै केन्द्रित हुँदै गएकाले आफ्नो कर्मक्षेत्र फेर्न चाहनेहरूले पनि झापालाई रोज्ने गरेको पाइन्छ । विभिन्न कारणबाट झापा जिल्लामा स्थायी बासिन्दा हुन आइपुगेका महानन्द सापकोटा, श्यामकृष्ण उपाध्याय, एस.एल. शर्मा, स्वयम्भुलाल श्रेष्ठ, भवानी घिमिरे आदि अग्रज लेखक तथा पत्रकारहरूले झापाली पत्रकारिताको क्षेत्रलाई उर्वर बनाएको देखिन्छ । उहाँहरूले आफ्नो समयकालमा झापालाई चेतना केन्द्रका रूपमा स्थापित गर्न भरमग्दुर प्रयत्न गरेको देखिन्छ ।

पत्रकारिता क्षेत्र सुन्नमा जति राम्रो र उत्कृष्ट लाग्छ, यथार्थमा यो त्यत्तिकै कष्टकर र संघर्षमय पनि छ । समाजसेवाकै एक अंगको रूपमा यो पेशा पनि रहेको हुनाले यसबाट मनग्गे आयआर्जनको सम्भावना भने न्यून छ । विकसित मुलुकहरु, जहाँ यसले संस्थागत बन्ने सौभाग्य पाएको छ, मा पत्रकारिता एक सम्मानित पेशा पनि बनेको छ । तर नेपाली पत्रकारिताले अद्यापि व्यावसायिक हुन संघर्ष गरिरहनु परेको छ । आजको अवस्था त यस्तो संकटपूर्ण छ भने आजभन्दा ४ दशक अघिको अवस्थाको अनुमान सहजै गर्न सकिन्छ । त्यस्तो कठिन अवस्था भोगेर पत्रकारिता क्षेत्र रोज्न पुग्ने माथि उल्लेखित अग्रजहरूको योगदानको कदर गर्न आजका सबै झापाली पत्रकारहरूले सक्नु पर्छ ।

झापा जिल्लामा छापामाध्यमबाट प्रकाशन गर्नेगरी उल्लेख्य संख्यामा पत्रपत्रिकाहरु दर्ता भएका छन् । तर, दर्ता भएअनुरूप खासगरी समाचारमूलक पत्रिकाहरु केही मात्र निस्किरहेका छन्; कतिपय पत्रिका चर्चित हुँदाहुँदैको अवस्थामा बन्द भइसकेका छन् । छापामाध्यमको पत्रकारिता केही वर्ष यता क्रमिक रूपमा घट्दै गइरहेको छ । देशव्यापी रूपमा प्रकाशित भइरहेका सबै पत्रिकाले स्थायित्व प्राप्त गर्न सक्ने सम्भावना न्यून हुँदै गएको छ । झापा पनि यसबाट अछुतो छैन । झापाको पत्रकारिताले संस्थागत हुने सौभाग्य नपाई बीचैमा तुहिने परिस्थिति बन्दै गएको छ । यसका विभिन्न कारण हुन सक्छन् । सूचना प्रविधिमा आएको विश्वव्यापी विकासले छापामाध्यमहरूलाई पछि पार्दै लगेको छ । यस अवस्थामा सञ्चार वा पत्रकारिताका लागि डिजिटल प्लेटफर्म (रेडियो, टीभी, यु-ट्युब, सामाजिक सञ्जाल लगायत) तर्फ पेशा परिवर्तन गर्नुको विकल्प छैन ।

**- सम्पादक मण्डल**



# अन्तरबोध खण्ड





# पूर्वकै जेठो पत्रकार

## श्यामकृष्ण उपाध्याय

उपत्यकापछि मोफसलका जिल्लाहरूमा चेतनासँगै अन्य विभिन्न ढङ्गले झापालाई अग्रणी जिल्लामा गणना गर्न सकिन्छ । राजनीतिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, कला, कृषि उत्पादन, वैदेशिक रोजगार वा अन्य खेलकूद, साहित्य र पत्रकारिताको क्षेत्र नै किन नहोस्; झापाको स्थान उच्च छ । जिल्लालाई यसरी उच्च स्थानमा पुऱ्याउने विभिन्न विधाका अग्रजहरू हाम्रा लागि वरेण्य छन् ।

सोही क्रममा पत्रकारिता विधामा कलम चलाएर यसको गरिमा उज्ज्वल बनाउने कर्मशील कलमवीरहरू झापाको पत्रकारिताको इतिहासमा स्वर्ण अक्षरले लिपिबद्ध भएका छन् । त्यसमध्येकै जेठो एक व्यक्तित्व हुनुहुन्छ - श्यामकृष्ण उपाध्याय । उहाँ झापाको मात्र होइन, मेची अञ्चलकै जेठो पत्रकारको रूपमा सम्मानित हुनुहुन्छ । स्वतन्त्र पत्रकार ऋतुवर्ण पराजुलीले प्रकाशन गरेको 'सिर्जनशील नेपाली पत्रकारहरू' पुस्तकको 'पूर्वी नेपालको पत्रकारिता परिवेशमा भद्रपुर' शीर्षकमा प्रकाशित आलेखमा झापाका पहिलो पुस्ताका अग्रज पत्रकार डिल्लीराम निर्भीकले लेख्नुभएको छ– " २०१० साल मङ्सिरमा भद्रपुरबाट 'केटो' मासिक पत्रिका श्यामकृष्ण उपाध्यायको सम्पादनमा प्रकाशनमा आयो र अहिलेसम्मको खोजीमा यसलाई झापाकै सबैभन्दा जेठो पत्रिका मानिएको छ । यसै आधारमा श्यामकृष्ण उपाध्यायलाई झापाको जेठो पत्रकार पनि मानिन्छ ।"

उक्त पुस्तक २०६० सालमा प्रकाशन भएको हो । अग्रज पत्रकार निर्भीकले झापाको जेठो भनिरहँदा त्यसबेलाको पूर्वका विकसित जिल्लामा गणना हुने मोरङ र सुनसरीमा समेत पत्रकारिताको त्यस्तो उधुम विकास भएको थिएन । २०१० सालमै पत्रिकाको सम्पादन गर्नु हुने उपाध्याय त्यस अघि नै राजधानी वा भारतीय अखबारहरूसँग जोडिएर पत्रकारितामा आबद्ध हुनुभएको थियो । त्यसबेला राजधानीबाट पनि सीमित मात्र पत्रपत्रिका प्रकाशित हुने गर्थे ।

पूर्वमा झापाले पत्रकारिताको क्षेत्रमा अगुवाई नै गरेको थियो । मोरङका अग्रज पत्रकार केशवबहादुर कार्कीलाई नै पनि पूर्वका स्थापित, अग्रज र सशक्त कलमवीर नकुल काजीले २०३१ साल असार १ गतेदेखि 'विवेचना'का लागि कोशी र सगरमाथा अञ्चलको प्रतिनिधि बनाएको उहाँले नै स्मरण गर्नुभएको छ । यसले पनि झापा कति अगाडि थियो भन्ने झल्काउँछ ।

सुनसरीका अग्रज पत्रकार कृष्णविनोद लम्सालले "२०३४ सालमा 'आलोक साप्ताहिक'मा पुगेर श्यामकृष्ण उपाध्यायसँग कुरा गर्दा उहाँले मलाई सुनसरीको संवाददाता बनाइदिनु भयो । तसर्थ मलाई पहिलो पत्रकार बनाउने मान्छे श्यामकृष्ण उपाध्याय हुनुभयो । मैले उहाँलाई बिर्सन मिल्दैन ।" *("सिर्जनशील नेपाली पत्रकारहरू"-पुस्तकबाट उहाँको भनाइ उद्धृत गरिएको हो)*

विराटनगरका अग्रज पत्रकारहरू कोशराज रेग्मीले पनि २०१४ सालबाट पत्रकारितामा प्रवेश गर्दै राससको स्ट्रिंगरबाट सेवा प्रारम्भ गरेको इतिहास छ । यसो भनिरहँदा झापाका ज्येष्ठ पत्रकार उपाध्याय झापाको या मेची अञ्चलकै मात्र नभएर उपत्यका बाहिर मोफसलकै जेठो अर्थात् पूर्वी भेगको भने पक्कै पनि जेठो पत्रकार हुन सक्नु हुन्छ, तर यो खोजीको विषय हो ।

तिथि-मितिले हेर्दा उहाँको दामलेमा पूर्वमा विपिनदेव ढुङ्गेललाई लिन सकिन्छ भने उपत्यकामा मणिराज उपाध्याय, श्यामप्रसाद शर्मा, बालमुकुन्ददेव पाण्डे, माणिकलाल श्रेष्ठ आदि हुनुहुन्छ । श्यामकृष्ण उपाध्यायले पत्रकारिताको इतिहासमा झापामा महत्वपूर्ण समय खर्चिनु भएको छ । मोफसलमा बसेर त्यसबेलाको जर्जर अवस्थामा पत्रकारिता गाह्रो काम थियो, तापनि भद्रपुरमा रासोबासो बनाएका श्यामकृष्ण उपाध्याय र एसएल शर्माले चुनौतिलाई स्वीकार गर्दै पत्रकारिताको गहिरो खाडलमा पौडी खेल्दै झापाली पत्रकारिताको शिर उचो बनाउन गरेको त्याग-तपस्यालाई सम्मान गर्दै नेपाल पत्रकार महासंघले 'केटो पत्रकारिता पुरस्कार' स्थापना गरेको छ ।

यस सन्दर्भमा २०१८ सालमा 'युवक' साप्ताहिकका लागि जानी-नजानी खबर बटुलेर प्रेसमा पुऱ्याउने गरेको सम्झना आज पनि ताजै रहेको झापा, बुद्धशान्ति-७ का पुराना पत्रकार कमल ढकाल बताउनु हुन्छ । त्यसबेलाको स्मरण गर्दै ८० वर्षीय ढकालले भन्नुभयो- "समाचार संकलन गर्न साह्रै कठिन थियो । हिलो-धूलो बाटोमा साइकल बाहेक अरू साधन थिएन । प्रधानपञ्च र सचिव चिनेको छैन भने प्रस्तुत बजेट छाप्न त के, देख्नै पनि पाइँदैन थियो । घटना/ दुर्घटना कम हुन्थ्यो । महिनौं अघिको समाचार प्रेसमा पुऱ्याउँदा सम्पादकबाट ढिलोगरी प्राप्त समाचार भनिन्थ्यो ।"

धादिङ जिल्लाको गजुरीपेडाबाट बीरगञ्ज हुँदै तत्कालीन झापाको सदरमुकाम झापा बजारमा जमिन्दार सत्यनारायण अग्रवालको कम्तियारका रूपमा श्यामकृष्णका पिता नारायणप्रसाद उपाध्याय आउनुभएको झापा बजार (कुमरखोद) निवासी श्यामकृष्णका बहिनी-ज्वाइँ धनञ्जय बराल बताउनु हुन्छ ।

श्यामकृष्ण उपाध्याय बहुमुखी प्रतिभाका धनी हुनुहुन्थ्यो । उहाँका बारेमा छोरी आभा उपाध्यायद्वारा लिखित यो जीवनवृत्त सम्पादन गरेर यहाँ प्रस्तुत गरिएको छ— (-स.)

"मेरा पिता श्यामकृष्ण उपाध्यायको जन्म वि.स. १९८६ मा पर्साको बीरगञ्जमा पिता नारायणप्रसाद तथा माता योगमाया उपाध्यायको गर्भबाट भएको थियो ।

सानै उमेरमा माता परलोक हुनु भएकोले उहाँको पालन–पोषण आफ्नी फुपूबाट भयो । उहाँको जन्म बीरगञ्जमा भए पनि बाल्यकाल भने जनकपुरमा फुपूसँगै बितेको थियो ।

पिताको प्रारम्भिक शिक्षा जनकपुरको संस्कृत पाठशालामा भएको हो । सानै उमेरदेखि उहाँ निडर र स्वाभिमानी स्वभावको हुनुहुन्थ्यो । १५–१६ वर्षको उमेरदेखि २२–२३ वर्षको उमेरसम्म आइपुग्दा उहाँको सङ्गत प्रायः पत्रकारहरूसँग हुन थालिसकेको थियो । जनकपुरको संस्कृत महाविद्यालयमा पढ्दा उहाँ र उहाँका साथीहरू काठमाडौंबाट प्रकाशित 'शारदा' नामक मासिक पत्रिकाको ग्राहक हुनुहुन्थ्यो । त्यसबेला हिन्दीका प्रसिद्ध कवि अयोध्याप्रसाद उपाध्यायले हरिबोध लिखित 'प्रिय प्रवास' नामक महाकाव्यको केही पद्यको हिन्दीबद्ध अनुवाद गरेर पठाउनु भएको रहेछ । त्यो शारदा मासिक पत्रिकामा छापियो । जनकपुरका पौराणिक वाचक सीताराम पण्डितका अनुसार, त्यसबेला साथी–साथी मिलेर लेखेका कविता तथा निबन्धहरू 'कौमदी' नामक हस्तलिखित मासिक पत्रिकामा निकाल्नुभयो । यो पत्रिका बनारसमा चार महिनासम्म चल्यो ।

वृत्तिको खोजीमा बनारस, इलाहाबाद, कानपुर आदि भारतीय शहर चाहार्दा पनि सोचेअनुरूप उपलब्धि नभएपछि जनकपुर छोडेको डेढ वर्षपछि पिताजी अल्लारिँदै कलकत्ता पुग्नुभयो । कलकत्ताको हावडामा उर्त्रिँदा मानिसको भीड र त्यहाँको कोलाहलले उहाँमा ठूलो प्रभाव पर्‍यो ।

त्यो समय दोस्रो विश्वयुद्धको समय थियो । तर पनि उहाँले त्यस्तो कष्टको अनुभव गर्नु परेन । कलकत्तामै उहाँले साइनबोर्ड लेख्ने काम थाल्नुभयो भने बेला–बेलामा हिन्दी भाषामा लेखहरू पनि लेख्न थाल्नुभयो । उहाँका लेखहरू त्यस बेलाको मासिक 'विश्वामित्र'मा प्रकाशन भएको थियो भने 'लोकमान्य' दैनिक हिन्दी पत्रिकामा पनि लेखहरू छापिएका थिए ।

त्यही बीचमा आर्ट स्कूलमा १ वर्षको अभ्यासपछि उहाँले भित्ता र ब्यानरमा चित्र कोर्ने काम पनि गर्नुभयो । उहाँमा रहेको कला क्षमताले दिन राम्ररी गुज्रिरहेको थियो । तर, अचानक शुरू भएको हिन्दू–मुस्लिम दङ्गाले उहाँको कलकत्ताको बसाइ नराम्ररी प्रभावित भयो । अब उहाँ कलकत्ता छोडेर सुब्बा आदिभक्तसँगै कालिम्पोङ आउनुभयो । कलकत्तामै पनि यदाकदा केटाकेटी पढाउने काम गर्नुभएका उहाँले कालिम्पोङमा आएर पनि ट्युशनलाई नै निरन्तरता दिनुभयो भने लेख्ने काम पनि जारी रह्यो । उहाँले लेखेका लेख–रचनाहरू पटनाका पत्रिकामा पनि छापिए ।

कालिम्पोङमा केही समय बसेपछि भने उहाँ आदिभक्तसँगै बनारस जानुभयो ।

बनारसमा पुगेपछि त्यसबेलाका प्रसिद्ध चित्रकार केदारनाथ शर्माबाट १ वर्ष चित्रकलाको शिक्षा ग्रहण गर्नुभयो- उहाँले । यस बीचमा 'युगवाणी'मा उहाँले बनाएका व्यंग्य चित्र, कथा र निबन्धहरु प्रकाशन भए । त्यस्तै, अन्य प्रेसहरुमा पनि डिजाइनका कामहरु गर्नुभयो । इलाहाबादबाट त्यसबेला प्रकाशन हुने हिन्दी 'तरुण'मा आवरण डिजाइन तथा कथा लेख्ने मौका मिल्यो । जे भए पनि सबैभन्दा बढी प्रभाव उहाँमा 'युगवाणी'को पत्रकारिताले पारेको पाइन्छ ।

२००७ साल लाग्ने बित्तिकै बुबा झापा आएर जागिर खान थाल्नुभयो । २००७ सालदेखि भद्रपुरमा बस्न थाल्नुभयो । जीविकोपार्जनका लागि हिन्दीमा पनि लेख लेख्नु हुन्थ्यो । भद्रपुरमा पूर्वाञ्चल प्रेस स्थापित भएपछि महानन्द सापकोटासँग मिलेर नेपालमा पनि काम गर्न थाल्नुभयो । त्यसको सबै डिजाइन उहाँले नै बनाउनु भएको थियो । आफ्नो सम्पादनमा उहाँले 'केटो' नामक पाक्षिक पत्रिका प्रकाशन गर्नुभयो । त्यतिबेलासम्म मेची अञ्चलमा कुनै पत्रिका प्रकाशन भएको थिएन । उहाँले नै पहिला 'केटो' पाक्षिक पत्रिका प्रकाशन गर्नु भएको हुनाले उहाँलाई मेची अञ्चलको जेठो पत्रकार भनिन्छ । तर, केटो पाक्षिक पत्रिका २१ औं प्रकाशनपछि कारणवश बन्द हुन पुग्यो । त्यसपछि भद्रपुर नगर पञ्चायतको 'पञ्चायत' नामक मासिक सम्पादन गर्नुभयो । २०१८ सालदेखि ३ वर्षसम्म 'युवक' नामक साप्ताहिक पत्रिकाको सम्पादन हुँदै थियो, छाप्ने प्रेसको अभावले गर्दा त्यो पनि बन्द गर्नु पऱ्यो ।

'युवक' प्रकाशनकै समयमा डा. हृषीकेश उपाध्याय, बसन्तकुमार खड्का र एस.एल. शर्मासँगै उहाँ पनि भारतको पत्रकारिता हेर्न भनी उत्तर भारतको पटना, बनारस हुँदै दिल्ली, आगरापछि नेपालको जनकपुरधामसम्मको ठूला-साना धेरै पत्रपत्रिका प्रकाशन र मुद्रण आदि हेर्ने मौका पाउनुभयो । त्यसबेला ठूला-ठूला व्यक्तित्वहरुसँग पत्रकारिताका सम्बन्धमा धेरै उपयोगी कुरा सुन्न-जान्न पाउनुभयो ।

त्यस यात्राबाट फर्किंदा पटनामा 'ज्ञानपीठ' नामक एउटा प्रेस हेर्न जाँदा त्यस प्रेसका मालिकले प्रेसको प्रारम्भिकदेखि वर्तमान अवस्थासम्मको इतिहास सुनाएकोले त्यसको प्रभाव उहाँमा पर्‍यो । त्यस यात्राले गर्दा एउटा प्रेस किन्ने इच्छा उहाँमा जाग्यो ।

परन्तु प्रेस राख्न पाउने सरकारी आदेश एस.एल. शर्माको नाममा थियो । उक्त प्रेस उहाँकै नाममा लिइयो । त्यस प्रेसमा इच्छित साप्ताहिक प्रकाशन गर्न नदिने भएको हुनाले अर्कै प्रेसको आवश्यकता पर्‍यो । त्यसका लागि २ वर्षसम्म संघर्ष गर्नु पर्‍यो । प्रेस राख्न पाउने सरकारी आदेश लिएर फेरि उहाँ त्यस कामका लगि

भारततिर प्रस्थान गर्नुभयो । भारतबाट प्रेस ल्याएर जडान भइसकेपछि 'आलोक' साप्ताहिक प्रकाशनका लागि सरकारी अनुमति प्राप्त गरी २०२५ साल भाद्र १ गतेदेखि प्रकाशन शुरू गर्नुभयो ।

यद्यपि पत्रकारिताको शिक्षा लिने ठाउँ त्यसबेला हाम्रो देशमा थिएन । सम्भवतः हाम्रो देशका धेरैजसो पत्रकारहरू आफ्नो सक्रियता र योग्यताको आधारमा नै यसतर्फ लागेका छन् । उहाँ पनि रंग, डिजाइन आदिसँग खेल्दै विभिन्न पत्रिकाहरूसँग सम्बद्ध हुनुभएको हुनाले यस व्यवसायको जुन प्रभाव उहाँमा पर्‍यो, त्यसैको आधारमा यही पेशा–व्यवसाय नै उहाँलाई सजिलो र रूचिकर लाग्यो । यो व्यवसायद्वारा पनि देशले स्वीकार गरेको व्यवस्था दरो बनाउन सक्दो मद्दत गर्न सकिने र इमान्दारीपूर्वक वास्तविकता प्रकट गर्न सके सरकारलाई सहायता पुग्नुका साथै सर्वसाधारणमा पनि चेतना ल्याउन सकिने छ भन्ने सोच उहाँमा जाग्यो । फलस्वरूप उहाँले यही व्यवसायलाई २०४५ सालसम्म निरन्तरता दिइरहनुभयो । २०४५ सालमा आरामी जीवन व्यतीत गर्न उहाँले प्रेस बिक्री गर्नुभयो । तर, बिक्री गरेको प्रेसको बक्यौता रकम उठाउन जाने सिलसिलामा २०४६–१२–१७ गतेका दिन बिर्तामोडमा हिँड्दा–हिँड्दै हृदयाघातबाट उहाँको देहावसान भयो ।

मेरा पिता श्यामकृष्ण उपाध्याय निडर स्वभावको हुनुहुन्थ्यो । उहाँमा केही कुराको कमी थिएन । उहाँ कलम र कुचीले अघि बढेको व्यक्तित्व हुनुहुन्थ्यो । अर्थात्, उहाँ साहित्यकार, पत्रकार र चित्रकार हुनुहुन्थ्यो । जस्तासुकै चित्रहरू हुबहु उतार्न सक्ने क्षमता उहाँमा थियो । व्यंग्यचित्रहरू पनि आफै बनाउनु सक्ने खुबी उहाँमा थियो । कविता लेख्न सक्ने दक्षता पनि थियो । उहाँलाई कवि पनि भन्न सकिन्छ । उहाँले आफ्ना लेखहरू आफ्नो पत्रिका बाहेक विभिन्न पत्रपत्रिकामा विभिन्न उपनाम दिएर लेख्नु हुन्थ्यो । जस्तैः अनिल, गर्ग जस्ता उपनाम । भारतीय पत्रिका 'दिनमान' साप्ताहिकमा आफ्ना लेखहरू पठाएको म छोरी आभालाई पनि अवगत छ । उहाँका अक्षर पनि साह्रै सुन्दर, छापेका जस्ता थिए । उहाँ पत्रकार, साहित्यकार, चित्रकार तथा कवि सबै विधामा पोख्त व्यक्तित्व हुनुहुन्थ्यो ।

**प्रस्तुति : आभा उपाध्याय** (छोरी)

*(हाल : इलाम)*



# असल अभिभावक

## एसएल शर्मा

पृथ्वीमा जीवन र मरणको चक्र अनन्तकालदेखि चलिरहेको छ । पृथ्वीमा रहेका करोडौं जीवहरूमध्ये मान्छे सबैभन्दा चेतनशील छ । उसले आफ्ना लागि मात्र नभएर अरूका लागि, समाजका लागि र भावी सन्ततिका लागि समेत कर्महरूलाई समर्पित गर्दै आएको छ । जो आफ्नो मात्र स्वार्थका लागि बाँचे, तिनीहरु मृत्यसँगै बिलाएर गए । जसले मानव जगत र सन्ततिका लागि योगदान दिएका थिए, तिनीहरु मरेर गए पनि स्मृतिमा बाँचिरहेका छन् । त्यसैकारण, अरूका हितका लागि जिउनेहरु नै मरेर पनि अमर भएका छन् । उनीहरूका गुणगान पुस्तौँसम्म भइरहन्छ ।

एसएल शर्मा तिनै गुणग्राही अमर मानवमध्येको एक हुनुहुन्छ, जसले जीवनको सम्पूर्ण समय अनुसन्धान, साहित्य, पत्रकारिता र राजनीतिमा व्यतीत गर्नुभयो । बीरगञ्जको सामान्य ब्राह्मण परिवारमा जन्मी–हुर्की गर्नुभएका उहाँ युवावस्थामै झापाको भद्रपुर आउनुभयो र यहीँबाट सामाजिक सेवा मार्फत कीर्तिमय सार्थक जीवन बिताउनुभयो । क्रान्तिकारी, देशभक्त र सचेत नेपालीको भावनाबाट ओतप्रोत भएर उहाँले भद्रपुरबाटै देश विदेशसम्म आफूलाई चिनाउन सफल हुनुभयो । वि.स. २०६० साउन ६ गते उहाँले धरतीबाट बिदा लिनुभयो ।

**१. बाल्यकाल र परिवार :**

एसएल शर्माको न्वारानको नामा सोहनलाल शर्मा हो । वि.स. १९८३ असारको शुक्ल चतुर्दशीका दिन नेपालको बीरगञ्जमा उहाँको जन्म भयो । उहाँको आमा रूक्मणिदेवी शर्मा र बुवा मेजर रामचन्द्र शर्मा पुरोहित हुनुहुन्थ्यो ।

सोहनलालले जन्म लिनुभएको एक महिनामै बुवा रामचन्द्रले र चार वर्षमै आमा रूक्मणिदेवीको देहावसान भयो । यो बज्रपातपछि सोहनलालको जीवनमा संघर्षको आँधीहुरी चल्न थाल्यो ।

उसबेला मधेशमा थोरै मात्र शहर थिए । आवादी पातलो थियो । तीमध्ये बीरगञ्ज, बिराटनगर र भद्रपुर देशकै सबैभन्दा सघन आवादीवाला शहर थिए । सोहनलाल राम्रो शिक्षादीक्षा लिन चाहन्थे । त्यो बेला पढ्नका लागि भारत र नेपालका उच्च घरानाका विद्यार्थीहरु बनारस जाने चलन थियो । गुरूकुल र आधुनिक दुबै प्रणालीको शिक्षाका लागि बनारस प्रसिद्ध थियो ।

सोहनलालले मेट्रिक तहसम्मको शिक्षा बनारसको सनातन हाईस्कूलबाट प्राप्त गर्नुभयो । त्यसअघि प्राथमिक शिक्षा बीरगञ्जबाटै लिनुभएको थियो । भारतकै उत्तर प्रदेशको प्रयाग विश्वविद्यालयबाट उहाँले आयुर्वेद विशारदको शिक्षा हासिल गर्नुभएको थियो । उहाँले आयुर्वेद विशारद अध्ययन गर्दा

अर्को मुख्य विषयको रूपमा साहित्य रोज्नु भएको थियो । त्यही कारण उहाँ आयुर्वेदको समेत ज्ञाता हुनुभयो ।

घर छाडेर बनारसमा अध्ययनका लागि गएपछि उहाँले परिवार, श्रम र शिक्षालाई बराबर माया गर्नुभयो । त्यहाँ उहाँको संगत ज्ञानी, विद्वान र राजनीतिज्ञहरूसँग हुन थाल्यो । राजनीतिक चेतनाले ओतप्रोत भएपछि उहाँ राजनीतितर्फ आकर्षित हुनुभयो ।

उहाँको विवाह बीरगञ्जमै पार्वतीदेवीसँग वि.स. १९९९ मा भएको थियो । त्यसबेला सोहनलाल १६ वर्ष र पार्वतीदेवी १३ वर्षको मात्र हुनुहुन्थ्यो । विवाहपछि मात्र उहाँ अध्ययनका लागि बनारस जानुभएको थियो ।

बनारस गएपछि मात्र उहाँले आफ्नो नाम एसएल शर्मा राख्नुभयो । उहाँ यही नामले प्रसिद्ध हुनुभयो । अग्लो जिउडाल, सुरिलो र मधुर बोलीवचनका कारण उहाँ जोसँग पनि छिट्टै घुलमिल हुनुहुन्थ्यो । एकपटक भेटेका मानिसहरूले उहाँलाई बिर्सन सक्दैन थिए ।

उहाँका एक पत्नी, तीन छोरा, पाँच छोरी र २५ जनाभन्दा बढी नाति–नातिना छन् । पत्नी पार्वतीदेवीको पनि निधन भइसकेको छ । असल संस्कार र अभिभावकत्वका कारण उहाँका छोरा–छोरीहरु विभिन्न क्षेत्रमा एकसेएक प्रख्यात हुनुहुन्छ । ज्येष्ठ सुपुत्र राजेन्द्र शलभ सुपरिचित साहित्यकार हुनुहुन्छ भने माहिला छोरा दिवाकर चलचित्र क्षेत्रका कलाकार हुनुहुन्छ । कान्छा छोरा भाष्करले बुवाको पुर्ख्यौली पेशा छापाखाना सञ्चालन गरिरहनु भएको छ । छोरीहरु बिमला, विनोद, निर्मला, शान्ति र सुनिता हुनुहुन्छ ।

**२. सदावहार राजनीतिज्ञ ः**

एउटै व्यक्तिले विभिन्न राजनीतिक कालखण्डमा सदाबहार सम्मानित जीवन व्यतित गरेको उदाहरण पाउन गाह्रो छ । एसएल शर्मालाई अपवाद नै ठाने हुन्छ कि उहाँ राणाकाल, प्रजातन्त्र प्रादुर्भावकाल, पञ्चायतकाल र प्रजातन्त्र बहालीपछिको समयमा उत्ति नै सम्मानित राजनीतिज्ञ रहनुभयो ।

उहाँ खासमा सच्चा लोकतन्त्रवादी हुनुहुन्थ्यो । उहाँ राजनीतिक आस्थाका आधारमा कसैप्रति आग्रह र पूर्वाग्रह राख्नु हुन्नथ्यो । सत्ताको नजिक हुँदा वैयक्तिक लाभ लिने लोभ उहाँमा कहिल्यै जागेन । सत्ताको कोपभाजनमा पर्दा पनि उहाँ कहिल्यै विचलित हुनु भएन । यो चरित्र नै उहाँलाई सबैले अभिभावक मान्ने आधार बन्यो ।

बनारसमा विद्यार्थी हुँदा नै उहाँ राणाविरोधी आन्दोलनको पक्षधर भइसक्नु भएको थियो । नेपाली कांग्रेसले नेतृत्व गरेको २००७ सालको जनक्रान्तिको आधार

तयार पार्ने क्रममा उहाँ वि.स. २००५ मा बनारसबाट राणाविरोधी पर्चा र पम्प्लेटहरु बोकेर बीरगञ्ज फर्किनु भएको थियो । उहाँ नेपाल प्रजा परिषद्सँग पनि टाढा हुनुहुन्थेन । जसरी हुन्छ, प्रजातन्त्र ल्याउनु पर्छ भन्ने दृढ मान्यता बोकेको जुझारू युवाको रूपमा बीपी कोइराला, टंकप्रसाद आचार्य, कृष्णप्रसाद भट्टराई, लक्ष्मीप्रसाद देवकोटा जस्ता महापुरूषहरूसँग उहाँको परिचय घनीभूत बनेको थियो ।

बीरगञ्जमा रहँदा उहाँलाई राणा शासकहरूले सर्वस्वहरण गरेका थिए । ब्राह्मण कुलको हुँदा नमारिकन जिउँदै समातेर ल्याउन आफ्ना सेनालाई बडाहाकिम सोमशमशेर जबराले उर्दी जारी गरेपछि एसएल शर्मा भूमिगत रूपमा झापाको भद्रपुर आइपुग्नु भयो । र, भद्रपुरलाई मुकाम बनाएर उहाँले राजनीतिक क्रियाकलाप अघि बढाउन थाल्नुभयो ।

अन्ततः २००७ सालको क्रान्ति सफल भएपछि दिल्ली सम्झौताका आधारमा नेपालमा राणा र कांग्रेसको संयुक्त सरकार बन्यो । यो सम्झौतामा युवा क्रान्तिकारी एसएल शर्मा सहमत हुनु भएन । उसबेला झापा र इलामका विद्रोही क्रान्तिकारीहरूले काठमाडौंको सत्ता अस्वीकार गर्दै पूर्वमा अलग्गै जनसरकारको घोषणा गरेका थिए । भैरवप्रसाद आचार्यको नेतृत्व (गभर्नर)मा गठन भएको उक्त 'पूर्वाञ्चल सामयिक सरकार' नाम राखिएको जनसरकारले मन्त्री र सल्लाहकारहरु चयन गरेर छुट्टै शासन चलाउँदा एसएल शर्मा राजनीतिक कमिसार नियुक्त हुनुभएको थियो ।

नेपाली कांग्रेस, प्रजा परिषद्, नेकपा बर्मा र पञ्चायती व्यवस्थामा क्रियाशील रहँदा उहाँले राजनीतिलाई इमानको पर्याय बनाउनुभयो । शोषित, पीडित र खासगरी श्रमिक वर्गको उत्थानमा आफूलाई समर्पित गर्नुभयो । उहाँले नेता र सत्ताको चाकरी कहिल्यै गर्नु भएन । बरु त्यसो नगरेवापत आफ्नै सहकर्मी र सत्ताधारीबाट अनेकन् प्रताडना र धोखाधडी व्यहोर्नुभयो । पञ्चायती शासकहरूले उहाँलाई दुःख दिन चार वर्षसम्म नागरिकता हरण गरेका थिए ।

उहाँमा राष्ट्रिय विधायक बनेर मजदूर वर्गको हितमा असल नीति निर्माण गर्ने हुट्हुटी थियो, जुन पूरा हुन सकेन । राष्ट्रिय पञ्चायत सदस्यको चुनावमा उहाँ उम्मेदवार पनि बन्नुभएको थियो । २०४६ सालको जनान्दोलनपछि उहाँको राजनीतिक प्रतिष्ठा कहिल्यै कम भएन । नेपाली कांग्रेस र नेकपा एमाले जस्ता प्रजातन्त्रका लागि जनान्दोलनको नेतृत्व गरेका राजनीतिक दलका नेताहरूले एसएल शर्मालाई अभिभावकको रूपमा सम्मान दिए । सरकारी होस् वा गैरसरकारी सभा–समारोहमा उहाँ मञ्चको अग्रभागमा बस्नयोग्य सम्मानित व्यक्तित्व ठहरिनु हुन्थ्यो ।

**३. प्रेस स्वतन्त्रता सेनानी :**

बनारसमा विद्यार्थी छँदा नै एसएल शर्मा राजनीतिसँगै साहित्य र पत्रकारितामा लाग्नुभएको थियो । राणाविरोधी आन्दोलनमा लाग्नुभएका अधिकांश योद्धाहरु साहित्य र राजनीतिमा पोख्त हुनुहुन्थ्यो । त्यही संगतले उहाँ लेखन कर्ममा लाग्नुभएको थियो ।

पत्रकारिता क्षेत्रप्रति उहाँ २००४ सालदेखि नै आकर्षित हुनुहुन्थ्यो । बनारसबाट प्रकाशित विभिन्न पत्रपत्रिकामा उहाँका साहित्यिक फुट्कर रचना र राजनीतिक लेख प्रकाशित हुन्थे । २०१२ सालमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा नेपाल पत्रकार संघको गठन हुनुपूर्व नै एसएल शर्मा पत्रकारको रुपमा परिचित हुनुहुन्थ्यो । २०२१ सालमा आफ्नै शर्मा प्रिन्टिङ प्रेस (छापाखाना) सञ्चालन गर्न थालेपछि भने उहाँ पत्रकारहरुको अभिभावक नै बन्नुभयो । झापाको पत्रकारिताका हस्तीहरु श्यामकृष्ण उपाध्याय, नकुल काजी, डिल्लीराम निर्भीक, मदन ढकाल लगायतले सञ्चालन गर्नुभएको पत्रपत्रिकामा उहाँले संस्थापक तथा प्रवर्द्धकको रुपमा भूमिका निर्वाह गर्नुभएको थियो । अधिकांश पत्रिका उहाँकै छापाखानामा छापिने गर्थे ।

उहाँ भारत र नेपालका प्रसिद्ध पत्रपत्रिकामा संवाददाता, अतिथि सम्पादक र स्तम्भकारको रुपमा लामो अवधि आबद्ध रहनुभयो । नयाँ पुस्तासँग पनि उत्तिकै घुलमिल हुनसक्ने मृदुस्वभावका कारण उहाँले झापाको पत्रकारिताको स्थापना, संरक्षण र सम्बर्द्धनमा पुर्‍याउनु भएको योगदान सदा स्तुत्य छ ।

केटो, युवक, आलोक, पञ्चामृत, विवेचना, दुबो, हिजोआज लगायतका पत्रपत्रिकाको उहाँ संस्थापक, सल्लाहकार र संरक्षक समेतको भूमिकामा प्रत्यक्ष रुपमा र कतिपय पत्रिकाको लगानी नै परोक्ष रुपमा उहाँले गरिदिनु भएको थियो ।

प्रेस स्वतन्त्रताको आन्दोलनमा पुर्‍याउनु भएको योगदानको उच्च कदर गर्दै नेपाल पत्रकार महासंघले उहाँलाई 'प्रेस स्वतन्त्रतता सेनानी'को उपाधि दिएको छ । उहाँको सम्मानमा नेपाल पत्रकार महासंघको झापा जिल्ला शाखाले स्व.एसएल शर्माको परिवारसँगको सहकार्यमा 'एसएल शर्मा सिर्जनशील पत्रकारिता पुरस्कार' र 'पार्वतीदेवी पत्रकारिता प्रोत्साहन पुरस्कार' स्थापना गरेको थियो । केही वर्षदेखि यो पुरस्कार स्थगित छ । आम पत्रकारहरु प्रेस स्वतन्त्रता सेनानीको नाममा स्थापित पुरस्कार स्थगित गरिनु हुँदैन भन्ने मत राख्छन् ।

**४. साहित्यमा योगदान र सम्मान :**

एसएल शर्मा राजनीति र पत्रकारिताभन्दा साहित्यमा बढी चर्चित हुनुहुन्छ । उहाँले साहित्य सिर्जनाको क्षेत्रमा अनुसन्धानको विषय रोज्नुभएको थियो ।

उहाँले २०१० सालमै 'राजनीतिक विकास और नेपाल' नामक हिन्दी भाषामा पुस्तक प्रकाशित गर्नुभएको थियो । वि.स. २००५ मा उहाँको दोस्रो कृति 'संघर्ष' र २०३८ सालमा 'पारिक परिचय' हिन्दी भाषामै प्रकाशित भयो । २०२६ सालमा भने 'खोजखाज' नामक अनुसन्धानमूलक पुस्तक नेपालीमा प्रकाशित भएपछि खोज र अनुसन्धान क्षेत्रमा उहाँको क्षमता सार्वजनिक भयो ।

उहाँका 'गवेषणा' (वि.सं. २०४६) र 'विराटपर्वको भूमि नेपाल', 'ताजपुरिया समाज : ऐतिहासिक परिचय' (वि.सं. २०५८) नेपाली भाषामा प्रकाशित भए । उहाँ नेपाली, हिन्दी, मारवाडी, अंग्रेजी, मैथिली, भोजपुरी र आदिवासी भाषाहरूमा पारंगत हुनुहुन्थ्यो ।

उहाँ आदिवासी, जनजाति र ऐतिहासिक विषयमा खोजी गर्न रूचि राख्नु हुन्थ्यो । आफूले शिक्षा हासिल गरेको आयुर्वेदमा किताब लेख्ने उहाँको धोको भने अधुरै रह्यो ।

उहाँले पत्रकारिता र साहित्यमा योगदान पुर्‍याएवापत विभिन्न उच्च सम्मान र पुरस्कार प्राप्त गर्नुभएको थियो । 'महानन्द पुरस्कार'बाट सम्मानित उहाँले भद्रपुर नगरपालिका, नेपाल पत्रकार महासंघ, नेपाल प्रजातन्त्र सेनानी संघ, जनमुक्ति सेना कल्याण संघ, हिडपा साहित्यिक परिवार, राजवंशी भाषा केन्द्रीय समिति, समता साहित्यिक परिवार (इलाम), जनकपुर बौद्धिक समाज, झापा वाणिज्य संघ, नवरंग साहित्यिक प्रतिष्ठान, ताजपुरिया समाज कल्याण परिषद्, साहित्य कला संगम (दमक) लगायतका संस्थाबाट अभिनन्दन तथा सम्मान-पत्र प्राप्त गर्नुभएको थियो ।

**प्रस्तुति : मोहन काजी**
*धुलाबारी, मेचीनगर- १० (झापा)*



# पत्रकारिताका पर्याय

## स्वयम्भूलाल श्रेष्ठ

अहिलेको नयाँ पुस्ताको लागि नयाँ नाम हुन सक्छ; तर झापाली पत्रकारिताको मात्र हैन, नेपालकै पत्रकारिताको भुल्नै नहुने नाम हो– स्वयम्भूलाल श्रेष्ठ । झापाको पत्रकारिता र साहित्यका साथै सामाजिक, राजनीतिक, शैक्षिक, मानवीय सेवाका क्षेत्रमा उनले पुऱ्याएको योगदान अतुलनीय छ । पत्रकारितातर्फ नेपाली तथा नेपाल भाषाका विभिन्न पत्रिकाको सम्पादन एवम् समयसापेक्ष लेख–रचना प्रकाशित गरेर श्रेष्ठले आम जनमानसमा चेतना फैलाउने कार्य गरे । उनले विभिन्न विधाका पुस्तक समेत प्रकाशित गरेर भाषा, साहित्य, कला र संस्कृतिको जगेर्नामा योगदान पुऱ्याए ।

चन्द्रगढी एयरपोर्टका लागि र मेची क्याम्पसलाई जग्गा दान गरेर भद्रपुरको विकासमा ठूलो योगदान गरेका छन्– स्वयम्भूलाल श्रेष्ठले । नेपाल रेडक्रस सोसाइटी झापा शाखाको संस्थापक–सभापति समेत रहनुभएका उहाँले जिल्लामै पहिलो एम्बुलेन्स सञ्चालन, नेपाल अपाङ्ग संघ झापा शाखाको स्थापना गरेर स्वार्थरहित समाजसेवाको उदाहरणीय नमूना प्रस्तुत गरेका थिए । समग्रमा भन्नुपर्दा, स्वयम्भूलाल श्रेष्ठ झापाबासीका लागि प्रेरणादायी व्यक्ति हुन् ।

**१. पारिवारिक पृष्ठभूमि :**

बुवा ईश्वरीलाल र आमा लक्ष्मीमायाका ३ छोरा र २ छोरीमध्ये जेठो सुपुत्रको रूपमा १९८७ मंसीर ५ गते ललितपुर जिल्लाको तापाहिटीमा स्वयम्भूलाल श्रेष्ठको जन्म भएको थियो । व्यापार–व्यवसायमा सफल परिवारमा जन्म लिएका श्रेष्ठले दुःखको अनुभव गर्न परेन । उनका बुवाको बीरगञ्जमा चामल तथा तेल मिल थियो भने उनको परिवारको झापामा पनि चामल मिल थियो । त्यसैले पनि बाल्यकालमै श्रेष्ठ कहिले बीरगञ्ज त कहिले झापा हुँदै भारतको सिलिगुडी र खर्साङसम्म अध्ययन गर्न पुगे । सानै उमेरमा बुवाको निधनले पारिवारिक र व्यावसायिक जिम्मेवारी सम्हाल्नु परेपछि सोचेअनुरूप अध्ययन गर्न पाएनन् । व्यापार–व्यवसायमा समेत सफल श्रेष्ठले बुवाको निधनपछि बीरगञ्जको परवानीपुरमा रहेको धान तेल मिल सञ्चालनको जिम्मेवारी सम्हाले । ललितपुरमा रहँदा स्थानीय त्रिपद्म विद्याश्रम आदर्श सरल विद्यालय र श्रीचण्डी विद्याश्रममा अवैतनिक शिक्षकको रूपमा समेत सेवा गरेका थिए– श्रेष्ठले ।

विक्रम सम्बत् २००३ मा ललितपुर पाटनकै खाछें टोलका बेखालाल श्रेष्ठ र पम्फा श्रेष्ठकी जेठी छोरी रत्नबाबा श्रेष्ठसँग वैवाहिक जीवनमा बाँधिएका श्रेष्ठका ३ छोराहरु रहेका छन् । तिमिलाजुजु श्रेष्ठ (२०१२) अमेरिकामा इन्जिनीयर थिए, अहिले गृहस्थी जीवन बिताइरहेका छन् । मनजुजु श्रेष्ठ (२०१५) नेपाल वायुसेवा निगमको पाइलट छन् । धनजुजु श्रेष्ठ (२०१८) झापामा सामाजिक र व्यावसायिक क्षेत्रमा सक्रिय छन् ।

बुवाको निधनपछि बीरगञ्जको परवानीपुरमा रहेको धान तेल मिल सञ्चालनको जिम्मेवारी स्वयम्भूलाल श्रेष्ठले र भद्रपुरको बीबी राइस एण्ड आयल मिल भाइ मञ्जुश्रीलाल श्रेष्ठले सम्हालेका थिए । मञ्जुश्रीलालको गलगलियामा रेल दुर्घटनामा परी निधन भएपछि स्वयम्भूलाल श्रेष्ठले परवानीपुरस्थित मिल बेचेर भद्रपुरमै आए । भद्रपुरमा आएसँगै श्रेष्ठले जीवनको उत्तरार्धसम्म पत्रकारिता, राजनीतिक, सामाजिक, शैक्षिक र मानवीय सेवाको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याए । राष्ट्र र राष्ट्रियताको पक्षमा पत्रकारिता र समाजसेवा मार्फत समाजलाई सकारात्मक दिशाउन्मुख गराउँदा गराउँदै मधुमेह रोगबाट पीडित हुन पुगेका स्वयम्भूलालको २०४३ साल पुस ३० गते निधन भयो ।

**२. शिक्षा-दीक्षा :**

स्वयम्भूलाल श्रेष्ठले प्रारम्भिक शिक्षा पाटनको धर्मोदय पाठशालाबाट शुरू गरेका हुन् । शहीद शुक्रराज शास्त्रीको प्रेरणाले ललितपुरको नागबहालमा नेपाल भाषा (नेवारी भाषा)मा सञ्चालित सो पाठशालाको सञ्चालक स्वयम्भूलालका हजुरबुवा थिए भने उनकै हजुरबुवाले लेखेको नेपाल भाषाको वर्णमाला त्यहाँ पढाइन्थ्यो । श्रेष्ठले नेपाल भाषाको पढाइसँगै विष्णुलाल श्रेष्ठसँग अंग्रेजीको ट्युशन पनि लिए ।

उनको परिवारबाट भद्रपुरमा बीबी राइस एण्ड आयल मिल सञ्चालनमा थियो । १९९५ सालमा ८ वर्षको उमेरमै पहिलो पटक स्वयम्भूलाल श्रेष्ठ भद्रपुर आए । झापामा पठनपाठन गर्ने विद्यालय नभएकोले श्रेष्ठलाई भारतको सिलिगुडी र खर्साङ्मा अध्ययनका लागि पठाइयो । श्रेष्ठले सिलिगुडीमा बंगाली र खर्साङ्मा अंग्रेजी अध्ययन गरे । स्वास्थ्यको समस्याले गर्दा श्रेष्ठ पुनः ललितपुरको आफ्नै निवास फर्के । घर फर्केसँगै ललितपुरको पाटन हाईस्कूलमा नेपाली भाषामै अध्ययन गर्न थाले । त्यस समय पाटन हाईस्कूलमा कक्षा-७ सम्मको मात्र पढाइ हुन्थ्यो । त्यतिखेर नेपाली भाषाको कुनै पनि पाठ्यपुस्तक नभएकोले हिन्दी भाषाको पुस्तकलाई अनुवाद गरेर पढाइन्थ्यो ।

पाटन हाईस्कूलमा ३ वर्षको पढाइपछि श्रेष्ठले बीरगञ्जको परवानीपुरमा हिन्दी माध्यमबाट अध्ययन शुरू गरे । १३-१४ वर्षको हुँदा उनले संस्कृत, नेपाली, हिन्दी, अंग्रेजी, बंगाली, नेपाल भाषा सिकिसकेका थिए । त्यसबेला नेपालमा एसएलसी परीक्षाको शुरूवात भएको थिएन । त्यसैले स्वयम्भूलाल श्रेष्ठले २००२ सालमा पटना विश्वविद्यालय अन्तरगत भारतको मोतिहारीबाट प्रवेशिका परीक्षा पास गरे । त्यसपछि उनले नेपाल राष्ट्रिय विद्यापीठका संस्थापक जीवनेश्वर मिश्रसँग ट्युशन पढ्न थाले ।

उच्च शिक्षाका लागि कलकत्ता गएकै बेला भारतमा शुरू भएको हिन्दू-मुस्लिमको दंगाका कारण श्रेष्ठले आफ्नो अध्ययन छाडेर नेपाल फर्कनु पऱ्यो । सोही समयमा

उनका बुवा ईश्वरीलाल श्रेष्ठको निधन भयो । बुवाको निधनपछि घरको जेठो छोरो भएकोले बुवाले सञ्चालन गरेको व्यवसायको जिम्मेवारी तथा घरगृहस्थी सम्हाल्नु परेकोले श्रेष्ठको अध्ययनले निरन्तरता पाउन सकेन ।

**३. पत्रकारिता तथा साहित्य जीवन :**

स्वयम्भूलाल श्रेष्ठ समाजसेवी, साहित्यकार र पत्रकार पनि हुन् । २०१० सालदेखि पत्रकारितामा आबद्ध भएका उनी २०४२ सालसम्म निरन्तर पत्रकारितामा संलग्न भएको देखिन्छ । उनले पत्रकारितासँगै नेपाली भाषा, साहित्य र नेपाल भाषामा पनि कलम चलाएका थिए । पाटनमै रहँदा उनले २००८ सालमा नेपाल भाषाको 'धर्मोदय'मा पहिलो लेख 'नेपाल राष्ट्रिय विद्यापीठ' छापिएको थियो । त्यसपछि उनले २०१० सालमा नेवारी भाषाको 'मचा' भन्ने पत्रिकाको सम्पादन गरेका थिए ।

झापा आएपछि राष्ट्रिय समाचार समिति (रासस)-को समाचारदाताबाट उनले शुरू गरेको लेखन-यात्रा जीवनको उत्तरार्धसम्म चलिरह्यो । २०१८ सालमा स्वयम्भूलाल श्रेष्ठ प्रकाशक रहेर श्यामकृष्ण उपाध्यायको सम्पादनमा 'युवक' पत्रिका प्रकाशन भएको थियो । भद्रपुर नगर पञ्चायतको प्रधानपञ्च हुँदाको २ वर्ष कार्यकालमा श्रेष्ठले २०२३ साल असोज २७ गते 'मेची सन्देश' पाक्षिक दर्ता गरी सञ्चालन गरेका थिए । 'मेची सन्देश' पत्रिकाको सम्पादक स्वयम्भूलाल श्रेष्ठ, प्रकाशक भद्रपुर नगर पञ्चायत र मुद्रक एस.एल.शर्मा (शर्मा प्रेस) रहेका थिए ।

नेपाल रेडक्रस सोसाइटी झापाको सभापति हुँदा श्रेष्ठबाटै 'सेवा' नामक त्रैमासिक पत्रिकाको प्रकाशन शुरू भएको थियो ।

कथा, कविता, नाटक, गीत, गजल, समालोचना, निबन्ध आदि साहित्यिक विधाका साथै ज्ञान-विज्ञानका खोजमूलक र गहन रचनाहरु उनले लेखेका छन् ।

स्वयम्भूलाल श्रेष्ठले ललितपुरमा श्रेष्ठ सिरपाः (पुरस्कार)को स्थापना गरेका थिए । नेपाल भाषा, संस्कृति, साहित्यको विकास र सम्बर्द्धनका लागि स्थापित श्रेष्ठ सिरपाःले नेपाल भाषामा दर्जनौं रचना र पुस्तक प्रकाशन गर्नुका साथै लेखकलाई पुरस्कृत पनि गरेको उल्लेख छ । उनले नेपाल भाषा (नेवारी भाषा)-मा दुई दर्जनभन्दा बढी नाटक, दर्जन बढी कविता र कथा समेत लेखेका छन् ।

**४. सेवामूलक जीवन :**

- स्वयम्भूलाल श्रेष्ठको विशेष पहलमा नेपाल रेडक्रस सोसाइटी, झापा शाखाको स्थापना २०२५ साल चैत १६ गते भएको हो । उनी नेपाल रेडक्रस सोसाइटी झापा शाखाको संस्थापक-सभापति भए । यद्यपि त्यसअघि २०२४ साल असार २० गते उनकै अध्यक्षतामा नेपाल रेडक्रस सोसाइटीको मेची अञ्चलस्तरीय तदर्थ

समिति पनि गठन भएको थियो । २०२७ सालमा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय सदस्य भएका उनी केन्द्रीय उपाध्यक्ष समेत भए । श्रेष्ठ २०३२ सालमा नेपाल रेडक्रस सोसाइटी झापा शाखाको पुनः सभापतिमा निर्वाचित भए । उनकै कार्यकालमा नेपाल रेडक्रस सोसाइटी झापा शाखाले एम्बुलेन्स प्राप्त गरेको थियो । त्यसबेला रेडक्रसलाई दानवीर रामप्रताप मोहपाल, पीताम्बर मोहपाल मार्फत जग्गा र घर प्राप्त गरिएको अभिलेखमा उल्लेख छ ।

- स्वयम्भूलाल श्रेष्ठले रेडक्रस अभियान अन्तर्गत अन्तर्राष्ट्रिय सम्मेलनहरूमा समेत सहभागिता जनाएका थिए । उनले Certificate 24th November 1978/NS 1099 Red Cross of Yugoslaviya, Certificate of Participation for December 1986/NX 1108 The Internatinal Committee of the Red Cross. सर्टिफिकेट प्राप्त गरेका थिए । स्वयम्भूलाल श्रेष्ठको निधनपछि उनको स्मृतिमा उनकै कान्छा छोरा धनजुजु श्रेष्ठले नेपाल रेडक्रस झापा शाखामा सभाहल निर्माण गरिदिएका छन् ।
- भद्रपुर हाईस्कूलका संस्थापक-सचिव तथा मेची महाविद्यालय (हालः मेची बहुमुखी क्याम्पस) भदपुरका संस्थापक-सदस्य समेत रहेका स्वयम्भूलाल श्रेष्ठले मेची क्याम्पसको शैक्षिक र भौतिक विकासमा योगदान दिएका थिए । उनले हाल मेची क्याम्पस रहेको स्थान भद्रपुर- ८ मा करीब १ बिघा जग्गा दान गरेका छन् । श्रेष्ठको निधनपछि उनको स्मृतिमा एक स्थायी छात्रवृत्ति कोष उनकै छोरा धनजुजुले ४,०१,०००।-(चार लाख एक हजार रूपैयाँ)को अक्षयकोषका लागि प्रदान गरेका छन् ।
- भद्रपुर स्पोर्टिङ्ग क्लब र नेपाल खेलकूद परिषद्, झापाको सचिव भएर काम गरेका स्वयम्भूलाल भद्रपुर पुस्तकालयका संस्थापक-सदस्य समेत हुन् । नेपाल सेवा संघका अध्यक्ष समेत रहेका श्रेष्ठले नेपाल अपाङ्ग संघ (खगेन्द्र नवजीवन केन्द्र)-झापाको स्थापना तथा बाल मन्दिर स्थापनामा पनि उल्लेख्य योगदान गरेका थिए । 'च्वसापासा'को संस्थापक-अध्यक्ष, 'सितु'को संरक्षक र आजीवन सदस्य एवम् श्रेष्ठ सिरपाः र श्रेष्ठ प्रकाशनको संस्थापक समेत भएर समाजसेवामा समर्पित थिए ।

**५. राजनीतिक जीवन :**

परवानीपुरमा रहेको धान तेल मिल सञ्चालनकै क्रममा स्वयम्भूलाल श्रेष्ठले नेपाली कांग्रेस पार्टीको सदस्यता लिएका थिए । २००७ सालको आन्दोलनमा आन्दोलनकारीलाई खाना तथा बासस्थानको व्यवस्था पनि उनले गरेका थिए । आन्दोलनकारीलाई सहयोग गरेकै कारण श्रेष्ठलाई बीरगञ्ज जेल र काठमाण्डौको भद्रगोलमा पनि राखियो । श्रेष्ठले ६ महिना जेल जीवन बिताए । २००७ सालको

आन्दोलन सफल भएपछि नेपालको प्रजातान्त्रिक आन्दोलनमा उनको योगदानलाई कदर गर्दै २०१३ सालमा झापाबाट सल्लाहकार सभाको सदस्य भए ।

२०१७ साल पुस १ गते राजा महेन्द्रले पञ्चायती व्यवस्थाको शुरूवात गरेसँगै कतिपय प्रजातन्त्रवादीहरु पनि पञ्चायतभित्र पसे । प्रजातन्त्रवादीको लक्ष्य भनेको पञ्चायतभित्र छिरेर जनपक्षीय काम गर्ने थियो । डा.हृषीकेश उपाध्याय प्रधानपञ्च हुँदा २०२१ देखि २०२३ सम्म नगर पञ्चायत सदस्य रहेका स्वयम्भूलाल श्रेष्ठ २०२३ देखि २०२६ सम्म भद्रपुर नगर पञ्चायतको प्रधानपञ्च समेत भए । उनी झापा जिल्ला पञ्चायतको सदस्यमा निर्वाचित भएको केही अवधिपछि कार्यवाहक सभापति समेत हुन पुगे ।

**६. मानपदवी तथा पुरस्कार :**

श्रेष्ठले २०२७ साल जेठ ३० गते गोरखा दक्षिणबाहु प्राप्त गरेका थिए भने २०३४ सालमा सेवा पदकबाट सम्मानित भएका थिए । २०४० सालमा लाकौल पुरस्कारबाट पुरस्कृत भएका श्रेष्ठ २०४१ सालमा सामाजिक कल्याण मन्त्रालयबाट सम्मानित भएका थिए । सोही वर्ष विराट नेपाल भाषा साहित्य गुठीले नेपाल भाषा, साहित्य क्षेत्रमा दीर्घ सेवा गरेवापत उनलाई सम्मान गरिएको थियो । श्रेष्ठलाई मरणोपरान्त २०४६ साल पुस २८ गते महानन्द पुरस्कार समिति झापाले 'महानन्द पुरस्कार' प्रदान गरेको थियो । साथै, २०५२ साल चैत ९ गते देवकोटा स्मृति भवन भद्रपुरले आफ्नो रजत जयन्तीको अवसरमा उनलाई 'स्मृति पत्र'बाट सम्मान गरेको थियो ।

**विदेश भ्रमण :**

ई.स. १९७० मा उद्योग वाणिज्य संघको सदस्य रहँदा श्रेष्ठले जापान (Expo–70) भ्रमण गरेका थिए । भ्रमण दलको नेता केदारमान व्यथित थिए । त्यसैगरी, उनले इ.स. १९७४ मा नेपाल–कोरिया मैत्री संघ प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कोरिया भ्रमण गरेका थिए । श्रेष्ठले नेपाल रेडक्रसमा रहँदा इ.स. १९७४ मा युगोस्लाभियाको समेत भ्रमण गरेका थिए भने नेपाल तथा भारतका अधिकांश ठाउँको भ्रमण गरेका थिए ।

**७. सारांश :**

स्वयम्भूलाल श्रेष्ठले पत्रकारिता तथा साहित्य मार्फत समाजमा ल्याएको बौद्धिक चेतना, सेवा मार्फत समाजमा बढाएको सामाजिक दायित्व, राजनीति मार्फत जनतामा ल्याएको कर्त्तव्यपरायणता र व्यावसायिक पौरख मार्फत ल्याएको रोजगारी एवम् औद्योगिकीकरणले समग्र समाजलाई नै समृद्धिउन्मुख बनाएको देखिन्छ । राणकालको जहानियाँ शासनको समयमा पली–बढी, शिक्षालाई प्राथमिकता दिएर

आरोह–अवरोधको सामना गरेका श्रेष्ठले शैक्षिक र मानवीय सेवालाई प्राथमिकता दिएका थिए । त्यसको उदाहरण हो– भद्रपुर हाईस्कूल स्थापना, मेची क्याम्पस स्थापना, रेडक्रस झापा शाखाको स्थापना एवम् एम्बुलेन्स सेवा सञ्चालन, नेपाल अपाङ्ग संघको स्थापना आदि इत्यादि ।

पञ्चायतकालमा समेत पत्रकारिता मार्फत जनतालाई सुसूचित गराउँदै भाषा, साहित्य र संस्कृतिको विकास नभई सभ्य समाजको विकास सम्भव नहुने भएकाले उनले नेपालीसँगै मातृभाषा नेवारी  भाषा, साहित्य र संस्कृतिमा समेत उल्लेख्य योगदान पुऱ्याए । पुर्खाले आर्जन गरेको सम्पत्ति समेत दान गरेर मेची क्याम्पस, विमानस्थल लगायतको स्थापनामा उनको योगदान साँच्चै कदरयोग्य छ ।

स्वयम्भूलाल श्रेष्ठ एक प्रतिभावान साधक थिए । आफ्नो जीवनकालमा परिवर्तनको पक्षधर, सामाजिक सेवा, सिर्जना र सक्रियताका नमूना रहेका उनीबाट नयाँ पुस्ताले सिक्नुपर्ने धेरै कुरा छन् । बहुआयामिक व्यक्तित्वका धनी स्वयम्भूलाल भौतिक रूपमा हामीमाझ छैनन् । तर, उनले देखाएको सेवा र सुकर्मको बाटो फराकिलो पार्दै अघि बढ्यौं भने उनीप्रति सच्चा सम्मान र आदर हुनेछ । अक्षरको खेती गरेर मात्र उनले हामीलाई लगाएको गुन तिर्न सक्दैनौं ।

*सन्दर्भ सामग्री :*
*१) नेपालभाषा साहित्यय् श्रेष्ठ सिरपाःया योगदान (पुस्तक २०८०)*
*२) नेपाल रेडक्रस सोसाइटी झापा (स्वर्ण महोत्सव स्मारिका २०७५)*
*३) भद्रपुर नगरपालिका, झापा (स्वर्ण महोत्सव स्मारिका २०५८)*
*४) पूर्वाञ्चल दैनिक, बिर्तामोड (रतत महोत्सव विशेषाङ्क)*
*५) मेची बहुमुखी क्याम्पस, भद्रपुर (स्वर्ण महोत्सव स्मारिका)*
*६) धनजुजु श्रेष्ठसँगको कुराकानी*
*७) ओमप्रकाश सरावगीसँगको कुराकानी ।*

**प्रस्तुति : दीपक अधिकारी**



# पूर्वेली पत्रकारिताका नक्षत्र

## नकुल काजी

नकुल काजी झापाको पत्रकारिताको पहिलो पुस्ताको पत्रकार हुनुहुन्छ । लेखनीलाई जीवनको पर्याय बनाउनु हुने काजी ताप्लेजुङको तत्कालीन साँगादिन गाविस वडा नम्बर ३ मा जन्मनु भएको हो । विक्रम सम्वत् २००२ साल मंसिर २९ गते स्वर्गीय माता सरस्वती पाण्डे र स्वर्गीय पिता प्रेमलाल पाण्डेको कोखबाट जन्मनुभएका उहाँ पत्रकारिता र साहित्य क्षेत्रमा नकुल काजीबाट स्थापित हुनुहुन्छ ।

उहाँले भारत दार्जीलिङको सेन्ट रोवर्टस् स्कूलबाट सन् १९६० मा उच्च मावि तहको अध्ययन पूरा गर्नु भएको थियो । दार्जीलिङको सेन्ट जोसेफ कलेजमा जीव विज्ञानमा स्नातक गर्नु भएका काजी कलेज अध्ययनकै समयदेखि साहित्यमा आकर्षित हुनुहुन्थ्यो । कलेज पढ्दा–पढ्दै विक्रम सम्वत् २०२२ सालमा दार्जीलिङको सिंहमारीबाट प्रकाशित हुने 'पुष्प–पल्लव पाक्षिक' पत्रिका र कलकत्ताबाट प्रकाशित 'अमृता बजार' अंग्रेजी दैनिक पत्रिकामा आवद्ध हुनुभयो । यसैगरी बिक्रम सम्वत् २०२३ सालमा दार्जीलिङबाटै प्रकाशित 'आवाज पाक्षिक'को सम्पादन समूहमा आवद्ध हुनुभयो ।

दार्जीलिङको पत्रकारितापछि विक्रम सम्वत् २०२४ सालमा काजी झापा आउनु भएको हो । झापामा २०२५ सालमा 'पञ्चायत मासिक'मा आवद्ध भई पत्रकारिता आरम्भ गर्नुभयो । उहाँले जिल्ला पञ्चायतले प्रकाशन गर्ने पञ्चायत मासिकमा त्यस समयका प्रभावशाली व्यक्तित्वहरु डाक्टर ऋषिकेश उपाध्याय, रामप्रसाद पोखेल, बसन्तकुमार खड्कासँग रहेर पञ्चायत मासिकमा काम गर्नु भएको थियो । यसैगरी, एसएल शर्मा, डिल्लीराम निर्भिक, चुडामणि रेग्मी, गोबिन्दचन्द्र क्षेत्री, द्रोर्णाचार्य क्षेत्री, प्रहिल घिमिरे, निर्माणकुमार न्यौपाने, कुनाली पराजुलीहरू त्यस समयका पत्रकार हुनुहुन्थ्यो ।

विक्रम सम्वत् २०२८ साल बैशाख १ गतेबाट काजीले 'विवेचना' मासिक प्रकाशन गर्नुभयो । २०२९ सालदेखि २०३४ सालसम्म विवेचनालाई काजीले अर्धसाप्ताहिकको रूपमा प्रकाशन गर्नुभयो । २०४१ सालमा तत्कालीन पञ्चायती सरकारले विवेचनामाथि प्रतिबन्ध लगायो । त्यसपछि काजीले २०४० देखि २०४४ सालसम्म 'जनध्वनी साप्ताहिक' र २०४४ देखि २०४५ सम्म दुई वर्ष 'शनिवार साप्ताहिक' प्रकाशन गर्नुभएको थियो । उहाँले २०४५ देखि ४७ सालसम्म तत्कालीन पञ्चायती सरकारको प्रेस टाक्सफोर्समा १५ महिना करार सेवा जीवन बिताउनुभयो । २०४७ देखि ५० सालसम्म 'बरूण साप्ताहिक' प्रकाशन गर्नुभएका काजीले २०४९ देखि २०५० सालसम्म 'झापा एक्सप्रेस' दैनिकको सम्पादन गर्नुभयो ।

विक्रम सम्बत् २०५० सालदेखि २०६६ सालसम्म भने काजीले विवेचना दैनिक

प्रकाशन गर्नुभयो । विवेचनाको प्रकाशन भइरहँदा अंग्रेजी भाषामा 'इष्टर्न इको साप्ताहिक' प्रकाशन तथा सम्पादन गर्नुभएको थियो । इष्टर्न इको साप्ताहिक मोफसलका जिल्लाहरूमा पहिलो अंग्रेजी पत्रिका प्रकाशन हो । यो २०५५ बाट २०५९ सालसम्म प्रकाशन भएको थियो । २०६६/०६७ सालमा काजीको सम्पादनमा 'पूर्वी प्रतिध्वनी साप्ताहिक' प्रकाशन भएको थियो । काजीको प्रत्यक्ष सम्पादनमा त्यसयता पत्रिका प्रकाशन नभए पनि आधा दर्जन कृति प्रकाशन भएका छन् ।

साहित्य र पत्रकारितालाई सँगै लिएर हिँड्नसक्ने काजीको विक्रम सम्वत् २०१९ सालमा 'यौवन–तृष्णा' नामको पहिलो कविता संग्रह प्रकाशन भएको थियो । त्यसै साल 'जीवन–प्रश्न' नामको कथा संग्रह, २०२० सालमा 'मुना' खण्डकाव्य प्रकाशन भएको थियो । २०२५ सालमा काजीले 'सागर' उपन्यास प्रकाशन गर्नु भएको थियो । यस उपन्यासले काजीलाई एक युवा साहित्यकारको रूपमा स्थापित गरेको थियो । १७ वर्षको उमेरमा कविता संग्रह प्रकाशन गर्नुहुने काजीले १८ वर्षको उमेरमा 'मुना' खण्डकाव्य र २३ वर्षको उमेरमा 'सागर' उपन्यास प्रकाशन गर्नुभएको थियो । कलकत्ताबाट प्रकाशित हुने 'अमृता बजार' अंग्रेजी दैनिकले पुस्तक समीक्षा स्तम्भमा द लार्जेस्ट भोल्यूम इन नेपाली लिटरेचर भनी 'सागर' उपन्यासको समीक्षा गरेको थियो ।

काजीको उपन्यास लेखन 'सागर'मा मात्र सीमित भएन । त्यसपछि उहाँले विक्रम सम्वत् २०२५ सालमा 'समस्या', २०२६ सालमा 'शान्ति' र २०२७ सालमा 'गौरी' नामको उपन्यास प्रकाशन गर्नुभयो । २०२७ सालमा काजीको दोस्रो खण्डकाव्य 'विद्रोह बोल्छ' प्रकाशन भएको हो । २०२८ सालमा नाइन्टी थ्री डेज इन द ब्युटीफुल लेन्ड अफ कञ्चनजंगा नामक नियात्राको पुस्तक प्रकाशन भएको थियो । २०३१ सालमा मनोविश्लेषणमा आधारित 'सगरमाथाको शान्ति सन्देश' नामको कृति प्रकाशन भयो । २०३६ सालमा 'मेरो देशको कविता' कविता संग्रह प्रकाशन भएको थियो ।

पत्रकारितामा सक्रिय भएका समयमा लामो अवधिसम्म काजीका साहित्यिक कृति प्रकाशन भएनन् । तर, पत्रिकामा सयौँको संख्यामा राजनीति, साहित्य, समसामयिक विषयदेखि साहित्यिक विषयमा लेख प्रकाशन भए । काजीका 'बज्रपात' स्तम्भ पठनीय मात्र होइन, विकृति र विसङ्गतीविरूद्ध धावा बोलिएको हुन्थ्यो । काजीले २०२८ सालबाट सुरू गर्नु भएकाको व्यङ्ग्य साहित्यले लोकप्रियता आर्जन गरेको थियो । व्यङ्ग्यमा 'ऐसेलुको झाङमुनि चिसो पानी, परबाट आयो नरे थापा...' होस् वा ५० दशक पछि प्रकाशन भएको 'गौँथलीका बाऊ मूल पात्र भएको व्यङ्ग्यनारान पाँडे'का नामबाट प्रकाशित व्यङ्ग्यले लोकप्रियताको शिखर चुमेका

थिए । दिनहुँ प्रकाशन हुने काजीका व्यङ्ग्यले भाषा, साहित्यको विकासमा मात्र योगदान पुर्‍याएको थिएन, पत्रकारितामा व्यङ्ग्यको प्रयोग र प्रभाव पनि थियो । सम्भवतः नेपालमा समसामयिक विषयमा सबैभन्दा बढी व्यङ्ग्य काजीले लेख्नु भएको छ । उहाँले लेखेका व्यङ्ग्य संग्रह गर्दा दर्जनौ पुस्तक निस्कन्छन् ।

नकुल काजीको पत्रकारिता र साहित्य जीवनलाई अध्ययन गर्दा साहित्यिक यात्रा सुस्ताएका बेला पत्रकारिता प्रवल भएर अघि आएको छ भने पत्रकारिता सुस्ताएका बेला साहित्यिक यात्रा प्रवल भएको छ । पत्रकारितामा सम्पादनको काम सुस्ताएसँगै काजीको २०६६ सालमा 'युद्धको दुर्व्यसन' कविता संग्रह, २०६७ सालमा 'क्रान्तिको पहिलो चरण' उपन्यास प्रकाशन भएको छ । २०७१ सालमा अर्को उपन्यास 'घरहरू भत्किरहेछन्' प्रकाशन भएको छ । यस उपन्यासमा वैदेशिक रोजगारले पारिवारिक संरचनामा ल्याउने समस्या र विखण्डनको यथार्थवादी ढंगले चित्रण गरिएको छ ।

नकुल काजी साहित्य र पत्रकारितामा मात्र सीमित हुनुहुन्न । उहाँ पछिल्ला सात वर्षदेखि आध्यात्मिक विज्ञानको अध्ययनमा लाग्नु भएको छ । आध्यात्मिक अध्ययनकै क्रममा काजीले २०६८ सालमा प्रोफेसर मातावदल जायसवालद्वारा लिखित 'प्रथम प्रणाम' र मोहन प्रियचार्यको 'पहिले आफूलाई चिन'को भावानुवाद गर्नु भएको छ । २०६८ सालमै 'परमहंस गुरूजी मंगलदास-व्यक्तित्व र कृतित्व' नेपाली र अंग्रेजी भाषामा प्रकाशन भएका छन् । २०६९ सालमा 'गणतन्त्र र गौथलीको बाउ' हास्यव्यङ्ग्यको पुस्तक प्रकाशन भएको छ । त्यसपछि २०७७ सालमा 'भालुभुत्ते मपाईं' नामको हास्यव्यङ्ग्य उपन्यास उहाँले प्रकाशित गर्नुभएको छ । नकुल काजी निस्क्रियता नरूचाउने व्यक्तित्व हुनुहुन्छ । उहाँ लेखनीमा मस्ती लिन सक्नुहुन्छ । उहाँ घण्टौँसम्म धाराप्रवाह विचार प्रवाह गर्ने क्षमता राख्नु हुन्छ । पुराना विषय र कुरालाई स्मरणमा राख्न सक्ने उहाँमा अद्‌भूत क्षमता छ । सार्वजनिक समारोहमा त्यति नरमाउने काजीमा एक्लै चिन्तन, मनन् गर्ने र त्यसलाई तत्काल टिपोट गर्ने, टिपोट गरिएका सन्दर्भलाई विचारप्रवाह वा लेखमा समावेश गर्ने राम्रो कला छ ।

नकुल काजी नेपाली, अंग्रेजी, हिन्दी र बंगाली भाषा साहित्यमा राम्रो दख्खल राख्नुहुन्छ । उहाँ 'भाषा बिगार्ने अधिकार कसैलाई छैन' भन्नुहुन्छ । पत्रिका प्रकाशनका समयमा भाषा र व्याकरण बिगारेर समाचार बनाउने पत्रकारलाई काजी सधैँ तीखो आलोचना गर्नुहुन्थ्यो । काजीले प्रकाशन गरेका सबै पत्रपत्रिकामा भाषा उत्कृष्ट हुन्थे । झापाको पत्रकारितामा नकुल काजी भनेको विवेचना र विवेचना भनेको नकुल काजी भन्ने अवस्था थियो । विवेचना र काजी एक अर्काका

पर्याय हुन् भन्दा अन्यथा हुँदैन । आज पनि विवेचनाका पाठक काजीको तिख्खर लेखाईको स्मरण गर्दछन् ।

झापामा पत्रकार आफैँले समाचार लेखन गर्ने र व्याकरण पनि हेर्ने परम्पराको थालनी गराउने श्रेय काजीलाई दिँदा अन्यथा हुँदैन । अहिले पनि धेरै जिल्लामा पत्रिकाको व्याकरण गैरपत्रकारले हेर्ने अभ्यास छ । तर, काजीले सुरू गर्नु भएको यो अभ्यास झापाको पत्रकारितामा मौलिक पहिचान बनेको छ । पत्रिकामा भाषा र व्याकरण बिगार्ने सहकर्मीप्रति निकै कठोर बन्ने काजीको विशेषता बनेको थियो । काजीको सम्झौता नगर्ने स्वभावले उहाँसँग काम गर्ने धेरै पत्रकारले आफ्नो भाषा र व्याकरण सुधार्ने अवसर पाए ।

पाँच दशकबाढी समयसम्म कलम चलाउनु हुने काजीले जीवनमा साहित्य र पत्रकारिता भन्दा अन्य कुनै पेशा अपनाउनु भएन । पत्रकारिता र साहित्यको श्रीबृद्धि नै काजीको पेशागत चरित्र बन्यो । उहाँका नजिक बसेर विवेचना दैनिकमा दर्जनौँ पत्रकारले आफ्नो सीप विकास गरेका छन् । विवेचना दैनिक झापाली पत्रकारका लागि महाविद्यालय नै बन्यो । नकुल काजीसँग निकट रहेर गोपिकृष्ण खनाल, भरत कोइराला, मदन ढकाल, कृष्ण आचार्य, तारा बराल, अखण्ड भण्डारी, खगेन्द्र भण्डारी, मोहन काजी, युवराज गौतम, बिष्णु शिवाकोटी, टंक आचार्य, दिपीन राई, गोपाल गड्तौला, राजु अधिकारी, पर्वत पोर्तेल, झुलन रेग्मी, दिपक अधिकारी, रोहित काफ्ले, मुक्ति पौडेल, लक्ष्मी उप्रेती, फडिन्द्र संगम, हिमाल खरेल लगायत दर्जनौँ पत्रकारले विवेचनाबाट पत्रकारिता आरम्भ गर्नुभएको हो । काजीको विवेचना लगायतका पत्रिकामा गोपाल गिरी, गञ्जबहादुर दाहाल, राजबाबु शंकर, तारामणि सापकोटा लगायतका पत्रकारले पत्रकारिताको अभ्यास गरेका थिए । विवेचनाबाट पत्रकारिता आरम्भ गर्ने वा आवद्ध भएर काम गर्ने कतिपय पत्रकार आज राष्ट्रियस्तरका ठूला सञ्चारमाध्यमका उच्च तहमा कार्यरत छन् । काजीले सञ्चालन गर्नुभएको सञ्चार संस्थामा पत्रकार मात्र होइन, दक्ष टाइपिस्ट र डिजाइनर पनि उत्पादन भएका छन् । उहाँसँग बसेर काम गर्ने डिजाइनरको भाषा र व्याकरणमा निखारता आएको छ । एकराज प्रधान, इन्द्र चौधरी, महेन्द्र शर्मा, विष्णु सुब्बा, सुशीला संग्रौला लगायतले आफ्नो सीपमा त्यसैसमय अवधिमा परिमार्जन ल्याएका हुन् ।

लेटर प्रेसबाट पत्रिका प्रकाशन गर्नुपर्ने कठिन अवस्थामा पनि पत्रिकालाई निरन्तरता दिनु आफैँमा चुनौतीपूर्ण कार्य थियो । त्यस्तो कठिन अवस्थामा अन्य पेशामा सम्लग्न नभई पत्रकारितालाई निरन्तरता दिने काजीको कार्य झापाली पत्रकारितामा महत्वपूर्ण योगदान हो । पत्रकारिता पेशामा लाग्नुभएका काजीको

पाँच दशक अघिको आर्थिक स्थितिमा कुनै बदलाव आएको छैन । विवेचना प्रकाशन हुने भद्रपुरको घर आजै पनि त्यही रूपमा छ । पत्रकारिता सेवामूलक पेशा हो भन्ने बुझ्नु भएका काजीले लेखनीलाई जीवनको एक हिस्सा बनाउनुभयो ।

झापाको पत्रकारिता र साहित्यिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने काजी दर्जनौँ संघसंस्थाबाट सम्मानित हुनु भएको छ । नेपाल पत्रकार महासंघ झापा शाखाद्वारा स्थापित मोतिराम पत्रकारिता पुरस्कारबाट पहिलो पटक २०५३ सालमा उहाँ सम्मानित तथा पुरस्कृत हुनु भएको छ । २०५२ सालमा श्यामकृष्ण पत्रकारिता पुरस्कार, २०६० सालमा शिशु पत्रकारिता पुरस्कार राजविराज, नेपाल आदिवासी जनजाति संघ झापाद्वारा २०६७ सालमा काजीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । पत्रकारितामा योगदान पुऱ्याए वापत काजीलाई भद्रपुर नगरपालिकाले २०५५ सालमा अभिनन्दन गरेको थियो । २०६५ सालमा 'नौलो आवाज' साप्ताहिक भद्रपुर र 'जनसंसद्' दैनिक काँकरभिट्टाले सम्मान गरेको थियो ।

नकुल काजी पत्रकारिता क्षेत्रबाट मात्र होइन, भाषा र साहित्यको क्षेत्रमा पनि त्यत्तिकै सम्मानित व्यक्तित्व हुनुहुन्छ । उहाँले भाषा र साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै भाषाशास्त्री महानन्द सापकोटाको स्मृतिमा स्थापित महानन्द पुरस्कारबाट २०६० सालमा पुरस्कृत तथा सम्मानित हुनु भएको छ । काजीलाई भानुभक्त आचार्य द्वयशत्वार्षिक समारोह समितिद्वारा प्रसंशा पत्रसहित स्वर्ण पदकद्वारा सम्मान गरिएको छ । यसैगरी, जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठान झापा, नवरंग साहित्य प्रतिष्ठान धरमपुर, साहित्य चौतारी बिर्तामोड, समता साहित्यिक परिवार इलाम लगायतका दर्जनौँ साहित्यिक संघ संस्थाले सम्मान तथा पुरस्कार प्रदान गरेका छन् । झापाका पहिलो पुस्ताका पत्रकार स्वर्गीय एसएल शर्माको स्मृतिमा स्थापित एसएल शर्मा सिर्जनशील पत्रकारिता पुरस्कारबाट काजीलाई परस्कृत तथा सम्मान गरिएको छ । २०७६ बैशाखमा प्रदेश नं. १ सरकारले प्रदेशको पत्रकारितालाई आजको समृद्ध अवस्थामा ल्याइपुर्‍याउन महत्वपूर्ण योगदान दिएकोमा कदर गर्दै राष्ट्रिय पत्रकारिता दिवसको अवसर पारेर एक लाख नगद पुरस्कारसहित सम्मानित गरेको थियो । उहाँ झापाको मात्र नभएर १ नं. प्रदेशकै अभिभावक पत्रकार हुनुहुन्छ ।

**प्रस्तुति : तारामणि सापकोटा**

*(नेपाल पत्रकार महासंघ कोशी प्रदेशले प्रकाशन गरेको 'मेरो पत्रकारिता' पुस्तकबाट साभार)*



# सामाजिक जागरणमा समर्पित

## बसन्तकुमार खड्का

झापाका अग्रज र चालीसको दशकसम्मका पत्रकार र पत्रकारिताको इतिहास लेखिँदा शीर्ष पंक्तिमा रहने सीमित नामहरूमा बसन्तकुमार खड्का अग्रभागमा उल्लेख गरिने नाम हो । झापाको पत्रकारिताको उपल्लो लहरमा राखेर उहाँको योगदानको मूल्याङ्कन गरिएन भने झापाको पत्रकारिताको इतिहास पूर्ण हुन सक्दैन ।

बसन्तकुमार खड्कालाई तत्कालका उहाँका सहकर्मीहरूले 'बसन्त बाबू' भनेर सम्बोधन गर्थे । त्यसै पनि उहाँको पारिवारिक पृष्ठभूमि खानदानी थियो । धनसम्पत्ति हुनेलाई 'बाबू', 'जी' जस्ता प्रत्यय जोड्ने चलन हाम्रो समाजमा त्यसबेलादेखि नै थियो क्यारे ! यद्यपि उहाँलाई धनी बाउको छोरा भनेर मात्र बसन्त बाबू भनिएको होइन । उहाँ आफै पनि आफ्ना क्रियाकलापबाट 'बाबू' बन्न योग्य हुनुहुन्थ्यो ।

राणाकालमै उहाँका बुबा दलबहादुर खड्का मुखिया पदमा जागिरे हुनुहुन्थ्यो । उहाँको परिवार भोजपुर जिल्लाको श्यामसिलाबाट झापा झरेको हो । राणाकालका मुखिया दलबहादुरले दुहागढी झापामा त्यसबेलाको पैसा महंगो, जग्गा सस्तो जमानामा लगभग डेढ सय बिघा जग्गा जोड्नुभएको थियो । त्यत्रो जमिनका मालिक धनाढ्य हुने नै भए । तसर्थ जेठा छोरा बसन्तकुमार खड्का र कान्छा छोरा टिकेन्द्र खड्का दुबैले पश्चिम बंगालको दार्जीलिङमा शिक्षा आर्जन गर्ने अवसर पाउनुभयो । यता, अध्ययनका लागि शिक्षण संस्था नभएकोले पनि त्यसबेलाका अलिक धनिमानीले छोरा–छोरीलाई सिलिगुडी, दार्जीलिङ, खर्साङ, कालिम्पोङमा पढाउन पठाउँथे । त्यो सौभाग्य बसन्तकुमार खड्काले पनि पाउनुभयो ।

दुहागढी त्यसबेलाको कम्युनिस्ट आन्दोलनको आधारभूमि हो । झापा विद्रोहमा पहिलो मारिने कर्णबहादुर गौतम दुहागढीकै थिए । यद्यपि विद्रोहको उद्देश्यअनुसार उनी मारिनु पर्ने मान्छे हुन् या होइनन् भन्ने विषयमा प्रशस्त टीकाटिप्पणी भइराखेको छ । बसन्तकुमार खड्का आर्थिक हिसाबले सम्पन्न परिवारको सदस्य भए पनि निमुखा र पीडित परिवारको पक्षमा सक्रिय रहँदै झापाको त्यो विद्रोहमा सरिक हुनुभयो । बामपन्थी विचारधारा बोकेर त्यसबेलाको राजनीतिमा क्रियाशील गोपालकृष्ण प्रसाईं, बहिनी–ज्वाइँ के.बी. कार्कीसँगै सहभागी भएर किसान आन्दोलन, खमार आन्दोलनमा उहाँ पनि सहभागी हुनुभएको केही समकालीनले स्मरण गर्ने गर्छन् । धनी बावुको छोरा किसान र गरीबको पक्षमा देखिनु शायद पश्चिम बंगालमा गएर पढ्दाको संगतको प्रभाव हो भनेर लख काट्न सकिन्छ ।

वि.स. १९८३ को असारमा जन्मनु भएका बसन्तकुमार २००७ सालको क्रान्तिदेखि नै राजनीतिमा सक्रिय भेटिनु हुन्छ । दुहागढीपछि भद्रपुरलाई कर्मथलो बनाउँदै यहाँको शिक्षा, साहित्य, राजनीति र पत्रकारिताको माध्यमबाट जनचेतना जगाउने

कार्यमा उहाँले आफूलाई समर्पित गर्नुभयो । खड्काका समकक्षी नन्दप्रसाद पौडेल बारे लेखिएको पुस्तक 'समाजसेवी यात्रामा नन्दप्रसाद'–मा २०१२ सालमा भद्रपुरमा 'वादविवाद समिति' नामक संस्था जन्माएर त्यसैमा सम्मिलित बसन्तकुमार खड्का सहितले तत्कालको यस क्षेत्रको नाम 'लालमाटी' परिवर्तन गरी 'प्रकाशनगर' राखेको उल्लेख गर्नुभएको छ । र, त्यही प्रकाशनगरमा सक्रिय युवा बसन्तकुमार खड्का लगायतले 'प्रकाश' नामक पत्रिका प्रकाशन गरेको भेटिन्छ । जसको सम्पादकद्वयमा बसन्तकुमार खड्का र नारायणप्रसाद पराजुली हुनुहुन्थ्यो ।

'प्रकाश'को प्रकाशन खड्काको पत्रकारिताको प्रस्थान बिन्दु हो । यो प्रकाशन भएको २०१९ सालमा हो । उहाँको अग्रसरता र कार्यशैलीबाट उहाँमा अलग्गै क्षमता र केही गरौं भन्ने हुट्हुटी थियो भन्न सकिन्छ । आफै नाटक लेख्ने, अभिनय गर्ने र त्यसबाट उठेको रकम शिक्षा, साहित्य, खेलकूद र चेतना अभिवृद्धिमा लगाउने उहाँको अग्रसरतालाई नमन गर्नै पर्दछ । 'लक्ष्मी रोदी घर' पछि यसलाई 'लक्ष्मी स्मृति भवन' र त्यसपछि हालसम्मै 'देवकोटा स्मृति भवन' भनिएकोलाई स्थापना गर्नका लागि 'पासो' नामक नाटक लेखेर सो नाटकमा आफै पात्र बनेर भूमिका निर्वाह गर्नुभयो । उहाँ लगायत प्रकाशनगरको युवा टोलीले तिहारमा संगठित भएर देवकोटा स्मृति भवन (लक्ष्मी रोदी घर) का लागि मारुनी नृत्य टोली बनाएर नाचेको वर्णन अग्रजहरूबाट सुन्न पाइन्छ । नन्दप्रसाद पौडेलको पुस्तकमा खड्का मारुनी (महिलाको पहिरनमा सिंगारिएर नाच्ने व्यक्ति) बनेको लेख्नुभएको छ । देउसी खेलेर १ हजार ७ सय रूपैयाँ संकलन भएको थियो ।

त्यही देवकोटा स्मृति भवन र भद्रपुरमा स्थापना गरिएको शारदा बालिका विद्यालयका लागि प्रकाशनगरका संगठित युवाहरु गोपालप्रसाद खत्री, बसन्तकुमार खड्का, नन्दप्रसाद पौडेल, नारायणप्रसाद पराजुली, शंकर भूर्तेल, विश्वनाथ श्रेष्ठ लगायत अन्य थुप्रै व्यक्ति तथा लप्टन गंगाप्रसाद खत्री, दिलकुमारी श्रेष्ठहरूको मुख्य अगुवाई रह्यो । शारदा बालिका विद्यालयको संस्थापक-अध्यक्ष लप्टन गंगाप्रसाद खत्री र बसन्तकुमार खड्का– सचिव हुनुहुन्थ्यो । सोही विद्यालयमा रात्री पाठशाला समेत सञ्चालन भएको थियो ।

लेखक, कुशल संगठक, राजनीतिलाई सँगसँगै जस्तो आफ्नो जीवनमा समेट्दै अघि बढ्नुभएका बसन्त बाबूले पत्रकारिता, राजनीति र साहित्य लेखनलाई जीवनको उत्तरार्द्धसम्मै सक्रिय बनाइराख्नु भयो । आफूद्वारा लिखित र आफै संलग्न रहेर मञ्चित नाटक 'पासो'लाई २०३७ सालमा आएर पुस्तकका रूपमा 'पासो पूर्णाङ्की नाटक' छपाउनु भयो । त्यसबेलासम्म उहाँले भद्रपुरमा 'सूर्योदय' साप्ताहिक पत्रिका र सूर्योदय छापाखाना खोलिसक्नु भएको थियो । आफ्नै प्रेस भएकाले

पनि होला, सूर्योदय र पासोले मात्र उहाँको लेखन-धित मरेन । राजनीतिक कोर्स बदलेको र आफ्नो आस्थालाई नै 'यु-टर्न' गर्नुभएका उहाँले 'प्रजातान्त्रिक आन्दोलनका डोबहरू' (निबन्ध संग्रह) र 'जीवनका तरङ्गहरू' (कविता संग्रह) २०४८ सालमा प्रकाशन गर्नुभएको पाइन्छ ।

यस बाहेक पनि उहाँका 'कालेको हार', 'अधुरो सपना', 'नासो' पूर्णाङ्की नाटक, 'निर्वाचन अघि र पछि' शीर्षक जुराइएका अप्रकाशित कृति तथा नाम जुराउन बाँकी रहेको एउटा कथाको पाण्डुलिपि रहेको बसन्त बाबूकी जेठी छोरी रेनुका खड्काले बताउनुभयो ।

धनाढ्य परिवारका भए पनि किसान आन्दोलनमा सक्रिय हुँदै सामन्ती र शोषित वर्गको उत्थान र न्यायका लागि सधैँ अग्रिम मोर्चामा उभिएर लड्ने उहाँ २०१७ सालपछि भने पञ्चायतको पूर्ण समर्थक बन्नुभयो । २०२५ साल चैत १२ मा दर्ता 'सूर्योदय' साप्ताहिक पञ्चायतको पक्षपोषणमा पूर्वमा बलियो गरी उभिएको देखिन्छ । बसन्तकुमार खड्का स्थानीय तहको प्रतिनिधि हुँदै पटक-पटक जिल्ला पञ्चायतको सदस्य र कार्यवाहक सभापति समेत हुनुभयो । त्यसबेला बसन्तकुमार खड्काको भद्रपुर, सङ्गम चोकस्थित घर जिल्लाकै अघोषित प्रशासनिक इकाई जस्तो थियो । स्थानीय छिमेकीहरूका अनुसार, जिल्लामा आउने अञ्चलाधीश, सीडीओ, प्रहरी प्रमुख वा जिल्लाका पञ्च नेताहरूको मिटिङ र भेला प्रायः त्यहाँ भई नै रहन्थ्यो ।

प्रगतिशील विचारधाराबाट प्रेरित भएर राजनीतिक जीवन शुरू गर्नुभएका बसन्तकुमार खड्काले सामाजिक जागरणका निम्ति जीवनपर्यन्त आफूलाई समर्पित गर्नुभयो । उहाँका २ पत्नी, ३ छोरा दिलीप, रञ्जीत र प्रदीप तथा ३ छोरीमा आफूसहित दुबै पत्नीको निधन भइसकेको छ । अहिले १ छोरा रञ्जीत र छोरीहरू तथा नाति-नातिनाहरू मात्र हुनुहुन्छ ।

विभिन्न विधा (कविता, नाटक, कथा र निबन्ध)-का सर्जक बसन्तकुमार खड्काको नाम झापाको पत्रकारिताको इतिहासमा अग्रपंक्तिमा उल्लेख गर्न सकिन्छ । उहाँसँग बसेर काम गर्ने पत्रकारहरू डिकमान विरही र निर्माण नेउपाने दिवङ्गत भइसक्नु भएको छ भने गञ्जबहादुर दाहाल दमकमा बसेर सक्रिय पत्रकारिता गरिरहनु भएको छ । स्वतन्त्र पत्रकार युवराज गौतम मेची क्याम्पस अध्ययन गर्दाताका 'सूर्योदय' साप्ताहिकको स्तम्भकार हुनुहुन्थ्यो । यसरी अन्य थुप्रै पत्रकारहरूले बसन्तकुमार खड्काको सान्निध्यमा रहेर पत्रकारिता सिक्ने र झापाको पत्रकारितालाई ओजपूर्ण बनाएको पाइन्छ ।

**प्रस्तुति : गोपाल गिरी**



# पत्रकारितासँगै साहित्यका अथक योद्धा

## चूडामणि रेग्मी

विद्यार्थी जीवनदेखि नै नेपाली भाषा, साहित्य र पत्रकारिताको उन्नतिमा समर्पित चूडामणि रेग्मी नेपाली भाषा–साहित्यको क्षेत्रमा बेग्लै पहिचान बनाएर उपस्थापित हुनुहुन्छ । झापाको पत्रकारिताको इतिहासमा अघिल्लो पुस्ताको सीमित जीवित पत्रकारहरूमा उहाँ एक अग्रज पत्रकार हुनुहुन्छ ।

वि.सं. २०१२ मा भारतको वाराणसीमा अध्ययन गर्दा नै पत्रकारिताको मेसो समाइसक्नु भएका उहाँले अध्ययन पश्चात्को उन्मुक्त जीवनलाई साहित्य सेवा र पत्रकारिता क्षेत्रमा केन्द्रित गर्नुभयो । बनारसमा बस्दाको विद्यार्थी जीवनमा 'छात्रदूत'को सम्पादनबाट पत्रकारितामा प्रवेश गर्नुभएका उहाँले पत्रकारितालाई पञ्चायतको कठोरकालमा पनि निरन्तरता दिइरहनु भयो । पञ्चायती शासनकालमा मेची अञ्चलाधीश बनेका छिरिङ तेञ्जिङ लामाको कोपभाजनमा पर्नुभएका रेग्मीको अटुट साहित्य सेवा युवा पुस्ताका लागि प्रेरणा स्रोत बन्दै आएको छ । ८७ वर्षीय रेग्मीले १९–२० वर्षको तन्नेरी अवस्थामै 'छात्रदूत'को सम्पादन र 'यात्रा' कथा संग्रह प्रकाशित गर्नुभएको थियो । हो, यहीँबाट उहाँको पत्रकारिता र साहित्यिक यात्रा प्रारम्भ भएको देखिन्छ ।

वि.स. १९९३ चैत्र २९ गते पिता पिताम्बर रेग्मी र माता खिलेश्वरी रेग्मीको ११ औं सन्तानको रूपमा संखुवासभाको वानामा रेग्मीको जन्म भएको हो । चेतना खुलेसँगै साहित्य र पत्रकारिताबाट जीवन यात्रा शुरू गर्नु हुने उहाँले आफ्नो रूचि र छुद्देलाई युवा अवस्थाबाटै डोऱ्याउँदै झापाको पत्रकारितालाई समुन्नत तुल्याउन उल्लेख्य भूमिका खेल्नुभएको छ । रेग्मीको योगदान नेपाली भाषा–साहित्यको उत्थान, संरक्षण र विकासमा पनि त्यत्तिकै प्रभावी छ ।

उहाँले २०२१ साल आश्विनदेखि तत्कालीन मेची महाविद्यालय (मेची बहुमुखी क्याम्पस)मा अध्यापन शुरू गरेर भाषा–साहित्यका अध्येताहरूका लागि 'आदरणीय नेपाली गुरू'को सम्मान पाउनुभएको छ । उहाँ मेची क्याम्पसको संस्थापक–प्राध्यापक हुनुहुन्छ ।

वि.स.२००६ को मङ्सिर महिनामा वेदकुमारी दाहालसँग वैवाहिक बन्धनमा बाँधिनुभएका चूडामणि रेग्मीले परिवारलाई नै पत्रकारितामा संलग्न गराउनु भएको छ । तत्कालीन प्रशासकको कोपभागी भएर पत्रकारिता पेशा नै संकट पर्ने अवस्थामा सरकारी जागिरेलाई सम्पादक बन्न नपाउने कानूनी अडचन लगाएर पत्रिकामाथि सरकारी कुदृष्टिबाट बच्न पत्नी वेदकुमारी रेग्मीको नाम राखेर नै भए पनि आफ्नो पत्रकारिताको अभीष्ट पूरा गर्नुभयो ।

प्रशासनिक प्रभावलाई निस्तेज पार्न पत्रिकामा पत्नी रेग्मीको नाम छापेर

'युगज्ञान' साप्ताहिकलाई निरन्तरता र जीवन्तता प्रदान गर्नु हुने चूडामणि रेग्मीले जेठो सुपुत्र प्रदीपमणि रेग्मीलाई पनि साहित्य र पत्रकारितामा संलग्न गराउनुभयो । बुवाको पाइला पछ्याउँदै भए पनि प्रदीपमणि रेग्मीले 'युगज्ञान' र 'जुही' साहित्यिक पत्रिकाको सम्पादनमा हात बढाउनुभएको अभिलेख भेटिन्छ । छोराहरू गगनमणि र हेमन्तमणिले पनि बुवाले शुरूवात गरेको युगज्ञान छापाखानालाई सञ्चालन गर्दै छापा उद्योगबाटै आफ्नो व्यावसायिक जीवन आरम्भ गरेको पाइन्छ । यसरी रेग्मीको सिङ्गै परिवार पत्रकारिता र नेपाली साहित्यको सेवामा क्रियाशील परिवार हो भन्दा अतथ्य हुँदैन ।

भारतको वाराणसी संस्कृत विश्वविद्यालयबाट २०१६ सालमा 'साहित्याचार्य' गर्नुभएका रेग्मी २०२१ सालदेखि भने झापाको सदरमुकाम भद्रपुरमा बस्न थाल्नुभएको हो । पत्रकारिताको सेरोफेरोमा वाराणसी (बनारस)मा पढ्दै गर्दा २०१२ सालमा विद्यार्थीहरूबाट निकालिने पत्रिका 'छात्रदूत'को सम्पादन गर्नुभएका रेग्मी सोही साल पहिलो कथा संग्रह 'यात्रा' प्रकाशन गरेर पत्रकारिता अनि साहित्य सिर्जनातर्फ उन्मुख हुनुभयो । त्यसैगरी, २०१३ सालमा 'बल्दो दियो'को सम्पादन गरेर उहाँले नेपाली भाषा-साहित्यप्रतिको मोह, आफ्नो क्षमता र रुचि प्रस्तुत गरिसकेको पाइन्छ ।

त्यसैताका शुरू भएको नेपाली साहित्यको झर्रोवादी आन्दोलनका संस्थापक बालकृष्ण पोखरेल, कोषराज रेग्मी (दाजु), बल्लभमणि दाहाल (भान्दाइ) र तारानाथ 'ताना' शर्माहरूसँगै लागेर रेग्मीले पनि झर्रोवादी आन्दोलनमा सक्रिय भूमिका खेल्नुभयो, जुन अद्यापि जारी छ ।

दाजु कोषराज रेग्मीले बिराटनगरमा पत्रकारिता जमाइरहेका बेला झापामै स्थायी बसोबास गर्नु हुने रेग्मीले पनि आफ्नो लालसा र क्षमतालाई उजागर गर्न प्रेस, पत्रकारिता र साहित्यसेवामै ध्यान लगाउनुभयो । सो क्रममा २०२६ सालबाट उहाँले आफ्नै नाममा 'युगज्ञान' साप्ताहिक दर्ता गरेर प्रकाशन प्रारम्भ गर्नुभयो । झापामा पत्रकारिता र प्रेस व्यवसाय शुरू गर्नु अघि उहाँले बिराटनगरका लागि झापाबाट समाचार सम्प्रेषण गर्नुभएको थियो ।

अन्याय र थिचोमिचो विरूद्ध प्रगतिशील धार समात्दै २०२६ सालबाट प्रारम्भ भएको पत्रिका 'युगज्ञान' २०४८ सालसम्म प्रकाशित भएको थियो । प्रकाशक रेग्मीका अनुसार, त्यस अवधिमा पत्रिकाका लगभग एक हजार अङ्क प्रकाशन भएका छन् ।

समाचारप्रधान पत्रिका 'युगज्ञान'सँगै साहित्यसेवामा बढी नै रुचि राख्ने रेग्मीले २०३८ सालदेखि 'जुही' साहित्यिक त्रैमासिकको प्रकाशन प्रारम्भ गरेर आफ्नो

क्षुधालाई निरन्तरता दिई नै रहनुभयो । आफ्नो नाम सम्पादक/प्रकाशकमा राख्न नमिल्ने वैधानिक प्रावधानका बीच पनि परिवारका अन्य सदस्यको नाम उल्लेख गरेर साहित्यप्रतिको तिर्सना मेटाइरहनु भयो । यो पनि २०७० सालसम्ममा ७२ अङ्क प्रकाशन भएर नेपाली साहित्य भण्डारमा उल्लेख्य सेवा पुऱ्याउने साहित्यिक पत्रिका बन्न पुगेको छ ।

रेग्मीमा रहेको साहित्यप्रतिको लगाव र हुटहुटी यतिमै मात्र सीमित भएन । उहाँले २०५२ सालमा अर्को साहित्यिक पत्रिका शुरू गर्नुभयो- 'यथार्थ कुरा' पाक्षिक । २०६२ सालसम्म यसले पनि ४७ अङ्क प्रकाशित भएर बिश्राम लिएको अवस्था छ ।

साहित्य र पत्रकारिताको माध्यमबाट नेपाली भाषाको श्रीवृद्धिमा हरतरहले प्रतिबद्ध चूडामणि रेग्मीले २० वटा जुही साहित्यिक सद्भाव यात्रा गरी साहित्य र पत्रकारिताको क्षेत्रमा नवप्रतिभाहरूलाई सधैँ डोऱ्याउने काम गर्दै आउनुभएको छ । १९ वर्षको उमेरदेखि नै पत्रकारिता र साहित्यिक यात्रा शुरू गर्नुभएका चूडामणि रेग्मी झापाका अग्रज पत्रकार र नेपाली साहित्यको इतिहासमा विशिष्ट स्थान ओगट्ने साहित्यकार हुनुहुन्छ । रेग्मीको साहित्यिक सिर्जनशीलता अहिले पनि जारी छ । किशोरवयदेखि नै आफ्नो प्रतिभा प्रस्तुत गर्नु हुने उहाँले छात्रदूत, छहारी, मोती, कस्तुरी हुँदै युगज्ञान, जुही, यथार्थ कुरा जस्ता विभिन्न विषयका पत्रिकाहरू प्रकाशन गर्नुभएको छ ।

नेपाली भाषा-साहित्य र पत्रकारितामा उहाँले पुऱ्याउनु भएको योगदानको संग्रह गर्ने उद्देश्यले प्रलेसंघ-झापाले २०७६ सालको माघमा 'चूडामणि रेग्मी ग्रन्थावली' पहिलो भाग प्रकाशन गरेको छ भने सो ग्रन्थावलीको दोस्रो भाग सोही वर्षको चैतमा पारिजात प्रतिभा तथा उत्थान निर्माण समिति-चन्द्रगढीले प्रकाशन गरेको छ । त्यसैगरी, चूडामणि रेग्मी ग्रन्थावली भाग- ३ को प्रकाशन भने जयन्द्र प्रसाईं साहित्य सेवा कोषले २०७७ सालको चैतमा गरेको हो ।

झापा जिल्लामा २०२१ सालदेखि प्राध्यापन, साहित्य सिर्जना र पत्रकारितामा निरन्तर क्रियाशील रेग्मीले 'युगज्ञान' साप्ताहिक र त्यस पत्रिकामा पनि साहित्यिक रचनाहरू प्रकाशन गर्दा प्रशासनबाट सास्ती खेप्नुपरेको तीतो यथार्थ बिर्सनु भएको छैन । आज प्रविधिको विकाससँगै छापा पत्रकारिता डिजिटल युगमा प्रवेश गरिसकेकोमा खुशी व्यक्त गर्दै उहाँले अब नेपाली भाषा-साहित्यको सिर्जनाको संरक्षण र प्रवर्द्धन तथा पत्रकारिता सिक्न चाहनेहरूका लागि वातावरण सहज बनेकोमा सन्तुष्टि व्यक्त गर्नुभएको छ ।

**प्रस्तुति : राजु बराल**



# शून्यबाट उठेका पत्रकार

## डिल्लीराम निर्भीक

मानिस जहिल्यै मृत्युको आकस्मिकतामा लपेटिएको हुन्छ । सम्भवतः त्यही आकस्मिकता डिल्लीराम निर्भीकमा पनि घटित भयो, २०७३ साल साउन २० गते । उहाँ यदाकदा भन्ने गर्नु हुन्थ्यो– 'मान्छेको जीवन चप्पलको फिताजस्तै हो । हिँड्दाहिँड्दै कतिखेर चुट्टिन्छ, थाहा हुँदैन ।' नभन्दै लामो समयदेखि मधुमेहले ग्रस्त उहाँ ब्रेन ट्युमरको पहिलो अपरेशनको केही महिनापछि राजधानीको बिजुलीबजारस्थित निवासमा बित्नुभयो ।

इलामको शान्तिपुरमा वि.स.१९९५ माघ २ गते धराआगमन गर्नुभएका डिल्लीराम शर्मा लुइँटेल पत्रकारितामा भने डिल्लीराम निर्भीक भनेर चिनिनु भयो । उपाध्याय बाहुन परिवारका भए पनि जातपात र छुवाछूतको कट्टर विरोधी उहाँ मान्छेको जात भनेको– महिला र पुरूष मात्रै हो भन्ने गर्नु हुन्थ्यो । उहाँ त्यही 'निर्भीक' उपनामले देशभर सुपरिचित पनि हुनुभयो । पूर्वाग्रहरहित हुन सक्ने शालीनता र सबै तह, तप्का, वर्ग, पेशा, आस्था र विचारवाहीसँग मित्रवत् सम्बन्ध राख्ने कला भएका उहाँको सीके प्रसाईं, रामबाबु प्रसाईं, सीपी मैनाली, राधाकृष्ण मैनाली, द्रोणाचार्य क्षेत्री, केशवकुमार बुढाथोकी, निर्मल लामा, गणेशबहादुर प्रसाईं, बैरागी काइँला, नन्दकुमार प्रसाईं, भवानी घिमिरे, दान खालिङ, लीला उदासी, नरेश वर्मा, पद्मसुन्दर लावती, गोपालचन्द्रसिंह राजवंशी, नरेन्द्र खनाल, पीसी मुखिया लगायत राजनीतिक, साहित्यिक र सामाजिक जीवनका सयौं हस्तीहरूसित हार्दिकताजनित सम्बन्ध रहेको पाइन्छ ।

लगभग २०२२ सालबाट औपचारिक रूपमा पत्रकारिता शुरू गर्नुभएका निर्भीकले गोरखापत्र, समीक्षा, द कमनर, मातृभूमि, नेपाल सन्देश लगायत थुप्रै पत्रपत्रिकामा काम गर्नु भएको पाइन्छ । करीब ७ वर्ष जति समाचारदाताका रूपमा काम गरेर अनुभव बटुलेपछि २०२९ साल मंसीर १० गते आफै प्रकाशक र सम्पादक रहेर 'सिद्धार्थ' पाक्षिक पत्रिका दर्ता गर्नुभयो र तत्कालीन राजा वीरेन्द्रको २८ औं जन्मोत्सवको सन्दर्भ पारेर पूस १४ गते भद्रपुरबाट प्रकाशन थाल्नुभयो ।

त्यसपछि २०३७ साल मंसीर २० गते सिद्धार्थलाई साप्ताहिक बनाउनुभएका निर्भीकले २०३९ साल बैशाख १० गते भने दैनिक पत्रिका दर्ता गर्नुभयो । सोही वर्ष असार १३ गते युवराज दीपेन्द्र शाहको जन्मोत्सवको अवसर पारेर सो दैनिक पत्रिकाको प्रकाशनारम्भ भएको थियो । 'हिजो आज' नामको सो पत्रिका मेची अञ्चलकै पहिलो दैनिक हो । २०४७ साल साउन ७ गते उहाँले 'सिद्धार्थ'लाई अर्धसाप्ताहिक बनाउनुभएको थियो । ती दुबै पत्रिकाको नियमित प्रकाशन २०६२ सालपछि भने बन्द भयो ।

'हिजो आज' पत्रिका दर्ता हुनुको प्रसंग पनि रोचक छ । तत्कालीन नेपाल पत्रकार संघको केन्द्रीय सदस्य निर्भीक महाधिवेशनमा भाग लिन राजधानी जानुभएको थियो । राजा वीरेन्द्रबाट सो महाधिवेशन समुद्घाटन भएको संयोगका बीच राजाको दर्शनभेट पाउनुभएका निर्भीकले बिन्ती गर्नु भएछ– 'झापाबाट दैनिक पत्रिका प्रकाशन गर्ने इच्छा छ सरकार ! एक लाख रूपैयाँ धरौटी राख्ने व्यवस्था छ, धरौटी राख्न सक्दिन, धरौटी मिनाहा पाउँ सरकार !' उहाँको बिन्तीपछि राजाले तत्काल आफ्ना एडीसीलाई बोलाएर 'झापाबाट दैनिक पत्रिका प्रकाशन गर्ने व्यवस्था मिलाइदिनू । धरौटी रकम पनि अब नलिनू' भन्ने आदेश भएपछि मात्र हिजो आज पत्रिका प्रकाशन गर्ने इजाजत पाउन सफल भइयो– निर्भीकले नै भन्नुभएको कथन उहाँका लेखनीमा पाइन्छ ।

निर्भीक धेरै पत्रकारका गुरू हुनुहुन्थ्यो । उहाँले पत्रकारिता गर्न उत्प्रेरित गरेकाहरू र आफ्नो प्रकाशनमा स्थान दिएकाहरूमध्ये कतिपय अहिले पनि स्थानीयदेखि राष्ट्रियस्तरका पत्रपत्रिकासम्मै नामुद छन्; नेपाली पत्रकारितालाई हाँकिरहेका पनि छन् । नेपाली पत्रकारितासँगै पत्रकारिता सम्बद्ध सांगठनिक जग बसाउने मध्येका पनि एक अगुवा हुनुहुन्थ्यो उहाँ । २०४६ सालको पूस ८ गते राजधानीका वरिष्ठ पत्रकारहरू झापा आउनुभयो । नेपाल पत्रकार संघ (वियोगी समूह) गठन गर्न आउनुभएको टोलीमा स्वयम् गोविन्द वियोगी, हिरण्यलाल श्रेष्ठ, होमनाथ दाहाल, प्रेम कैदी, रघु पन्त, सोमनाथ घिमिरे, टीआर विश्वकर्मा, विनोद दीक्षित र हरिहर विरही लगायत हुनुहुन्थ्यो । उहाँहरूलाई चन्द्रगढीको कलवलगुडीमा बसोबासको व्यवस्था गरिएको थियो ।

सोही साँझ राजधानीबाट आएको टोलीसित झापाका पत्रकारहरूको छलफलपछि भोलिपल्ट सार्वजनिक गरिने कार्ययोजनाको प्रारूप तयार गरिएको थियो । सो संवादपछि पूस ९ गते जनप्रिय झापाली नेता एवम् तत्कालीन मन्त्री केशवकुमार बुढाथोकीको विशेष सहयोगमा कन्काई सिंचाई योजनाको गैंडेस्थित सभाकक्षमा कार्यक्रम भएको पत्रकारद्वय गोविन्दचन्द्र छेत्री र गोविन्द गुलाफको भनाइ छ । त्यहीं राजधानी एवम् झापाका पत्रकारहरूको संयुक्त भेलाले डिल्लीराम निर्भीकको संयोजकत्वमा नेपाल पत्रकार संघ, झापा जिल्ला शाखाको तदर्थ समिति गठन गर्नुका साथै झापा घोषणा–पत्र पनि सार्वजनिक गरेको थियो । ९ सदस्यीय सो कार्यसमितिमा पत्रकार निर्भीक करीब एक वर्ष सभापति रहनुभयो । उक्त गैंडे भेलामा झापाका ज्येष्ठ पत्रकार श्यामकृष्ण उपाध्याय, डिल्लीराम निर्भीक, गोविन्दचन्द्र छेत्री, मदन ढकाल, तारा बराल, भरत भूर्तेल, केशव आचार्य, सूर्य नेपाल र गोविन्द गुलाफको सहभागिता थियो ।

निर्भीक समाचार लेखेकै कारण जेल जाने पनि झापाका सम्भवतः पहिलो नै पत्रकार हुनु होला । २०३१ सालमा 'सिद्धार्थ' पत्रिकाले छापेको 'प्रहरीद्वारा महिलाको हत्या' शीर्षकको समाचार होस् कि मेची क्याम्पसको निर्माण हुँदै गर्दा सिमेन्ट कमिशनस्वरूप अन्तै लगिएको घटनाको भण्डाफोर गरिएको समाचार होस्; उहाँलाई अञ्चलाधीश कार्यालयले पक्राउ गरेर साढे ५ महिना झापा कारागारमा राखेको थियो । त्यसपछि पनि भद्रपुरमा मेची सिमाना इण्डियाले मिच्दै सीमा-पिलर नेपालतर्फ सार्दा पत्रिका मार्फत नै उहाँले यथा नाम-तथा काम भने झैं निर्भीकतापूर्वक विद्रोह गर्नुभएको थियो । त्यस काण्डमा भने तत्कालीन सीडीओले मौखिक र एसपीले पाका पत्रकार निर्भीकलाई शारीरिक दुर्व्यवहारसम्म गरेका थिए । विदेशी (इण्डियन) प्रशासनले सीमा अतिक्रमण गर्ने र त्यो अतिक्रमणको सशक्त विरोध गर्ने पत्रकार निर्भीकलाई स्वदेशी प्रशासकहरूले दुर्व्यवहार गरेको त्यो घटना उतिखेर राष्ट्रव्यापी रूपमा चर्चित बनेको थियो । गुपचुप गर्न खोजिएको त्यस्ता घटनाहरूलाई पञ्चायती व्यवस्थाका कट्टर प्रशासकहरूको चाहना विपरीत पत्रिका मार्फत सार्वजनिक गर्नु चानचुने हिम्मत थिएन ।

यद्यपि आफूलाई वैचारिक रूपमा 'स्वतन्त्र' बताउने गर्नुभएका पत्रकार निर्भीक राजनीतिक रूपमा भने पञ्चायती व्यवस्था समर्थक हुनुहुन्थ्यो । पञ्चायती शासकहरूसँग उहाँको पहुँच गतिलो थियो पनि भन्ने गरिन्थ्यो । तर पनि उहाँको अगाध निष्ठा भने राजतन्त्रप्रति थियो । तथापि पेशागत सवालमा भने आफ्नो करीब पाँच दशकको पत्रकारिता-यात्रामा उहाँ जहिल्यै प्रेस स्वतन्त्रताको पक्षधर रहनुभयो । पञ्चायती व्यवस्थामा शासक/प्रशासकहरूले गर्ने गरेका शोषण, भ्रष्टाचार, नाजायज हस्तक्षेप र बेथिति विरूद्ध जहिलेसुकै पत्रकारिता मार्फत निर्भीकले खबरदारी गरिरहनु भयो ।

डिल्लीराम निर्भीकको विगत संघर्षमय पाइन्छ । शान्तिपुर घरमा परिवारको गर्जो टार्ने राम्रै व्यवस्था भए पनि करीब १२ वर्षको उमेरमै घर त्यागेर खाली पैताला धुलाबारी झर्नुभएका उहाँले राइटर वीरबहादुर श्रेष्ठको संरक्षण पाउनुभएको विगत छ । २०१३ सालदेखि झापाको धुलाबारी मावि (तत्कालीन त्रिभुवन वीर मिडिल स्कूल)बाट ८ कक्षा, भद्रपुर हाईस्कूलमा ९ कक्षा र २०२० सालमा शनिश्चरे माविबाट एसएलसी गरेपछि उहाँ साहित्य र पत्रकारिता तर्फ आकर्षित हुनुभएको पाइन्छ । २०१६ सालमा शनिश्चरे माविको 'उषा' स्मारिकामा छापिएको कविताबाट साहित्य तर्फ कलम चलाउनुभएका उहाँका साहित्यिक रचना सिलिगुडीको 'बाडुली' र दार्जीलिङको 'आँखा'जस्ता पत्रिकामा पनि छापिन्थे । प्रारम्भमा बैकुण्ठे, कौशिक, डिल्लीराम शर्माका नामबाट साहित्यमा पहिचान बनाउनुभएका उहाँले कालान्तरमा पत्रकारितामै आफ्नो पहिचान स्थापित गर्नुभयो ।

जीविकोपार्जनका खातिर शनिश्चरे गाउँ पञ्चायतको सचिव हुँदै जिल्ला र अञ्चल पञ्चायतको वर्गीय संगठनको संयुक्त सचिव समेत बने पनि पत्रकारिता गर्ने हुट्हुटीले उहाँ आफैं त नामचीन पत्रकार हुनुभयो नै, धेरै पत्रकारका निम्ति गुरू पनि हुनुभयो । उहाँ सिंगो झापाली पत्रकारिताको एक प्रेरक व्यक्तित्व हुनुहुन्थ्यो । झापाको र समग्र देशकै पत्रकारितामा पत्रकार निर्भीकको अविस्मरणीय योगदान छ ।

सदैव व्यस्त, जनसम्पर्कका धनी र बहिर्मुखी स्वभावका हक्की पत्रकार निर्भीक प्रेस काउन्सिल नेपालमा दुई कार्यकाल सदस्य हुनुभयो । नेपाल पत्रकार महासंघको केन्द्रीय सदस्यमा पनि निर्वाचित उहाँ नेपाल प्रेस इन्स्टिच्युट, क्षेत्रीय सञ्चार स्रोत केन्द्र लगायत सूचना-सञ्चार सम्बद्ध विभिन्न संघ-संस्थामा आबद्ध रहनुभयो । उहाँले यूरोप र सार्कका गरी दर्जनभन्दा बढी विदेश घुम्ने अवसर समेत पाउनुभयो ।

झापा जिल्लाको सदरमुकाम नगर भद्रपुर- ८ मा निर्भीकको थातथलो थियो । तर, यहाँको क्याम्पस मोडस्थित घर बहालमा दिएर निधन हुनुभन्दा करीब ४ वर्ष अघिदेखि उहाँ स्थायी रूपमै काठमाडौंस्थित घरमा बसोबास गर्नु हुन्थ्यो, यद्यपि कहिलेकाहीं भद्रपुर पनि आउजाउ गरिरहनु हुन्थ्यो । पत्रकारसँगै उहाँ एकताका निर्वाचित जनप्रतिनिधि समेत बन्नुभएको थियो । भद्रपुर नगर पञ्चायतको तत्कालीन वडा न.-१५ का वडाध्यक्षका रूपमा कार्यकाल सम्हाल्दा उहाँले विकासप्रेमी पहिचान बनाउनुभएको थियो । उहाँको संघर्षमय कर्मशील जीवनगाथा प्रेरक रहेको छ ।

भनिन्छ- एउटा पुरूषको सफलता वा विफलतामा महिलाको भूमिका महत्वपूर्ण हुन्छ । पत्रकारका रूपमा डिल्लीराम निर्भीकलाई सफल बनाउन पनि उहाँकी अर्धाङ्गिनी पार्वती कर्माचार्य शर्माको अहम् योगदान छ । इलामे कर्माचार्य परिवारकी छोरी पार्वती नेपाल राष्ट्र बैंकमा कर्मचारी हुनुहुन्थ्यो र आर्थिक व्ययभार आफ्ना पतिलाई भरपुर सहयोग पुऱ्याउने गर्नुभएको थियो । जसबाट शून्यबाट उठेका पत्रकार निर्भीक एक स्थापित पत्रकार बन्न सफल हुनुभएको थियो ।

काठमाडौं बसाइँ सरेपछि उहाँ पत्रकारिताबाट पृथक हुनुहुन्थ्यो । तर, आफ्नो जीवनकालमै उहाँले 'पत्रकारिता परिवेश : विविध विचार' (२०५५ साल फागुन) नामक १७२ पृष्ठको पुस्तक र 'नेपाली पत्रकारितामा निर्भीक' (२०७० साल माघ) नामक ८४८ पृष्ठको ग्रन्थ प्रकाशन गर्नुभएको थियो । ती दुबै पुस्तकमा देशका नामचीन पत्रकारहरूका साथै सामाजिक एवम् राजनीतिक जीवनका विविध फाँटमा कहलिएका र लब्धप्रतिष्ठित लेखकहरूले उहाँको लेखन र चिन्तन बारे मूल्यांकन गरेका छन् ।

मेरो पत्रकारिताको पाठशाला 'हिजो आज' दैनिक समाचार-पत्र नै हो । जसको प्रकाशक र प्रधान सम्पादक डिल्लीराम निर्भीक हुनुहुन्थ्यो । २०४१ सालदेखि पत्रकारिताको क ख रा सिक्न थालेको मलाई उहाँले नै २०४२ साल जेठ १४ गते औपचारिक रूपमा 'हिजो आज' दैनिक र 'सिद्धार्थ' साप्ताहिक (पछि, २०४७ साल साउनदेखि अर्धसाप्ताहिक भएको) को 'कार्यालय प्रतिनिधि' बनाउनुभएको थियो । उहाँ मेरा स्थानीय अभिभावक समेत हुनुहुन्थ्यो । उहाँकै सान्निध्यका कारण म आज पत्रकारिता क्षेत्रमा छु ।

स्मरणीय वरिष्ठ पत्रकार निर्भीकको परिवारमा हाल उहाँकी श्रीमती पार्वती कर्माचार्य र दुई योग्य र सक्षम छोरा- अर्पण र अञ्जन हुनुहुन्छ ।

अब अन्त्यमा, विभिन्न मानिसहरूसँगको कुराकानीका क्रममा प्रायःजसो मेरा आदरणीय पथप्रदर्शक डिल्लीराम निर्भीकले 'Man is mortal, but memory is immortal ('मानिस नश्वर छ, तर स्मृति अमर छ') भन्ने गर्नु हुन्थ्यो । कीर्तिशेष अगावै सम्झनामा रहिरहने कर्म गर्नु भएका उहाँले शायद मृत्युको आकस्मिकतालाई भापेरै त्यसो भन्नुभएको हुन सक्छ । हो रहेछ, आज उहाँको स्मृति मात्र झापाली पत्रकारहरूसँग छ । उहाँको निधनबाट नेपाली पत्रकारिता जगतले प्रेस स्वतन्त्रताका हिमायती, नेतृत्व क्षमताका धनी र एक कुशल पत्रकार गुमाएको छ । शततः श्रद्धाञ्जलि निर्भीक दाइ...!

**प्रस्तुति : राजबाबु शंकर**



# राजनीति र पत्रकारिताका आदर्श सेतु

**द्रोणाचार्य क्षेत्री**

पत्रकारिता एउटा जटिल तर कलात्मक पेशा हो । हतारको साहित्य अर्थात् समयको कथा दुरूस्तै कहने शिल्प हो । समय अर्थात् पत्रकारले साक्षात्कार गरेको घडी, देखेको, भोगेको र अनुभव गरेको समयको कथालाई जस्ताको तस्तै समाचारका शब्दहरूमा उतार्नु निक्कै आकर्षक सीप मानिन्छ । यसकारण पत्रकार र पत्रकारिताको मान-प्रतिष्ठा छ । यस्तो कठिन र जटिल काम गर्न थालेको पनि दुई दशक भइसकेको छ ।

यसै क्रममा नजिकबाट देखे-भोगेको भन्दा पनि अलिक बढी सुने-पढेको समयको कथा लेख्नु पर्ने जिम्मेवारी आयो । यस्तो जिम्मेवारी नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाका लागि आदरणीय पत्रकारहरु गोपाल गिरी र राजबाबु शंकरले सुम्पनु भएको हो । यो जिम्मेवारी इतिहास लेखन चाहिं होइन । इतिहासका पत्रहरूको उत्खनन् हो । जसले इतिहासलाई पुष्टि गर्न तथ्यहरु अघि सार्दछन् र बितेको समयलाई स्मरणमा ल्याउन मद्दत गर्दछन् । यो जिम्मेवारीका लागि योग्य सम्झेकाले नेपाल पत्रकार महासंघ झापा शाखा र अग्रज पत्रकार गोपाल गिरी र राजबाबु शंकरप्रति हार्दिक नमन ।

म स्मरण गर्छु, इतिहास बनिसकेको एउटा कालजयी खण्ड र त्यसका पात्र द्रोणाचार्य क्षेत्रीलाई; जसलाई मैले प्रत्यक्ष देख्ने र भोग्ने अवसर पाइन । मैले उनलाई परबाट देखेको र धेरै सुनेको, थोरै पढेको हुँ । उनका बारेमा सुनेको र पढेकै आधारमा एउटा सुन्दर, स्पष्ट र गर्विलो व्यक्तित्व मेरो मानसपटलमा कोरिएको छ ।

विशेष गरेर राजनीतिमा एउटा इमान र निष्ठाको धरोहरका रूपमा मैले द्रोणाचार्यलाई सम्झने गरेको छु । हो, उनै एक निष्ठावान जनताका सेवक, जनताका प्रिय छोराका बारेमा केही शब्दहरु संयोजन गर्ने मेरो प्रयास हो यो । यो आलेख उनका बारेमा विभिन्न समयमा लेखिएका लेख, रचना र उनका समकालीन व्यक्तित्वहरूसँगको कुराकानी अनि भनाइहरूका आधारमा तयार गरिएको हो । यसमा मेरो आफ्ना कुरा कम छन् ।

**संक्षिप्त जीवनी :**

द्रोणाचार्य क्षेत्रीको पूरा नाम द्रोण प्रसाद आचार्य हो । उनको जन्म तेह्रथुमको आठराई चुहानडाँडा फुकानदिन भन्ने गाउँमा वि.स. २००२ मंसीर महिनाको मसान्तमा भएको भन्ने छ । निम्नवर्गीय किसान परिवारमा उनी जन्मिएका थिए । उनका बुवाका ३ वटी श्रीमतीमध्ये माइली पट्टिबाट उनी जन्मिएका थिए । माइली पट्टिका ४ छोरी र २ छोरामध्ये उनी कान्छा छोरा थिए । जेठी तर्फ ४ छोरा र २

छोरी, कान्छी तर्फ १ छोरा र १ छोरी थिए । उनको परिवार ठूलो थियो । बुवा पदमबहादुर आचार्य र आमा जालपादेवी आचार्यका सन्तान द्रोणप्रसाद आचार्यको बाल्यकाल पहाडकै गाउँमा बितेको थियो । सानैदेखि साहसी र चञ्चले स्वभावका द्रोणको शिक्षाको प्रारम्भ पनि गाउँमै स्थापना भएको शारदा माविबाट शुरू भएको थियो । वि.स. २०१० बाट उनी विद्यालय जान थालेका थिए । आजभन्दा ७० वर्ष अघिको हाम्रो समाज, चेतना र सामाजिक परिवेशको हामी अनुमान गर्न सक्छौं । त्यो बेलामा द्रोणको बाल्यकाल बितेको थियो । उनको बाल्यकालको दैनिकी घाँसपात, दाउरा, स्याउला, घर, गोठ गर्दै बित्थ्यो ।

जीविकोपार्जनका निम्ति मानिसले गर्नु पर्ने संघर्षको कथा त्यसबेलाको समयमा अझ धेरै अत्यासलाग्दो थियो । आर्थिक, सामाजिक रूपमा जर्जर हुँदै गएको राज्य व्यवस्थाको असर नागरिकमा पनि पर्ने नै भयो । द्रोणका पिताजी पनि यो संकट मोचनका लागि मुग्लाङ पस्न बाध्य भए । वि.स. २०१५ तिर द्रोणका बुवा आसाम भासिएपछि उनको जीवन झन् कष्टकर बन्यो । त्यसले द्रोणको पढाइलाई असर पुऱ्यायो । बुवाको आसाम पलायनपछि सानैमा पढाइसँगै पारिवारिक जिम्मेवारी पनि द्रोणको काँधमा आएको थियो । उनले केही समय त्यहीँका विद्यालयमा पढाउने पनि काम गरेको कुरा उनका सहपाठीहरूले बताएका छन् । द्रोण पनि धेरै समयसम्म पहाडैमा अडिन सकेनन् ।

वि.स.२०१७ तिर उनी पनि आसाम आवतजावत गर्न थाले । पछि, उतै आसामतिरै बस्न थालेका द्रोणको २०२२ साल फागुन २९ गते आसाममै वेदकी क्षेत्रीसँग विवाह भयो । विवाह भएकै वर्षको अन्तिमतिर झापाको भद्रपुरमा आएर बस्न थाले उनी । सोही क्रममा उनले आफ्नो पढाइलाई पनि निरन्तरता दिँदै आएका थिए । २०२४ सालमा धरानबाट एस.एल.सी. उत्तीर्ण गरेका द्रोणले त्यसपछि शिक्षण पेशालाई निरन्तरता दिए । यसै क्रममा २०२६ सालमा उनले आई.ए. पनि उत्तीर्ण गरे । पृथ्वी नमूना विद्यालयको प्रधानाध्यापक भई उनले शिक्षा क्षेत्रमा प्रशंसनीय योगदान गरेका थिए ।

यस बीचमा द्रोणका जीवनमा ठूल्ठूला घटना र बज्रपातहरू भए । २०२० सालमा बुवाको निधन, पहिलो सन्तान छोरोको एक वर्ष पुग्न नपाउँदै निमोनियाबाट २०२५ सालमा निधन र २०२८ सालमा आमाले पनि यो धरा छोडेर जानुभयो । बाल्यकालदेखि नै द्रोणको जीवन दुःख, कष्ट र संघर्षको हुण्डरीमा मडारिँदै आइरहेको थियो । झापा आएपछि उनले शिक्षण पेशासँगै राजनीति गर्न थालेपछि परिवारमा झन् संकट आउन थालेको थियो । उनका ३ सन्तानहरू छोरी दीपा,

छोराहरू कमल र देवेन्द्र हुर्काउने, पढाउने सबै घरव्यवहारको जिम्मेवारी श्रीमती वेदकीको काँधमा आयो ।

पारिवारिक जिम्मेवारी, आर्थिक सामाजिक अवस्था र राजनैतिक चेतका कारण द्रोण समाज परिवर्तनको संघर्षमा पनि सक्रिय बन्दै गएका थिए । शिक्षण पेशासँगै पत्रकारिता र राजनीति पनि सँगसँगै गरिरहेका द्रोणले पञ्चायती व्यवस्था विरूद्धका संघर्षहरूमा आफूलाई संलग्न गराउँदै आएका थिए । उनले जनपक्षीय उम्मेदवार बनेर राष्ट्रिय पञ्चायतमा र पछि बहुदल आएपछि समेत नेपालको संसद्मा प्रतिनिधित्व गरेका थिए ।

उनी सांसद रहेकै अवस्थामा बिरामी परे । २०५० साल असार ६ गते उपचारकै क्रममा जनताका प्रिय नेता द्रोणको निधन भयो । उनलाई पेन्क्रियाजमा क्यान्सर भएर उपचारका लागि इण्डियाको दिल्लीस्थित एम्स अस्पताल लगिएको थियो । द्रोणको संघर्षपूर्ण जीवनको मुख्य सारथिका रूपमा उनकी अर्धाङ्गिनी वेदकीको भूमिका अतुलनीय रहेको छ ।

**साहित्यिक साधना :**

निरंकुश जहानियाँ राणा शासनका बेला जन्मिएका द्रोणले बाल्यकालमै प्रजातन्त्र सुन्न पाए । आफ्नो जीवनको किशोरवयभरि प्रजातन्त्र चलेको भए पनि दुर्गम गाउँ पहाडसम्म त्यसको आलोक पुगिसकेको थिएन । आर्थिक सामाजिक अवस्था अत्यन्तै पछौटे र राजनीतिक अवस्था निरंकुश भएका कारण केही पढे–लेखेका युवाहरूको मनमा उकुसमुकुस हुने र विद्रोही अर्थात् बागी बन्ने अवस्था थियो । यसले द्रोणको मनलाई पनि असर गरिरहेको थियो । बाल्यकालदेखि नै प्रकृतिप्रेमी, भावुक र संवेदनशील स्वभावका भए पनि पारिवारिक समस्या, संकट र संघर्षले उनलाई विद्रोही बनाउँदै लगेको थियो ।

एउटा सचेत व्यक्तिको मस्तिष्कबाट कहिले कथाका रूपमा त कहिले कविताका रूपमा समाजको वास्तविकता प्रष्फुटित हुनु स्वाभाविक हो । यसै सिलसिलामा कथाकारका रूपमा द्रोणले दर्जन जति कथाहरू सिर्जना गरेका छन् । 'नुनिला आँशु' कथा संग्रहमा उनका ८ वटा कथा संग्रहित छन् । सो संग्रहमा भएका कथाहरूले तत्कालीन समाजको चित्रण र मौजुदा व्यवस्थामाथि प्रहार गरेका छन् । विशेष गरेर 'चिताको धुवाँ', 'नुनिला आँशु', 'पागल', 'डढेलो' जस्ता कथाहरू मार्फत उनी सशक्त कथाकारका रूपमा रहे ।

द्रोणले आफ्नो साहित्य सिर्जनाको क्षेत्रलाई कथामै मात्र सीमित गरेका छैनन् । उनले दर्जन जति कविता पनि लेखेका छन् । उनका कवितामा विद्रोह चेत छ,

देशप्रेमले ओतप्रोत छ र छ– विप्लवी भावना । यसरी उनी एक प्रगतिशील कविका रूपमा आफ्नो स्पष्ट छवि बनाउन सफल छन् । उनका 'लेनिनवाद जिन्दावाद', 'घाइते झापा र मेरो देशको सार्वभौमिकता', 'सुस्ता', 'भोकाएकाहरूको गीत', 'बगान हडतालमा छ', 'प्रजातन्त्र : एक अभिव्यक्ति' जस्ता कविताहरूले अवस्था र व्यवस्था बदल्ने चाह राखेका छन् ।

द्रोणले कथा र कवितामा मात्रै पनि आफ्नो सिर्जनालाई सीमित गरेनन् । उनका संस्मरणहरू, निबन्धहरु र राजनीतिक आलेख तथा पत्रहरु पनि पर्याप्त छन् । समयकालले जन्माएको एक क्रान्तिकारी सर्जकका रूपमा उनलाई यसरी पनि देख्न र पढ्न सकिन्छ ।

**राजनीतिक यात्रा ः**

निरंकुश राज्य व्यवस्था, आर्थिक–सामाजिक पछौटेपन र पारिवारिक संकटहरूले जेलिएको एक नवयुवक मौजुदा अवस्थामा शान्तिसँग बस्नु सक्दो रहेनछ । सामाजिक–राजनीतिक उकुसमुकुसले जो कोही सचेत मानिसलाई हुँडल्छ । त्यस्तो परिस्थितिले द्रोणलाई पनि भित्रभित्रै हुँडलिरहेको थियो । आफूले वाल्यकालमा सुनेको प्रजातन्त्र र किशोरकालमा व्यहोरेको निरंकुश शासन व्यवस्थाले द्रोणलाई राजनीतिप्रति चनाखो बनाएको थियो । प्रजातन्त्रको हरण र पञ्चायतको प्रारम्भकै बेला तत्कालीन नेपाली कांग्रेस लगायतका दलहरूले गरेका सभा र कार्यक्रमहरु द्रोणले देखे र भोगेका थिए ।

त्यही बेला आसाम बसाइकै क्रममा उनलाई त्यहाँ रहेका प्रवासी नेपालीहरूको पीडा पनि नजिकैबाट महसूस गर्ने अवसर प्राप्त भयो । त्यस्तो मनोभाव र एकप्रकारको विद्रोही चेत सहित झापा आएका द्रोणले पारिवारिक जिम्मेवारी सहित राजनीतिमा पनि चासो राखेको पाइन्छ । पहिलेदेखि नै मार्क्सवादी दर्शन अध्ययन गर्ने, कम्युनिष्ट विचारप्रति आकर्षित हुँदै आएका उनले बामपन्थीहरूसँगको संगत पाए । २०२२ सालतिर द्रोणले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गरेपछि सक्रिय राजनीतिमा प्रवेश गरेको उनका समकालीनहरु बताउँछन् ।

पार्टी सम्पर्कमा आएपछि उनले विभिन्न जिम्मेवारीहरु निर्वाह गरेका थिए । विद्यार्थी राजनीति मार्फत केन्द्रीय सदस्यसम्म बनेका द्रोणको राजनीतिक जीवन पनि अभाव र उथलपुथलपूर्ण रह्यो । राजनीतिमा इमान, निष्ठा र नैतिकतालाई मुख्य आधार मान्ने द्रौणको विचारले धेरै पटक संकट र समस्या झेल्नु परेको सम्झना आफूसँग रहेको उनका समकालीन राजनीतिकर्मी केशव कुमार बुढाथोकीले बताएका थिए । द्रोणलाई स्मरण गर्दै बुढाथोकीले भनेका थिए, 'उहाँ एक इमान्दार

र निष्ठावान नेता हो । उहाँ कुनै विचार वा पार्टीको भन्दा पनि जनता र देशको नेता हुनुहुन्थ्यो ।' सबैलाई मिलाएर लिएर जाने खुबी द्रोणमा रहेको नेता बुढाथोकीको कथन थियो । २०४३ सालको राष्ट्रिय पञ्चायत सदस्य (सांसद) को निर्वाचनमा झापा जिल्लाबाट निर्वाचित हुनेमध्ये केशव कुमार बुढाथोकीसँगै द्रोणाचार्य क्षेत्री पनि थिए ।

त्यसबेला राष्ट्रिय पञ्चायतमा द्रोणाचार्यसँगै पद्मरत्न तुलाधर, जागृत प्रसाद भेटवाल, भीम बहादुर श्रेष्ठ र सोमनाथ अधिकारी प्यासीहरूको भूमिका संसदीय अभ्यासमा आज पनि स्मरणीय रहेको द्रोणाचार्य स्मृति प्रतिष्ठान–नेपालका अध्यक्ष रवीन कोइराला बताउँछन् । 'द्रोणाचार्य संसद्मा प्रस्तुत हुँदा तत्कालीन राज्य व्यवस्था नै थर्कमान हुन्थ्यो । वास्तविक जनताका प्रतिनिधिका रूपमा द्रोण राष्ट्रिय पञ्चायतमा प्रस्तुत हुने र जनजीविकाका मुद्दाहरू मुखरित गर्ने गरेको' कोइरालाले सुनाए ।

सादा जीवन र जनता पक्षधर शैलीले द्रोणलाई सबैको प्यारो बनाएको उनका समकालीन साथी तथा वरिष्ठ अधिवक्ता लीला उदासी स्मरण गर्छन् । द्रोणका बारेमा उदासीले संस्मरणमा लेखेका छन्–'द्रोणका असल विचार र व्यवहार अहिले बीउका रूपमा छर्नु र हुर्काउनु पर्ने बेला आएको छ ।'

'राजनीतिबाट निष्ठा, इमान र आदर्श हराएको वर्तमानमा उदासी द्रोणलाई यसरी सम्झन्छन्, 'व्यक्ति तथा पारिवारिक मोहमा उहाँ कहिल्यै लाग्नु भएन । बाँचुञ्जेल उहाँ डेरामा बस्नुभयो । आफू भोकै बसेर पनि जनताको सेवामा रमाउन चाहने उहाँका केही अद्भुत गुणहरू थिए । उहाँ एक सरल, जनताका असली मित्र र राजनेता हुनुहुन्थ्यो ।' *(स्मृति दिवसका अवसरमा प्रकाशित आलेखबाट)*

नेपालको कम्युनिष्ट तथा प्रजातान्त्रिक आन्दोलनको वर्तमान अवस्थामा पनि द्रोणाचार्यका विचार र आदर्शहरू उत्तिकै सान्दर्भिक लाग्दछन् । द्रोणको विचार र योगदान स्मरण गर्दै अग्रज पत्रकार चन्द्र भण्डारीले यस्तो लेखेका छन्:, 'द्रोणाचार्य बाम एकताको मात्र कुरा गर्नु हुन्नथ्यो । प्रजातन्त्रको स्थापनासँगसँगै देखापर्न थालेका दक्षिणपन्थी तथा देशी–विदेशी प्रतिक्रियावादी शक्तिहरूबीचको गठबन्धनलाई परास्त गरेर एउटा नयाँ शक्तिको निर्माण गर्नका निम्ति बाम तथा प्रजातान्त्रिक शक्तिहरू बीचको मोर्चा स्थापित गर्न उहाँ क्रियाशील हुनुहुन्थ्यो ।' *(द्रोणाचार्य स्मृति ग्रन्थ, २०५१)* भण्डारीले द्रोणलाई सिद्धान्तनिष्ठ मात्र नभएर एउटा दूरदर्शी नेताको रूपमा समेत स्मरण गरेका छन् ।

एउटा सन्दर्भमा साहित्यकार तथा प्राध्यापक दान खालिङले द्रोण बारे यस्तो

टिप्पणी गरेका छन् : 'द्रोणजी सानै उमेरदेखि संघर्षशील हुन्, उनी राम्रा र इमान्दार मित्र हुन सक्छन् । उनी साधारणताबाट दृढता र लगनद्वारा क्रमशः माथि उक्लेका व्यक्ति हुन्...। ...उनलाई नराम्रो मान्छे भन्ने मान्छे विरलै होलान्...।' *(द्रोणाचार्य स्मृति ग्रन्थ, २०५१)*

निरंकुश पञ्चायती व्यवस्था २०४६ साल चैत २६ मा ढल्यो र देशमा पुनः प्रजातन्त्र बहाली भयो । २०४८ सालको आम निर्वाचन मार्फत झापाको क्षेत्र नम्बर–१ बाट द्रोण फेरि प्रतिनिधिसभा सदस्यका रूपमा निर्वाचित भए । जनताका प्रिय नेता जनताकै काममा व्यस्त रहेकै बेला उनी बिरामी परे । संसद्मा २०४९ सालको हिउँदे अधिवेशन चलिरहेकै बेला उनलाई जण्डिस देखियो । उपचारकै क्रममा हुँदा सदन सकिएपछि २०५० साल बैशाखमा उनलाई थप उपचारका लागि दिल्ली लगियो । पेन्क्रियाजमा भएको क्यान्सरको उपचार सम्भव नभएपछि २०५० साल असार ६ गते जनताका मित्र, असल र सरल व्यक्ति द्रोणाचार्य क्षेत्रीको असामयिक निधन भयो । उनको पार्थिव शरीरलाई असार ७ गते दिल्लीबाट काठमाण्डौ ल्याइयो र एक दिन काठमाण्डौमै खुलामञ्चमा श्रद्धाञ्जलिका लागि राखियो । दोस्रो दिन असार ८ गते झापा ल्याइयो र चन्द्रगढी रंगशालामा श्रद्धाञ्जलिका लागि राखियो ।

द्रोणको मृत्युले शोकमा डुबेको झापा जिल्लाबासीको जनसागरले उनलाई असार ९ गते पवित्र कनकाई माई नदीमा अन्तिम श्रद्धाञ्जलि सहित दाहसंस्कार गरेर बिदाइ गरेको थियो । द्रोणको निधन भएपछि खाली भएको झापाको तत्कालीन निर्वाचन क्षेत्रमा उपनिर्वाचन भएको थियो । सो निर्वाचनमा पार्टीले लीला उदासीलाई उम्मेदवार बनाएको थियो । तर, उदासी निर्वाचित हुन सकेनन् । द्रोणको अवसानपछि उनको विरासतको रक्षा हुन सकेन । यसरी एउटा असल नागरिक, जनताको मित्र, निष्ठाको धरोहर सदाका लागि ढलेको थियो ।

**पत्रकारिताको कथा :**

नेकपा एमाले निकट पत्रकारहरूको संगठन प्रेस चौतारी झापाले द्रोणाचार्य क्षेत्रीको स्मृतिमा एउटा पत्रकारिता पुरस्कार वितरण गर्दै आएको छ । 'द्रोणाचार्य क्षेत्री पत्रकारिता पुरस्कार' नामबाट वितरण गर्रिंदै आएको सो पुरस्कार यस पटक (२०८०) भने द्रोणाचार्य स्मृति प्रतिष्ठान र प्रेस चौतारी झापाले संयुक्त रूपमा वितरण गर्‍यो । यो पुरस्कार स्थापनाको गर्भ भनेकै द्रोणाचार्यले आफ्नो जीवनकालमा पत्रकारितामा पुर्‍याएको योगदानको स्मरण र चर्चा गर्नु हो ।

शिक्षक तथा विद्यार्थी जीवनमै द्रोणले धरानबाट प्रकाशित हुने 'दोभान' को सम्पादन गर्ने कार्यबाट उनको पत्रकारितामा उपस्थिति देखिन्छ । आफू पनि कथा, कविता, लेख–रचना लेख्ने, परिवर्तनकारी सोच भएका कारण पत्रिकाको सम्पादनको जिम्मेवारी पनि कुशलतापूर्वक निर्वाह गरेकाले पत्रिकाको ओज पनि आकाशिएको थियो । २०२४ सालतिर धरानमा भएका 'छात्र शिक्षक'हरूको सक्रियतामा दोभान पत्रिका प्रकाशन हुँदै आएको थियो । पछि, २०२५ सालमा झापाको शनिश्चरेमा सम्पन्न मेची अञ्चलस्तरीय साहित्यिक सम्मेलन र त्यसपछिबाट प्रकाशन हुन थालेको 'पञ्चामृत' मासिक पत्रिकाको प्रकाशनमा द्रोणको भूमिका उल्लेख्य रहेको पाइन्छ ।

द्रोणले नेपाली पत्रकारितामा पुर्‍याएको योगदान उच्च छ । आफ्नो दैनिकी, पारिवारिक जिम्मेवारी र राजनीतिक संलग्नताका बाबजुद पत्रकारिता र यसको श्रीवृद्धिका लागि द्रोणले महत्वपूर्ण योगदान गरेका छन् । बन्द समाज, निरंकुश व्यवस्था र आर्थिक संकटका कारण जनताको अवस्था अत्यन्तै दयनीय बन्दै गइरहेको थियो । राजनीतिक विचारहरु प्रवाह गर्ने माध्यमहरूको अभाव थियो । भएका केही पत्रपत्रिकाहरु पनि सरकार र पञ्चहरूकै नियन्त्रणमा थिए । सोझै सरकारविरोधी कुरा गर्न पाइन्नथ्यो । त्यस्तो अवस्थामा पत्रिका प्रकाशन गर्नु र जनताका कुरा गुर्न फलामको चिउरा चपाउनु जत्तिकै गाह्रो काम थियो । त्यस्तो बेलामा राजनीति र पत्रकारितालाई सँगसँगै लिएर हिंड्न सक्नु एउटा विशिष्ट कलाका रूपमा मान्नु पर्छ । द्रोणले राजनीति र पत्रकारिताको सम्बन्ध सेतुका रूपमा आफ्नो गतिविधिलाई केन्द्रित गरेका थिए ।

द्रोणाचार्यले पत्रकारितामा गरेको योगदानको स्मरण उनको स्मृति ग्रन्थमा यसरी गरिएको छ : 'दोभान, साँचो, मोती, कन्तुर, पञ्चामृतको प्रकाशनमा संलग्नता पश्चात् द्रौणले समाचारपत्रतिर हात हालेका थिए । भद्रपुरमा कुनै यस्तो पत्रिका रहेन, जसमा द्रोणको योगदान नहोस्' उनले 'सिद्धार्थ, युगज्ञान, सूर्योदय लगायतका पत्रिकाको लेखन तथा सम्पादन गरेका थिए ।

द्रोणाचार्यले पत्रकारितामा गरेको योगदानलाई स्मरण गर्दै झापाको पहिलो पुस्ताका अग्रज पत्रकार एस.एल. शर्माले यस्तो लेखेका छन् : "...उदीयमान विद्यार्थीहरूबाट 'पञ्चामृत' नामक पत्रिका प्रकाशन गर्ने निर्णयलाई साकार रूप दिनमा मुद्रण (प्रेस) को खाँचो भयो र तत्कालीन 'पञ्चामृत' परिवारको उक्त खाँचो पूरा गर्ने विषयमा मैले वचन दिएँ । यो तारतम्य मिलाउनेमा पनि माध्यम द्रोणजी नै थिए ।" यो अभियानमा द्रोणसँग सीपी मैनाली, आरके मैनाली, अमृत बुढाथोकी लगायतको साथ थियो । *(ऐ., ग्रन्थ २०५१)*

द्रोणाचार्यका पत्रकारिता जीवनको स्मरण गर्दै अग्रज पत्रकार नकुल काजी लेख्छन् : '...२०३२/३३ सालतिर उहाँले अर्धसाप्ताहिक 'विवेचना' एक/डेढ वर्ष जति काम गर्नुभयो । ...विवेचनामा त्यसरी संलग्न हुनु अघि भद्रपुरकै 'आलोक' साप्ताहिकमा प्रेस तर्फ प्रूफ रिडिङको काम गर्नुभयो... ।' *(ऐ. ग्रन्थ, २०५१)*

जब-जब राज्य आतंक बढ्थ्यो, पञ्चायतको दमन शुरू हुन्थ्यो; त्यसबेला द्रोणाचार्यले पत्रकारिताको माध्यमबाट जनताका कुरा बाहिर ल्याउने र राज्यलाई दबाब सिर्जना गर्ने गर्दथे । जनताका पक्षमा लेख-रचना र सम्पादकीय लेख्ने, विचारहरु प्रवाह गर्ने, विभिन्न स्थानमा भएका जनविरोधी घटनाहरूलाई महत्वका साथ पत्रिकामा स्थान दिने र राजनीतिक घटनाहरु जनसमक्ष पुर्‍याउने कार्यमा उनले विशेष भूमिका निर्वाह गर्ने गर्थे । यसरी पत्रकारिता र राजनीतिलाई अविच्छिन्न संघर्षको साथी र अधिकार प्राप्तिको लडाइँमा महत्वपूर्ण साधनका रूपमा अभ्यास गरेका थिए । उनको जीविकोपार्जनको माध्यम भने शिक्षण पेशा नै थियो ।

आदर्श र इमानको धरोहर द्रोणाचार्यका कर्म र राजनीतिका बारेमा अग्रज पत्रकार चन्द्र भण्डारीको यो भनाइसँगै यो आलेखको बिट मार्न चाहन्छु । 'जुन मान्छे दुई-दुई चोटी राष्ट्रको विधायक बन्न सक्यो, जसले विवाह गरेर आफ्नी दुलहीलाई डेरामै भित्र्यायो र आफू मरेर गएपछि उसको काजकिरिया पनि डेरामै सम्पन्न भयो, नेपालमा त्यस्ता कुनै महापुरूष थिए भने द्रोणाचार्य नै हुनुहुन्थ्यो ।' *(ऐ.ग्रन्थ, २०५१)*

२०८०।०८।१३

**प्रस्तुति : सन्तोष आचार्य**

*– काँकडभिट्टा (झापा)*



# पत्रकारिताका प्रेरक व्यक्तित्व

## गोविन्दचन्द्र छेत्री

नेपाली राजनीतिक प्रणाली मात्र नभई पत्रकारिता प्रणालीका बारेमा राम्रो अनुभव बटुल्नु भएको छ– अग्रज पत्रकार गोविन्दचन्द्र छेत्रीले । आठ दशक पार गर्दा समेत अझै पत्रकारितामा सक्रिय छेत्री सबैका लागि प्रेरणाको स्रोत बन्नुभएको छ । उहाँ भन्नु हुन्छ– '८० वर्षको भएँ, अब जरूरी काम पर्दा मात्र रिर्पोटिङका लागि निस्कन्छु । नत्र प्रविधिको युग छ, घरबाटै सबै काम गर्छु ।'

७९ वर्ष उमेर नाघिसक्दा पनि १९ वर्षको जस्तो जोश भएका छेत्री झापाली मात्र नभई समग्र नेपाली पत्रकारका लागि ज्ञान, अनुभव र सक्रियताका प्रतीक बन्नुभएको छ । पञ्चायती व्यवस्था, संवैधानिक राजतन्त्र हुँदै गणतन्त्रसम्म आइसक्दा समेत आफ्नो पत्रकारिता–यात्रालाई निरन्तरता दिइरहनुभएका छेत्री पछिल्लो समय पत्रकारितामाथिको विश्वसनीयतामा प्रश्न उठ्न थालेको प्रति भने चिन्तित हुनुहुन्छ । राजनीतिक अभीष्ट पूरा गर्न केही शक्तिले पत्रकारिताको चरम दुरूपयोग गर्दा समग्र पत्रकारिता क्षेत्रमाथि प्रश्न उठ्न थालेको भन्दै उहाँ सम्झनु हुन्छ– विगतमा आफूले लेखेका कतिपय समाचारहरूले राष्ट्रिय स्तरको मात्र नभई अन्तर्राष्ट्रिय क्षेत्रको पनि ध्यान खिच्न सफल भएको थियो ।

वि.स. २०१० मा प्रकाशन शुरू भएको झापाको पहिलो समाचार पत्रिका 'केटो', २०२१ सालमा 'युवक' र २०२७ सालबाट साप्ताहिक 'आलोक' हुँदै श्यामकृष्ण उपाध्यायद्वारा सम्पादित एवम् प्रकाशित 'युवक' साप्ताहिक मार्फत सम्पादक उपाध्यायको घच्चघचाइबाट पत्रकारिता क्षेत्रमा प्रवेश गर्नुभएको हो । उनै श्यामकृष्णलाई आफ्नो पत्रकारिताको गुरू मान्नु हुन्छ, छेत्री ।

झापा जिल्लाका जेठा पत्रकार श्यामकृष्णले पत्रकारिता क्षेत्रमा प्रवेश गराएको समयमा आफू शिक्षक रहेको छेत्री सम्झनु हुन्छ । २०२५ सालबाट पत्रकारिता क्षेत्रमा औपचारिक रूपमा प्रवेश गर्नुभएका छेत्रीले २०३० देखि २०३३ सालसम्म झापाको भद्रपुरबाट प्रकाशित 'युगज्ञान' साप्ताहिक समाचार पत्रिकाको सम्पादन गर्नुभयो । २०३४ देखि २०३६ सालसम्म काठमाडौंबाट प्रकाशित 'नयाँ सन्देश', साप्ताहिकको झापा समाचारदाता, २०३६ देखि २०४६ सालसम्म काठमाडौंबाट प्रकाशित 'जनमञ्च' साप्ताहिकको झापा समाचारदाता, २०४६ देखि २०४९ सालसम्म काठमाडौंबाट प्रकाशित 'साप्ताहिक विमर्श'को झापा समाचारदाता, २०४९ देखि २०५२ सालसम्म 'गोरखापत्र' दैनिकको झापा समाचारदाता रहनुभयो । २०५२ देखि २०५६ सालसम्म झापाको बिर्तामोडबाट प्रकाशित 'पूर्वाञ्चल' दैनिकको संस्थापक–सम्पादक हुनुहुन्थ्यो, छेत्री ।

साथै, २०५६ देखि २०५८ सालसम्म काठमाडौंबाट प्रकाशित 'लोकतन्त्र' र 'हिमालय टाइम्स' दैनिकको झापा समाचारदाता, २०५८ सालदेखि काठमाडौंबाट

प्रकाशित 'अन्नपूर्ण पोष्ट' नेपाली दैनिक हुँदै हाल सोही प्रकाशनको 'दि हिमालयन टाइम्स' अंग्रेजी दैनिकमा झापा समाचारदाताको रूपमा पत्रकारिता-यात्रालाई निरन्तरता दिइरहनु भएको छ । झापा बिर्तामोडबाट प्रकाशित 'अर्जुनधारा' दैनिकको संस्थापक प्रधान सम्पादकको जिम्मेवारी पनि सम्हाल्नुभएका उहाँ भद्रपुरमा नागरिक एफ.एम.को संस्थापक प्रबन्ध-निर्देशक पनि रहनुभयो ।

हाल उहाँ भद्रपुरबाट प्रकाशित 'नयाँ सन्दर्भ' साप्ताहिक र नयाँ सन्दर्भ डटकम समेतका प्रकाशक एवम् प्रधान सम्पादकको भूमिकामा रहेर काम गरिरहनुभएको छ । चिठ्ठी पठाए झैं खामबन्दी गरेर हुलाक मार्फत समाचार पठाएर उहाँले शुरू गरेको पत्रकारिता आज ई-मेल र इन्टरनेटको जमानासम्म आइपुग्दा पनि नयाँ पुस्ता सँग-सँगै अझै पत्रकारितामा आफ्नो अब्बल भूमिका प्रस्तुत गरिरहनुभएको छ । उहाँसँगै पत्रकारिता गर्नेहरु कतिपय आज निष्क्रिय झैं भइसक्दा उहाँ भने अहिले पनि दैनिक आफ्नो पत्रकारिता कर्ममा अनवरत हुनुहुन्छ ।

पत्रकारितासँगै विभिन्न संघ-संस्थाको जिम्मेवारी पनि निर्वाह गर्ने क्रममा छेत्रीले २०२९ सालदेखि २०३१ सालसम्म तत्कालीन नेपाल पत्रकार संघको मेची अञ्चल सभापति, सन् १९८४ मा भद्रपुर जेसीजको अध्यक्ष, २०४९ देखि २०५३ सालसम्म नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाको सभापति, २०६१ देखि २०६७ सालसम्म (दुई कार्यकाल) नेपाल प्रेस युनियन, झापा शाखाको अध्यक्ष, २०६५ देखि २०६७ सालसम्म नेपाल पत्रकार महासंघको केन्द्रीय सल्लाहकार, २०७३ सालदेखि नेपाल प्रेस युनियनको मेची अञ्चल संयोजक एवम् केन्द्रीय सदस्य, २०७२ फागुन—२०७९ साल असार ११ सम्म प्रेस क्लब-भद्रपुरको अध्यक्षको जिम्मेवारी कुशलताका साथ बहन गर्नुभएको थियो ।

सबै पक्षलाई समान व्यवहार गर्ने छेत्रीमा सबै उमेरवयका व्यक्तिसँग मिल्ने कौशल पाइन्छ । उहाँ भन्नु हुन्छ- 'पत्रकारिताले कसैलाई पक्षपात गर्दैन, सबैलाई समान ब्यवहार गरेर हरेक सूचना प्रवाह गर्दै समाजलाई सही बाटो निर्देशन गर्न खबरदारी गरिरहनु पर्छ ।' पूर्वी पहाडी जिल्ला धनकुटाको छिन्ताङमा २००१ साल जेठ २ गते माता कृष्णमाया थापा र पिता टेकबहादुर थापाको सुपुत्रका रूपमा जन्मनुभएका गोविन्दचन्द्र छेत्रीले स्नातक तहसम्म अध्ययन गर्नुभएको छ । झापाको भद्रपुर नगरपालिका- ६ स्थायी ठेगाना भएका छेत्रीले झापाको पत्रकारितामा अतुलनीय योगदान पुऱ्याउनुभएको छ ।

**पुरस्कार एवम् सम्मान :**

पत्रकार छेत्रीले विभिन्न संघ-संस्थाको जिम्मेवारी सम्हालेसँगै उहाँले विभिन्न

संघ-संस्थाबाट पुरस्कार तथा सम्मान पनि पाउनुभएको छ । उहाँ 'श्यामकृष्ण उपाध्याय स्मृति पत्रकारिता पुरस्कार', 'एस.एल. शर्मा स्मृति पत्रकारिता पुरस्कार', भद्रपुर नगरपालिकाद्वारा पत्रकारिता पुरस्कार तथा सम्मान, मोती पत्रकारिता पुरस्कार तथा सम्मान, नेपाल प्रेस काउन्सिलद्वारा सक्रिय पत्रकारिता पुरस्कार, पत्रकार महासंघद्वारा दीर्घ सेवा पत्रकारिता पुरस्कार, प्रदेश- १ सरकारद्वारा प्रदेश पत्रकारिता पुरस्कार-२०७८, भद्रपुर नगरपालिकाबाट पहिलो पटक 'दीर्घ सेवा सम्मान २०८०' बाट सम्मानित एवम् पुरस्कृत हुनुभएको छ ।

त्यस्तै, नेपाल पत्रकार महासंघ, नेपाल प्रेस युनियन, प्रेस चौतारी, पूर्वाञ्चल दैनिक, सुपारी व्यवसायी संघ, नेपाली कांग्रेस, नेपाल जेसीज, मेची उद्योग वाणिज्य संघ धुलाबारी, भट्टराई कूलवंश प्रतिष्ठानका साथै टंकप्रसाद-रमादेवी स्मृति पत्रकारिता पुरस्कार, खगेन्द्र स्मृति पत्रकारिता पुरस्कार, ओम साई पाथीभरा हस्पिटल भद्रपुरद्वारा स्थापित पत्रकारिता पुरस्कार लगायत विभिन्न संघ-संस्थाद्वारा सम्मानित एवम् पुरस्कृत हुनुभएको छ ।

अग्रज पत्रकार छेत्रीले पत्रकारिता क्षेत्रमा पुर्‍याएको योगदान तथा पत्रकारिता मार्फत समाज रूपान्तरणमा खेलेको भूमिका प्रेरक मान्ने गरिन्छ ।

**शिक्षण पेशामा रहँदा सरकारी कोपभाजन :**

छेत्री ८ वर्ष शिक्षण पेशामा हुनुहुन्थ्यो । २०२१ सालमा 'शारदा माध्यमिक विद्यालय (बालिका विद्यालय)' भद्रपुरमा शिक्षक पदमा नियुक्ति भएर २०२८ सालसम्म कार्यरत रहनुभयो । २०२१ सालबाटै बालिका विद्यालय भद्रपुरको भवनमा शुरू गरिएको 'रात्रि पाठशाला'को स्थापना गर्न टिकेन्द्रकुमार खड्काको अग्रसरतामा उहाँ पनि सँगसँगै सहभागी हुनुहुन्थ्यो । २०२३ सालदेखि रात्रि पाठशालाको कार्यवाहक प्रधानाध्यापक भएर २०२८ सालसम्म काम गर्नुभयो । उहाँ भद्रपुर माध्यमिक विद्यालयको भवनमा २०२१ सालबाटै शुरू गरिएको 'मेची इन्टर कलेज'को पहिलो ब्याचको विद्यार्थी समेत हुनुहुन्थ्यो ।

२०२५ सालतिरको एउटा घटना उहाँको स्मृतिमा ताजै छ । झापामा भएको उक्त घटनालाई 'एस्.पी. शैलेन्द्र काण्ड' भनिन्थ्यो । सरकारविरोधी उक्त आन्दोलनमा झापाका प्रमुख नेतादेखि जिल्लाभरिका विद्यार्थी र विशेषगरी भद्रपुरका प्रत्येक घरबाट सहभागिता जनाइएको उहाँको भनाइ छ । विरोध कार्यक्रमको संयोजन र अगुवाइ केशवकुमार बुढाथोकी र जीतबहादुर पुरीले गरेका थिए । विरोध जुलुस चन्द्रगढीदेखि भद्रपुरसम्म अविच्छिन्न ३ किलोमिटरभन्दा लामो थियो । सो घटनामा जिल्लास्तरीय नेता रामबाबु प्रसाईं, द्रोणाचार्य क्षेत्री, हर्कलाल गिरीदेखि भद्रपुर

नगरपालिकाका कर्मचारी चन्द्र कार्कीसम्मलाई जेल चलान गरिएको थियो । सोही अवसरमा रात्रि पाठशालाको प्रधानाध्यापक भएको निहुँमा आफूलाई पनि जेल हालिएको छेत्रीको भनाइ छ ।

त्यसबेलाको घटना स्मरण गर्दै उहाँ भन्नु हुन्छ– 'म भद्रपुरको भानुनगरस्थित अम्बिकाप्रसाद पराजुलीको घरमा डेरा गरी बस्थें । कसैले ढोका ढक्ढकायो, खोलेर हेर्दा जिल्ला प्रहरी कार्यालयबाट आएका इन्स्पेक्टर गोविन्द श्रेष्ठ रहेछन् । आफैंले चलाएको रसियन जीपको फ्रन्टसिटमै बसाएर उनले लगे । गाडी सोझै जिल्ला प्रहरी कार्यालयमा पुगेर रोकियो र एकछिन बस्तै गर्न भनेर इन्स्पेक्टर श्रेष्ठ भित्र गए । १० मिनटपछि आएर श्रेष्ठले मलाई सोही गाडीमा अञ्चलाधीश निवासस्थानमा पुऱ्याए । अञ्चलाधीश थिए, चिनजानकै मनमोहन मिश्र । मलाई बस्ने आदेश दिँदै अञ्चलाधीश मिश्रले प्रश्न गरे– 'तपाईंले किन रात्रि पाठशालाका विद्यार्थीलाई विरोध कार्यक्रममा सहभागी गराएको ?' अञ्चलाधीशसँग यस अघि पनि गफगाफ गर्ने गरेको हुँदा मैले धक नमानिकन जवाफ फर्काएँ– 'अञ्चलाधीशज्यू ! यो प्रश्न त तपाईंले प्रहरी प्रमुख र कार्यालय प्रमुखसँग गर्नु पर्ने हो, किनभने उहाँहरूकै मातहतका कर्मचारी हुन् मेरा विद्यार्थी (रात्रि पाठशालामा निम्न तहका प्रहरी, कर्मचारीहरु अध्ययन गर्थे) । मेरो काम विद्यालयमा उपस्थित हुनेहरूलाई पढाउने हो । अरू बेलाको जिम्मेवारी त मेरो होइन ।'

'मेरो जवाफ सुनेर अञ्चलाधीश एकछिन घोरिए र मलाई बाहिर बस्दै गर्न आदेश भयो । त्यसपछि इन्स्पेक्टरलाई कोठाभित्र बोलाएर उनीसँग के कुरा भयो, मलाई थाहा भएन । तर, बाहिर आएर इन्स्पेक्टरले सोही गाडीमा चढ्न भने र सिधै एसपी शैलेन्द्र सिंह समक्ष पुर्‍याए । एसपी शैलेन्द्रले अञ्चलाधीशको निर्देशनमा मलाई निर्दोष भएको सुनाउँदै डेरासम्म पुऱ्याउन प्रहरी जवानलाई आदेश दिएलगत्तै प्रहरीले गाडीमा चढाएर कोठासम्म पुऱ्याए । उक्त आन्दोलनको क्रममा त्यसरी लगिएका व्यक्तिलाई प्रहरी कस्टडी अथवा सिधै जेल चलान गर्ने गरिएको थियो । तर, मलाई भने त्यसो गरिएन ।'

'त्यसैगरी, म 'युगज्ञान'को सम्पादक भएताका पञ्चायत पक्षधरका समाचार पत्रिकामा, तत्कालीन झापा जिल्ला पञ्चायतका सदस्य, मोहनलाल अग्रवाल फरार भन्ने समाचार आयो । सो समयमा श्यामकृष्ण उपाध्यायको सम्पादनमा 'आलोक' नामको पत्रिका प्रकाशित हुन्थ्यो । त्यसको कार्यालय मोहनलाल अग्रवालकै घरमा भाडामा थियो । उक्त समाचार पढेर सम्पादक श्यामकृष्णले मलाई बोलाएर भन्नुभयो– 'गोविन्दजी ! मोहनलाल यहीँ घरमै छन्, समाचार आयो यस्तो । यो

समाचार झुठो हो । त्यसैले मोहनलाल फरार भएको समाचार गलत हो, उनी घरमै छन् भनेर समाचार दिनु पर्‍यो । होइन त ? र त्यो समाचार तपाईं युगज्ञानमा छाप्नुहोस्, म आलोकमा छाप्छु, ल !'– भन्नुभयो ।'

'मेरा त पत्रकारिताका गुरू नै हुनुहुन्थ्यो, श्यामकृष्ण । फेरि भएन, कुरो सत्य थियो । मैले पनि छापें, उहाँले पनि छाप्नुभयो । भोलिपल्ट हामी दुबैलाई अञ्चलाधीशबाट बोलावट भयो । हामी पुग्ने बित्तिकै अञ्चलाधीश कड्किए, 'यो समाचार किन छापियो ? प्रशासनले के मकशदले किन छाप्न लगायो, कुरै नबुझी खण्डन गर्ने ?' श्यामकृष्णले जवाफ दिए– 'मेरो पत्रिकाको कार्यालय मोहनलालकै घरमा छ । मोहनलाल घरमै छन् । त्यसैले छापेको ।' सुनेपछि अञ्चलाधीशको प्रतिक्रिया थियो– 'त्यो म केही जान्दिन, नगरपालिकाको गेष्ट हाउसमा विशेष प्रहरी आएर बसेको छ । भोलि बिहान १० बजे त्यहाँ गएर उसले के–के सोध्छ, जवाफ दिन जानुस् ।' भोलिपल्टदेखि लगातार एक महिनासम्म विशेष प्रहरीकोमा धाइयो । विशेष प्रहरीका अधिकृत श्यामकृष्णसँग परिचित रहेछन् । के–के मिलाएर छुट्कारा दिलाए । यस्तो दुःख पनि भोगियो ।'

**राजनीतिमा संलग्नता :**

पत्रकार छेत्रीले शिक्षण, पत्रकारिता मात्र नभई राजनीतिक क्षेत्रमा पनि विभिन्न जिम्मेवारी सम्हाल्नुभयो । २०३८ साल चैतमा भएको पहिलो आम निर्वाचनमा, पञ्चायतभित्र प्रजातन्त्रको संरक्षण र विस्तार गर्न जरूरी भएको त्यो समयमा निर्वाचनमा भाग लिन भरतबाबु प्रसाईंको निर्देशनमा उहाँ भद्रपुर नगरपालिकाको उपप्रधानपञ्चमा उम्मेदवारी दिएर विजयी हुनुभयो ।

घटना २०३९ साल साउन ६ गतेको हो । कार्यवाहक प्रधानपञ्च भएको बेलाको एउटा घटना स्मरण गर्दै छेत्री भन्नु हुन्छ– 'कांग्रेसका धरोहर बीपी कोइरालाको निधनको खवर आयो । नगरपालिकाले शोक मनाउने विषयमा पक्ष र विपक्षमा विवाद भयो । जसरी पनि म लगायत एकाध साथीहरू शोक मनाउने दृढ मनस्थितिमा रहेकाले, केही गर्दा पनि उपाय नलागेपछि, एउटा छिर्ने बाटो पहिल्याएर मैले– 'बीपी राजनीतिज्ञ मात्रै त होइनन् । उनी एक प्रखर साहित्यकार पनि हुन् । त्यसैले राजनीतिज्ञका रूपमा शोक व्यक्त नगरे पनि साहित्यकारको रूपमा उहाँको निधनमा शोक व्यक्त गर्न आपत्ति मान्नुपर्ने कारण म त केही देख्दिन' भनेर मनाएपछि नगरपालिकामा एक दिन शोक बिदा भयो ।'

पत्रकारितालाई सधैं निष्पक्ष र स्वतन्त्र बनाउनुपर्छ भन्ने मान्यतामा दृढ रहनुभएका छेत्री आफूले लेखेका समाचारले अन्तर्राष्ट्रिय स्तरकै ध्यान तान्न सफल भएको

अहिले पनि सम्झनु हुन्छ । २०६२-६३ सालको जनआन्दोलनका समयमा भद्रपुरमा भारतको सीमावर्ती गलगलियाबाट आउने मगन्तेको विषयमा समाचार प्रकाशन गरेपछि उनीहरूलाई प्रशासनले निषेध गरेको थियो । त्यसैताका आगलागीमा परेर घर जलेपछि बालबालिकालाई खाद्यान्न र अध्ययनमा भएको समस्यालाई समेटेर प्रकाशित गरेको समाचार तथा तस्वीरपछि विभिन्न अन्तर्राष्ट्रिय सहायता संस्थाले आफूलाई सम्पर्क गरेर ती पीडितहरूलाई सहयोग गरेकोमा छेत्री गर्व गर्छन् ।

पत्रकारितासँगै दक्ष कार्टुनिष्टको रूपमा पनि कुशल छेत्री भन्छन्- 'पछिल्लो समयमा पत्रकारिता क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धाका कारण पत्रकारितामाथिको विश्वसनीयता घट्दै गएको छ ।' उनी निष्ठाको पत्रकारिता गर्ने अग्रज पत्रकारका रूपमा परिचित छन् ।

यो उमेरमा पनि आफैं समाचार टाइप गर्ने र ई-मेल इन्टरनेटमा दखल राख्ने छेत्री सम्भवतः सूचना प्रविधिसँग खेल्ने अग्रज पुस्ताका पत्रकार हुन् । सकेसम्म पत्रकारिता कर्म नछाड्ने बताउने छेत्री पत्रकारिता क्षेत्रलाई अझ जिम्मेवार बनाउन र सुधार गर्नका लागि अध्ययन तथा तालिम लिनु पर्नेमा जोड दिन्छन् । राजनीतिक र आर्थिक अभीष्ट पूरा गर्नका लागि केही पत्रकारहरू पत्रकारिता क्षेत्रमा प्रवेश गर्दा समग्र पत्रकारिता नै बदनाम बन्दै गएकोप्रति उनी चिन्तित छन् । ८० वर्षको उमेरमा पनि मोटरसाइकल चलाएर रिपोर्टिङका लागि पुग्ने गरेका छेत्रीले पत्रकारिता क्षेत्रमा आउन चाहने र आएका युवा पुस्तालाई पत्रकारिताको मर्म र धर्मबाट विचलित नभई सत्य र तथ्यमा आधारित सूचनाहरू सम्प्रेषण गर्न सुझाव दिने गर्छन् ।

**प्रस्तुति : नरेन्द्र ढकाल**



# पत्रकारितामा स्थापित नाम

## भरत कोइराला

झापाली पत्रकारिताको एउटा स्थापित नाम हो– भरत कोइराला । तत्कालीन पहाडको विकट जिल्ला भोजपुरस्थित सिद्धेश्वर गाविस– ६ मा पर्ने दावाँ (हालः भोजपुर नगरपालिका-४) मा २००६ साल असार १२ गते पिता अच्युतानन्द र माता लीलादेवी कोइरालाका जेठो सन्तानका रूपमा यस धर्तीमा पदार्पण गर्नुभएका उहाँ हाल पनि पत्रकारितामा सम्बद्ध हुनुहुन्छ ।

कोइराला १७ वर्षको उमेरमा २०२३ सालमा बसाइँसराइको क्रममा झापा चन्द्रगढीमा आउनुभएको हो । भद्रपुरमा रहेको मेची बहुमुखी क्याम्पसमा बीए.सम्म अध्ययन गर्नुभएका कोइरालाले २०२८ सालबाट पत्रकारितामा प्रवेश गर्नुभयो । उहाँ भद्रपुरका अग्रज वरिष्ठ पत्रकार नकुल काजीद्वारा प्रकाशित एवम् सम्पादित 'विवेचना' पत्रिकाको प्रतिनिधिका रुपमा संलग्न हुनुभयो ।

उहाँ नकुल काजीलाई आफ्नो पत्रकारिताको पहिलो गुरू मान्नु हुन्छ । पत्रकारितामा रूचिको विकास हुँदै गएपछि उहाँले २०३३ सालदेखि झापा जिल्ला पञ्चायतद्वारा प्रकाशित 'पञ्चायत' मासिकमा सम्पादकको रूपमा काम गर्नुभयो । पश्चिम बंगालको सिलिगुडीबाट प्रकाशित नेपाली दैनिक अखबार 'हिमालचुली'मा नेपालबाट वि.स. २०४५ देखि ५ वर्षसम्म संवाददाता भई उहाँले काम गर्नुभयो ।

वरिष्ठ पत्रकार हरिहर विरहीको 'साप्ताहिक विमर्श'मा २०४५ सालदेखि झापा संवाददाताका रूपमा र २०५० सालमा सोही पत्रिकाको उप-सम्पादक नियुक्त भएपछि उहाँले काठमाडौंमा नै बसी पत्रकारिता गर्न थाल्नुभयो । वरिष्ठ पत्रकार देवप्रकाश त्रिपाठीद्वारा सम्पादित 'घटना र विचार' साप्ताहिकसँग २०६० सालदेखि जोडिएको सुनाउने उहाँसँग पञ्चायत, बहुदल र गणतन्त्र गरी ३ वटै शासन व्यवस्थाकालमा काम गरेको अनुभव छ ।

साथै, उपासना मिडिया ग्रुपद्वारा प्रकाशित एवम् नेपाल पत्रकार महासंघका पूर्वसभापति विष्णु निष्ठुरी सम्पादक रहेको 'सरल' पत्रिका तथा 'दृश्य टीभी डटकम'मा हाल सल्लाहकार सम्पादक रहनुभएका उहाँ बुद्धभूमि सञ्चार गृहद्वारा प्रकाशित तथा पुराना पत्रकार महेन्द्र पाण्डेद्वारा सम्पादित 'रिर्पोट नेपाल डटकम'का अतिथि सम्पादक पनि हुनुहुन्छ ।

झापाका ज्येष्ठ पत्रकार श्यामकृष्ण उपाध्यायको स्मृतिमा स्थापित 'श्यामकृष्ण पत्रकारिता पुरस्कार'बाट २०५५ सालमा र अन्य विभिन्न पुरस्कारबाट सम्मानित उहाँ 'विमर्श'मा कार्यरत रहेकै अवस्थामा नेपाल पत्रकार महासंघ लगायत पत्रकारितासित सम्बन्धित विभिन्न संस्थाको सदस्य रहनुभएका कोइराला 'सम्पादक समाज नेपाल'को केन्द्रीय सदस्य रहँदाताका सोही संस्थाको प्रतिनिधिमण्डलमा सामेल भएर ११

सेप्टेम्बर २००१ देखि १० दिने चीन भ्रमण गर्नुभएको थियो ।

पत्रकारिता यात्राका क्रममा जेलनेल भोग्नु नपरे पनि आफ्नो समयमा पत्रकारिता गर्न मुश्किल भएको उहाँको अनुभव छ । त्यसबखत हालको जस्तो वाक तथा प्रकाशन स्वतन्त्रता थिएन । लेखाइमा कुनै तल–माथि र व्यवस्थाविरोधी लेख–रचना प्रकाशित भएमा धाकधम्की र प्रशासनले कडा कारवाही गर्ने गरेको उहाँ बताउनु हुन्छ ।

ट्रेडल प्रविधिमा शुरू भएको पत्रकारितादेखि फ्ल्याट र अफ्सेट हुँदै हाल मल्टिमिडियासम्मको प्रविधिको छलाङसँगै आजको पत्रकारिता सहज र सरल रहेको उहाँको बुझाइ छ । तर, संविधानले दिएको अवसर तथा प्रविधिले प्रदान गरेको सुविधालाई आजका पत्रकारहरूले पूर्ण जिम्मेवारीका साथ पालना गर्न नसकिरहेको तथा कतिपय अनपेक्षित एवम् गैर–जिम्मेवारीपूर्ण प्रस्तुति हुने गरेको पनि उहाँको मूल्यांकन छ ।

**अतीतका सम्झना**

झापाबाट पत्रकारिता गर्दागर्दै कोइराला सीमान्त नदी मेचीपारि दार्जीलिङ–सिक्किमतिर भइरहेको राजनीति र गोर्खाल्याण्ड आन्दोलनप्रति आकर्षित हुनुभयो र त्यहाँ गएर प्रत्यक्ष देखेका विवरणहरू संकलन गरेर रिपोर्टिङ गर्न थाल्नुभयो । उहाँको रिपोर्टिङ विस्तृत र सजीव हुने गरेकोले त्यतिखेरको 'साप्ताहिक विमर्श'ले आफूलाई प्रवास (भरत) क्षेत्र हेर्ने जिम्मेवारी समेत दिएको बताउने उहाँको रिपोर्टिङले दार्जीलिङ–सिक्किमको राजनैतिक एवम् सामाजिक वातावरणसँग नेपाललाई जोड्ने काम मात्र गरेन; गोर्खाल्याण्ड आन्दोलनप्रति जनमत निर्माण गर्न समेत योगदान पुऱ्यायो ।

उहाँले गोर्खाल्याण्ड आन्दोलनको सन्दर्भमा दार्जीलिङमा नै गई आन्दोलनका नायक  सुवास घिसिङका विचारहरू संकलन गर्ने र त्यहाँको वस्तुस्थिति साप्ताहिक विमर्शमा रिपोर्टिङ गर्ने गर्नु हुन्थ्यो । कोइराला भन्नु हुन्छ– "दार्जीलिङको 'गोर्खाल्याण्ड' आन्दोलनको रिपोर्टिङ गर्दागर्दै त्यहाँका नेपालीहरूले मलाई रिपोर्टिङकै लागि सिक्किमसम्म पुऱ्याए । नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गराउन आन्दोलनको नेतृत्व गरिरहेका सिक्किमका तत्कालीन मुख्यमन्त्री, राजनीतिज्ञ तथा साहित्यकार नरबहादुर भण्डारी र उहाँकी धर्मपत्नी तत्कालीन लोकसभाकी सांसद दिलकुमारी भण्डारीसँग मेरो निकटता भयो ।"

तत्कालीन भारतीय प्रधानमन्त्री पी.भी. नरसिंह रावले सांसद श्रीमती भण्डारीको तर्क, विचार एवम् आग्रह र अनुरोधलाई त्यसबखत चलिरहेको लोकसभाको अधिवेशनबाट सर्वसम्मत रूपमा पारित गराई भारतीय संविधानमा नेपाली भाषालाई

राष्ट्र भाषाको मान्यता दिलाउन महत्वपूर्ण योगदान दिएको स्मरण गर्दै उक्त आन्दोलनका समाचारहरु पनि बारम्बार साप्ताहिक विमर्शमा रिपोर्टिङ गर्ने गरेको उहाँको स्मरणमा छ ।

भारतमा रहेका नेपालीहरूले भाषा आन्दोलन चलाइरहेकै समयमा नेपालमा बहुदलीय राजनीतिक प्रणाली स्थापना भएपश्चात् आएका तत्कालीन भारतीय प्रधानमन्त्री चन्द्रशेखरले सोल्टी होटलमा गर्नुभएको पत्रकार सम्मेलनमा नेपाली भाषाका सम्बन्धमा मैले जिज्ञासा राख्दा प्रधानमन्त्री शेखरले "तपाईंहरु नेपालका नेपाली भएर आफ्नो समस्या समाधान र संविधान निर्माणका लगि लाग्नुस् न, किन भारतमा बोलिने भाषा र भारतको संविधानको चिन्ता गर्नु हुन्छ ?" भनेर जवाफ दिएको उहाँ स्मरण गर्नु हुन्छ । त्यो समाचार त्यस बखत सिलिगुडीबाट प्रकाशित 'हिमालचुली' नेपाली दैनिकले उच्च महत्वका साथ प्रकाशित गरेको थियो ।

नेपाली भाषाले भारतमा संवैधानिक मान्यता पाएपछि भने सिक्किममा मुख्यमन्त्रीका रूपमा राजनीतिज्ञ एवम् साहित्यकार पवन चाम्लिङको उदय भयो । भण्डारीको सरकारमा चाम्लिङ सञ्चारमन्त्री हुँदाका बखत उहाँले प्रकाशन गरेको "अन्तहीन सपना मेरो विपना" नामक काव्य संग्रहलाई नेपालका पत्रपत्रिका मार्फत समीक्षा गरिदिन आफूले भूमिका निभाएको उहाँको भनाइ छ ।

विमर्शमा प्रकाशनार्थ हरिहर विरहीले तत्कालीन मुख्यमन्त्री भण्डारीसँग लिएको एक अन्तरवार्ताका क्रममा भण्डारीले "सिक्किमलाई भारतमा गाभिए पनि आफ्नो मन र मुटु भारतीय नबनेको' बताउँदै 'म नेपाली हुँ, मलाई भारतीय नभन्नुस्" भन्नुभएको थियो । उक्त अन्तरवार्ता प्रकाशित भएपछि भारतीय कांग्रेस आई समर्थित नेताहरूले त्यही अन्तरवार्ताको आड लिएर भण्डारीलाई देशद्रोहको मुद्दा लगाई पदच्यूत गर्ने जमर्को समेत गरेको उहाँ सम्झनु हुन्छ । जुन अन्तरवार्ता भारतको केन्द्रीय राजनीतिक वृत्त तथा मूलधारका सञ्चारमाध्यममा समेत विशेष चर्चाको विषय बनेको थियो ।

**प्रस्तुति : उत्तम नेपाल**



# शालीन पत्रकार

## मदन ढकाल

'मदन सर' झापाका एक सौम्य र शालीन पत्रकार मानिन्छन् । कलमसँग मोह राख्नेहरूका मार्गदर्शक, उत्प्रेरणा र ऊर्जाका स्रोत थिए उनी । अझ भन्ने हो भने मुलुकको पत्रकारिताको विकासक्रम अनि संघर्ष देख्ने साक्षीका रूपमा चिनिन्छन् - मदन ढकाल ।

नम्र अनि शिष्ट बोलीचाली, व्यवहारमा समानता तथा सदाशयता राख्ने 'मदन सर'को मूल पेशा पत्रकारिता भएपछि बहुआयामिक व्यक्तित्वका रूपमा चिनिएका उनी कर्मठ, सत्यवादी र परोपकारी थिए ।

मोफसलको लोकप्रिय 'पूर्वाञ्चल' दैनिक पत्रिकाका तत्कालीन प्रधान सम्पादक, नेपाली पत्रकारिताका अग्रज व्यक्तित्व ढकालको जन्म वि.स. २००९ साल जेठ १९ गते आइतबार तत्कालीन अनारमनी-१ राइटर गाउँ, खोपवाडीमा भएको थियो । तुलसादेवी ढकाल (स्व) र परशुराम ढकाल (स्व) का जेठा पुत्ररत्नका रूपमा जन्मिएका ढकालले बाँचुञ्जेल पत्रकारिता, साहित्य र शिक्षा क्षेत्रको सेवा गरिरहे । ढकालको निधन २०७३ मंसीर २३ गते भएपनि उनले नेपाली पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदान एउटा प्रेरणा पुञ्जका रूपमा अविस्मरणीय छ । मधुमेह, उच्च रक्तचाप, मृगौला रोगसँग लामो र कठोर संघर्ष गर्दागर्दै फोक्सोको निमोनियासमेत भएपछि ६४ बर्षको उमेरमा उनले भौतिक शरीर त्याग गरेका थिए ।

सबैका प्रिय 'मदन सर' लाई मदन ढकाल, गाजले बाजे, कुलावंशी साहित्यालंकार, एम.उपमन्यू नामले समेत चिनिए । उनको खास नाम मदनकुमार ढकाल भए पनि 'मदन सर' भएर सबैको मनमा बसिरहे ।

राजनीति नै समाचारको मूल स्रोत ठान्ने परम्परावादी सोचाइ राख्नेहरूका लागि एक उदाहरणीय पात्र बने 'मदन सर' । बिर्तामोडको विकासक्रम शुरू भएसँगै हुर्किएको 'मदन सर'को पत्रकारिताको योगदान नेपाली पत्रकारिता क्षेत्रको विकासक्रमका लागि अतुलनीय छ ।

'मदन सर'को पत्रकारिताको जग साहित्य हो । बाल्यावस्थामा साहित्य क्षेत्रमा कलम चलाउँदै आए पनि समाज रूपान्तरणका लागि लेखनमा प्रजातन्त्र, मानवता, शान्ति र राष्ट्र प्रेमलाई प्राथमिकतामा राख्दै पूर्णकालीन पत्रकारितामै रमाएका कारण उनले पत्रकारिताको कद उँचो बनाए ।

राजा महेन्द्रले पूर्व-पश्चिम राजमार्गको निर्माणका लागि कच्ची बाटो बनाएसँगै बिर्तामोडको विकासक्रम पनि शुरू भयो । यस पंक्तिकारको जानकारीमा आएअनुसार, बिर्तामोडको विकासक्रमसँगै ढकालले पहिलो पत्रपत्रिका सेन्टर खोले, जसको नाम थियो- कुलावंशी पत्रपत्रिका सेन्टर । यसबाट पनि प्रष्ट हुन्छ- ढकालको कागजसँग

निकै मोह थियो । घुम्तीमा खोलिएको पत्रपत्रिका सेन्टर सञ्चालनसँगै उनले पछि विश्वदीप मुद्रणालय, 'विश्वदीप' साहित्यिक पत्रिका र 'शनिवार' साप्ताहिक गर्दै हुर्काएको बिर्तामोडको पत्रकारिता विस्तारै झाँगिएको हो ।

कागजसँग गाँसिएको नातामा ढकालले जीवनको अन्तिम क्षणसम्म अक्षरको खेती गरिरहे । अक्षरको खेतीमा निपूण उनलाई खोज्न देश-देशान्तरका मानिस आउने गर्थे । लेखकीय सीप राम्रो भएका कारण राजाको अभिनन्दन समेत ढकाललाई नै लेखाउँथे । लेखनसँगै अभिनय, गायन, नृत्यमा समेत निपूण ढकाल परिवारमा भने सबैका 'ठूल्दाजु' थिए । उनलाई छोरा-छोरीले समेत ठूल्दाजु भनेर सम्बोधन गर्थे ।

**बाल्यकाल :**

सानैदेखि सिर्जनशील स्वभावका ढकाल विद्यार्थी छँदा नै अरू विद्यार्थीभन्दा फरक स्वभावका थिए । अनारमनी स्कूलबाट प्रारम्भिक शिक्षा लिएका ढकालले कक्षा- ७ देखि शनिश्चरे हाईस्कूल पढे । उनी सानैदेखि 'अभिनय' गर्ने, लेख्ने, गाउने गरेकै कारण जिल्लास्तरीय कार्यक्रममा उत्कृष्ट स्थान हासिल गरेसँगै गुरूका नजरमा परेका ढकालको पहिचान त्यो बेलादेखि नै बढेको थियो ।

शनिश्चरे हाईस्कूल जिल्लाको पुरानो विद्यालय मध्येको एक हो । जिल्लाका पढा-लेखा मानिसको बसोबास रहेको शनिश्चरेमा साहित्यिक गतिविधि हुने गर्थ्यो । त्यस्ता गतिविधिमा ढकालको नियमित सक्रिय सहभागिता रहन्थ्यो । त्यो बेला हाईस्कूलका शिक्षक शिवप्रसाद दाहालको सहयोग थियो, उनलाई । स्कूलमा बाक्लै साहित्यिक गतिविधि हुने गरेकाले कक्षा- ९ मा पढ्दादेखि नै ढकालले विद्यालयमा प्रकाशन हुने 'उषा' नामक साहित्यिक पत्रिकाको सम्पादन गर्ने जिम्मेवारी पाए । २०२५ सालमा एसएलसी उत्तीर्ण गरेका उनले त्यसपछि सोही पत्रिकाको सम्पादक भएर काम गरे । रूद्र खरेलले पत्रिकाको जिम्मेवारी छाडेपछि ढकालले सो जिम्मेवारी वहन गरेका थिए । विद्यार्थीकै संयोजनमा प्रकाशन हुने सो पत्रिकामा शिक्षकको सहयोग अप्रत्यक्ष रहने गरेको थियो ।

एसएलसी उत्तीर्ण गरेपछि नजिकै कलेज नभएका कारण उनको पढाइ केही समय रोकियो । सो क्रममा मोहन जोशी सरले ढकाललाई औलो उन्मूलन अभियानमा इन्स्पेक्टरको जागिर लगाइदिएका थिए ।

**अध्ययन :**

नेपाली भाषामा स्नातकोत्तर (एमए) गरेका ढकालले भारतको सिलिगुडीबाट नेपाली, समाज शास्त्र रशिक्षा विषयमा स्नातक गरेका थिए । त्यहाँ परीक्षामा

सर्वोच्च स्थान प्राप्त गर्दै उनी साहित्य अकादमी दिल्लीबाट मान्यता प्राप्त नेपाली साहित्य प्रचार समिति-सिलिगुडी मार्फत् 'साहित्यालंकार' र 'लेखनाथ पुरस्कार' पाउन सफल भए । एमएको अध्ययन उनले त्रिभुवन विश्वविद्यालयबाट गरेका थिए । एसएलसी उत्तीर्णसँगै औलो अभियानको जागिरकै सिलसिलामा तालिम लिन काठमाडौं जानुपर्ने भएपछि परिवारका सदस्यहरु उनको बिदाइमा जुटे । उनी तालिमका लागि काठमाडौं जान गाडी चढिसकेका थिए; त्यही बेला तालिममा जानु नपर्ने पत्र प्राप्त भएपछि ब्याग त्यहीँ छोडेर उनी केही वर्ष बेपत्ता भएको पारिवारिक स्रोतले जानकारी दिएको छ ।

सुनसरीको बराह क्षेत्र, चकरघट्टीमा शिक्षण पेशामा संलग्न भएको पछि थाहा भयो । सोही बेला उनले त्यहीँ फौजी तालिम समेत लिएका थिए । प्रहरीले उनलाई खोजी गरिरहेको थियो । त्यही बेला भागेरराति घर आएपछि पिता परशुरामले राति नै भारतको सिलिगुडी पुऱ्याएका थिए । सिलिगुडीमा उनलेकलेजमा अध्ययन गरे । त्यहाँबाट फर्किएपछि शनिश्चरे माविमा ५-६ वर्ष र भद्रपुर माविमा २ वर्ष जति शिक्षण सेवा गरेका थिए ।

शनिश्चरे माविमा १० कक्षा पढ्दापढ्दै उनले ९ कक्षाका विद्यार्थीलाई पढाउने समेत गर्थे । विद्याकी देवी सरस्वतीले उनमा बास गरेकी थिइन् । पढाइमा उनी तेजिला थिए । तत्कालीन जिल्ला शिक्षा अधिकारीले जागिर स्थायी गरिदिन्छु भन्दा पनि शिक्षकको जागिर छोडेर ढकालले सबै समय पत्रकारिता र साहित्यलाई समर्पित गरे ।

कलेज पढ्दादेखि नै उनी साहित्य र पत्रकारितामा रत्तिइसकेका थिए । पछि, तत्कालीन गोमेन्द्र उच्च मावि बिर्तामोड (हाल : गोमेन्द्र बहुमुखी महाविद्यालय) मा केही वर्ष उनले पत्रकारिता विषय अध्यापन गरेका थिए । ढकालले अध्यापन गराएका विद्यार्थी अहिले पत्रकारिता क्षेत्रमा अब्बल छन् । केही विद्यार्थीले पत्रकारिता क्षेत्रको नेतृत्व हाँकिरहेका छन् । झापामा पत्रकारिता पढाउने उनी नै पहिलो गुरू हुन् । उनका चेला अहिले देश-विदेशमा विभिन्न सञ्चारमाध्यममा सक्रिय पत्रकारिता गरिरहेका छन् । पत्रकारितासँगै ढकालले विभिन्न सामाजिक, शैक्षिक, साहित्यिक संघ-संस्थाहरूको स्थानीयदेखि केन्द्रीय स्तरसम्मको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका थिए । उनी नेपाल जेसीजका कुशल प्रशिक्षक पनि थिए ।

**पत्रकारिता :**

नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य तथा नेपाली साहित्य विकास समिति-मेचीका संस्थापक सचिव थिए- ढकाल । जीवनको झण्डै आधा शताब्दी

पत्रकारिता क्षेत्रलाई समर्पण गरेका उनी अन्तिम समयसम्म पनि पत्रकारिता क्षेत्रमै क्रियाशील रहे । उनको संगत गरेका धेरैजसोले उनलाई आदर्शका रूपमा लिन्छन् ।

२०२८ सालदेखि शैक्षिक क्षेत्रमा प्रवेश गरी १९ वर्षसम्म अध्यापन गरेका मदन ढकालले सोही वर्षदेखि 'विवेचना' अर्धसाप्ताहिक पत्रिकाको दार्जीलिङ प्रतिनिधि भई सक्रिय पत्रकारिता गरेका थिए । उनी प्रेस काउन्सिल–नेपालबाट विषयविज्ञ प्रशिक्षक समेत थिए ।

पत्रकारितासँगै साहित्य सेवामा समर्पित ढकाल गरिमा (काठमाडौं), बाडुली (सिलिगुडी, भारत), विवेचना, विश्वदीप, जुही, शिरविन्दु, ध्वनि लगायतका साहित्यिक पत्रिकाहरूमा संलग्न रहे ।

त्यस्तै, काठमाडौंका समीक्षा, स्वतन्त्रता, जनस्वतन्त्रता, नयाँ सडक, नेपाली, राष्ट्र पुकार, सुरूची, देशान्तर, नयाँ किरण, करेन्ट, हिमालय टाइम्स, नेपाल समाचारपत्र, स्पेशटाइम्स, तरूण आदि र झापाका आलोक, युगज्ञान, विवेचना, सूर्योदय, जनध्वनि, पूर्वाञ्चल आदि पत्रपत्रिकामा उनका कथा, कविता, समीक्षा, निबन्ध, व्यङ्ग्य, समसामयिक राजनीतिक तथा सामाजिक लेख–रचना प्रकाशित भएका थिए ।

**साहित्य :**

साहित्यको जगमा हुर्किएका ढकाल पत्रकारिताकै माध्यमबाट चिनिए । पत्रकारितालाई मूल पेशा बनाएका ढकालले जीवनको पूर्णकालीन समय पत्रकारितामा नै बिताए पनि साहित्यलाई कहिल्यै छाडेनन् ।

'भत्किएको पर्खाल' उनको पहिलो प्रकाशित कविता हो, जुन कविता २०२४ सालमा शनिश्चरेहाईस्कूलको मुखपत्र 'उषा' मा प्रकाशित भएको थियो । साहित्य सिर्जना र पत्रकारितामा उनले लामोअनुभव सँगालेका थिए ।

कृति प्रकाशन गर्ने उनको सपना भने अधुरै रह्यो । कविता र कथा संग्रह तथा सीके प्रसाईं (भरतबाबु) को 'स्मृति यात्रा' नामक कृति प्रकाशोन्मुख थिए । उनले अर्को काम पनि पूरा गर्न सकेनन्; त्यो हो–, स्वर्गीय गणेशबहादुर प्रसाईं र नरेन्द्रनाथ बास्तोलाको स्मृति ग्रन्थ सम्पादन गर्ने । त्यसमध्ये प्रसाईं स्मृति ग्रन्थ प्रकाशित भए पनि उनले पूर्ण साथ दिन सकेनन् ।

**सम्पादन तथा अनुवाद :**

सम्पादन तथा अनुवादमा समेत उनको लामो अनुभव छ । उनले २०२४ सालबाट शनिश्चरे माविको वार्षिक मुखपत्र 'उषा'को सम्पादक र 'अर्चना'को

सह-सम्पादक हुँदै कार्यकारी-सम्पादकका रूपमा जिम्मेवारी निर्वाह गरेका थिए ।

भारत, सिलिगुडीको देवकोटा संघले प्रकाशित गरेको साहित्यिक त्रैमासिक 'बाडुली'को दोस्रो-सातौं हिक्कासम्म उनले सम्पादकीय सहकर्मीको जिम्मेवारी सम्हाले । उनी 'विवेचना' साहित्यिक मासिकको सम्पादन सहयोगी समेत रहेका थिए । 'विश्वदीप' साहित्यिक मासिकको प्रथमदेखि सोह्रौ अंकसम्म प्रधान सम्पादक, डा.पारसमणि प्रधान र शिवकुमार राई सम्पादक रहेको भारतीय नेपाली दैनिक 'हिमालचुली'मा सम्पादन-सहयोगी र सिलिगुडीकै अर्को नेपाली दैनिक 'आजभोलि'मा कार्यकारी सम्पादक भएर काम गरे । सिलिगुडीबाट फर्किएपछि दिवंगत हुँदाको बखतसम्म उनी 'पूर्वाञ्चल' दैनिकको प्रधान सम्पादक थिए ।

**सम्मान/पुरस्कार ः**

नवरंग प्रतिष्ठान, धरमपुर झापाबाट अभिनन्दित; देवकोटा स्मृति भवन, भद्रपुरबाट अभिनन्दन; शनिश्चरे माध्यमिक विद्यालयबाट स्वर्ण जयन्ती र हीरक जयन्तीको अवसरमा सम्मान; नेपाल पत्रकार महासंघ झापा शाखाबाट मोतीराम पत्रकारिता पुरस्कारबाट उनी सम्मानित भएका थिए ।

त्यसैगरी, खिलेश्वरी पत्रकारिता पुरस्कार विराटनगर; श्यामकृष्ण उपाध्याय स्मृति पुरस्कार मेची; नेपाल पत्रकार संघ-झापाद्वारा श्यामकृष्ण पत्रकारिता पुरस्कार; न्यू म्यान प्राइड अफ् सिलिगुडी, भारतीय नेपाली पत्रकारितामा विशिष्ट योगदान पुऱ्याए वापत सिलिगुडी-बागडोगरा जुनियर च्याम्बरले पनि ढकाललाई सम्मान गरेको थियो ।

साथै, देवीप्रसाद उप्रेती निजानन्द पत्रकारिता पुरस्कार, अमेरिकाको टेक्ससबाट हेम-सरिता पत्रकारिता पुरस्कार, फोनिजबाट डिकमान विरही पत्रकारिता पुरस्कार लगायत विभिन्न संघ-संस्थाहरूबाट विभिन्न समयमा उनलाई पुरस्कृत र अभिनन्दित गरिएको थियो ।

**संघ-संस्थामा आबद्धता ः**

ढकालले दर्जनौं संघ-संस्थामा रहेर सेवा पुऱ्याएका थिए । युवाको व्यक्तित्व र नेतृत्व विकास गर्नेजेसीज जस्तो अन्तर्राष्ट्रिय संस्थामा लामो समय रहेर विभिन्न पद मार्फत सेवा पुऱ्याएका थिए । वीरता जेसीजको संस्थापक-महासचिव र शाखा अध्यक्ष हुँदै नेपाल जेसीजको विभिन्न पदमा जिम्मेवारी लिँदै राष्ट्रिय कार्यकारिणी उपाध्यक्षसम्म बनेका थिए, उनी । मानव सेवामा समर्पित संस्था रेडक्रसमा समेत उनी आबद्ध थिए ।

नेपाल पत्रकार महासंघको केन्द्रीय सभासद् समेत रहेका 'मदन सर' महासंघको २ कार्यकाल केन्द्रीय सदस्य र नेपाल श्रमजीवी पत्रकार संघको केन्द्रीय समितिमा आबद्ध रहँदै सीके चिन्तन प्रतिष्ठान झापा बिर्तामोडको कार्यसमिति सदस्य तथा युनिभर्सल पिस फेडेरेशनबाट शान्तिदूतको रूपमा समेत विभूषित थिए । शान्तिदूतहरूको मेची अञ्चल समितिको संयोजकको जिम्मेवारी समेत सम्हालेका उनले सीकेप्रसाईं (भरतबाबु)सँग निकट रहेर समाज परिवर्तनका लागि योगदान गर्नुका साथै सीके प्रसाईंका विचारलाई लेख–रचना मार्फत आम सर्वसाधारणमा पुऱ्याउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

**पारिवारिक स्थिति :**

२०३२ सालमा सावित्रा खनालका साथ विवाह बन्धनमा बाँधिएका ढकालका ४ छोरी र १ छोरा छन् । ५ सन्तानमा क्रमशः सीमा, उमा, सुस्मिता, सिर्जन र मनिषा रहेका छन् ।

आमा तुलसा, बुबा परशुराम, श्रीमती सावित्रा, छोरा सिर्जन, बुहारी एलिना, छोरी–ज्वाइँ सीमा–लीलाप्रसाद घिमिरे, उमा–चन्द्रप्रकाश भट्टराई, सुस्मिता–भूपेन्द्र मैनाली, मनिषा–रोशन नेपाल, भाइहरू– मोहन, लक्ष्मण, भरत (स्व.) अरूण, सुरेश र बहिनी दुर्गा आचार्य छन् ।

**भ्रमण :**

ढकालले भारत, बंगलादेश, भुटान, पाकिस्तान, टर्की, पोल्याण्ड, चेकोस्लोभाकिया, जर्मनी, चीनको स्वशासित क्षेत्र तिब्बत, थाइल्याण्ड, मलेशिया आदि देशहरूको भ्रमण गरेका थिए ।

**स्वास्थ्यमा कमजोरी :**

बिर्तामोडमा पहिलो पटक लेटर प्रेस भित्र्याएर पत्रकारिताको जग बसाल्न सफल ढकाल धेरै आवाजविहीनहरूको आवाज बने । पत्रकारिताको माध्यमबाट समाज रूपान्तरणमा सधैं सक्रिय रहने ढकालले स्वास्थ्यलाई ख्याल नगर्दा आफ्नै जीवनको अन्तिम लडाइँ भने जित्न सकेनन् । खानामा ख्याल नगर्ने उनको कमजोरी थियो । अन्ततः त्यही कमजोरीले उनलाई कमजोर बनायो र जीवनको अन्तिम युद्धमा उनी परास्त भए । अन्ततः २३ मंसीर २०७३ मा ढकाल ब्रम्हलीन हुन पुगे ।

**लुकेको पाटो :**

मोफसलमा बसेर नेपाली पत्रकारिताको केन्द्रबिन्दुमा पुगेका ढकाल बहुआयामिक व्यक्तित्व हुन् । बाल्यावस्थादेखि नै साहित्यिक र सांस्कृतिक गतिविधिमा सक्रिय

रहेका ढकाल अभिनय पनि गर्थे । गीतकार हस्त परियारसँग मिलेर उनी गाउने–लेख्ने काम गर्थे । योसँगै सिलिगुडीमा रहँदा उनी भारतीय फिल्म इण्डष्ट्रीमा प्रवेशका लागि कलकत्ता छनोट समेत भएका थिए । तर, चलचित्र क्षेत्रभन्दा बढी साहित्य र पत्रकारिता क्षेत्रमा रूचि भएकाले छनोट भएको नायकको भूमिका त्यागेर ढकाल लेखन र सम्पादनमा रमाउन पुगे ।

ढकालले शिक्षणसँगै रेडियो नेपालले आयोजना गरेको देशव्यापी गायन प्रतियोगितामा पनि भाग लिए । हस्त परियारसँगै संयुक्त प्रतियोगितामा भाग लिएका ढकाल त्यो बेला दोस्रो स्थान हासिल गर्न सफल भए । उनी गीत लेख्ने र गाउने गर्थे भने हस्त परियार गाउने र बजाउने काम गर्थे । राजाको सवारीमा जिल्लाका विभिन्न ठाउँमा उनको पनि प्रस्तुति रहन्थ्यो । प्रायः जिल्ला सदरमुकाम भद्रपुरमा बस्न रूचाउने ढकालले त्यही बेलादेखि पत्रकारितामा सक्रियता बढाएका थिए । त्यो बेला झापा भनेकै भद्रपुर थियो । साहित्य, कला, गीत–संगीत र पत्रकारिता भद्रपुरमा नै केन्द्रित थियो ।

यस अघि ढकालले सिलिगुडीमा केही समय होटल समेत सञ्चालन गरेर बसेका थिए भनिन्छ । साहित्यिक क्षेत्रमा त्यो बेला रमाएका ढकालले सिलिगुडीमा खोलेको होटल एण्ड लज बन्द गरेर बिर्तामोडमा आएसँगै पहिलो विश्वदीप मुद्रणालय सञ्चालन गरेका थिए । विश्वदीप पछि शनिवार साप्ताहिक प्रकाशनमा ल्याउनु अघि बिर्तामोडको इतिहासमा पहिलो ठूलो अन्तर्राष्ट्रिय साहित्य सम्मेलन समेत गराएका ढकालले झापाको पत्रकारिता र साहित्यलाई जीवन्त बनाउन योगदान गरेका थिए ।

**प्रस्तुति ः सुरेन्द्र भण्डारी**

*(लेखक 'पूर्वाञ्चल' दैनिकका सह–सम्पादक तथा नेपाल पत्रकार महासंघ कोशी प्रदेश कार्यसमिति सदस्य हुन्)*



# साइकल र सिर्जना सँगसँगै लिएर हिंड्ने पत्रकार

गोपीकृष्ण खनाल

भाषा, साहित्य, संस्कृति र पत्रकारिताको माध्यमबाट समाजको सौन्दर्य बढाउन सकिन्छ भन्ने दर्विलो विश्वासलाई आफ्नो जीवनभर डग्मगाउन नदिइ नयाँ पुस्तामा चेतना प्रवाह गर्ने पूर्वी नेपालको एउटा स्मरणीय नाम हो– गोपीकृष्ण खनाल ।

तेह्रथुमको आठराई साम्थाङ्मा जन्मिएर झापालाई कर्मथलो बनाइ राष्ट्रवाद र देशभक्तिको सुवास प्रवाह गरिरहने गोपीकृष्ण खनालको भौतिक देह अब यो धरामा नरहे पनि उनका कर्मले छरेको सुगन्धले आजको पुस्तालाई अविचलित, निष्ठावान, कर्मशील र सादगी जीवन व्यतीत गर्न उत्प्रेरित गरिरहेको छ । पवित्रा खनाल र मनोरथ खनालका ज्येष्ठ सन्तानका रूपमा २००४ साल पौष २९ गते जन्मिएका गोपीकृष्ण खनालको सिङ्गो जीवन साहित्य, पत्रकारिता, समाजसेवा, वैदिक सनातन हिन्दू संस्कृतिको सम्बर्द्धनमै व्यतीत भयो ।

अभाव, अप्ठ्यारा, असजिला घुम्तीहरूमा पनि हँसिलो चेहरामा प्रस्तुत हुन सक्ने गोपीकृष्ण खनालको जीवन यात्रामा २०२६ सालदेखि साथ दिइन्– रूपादेवी सिग्देलले । जीवनको यो यात्रालाई पूर्णता दिने लहरमा उभिए– छोराहरु मनोज र रोशन अनि पुत्रबधू गीता र सुनिता ।

भारत सिलिगुडीको होटल ब्रोड-वेमा व्यवस्थापकको जागिरे जीवन मार्फत् घरगृहस्थी सम्हाल्दै सामाजिक उत्तरदायित्व पनि निर्वाह गर्नु पर्ने खनालको दैनिकीमा २०२८ सालतिर पश्चिम बङ्गालबाटै प्रकाशित हुने नेपाली भाषाको 'बाडुली' द्वैमासिक पत्रिका जोडिन पुग्यो । त्यहीँबाट उनको पत्रकारिता र साहित्यप्रतिको लगाव बढेको देखिन्छ । त्यही सिलसिलामा भेट हुन पुगेका झापाका पहिलो पुस्ताका सिद्धहस्त अग्रज पत्रकार नकुल काजीसँगको संगतले २०३० सालसम्म 'विवेचना' मासिक र अर्धसाप्ताहिकका सिलिगुडीको प्रतिनिधिको रूपमा खनालले काम गरे । त्यसपछि २०३३ सालसम्म झापामै आएर विवेचनाको सहायक सम्पादकका रूपमा उनले काम गरेका थिए ।

पत्रकारिताको यो अनुभव र सिकाइबाट उत्प्रेरित खनाल अर्का सहयात्री अग्रज पत्रकार मदन ढकालको साथमा 'विश्वदीप' साहित्यिक मासिक सहित बिर्तामोडमै पहिलो मुद्रण व्यवसायीका रूपमा स्थापित हुन पुगे । साहित्यप्रतिको रूचि र लगावकै कारणले पछिसम्म डिकमान विरहीसँगको सहकार्यलाई निरन्तरता दिएर 'रहर' नामक साहित्यिक मासिक पत्रिका प्रकाशन गरेको पाइन्छ । झापा र आसपासका जिल्लाहरूमा आयोजना हुने गरेका साहित्यिक कार्यक्रमहरूमा उनको अनुपस्थिति विरलै मात्र हुन्थ्यो । त्यस बाहेक छिमेकी मुलुक भारतका दार्जीलिङ, सिक्किम, असम र डुवर्ससम्म खनालको उपस्थिति रहने गरेको थियो, साहित्यिक कार्यक्रमहरूमा ।

पत्रकारिता र साहित्य दुबै क्षेत्रलाई एकै साथ अङ्गीकार गर्न सक्षम खनाल

नेपाल र भारतका स्रष्टा, सर्जक र सञ्चारकर्मीबीच समन्वय गर्ने सम्पर्क सूत्रका रूपमा परिचित थिए । २०३७ सालमा आयोजित मेची अञ्चलस्तरीय साहित्य सम्मेलनमा चर्चित स्रष्टाहरु पारिजात, देवकुमारी थापा, पारसमणि प्रधान, भानुभक्त पोखरेल, लीलबहादुर क्षेत्री लगायतलाई आमन्त्रण गर्न खनालले पनि भूमिका निर्वाह गरेका थिए । करीब २४ वर्ष तन्नेरी उमेरमा पत्रकारिता प्रारम्भ गरेका खनालले जीवनपर्यन्त पत्रकारिता र साहित्य सेवालाई नै आफ्नो परिचय बनाए । उनले सम्पादन गरेका नयाँ विचार साप्ताहिक र नयाँ कामना साप्ताहिक पत्रिका तत्कालीन समयलाई चित्रण गर्ने सन्दर्भ स्रोतका रूपमा छन् ।

साहित्य कुनै जात, वर्ण, भूगोल विशेषको मात्रै हुन सक्दैन; तर यी सबैलाई साहित्यले सम्बोधन भने गरिरहेको हुन्छ । अभिव्यक्तिको माध्यम फरक हुन सक्दछ, तर यसका अनुरागी संसारका कुना–कुनामा छरिएका हुन्छन् । साहित्य कर्मलाई जोड्दै गर्दा २०५५ सालतिर म्यानमारमा रहेका नेपालीभाषी समुदायसँगको आत्मीयता होस् अथवा सन् २०१५ मा अमेरिका भ्रमणताका अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज–वाशिङटनले आयोजना गरेको कार्यक्रमहरूमा होस्, स्रष्टा गोपीकृष्ण खनालको उपस्थिति र सम्मानले उनको साहित्य कर्म परदेशसम्म पनि थियो भन्ने बुझाउँछ ।

राजसंस्थाप्रति अगाध प्रेम र श्रद्धा पस्कने अनि आफ्नो स्वाभिमानप्रति अविचलित खनालसँग फरक विचार र भावनालाई पनि सम्मानपूर्वक हेर्ने शालीनता थियो, जो अरूका लागि उदाहरणीय हुन सक्छ । त्यसैले पनि फरक आस्था र विचार बोकेकाहरूले पनि उनीप्रति हार्दिकता र सम्मान प्रकट गरिरहेका हुन्थे ।

खनालले नेपाल पत्रकार संघ, सनातन धर्म सेवा समिति, श्यामकृष्ण पत्रकारिता पुरस्कार समिति, नेपाल विद्वत् परिषद्, मोती समस्यापूर्ति प्रकाशन समिति, कनकाई प्रतिभा प्रतिष्ठान, विश्व हिन्दू महासंघ, वीरता जेसीज जस्ता दर्जनौं सामाजिक र साहित्यिक संस्था मार्फत स्मरणीय भूमिका निर्वाह गरेका थिए । पदलोलुपताको जालोबाट अलि परै रहेर निस्वार्थ भाव लिई आफ्नो आस्था र विचारमा अविचलित खनालको जीवन यात्रामा प्राप्त भएका सम्मान र पुरस्कारले विभिन्न कालखण्डमा उनीप्रतिको विश्वास र पहिचानलाई सहज उजागर गरेको मान्न सकिन्छ । बाल्यकालमा गाउँको विद्यालयमा पढ्दा होस् या त ५० वर्ष अघि प्रवासमा रहँदा अथवा पछिल्लो समय झापामै सामाजिक एवम् साहित्यिक गतिविधिमा क्रियाशील हुँदाका बखत नै किन नहोस्, गोपीकृष्ण खनाललाई हामी सरल, सौम्य र सादगी जीवनयापन गर्ने व्यक्तित्वका रूपमा चिन्न सक्दछौं – जो पेशामा स्थापित हुने क्रममा साइकल चढेर धेरै ठाउँ पुग्यो, जसले आफ्नो श्रम, समय र सीपलाई समाज समक्ष प्रस्तुत गऱ्यो ।

साइकल र सिर्जना सँगसँगै लिएर हिँड्ने पत्रकार तथा साहित्यकार गोपीकृष्ण खनालले थुप्रै सामाजिक संघ–संस्था मार्फत मानिसका मनहरु जोडेका धेरै उदाहरण छन् । हो… त्यही व्यक्तिको भौतिक देह साइकलमै गुडिरहेका बेला सडक दुर्घटनामा परी समाप्त हुँदा उनले अभिभावकत्व ग्रहण गरेका सामाजिक र साहित्यिक संस्थाहरु स्तब्ध हुन पुगे ।

२०६१ सालमा प्रवल गोर्खा दक्षिण बाहु चौथोद्वारा विभूषित गोपीकृष्ण खनाल त्यसअघि र पछि आफ्नो कर्म क्षेत्रसँग सम्बन्धित २ दर्जनभन्दा बढी पुरस्कार, सम्मान र कदर–पत्रद्वारा सुशोभित भए । उनले पत्रकारिताकै श्रीवृद्धिका लागि झापामा 'श्यामकृष्ण पत्रकारिता पुरस्कार'को पनि स्थापना गरेका थिए ।

अग्रजलाई सम्मान र आदर गर्नु पर्ने आदर्श वाक्य नवीन पुस्तामा बाँडेर सबैसँग सुमधुर सम्बन्ध कायम गर्न सक्ने सरल र मिजासिला व्यक्तित्वका रुपमा परिचित गोपीकृष्ण खनालका सन्तान सरहका ३ वटा कृति प्रकाशित छन् । 'पक्षघात' कविता संग्रह २०५९, 'यात्रानुभूति' यात्रा संस्मरण र 'बेला–बेलाका वैचारिक विम्ब' २०७४ बाहेक प्रकाशोन्मुख 'झापादेखि अमेरिकासम्म' यात्रा संस्मरण र थुप्रै फुटकर कविता, समालोचना, कथा अनि निबन्धहरु खनालका अजम्बरी कोशेली हुन् । आफ्ना हस्ताक्षर भएका प्रकाशित, अप्रकाशित सबै लेखोटहरु सुरक्षित संग्रह गर्ने खनालको स्वभाव सुदूर भविष्यमा आत्मवृत्तान्त लेख्न केन्द्रित थियो कि ? भन्ने अनुमान मात्र गर्न सक्दछौं हामी यसबेला ।


निरन्तरता, लगनशीलता र मेहनती स्वभावका सामाजिक अभियन्ता स्व. गोपीकृष्ण खनालको व्यक्तित्व र कृतित्वलाई सजीव तुल्याउन अनि उनको सादगी जीवनको सन्दर्भलाई नयाँ पुस्तामा सम्प्रेषण गर्नका लागि परिवारजनले निधनपछिको १३ औं दिनको पुण्य तिथिमा गोपीकृष्ण स्मृति प्रतिष्ठान स्थापनाको घोषणा गरे । सोही प्रतिष्ठानले साहित्य, समाजसेवा र पत्रकारिताको क्षेत्रमा निरन्तर निस्वार्थ भावले सामाजिक उत्तरदायित्व निर्वाह गर्नेलाई उनको जन्मजयन्तीको सन्दर्भ पारेर गोपीकृष्ण स्मृति पुरस्कार  प्रदान गर्दै आएको छ ।

स्वर्गीय खनालको व्यक्तित्व, कृतित्व र सामाजिक उत्तरदायित्वका आयामहरूलाई अभिलेखीकरण गरी भावी पुस्तालाई समाजोपयोगी रचनात्मक क्रियाकलापमा अभिप्रेरित गर्नु पनि यो प्रतिष्ठानको मुख्य ध्येय रहेको छ ।

यस घडीमा उनको लगाव, निष्ठा, इमान्दारी, स्वाभिमान र लगनशीलतालाई अनुशरण गरी समाज निर्माणमा चालिएका उनका पदचापहरूलाई पछ्याउँदै अघि बढ्नु नै स्वर्गीय पत्रकार गोपीकृष्ण खनालप्रतिको सच्चा श्रद्धाञ्जलि हुन सक्छ ।

**प्रस्तुति : केशव भट्टराई**

*(उपाध्यक्ष : नेपाल पत्रकार महासंघ, झापा शाखा)*



# पत्रकारितासँगै साहित्यिक फाँटमा

## देवेन्द्रकिशोर ढुंगाना

झापा जिल्लालाई कर्मथलो बनाएर विगत चार दशक अघिदेखि पत्रकारिताको क्षेत्रमा क्रियाशील देवेन्द्रकिशोर ढुंगानाको जन्म २०१६ साल फागुन २० गते झापाको तत्कालीन अनारमनी बिर्ताको वडा न. ९ (हालः बिर्तामोड नगरपालिका-३) मा बुबा मोहनबहादुर ढुंगाना र आमा हेमकुमारीको कोखबाट जेठो सुपुत्रको रूपमा भएको हो । मेची बहुमुखी क्याम्पसबाट आईए.सम्मको शिक्षा हासिल गर्नुभएका उहाँकी जीवनसंगिनी चित्राकुमारी कार्की, २ छोरी रोश्ना र करूणा रहेका छन् भने हाल उहाँ भद्रपुर-८ मा बस्दै आउनुभएको छ ।

पञ्चायतताका परिवर्तन र रूपान्तरणका पक्षमा कलम चलाउन बन्देज रहेको परिस्थितिमा पनि नेपाली पत्रकारहरूले संघर्षपूर्ण पत्रकारिता गरेको तीतो विगत सम्झँदा, जीवनको उर्वर समय पत्रकारितामै बिताउनुभएका, उहाँलाई खुशी लाग्छ । तर, पूर्ण वाक स्वतन्त्रता भएको गणतन्त्रकालीन यो समयमा आएर पत्रकारिताको क्षेत्र विकृत हुँदै गएकोमा भने उहाँ दुःख र दिक्दार मान्नु हुन्छ ।

**पत्रकारिताको शुरूवात :**

ढुंगानाले पत्रकारिता क्षेत्रमा पहिलो पाइला सुनसरीको धरानबाट प्रकाशित 'नयाँ चेतना' साप्ताहिक (२०३०-२०३२ सम्म) बाट टेक्नु भएको हो । त्यतिबेला नयाँ चेतनामा मेची अञ्चल संवाददाताको रूपमा आफूले काम गरेको उहाँको कथन छ ।

वि.स. २०३२ मा समाचारमूलकसँगै साहित्यिक पत्रकारितातर्फ उहाँको क्रियाशीलता बढ्दै गयो । सोही दौरान झापाको भद्रपुरबाट आफ्नै नेतृत्वमा साहित्यिक पत्रिका 'साहित्य दूत' (२०३२ देखि २०३६ सालसम्म) प्रकाशन गर्नुभयो । साहित्यिक पत्रकारिताकै दौरान अर्को हास्य व्यङ्ग्य पत्रिका 'हाँच्छ्यू' र साहित्यिक पत्रिका 'यात्रा' पनि चलाउनुभयो ।

वि.स. २०३६ मा अमृतलाल श्रेष्ठको सम्पादनमा प्रकाशित 'साहित्यालोक'को सम्पादन-मण्डलमा रहेर सहसम्पादकको रूपमा काम गरेको विगत पनि उहाँसँग छ । खोजमूलक पत्रकारितासँगै साहित्यिक फाँटमा पनि उहाँको उत्तिकै सक्रियता रहेको पाइन्छ । सामाजिक जीवनसँग सम्बन्धित विभिन्न आन्दोलन, भोक कविता आन्दोलन, सडक नाटक र साहित्यिक गोष्ठीहरूको आयोजनामा पनि उहाँको योगदान रहेको थियो ।

निरन्तरको यात्राले उहाँको कलमलाई अझ तिख्खर बनाउँदै लग्यो । फलतः व्यावसायिक कलमजीवीका रूपमा क्रियाशील हुँदै गएपछि काठमाडौंबाट प्रकाशित 'योजना' साप्ताहिक, 'प्रकाश' साप्ताहिक लगायतका दर्जनौं पत्रपत्रिकामा काम गरेको अनुभव छ उहाँसँग ।

श्रमजीवी पत्रकारहरूको हक-हितका लागि तत्कालीन समयमा भद्रपुरमा रहेका पत्रकारलाई संगठित गरेर 'भद्रपुर युवा पत्रकार समूह' गठन गरेको उहाँको भनाइ छ । पिताको नाममा २०४० साल बैशाखमा दर्ता 'स्वतन्त्र आवाज' साप्ताहिकमा उहाँले कार्यकारी-सम्पादकको रूपमा काम गर्नुभयो । स्वतन्त्र आवाजमा प्रगतिशील धारका बुद्धिजीवी देवकुमार आचार्य (डी.कौडिण्य), भक्त खपांगी, नेपाली एकता समाज, भारत, पश्चिम बंगालका सरस्वती महराले स्तम्भकारको रूपमा लेख्ने गरेका थिए ।

पत्रिकाले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीको समाचारलाई प्राथमिकता दिँदा प्रगतिशील विचार र परिवर्तन नरूचाउने पञ्चायती प्रशासनले कार्यालय जफत गरेपछि ढुंगाना ६ महिना भारत निर्वासित हुनुभयो । त्यसबेला नेपाल पत्रकार महासंघ, झापा शाखाका अध्यक्ष चिन्तामणि दाहाल नेतृत्वको टोलीले स्थानीय प्रशासनसँग सहमति गरेर ढुंगानालाई नेपाल फर्काएको थियो ।

छिट्पुट रूपमा प्रकाशित हुँदै आएको स्वतन्त्र आवाज २०६० सालदेखि दैनिकका रूपमा केही अंक निस्किएको उहाँले बताउनु भए पनि हाल बन्द अवस्थामा छ । बसन्तकुमार खड्काको सम्पादनमा प्रकाशित 'सूर्योदय' साप्ताहिक (२०४४ देखि २०५० सम्म)को सहसम्पादक, नेपाल जुनियर रेडक्रस सर्कलद्वारा प्रकाशित 'सेवा सुश्रूषा' द्वैमासिक पत्रिकाको सहसम्पादक (२०४४-२०४६), काठमाडौंबाट प्रकाशित 'हिमालयन टाइम्स' दैनिकको झापा संवाददाता (२०५६-२०५९), 'कोशेली' दैनिक बिराटनगरको स्तम्भकार (२०५६), 'राष्ट्रिय समाचार समिति'मा झापाबाट संवाददाता (२०६३-२०६५), सिरहाबाट नेपाली सेनाद्वारा सञ्चालित 'सहलेस' रेडियो (२०७५) लगायत दर्जनौं सञ्चारमाध्यममा काम गरेको अनुभव ढुंगानासँग छ ।

हाल भारतको इन्दौरबाट सञ्चालित वर्ल्ड एक्सप्रेस मिडियाको नेपाल ब्यूरोमा रही समाचार सम्प्रेषण र बिराटनगर टाइम्स अनलाइनको सल्लाहकार-सम्पादकका रूपमा आबद्ध हुनुहुन्छ भने अन्य विभिन्न सञ्चारमाध्यममा समाचार, लेख-रचना सम्प्रेषण गरिरहेको उहाँ सुनाउनु हुन्छ ।

**अनुभव अनुभूति (उहाँकै शब्दमा) :**

'हामीले पत्रकारिता शुरू गर्दा समाचार लेख्दा सम्वेदनशील हुनु पर्थ्यो, स्रोत खोल्नु पर्थ्यो । त्यतिबेलाका समाचार विश्वसनीय र सत्य-तथ्यपरक थिए । समाचार स्रोत पनि कम भएकाले 'फिल्डवर्क' बढी गर्नु पर्थ्यो । अहिले जस्तो यातायात र प्रविधिको पहुँच थिएन, जनसम्पर्क नै बढी चाहिन्थ्यो । समाचार खोज्न धेरै कठिन थियो । व्यावसायिक पत्रकारितामा सहयोग थियो । पत्रिका र पत्रकारलाई हेर्ने

दृष्टिकोणमा सम्मानभाव थियो । पत्रकारिता गरेरै गुजारा चलाउन सकिन्थ्यो । श्रमशील र सीप भएका अनुभवी मान्छे मात्र टिक्न र बिक्न सक्ने त्यो समयमा पत्रकारिता गरेर खान-लाउन समस्या थिएन । केही पत्रिकाले तलब नै दिन्थे भने केहीले विज्ञापनबाट प्राप्त रकमको निश्चित कमिशन दिने गरेका थिए ।

अहिले जो पनि पत्रकार हुन सक्ने अवस्था छ । अहिले कोठामा बसेर पत्रकारिता गर्न सकिने प्रविधिको पहुँच छ । तर, केही वर्षयता विश्वसनीयतामा भने कमी आएको छ । पार्टी पत्रकारिताले व्यावसायिक पत्रकारितालाई ओझेलमा पारेको छ । जसले पत्रकारिताको ओज ह्रासोन्मुख छ । नागरिकको अविश्वास र वितृष्णा बढेको छ ।

सीपयुक्त क्षमतावान पत्रकार बनाउन पत्रकारलाई तालिम र मिडियालाई प्रोत्साहित गर्नुपर्ने खाँचो छ । त्यसमा पत्रकार महासंघ, तीनै तहको सरकार र सरोकारवालाले अपेक्षित ध्यान दिइरहेको अवस्था भने छैन ।'

पत्रकारिता आरम्भ गरेदेखि नै पत्रकारजन्य संस्थामा आबद्ध हुनुभएका उहाँ नेपाल पत्रकार महासंघमा २०६८ सालसम्म साधारण सदस्य हुनुहुन्थ्यो भने त्यसयता महासंघको सदस्यता नवीकरण नगरेको उहाँ बताउनु हुन्छ ।

ढुंगानाले नेपाल प्रेस काउन्सिलबाट सञ्चालित 'आधारभूत पत्रकारिता र अनुसन्धानात्मक तालिम' लिनुभएको छ । उहाँलाई २०४० सालमा तत्कालीन राजवंशी भाषा प्रचार समिति (हालको राजवंशी समाज विकास समिति)ले भाषा–साहित्यमा योगदान दिएवापत पुरस्कृत गरेको थियो ।

**प्रस्तुति : सन्तोष शर्मा**



# इमानमा अडिग

## डिकमान विरही

कमेज र सुरूवालमा ढाकाको टोपी लगाउने सामान्य तर सुकिलो पहिरनमा देखिने चिम्से आँखामाथि पावरवाला चश्मा अनि खपटे ज्यान भएका मान्छे, जो दाहिनेपट्टि सधैँ कपडाको झोला बोकिहिँड्थे । कापी–कलम, हस्तलिखित पुस्तक र साहित्यका कृतिसँगै झोलाभित्र हुन्थ्यो– एउटा गम्छा, पसिना पुछ्नलाई । उनै थिए– झापाली पत्रकारितामा देख्न र सुन्न छाडिँदै गएको एक पत्रकार डिकमान विरही अर्थात् डिकमान सुनुवार । झापाली पत्रकारितामा तीन दशक लामो शब्द समय खर्चेर जीवन अर्पण गर्ने जो व्यक्तित्व आज हामीसामू हुनुहुन्न, त्यसैले उहाँ ओझेलमा पर्दै जानुभएको छ ।

साहित्य लेखनबाट शब्दको खेती गर्न थाल्नुभएका डिकमान विरहीले मृत्यु अघिसम्म पनि आफ्नो समय पत्रकारिता क्षेत्रमै समर्पण गर्नुभयो । वि.सं. २०१२ माघ १० गते ताप्लेजुङ्को फुङलिङ्– २ मा जन्मनुभएका डिकमान विरही सहरमान लिनुचा सुनुवार र सरस्वता सुनुवारका काइँला छोरा हुन् । डिकमान विरही पत्रकारिता, साहित्य र कला क्षेत्रलाई सँगै डोऱ्याउन सक्ने बहुमुखी प्रतिभाका व्यक्तित्व हुनुहुन्थ्यो ।

रसिक र स्वाभिमानी स्वभावका डिकमान विरहीको औपचारिक शिक्षा प्रवेशिकासम्मको मात्र थियो । तर पनि उहाँ नेपाली साहित्यका एक प्रखर कवि र पत्रकारका रूपमा परिचित हुनुहुन्थ्यो, अझै पनि झापाली पत्रकारिता र साहित्यमाझ स्मरणीय हुनुहुन्छ । २०२५ सालमै कविता विधाबाट साहित्य संसारमा प्रवेश गर्नु भए पनि २०३४ सालदेखि मात्र 'सिद्धार्थ' पाक्षिक समाचारपत्रको कार्यालय सहायकका रूपमा उहाँले पत्रकारिता क्षेत्रमा पाइला चलाउनु भएको हो ।

जीवन धान्ने क्रममा उहाँले अनेक उतारचढाव भोग्नुभयो । उहाँ कहिले पञ्चायतको कारिन्दा बन्नुभयो भने कहिले शिक्षक । बामपन्थी नेता समेत बन्नुभएका उहाँ जीवनको उत्तरार्द्धमा आएपछि एक होनहार पत्रकारका रूपमा स्थापित हुनुभएको थियो । पत्रकारिताको अनवरत यात्रामा उहाँले 'गोरेटो' साप्ताहिकको संवाददाता, 'रासस'को झापा प्रतिनिधि, 'नेपाल जागरण' साप्ताहिक र 'मातृभूमि' साप्ताहिकको प्रतिनिधि, 'साँघु' साप्ताहिक र 'रूपरेखा' साप्ताहिकको संवाददाता, 'नेपाल समाचारपत्र' दैनिकको झापा प्रतिनिधि र झापाबाट प्रकाशित पत्रपत्रिका तथा विभिन्न रेडियोको समेत समाचारदातामा रही पत्रकारिता क्षेत्रमा लामो सेवा प्रदान गर्नुभएको थियो ।

महानन्द पुरस्कार, मोतीराम पत्रकारिता पुरस्कार, स्रष्टा पुरस्कार, राष्ट्रिय समाचार समिति (रासस)को उत्कृष्ट समाचारदाता पुरस्कारबाट पुरस्कृत विरहीको

जीवन २०६४ साल फागुन २५ गते हृदयाघातबाट यस धर्तीमा विलय हुन पुग्यो । उहाँ स्वर्गारोहणको अवस्थामा आइपुग्दासम्म 'जनआन्दोलन' साप्ताहिक (बिर्तामोड) को प्रधान सम्पादकको भूमिकामा हुनुहुन्थ्यो । नेपाल पत्रकार महासंघ, झापा शाखाको संस्थागत विकास तथा महासंघको कार्यालय भवन स्थापनार्थ पनि उहाँको भूमिका स्मरणीय पाइन्छ ।

उहाँले आफ्नो जीवनकालमा 'नयाँ कामना' र 'झुल्केघाम' साप्ताहिक पत्रिकाको सम्पादन गर्नुभएको थियो भने 'पूर्वाञ्चल' दैनिकको उप-सम्पादक भएर दैनिक पत्रिकामा समेत आफ्नो श्रम र सीप निखार्नुभएको थियो । समाजसेवा, पत्रकारिता, साहित्य सेवा र नाट्यकला क्षेत्रमा समेत समर्पित डिकमानले झापाका विभिन्न संघ-संस्थामा रहेर आफ्नो क्षमताले भ्याएसम्म सेवा प्रदान गर्नुभयो । नेपाल पत्रकार महासंघ, झापा शाखाको संस्थापक-सदस्य हुँदै उपसभापतिदेखि केन्द्रीय सभासद् र नेपाल प्रेस युनियनको पूर्वाञ्चल संयोजक समेत हुनुभएका डिकमान साहित्यिक संघ-संस्थालाई समेत आफ्नो अमूल्य समय दिने गर्नु हुन्थ्यो ।

जस्तो परिस्थितिमा पनि हाँसेर जिउने कला भएका डिकमान विरहीले बाल्यकालदेखि मृत्यु पर्यन्तसम्म अभाव र रोगसँग लडिरहनुपर्‍यो । यद्यपि गीत, संगीत र नाचगानमा रमाउनु हुने डिकमानले जीवनप्रति कोही कसैसँग गुनासो गर्नुभएन ।

'पूर्वाञ्चल' दैनिकको कार्यालयमा कार्यरत छोरी रूपाका अनुसार, दुहागढीको एउटा गाउँमा उहाँहरूको घर, खेती थियो । पछि चारआलीतिर सरेपछि अभाव र समस्या पनि उहाँहरूसँगै सरेछ । घरमूलीको गोजी सधैँ त्यस्तै नै हुन्थ्यो, आफ्ना लागि नभए पनि आमाले छोरा-छोरीका लागि जोहो गर्नु पर्थ्यो । नजिकको दोकानमा बाँकीका चाङ हुन्थे । त्यो बेला तलब थिएन । एउटा समाचार लेख्दा २० देखि ३० रूपैयाँ मिल्थ्यो । त्यसले परिवारको गर्जो टर्दैनथ्यो । परिवारकै लागि उहाँले 'ट्युशन पढाएवापत गाउँलेबाट घरमा धान-चामल आउँथ्यो रे !'... आमाले भनेको कथन सम्झिँदै छोरी रूपा गहभरि आँशु पार्नु हुन्छ ।

छोरा-छोरीले पनि बुबा-आमालाई सानै उमेरदेखि सहयोग गर्न थाले । साप्ताहिक पत्रिकामा छापिएको विज्ञापनको पैसा उठाउनेदेखि पत्रिका बाँड्नसम्म । आफैँ अभावमा बाँचे पनि परिवारलाई भनेजस्तै आवश्यकता पूरा गरिदिनुभएको सुनाउनु हुन्छ, छोरी रूपा । बुबाको देहान्त हुनुअघि त रूपा पनि काममा लागिसक्नु भएको थियो । परिवारको आर्थिक बोझमा भरथेग हुँदै गयो ।

परिवारको कुनै माग हुँदैनथ्यो, तर दैनिक जीवन गुजारासँगै छोरा-छोरीलाई पढाउन डिकमान विरहीले अनेकन् समस्याको सामना गर्नुभयो । रूपालाई एउटा

सम्झना छ– दशैंमा अरूको किनमेल ८ हजारको हुन्थ्यो भने डिकमानको परिवारमा ८ सय मात्र । छोरा–छोरीले पढाइ–सिकाइमा ध्यान दिउन् भन्ने ध्याउन्न रहन्थ्यो बुबाको । अभावका बीच पनि प्रत्येक वर्ष छोरा–छोरीलाई नयाँ किताब–कापी ल्याइदिनुहुन्थ्यो रे ! रूपालाई अर्को सम्झना छ– बुबाले पुरस्कार पाउनु हुन्थ्यो । तर, त्यो पैसा घर आइपुग्दैनथ्यो । लेख्न प्रोत्साहित गर्न रूचाउने बुबा डिकमानले गाउँका केटाकेटीलाई कापी–किताब बाँडेरै सिध्याउनु हुन्थ्यो, पुरस्कारको रकम ।

जो कोहीलाई डिकमानले समान व्यवहार गर्नु हुन्थ्यो । बुबाको यो बानी अहिले पनि सम्झन मन लाग्छ, रूपालाई । साना–ठूला सबैलाई तपाईं भनेर सम्बोधन गर्ने बानी, सम्मान र इज्जत गर्ने संस्कार अहिलेको मान्छेमा भेटिन्न, उहाँका सहकर्मीहरू पनि बताउँछन् ।

डिकमान विरही हातैले समाचार लेख्नु हुन्थ्यो । प्रविधिका नाममा कम्प्युटर, फ्याक्स र मोबाइलको प्रयोग भर्खर–भर्खरै शुरू भएको त्यो जमानामा उहाँले प्रविधिहरू केहीको प्रयोग गर्न सक्नु भएन । तर, छोरीलाई १० कक्षाको परीक्षा दिएर बिदाको बेलादेखि नै टाइपराइटर सिकाउन शुरू गर्नुभयो । रूपाका अनुसार, बुबा बितेकै साल सरकारले न्यूनतम् पारिश्रमिक निर्धारण समिति गठन गरेको घटनाले रूपालाई अझै पनि झस्काउँछ । किनभने, लामो समय पत्रकारितामा संघर्ष गरेका बुबाले पनि थोरबहुत 'तलब' पाउनुहुन्थ्यो होला नि त । तर, पत्रकारिताबाट आर्थिक लाभ नलिए पनि बुबा सन्तुष्ट भएकैमा परिवार खुशी छन् ।

अहिले छोरी र दुबै भाइ छोरा रोजगार बनेका छन् । जेठा छोरा धर्मेन्द्र दिदी रूपाजस्तै कम्प्युटरमा दक्ष भएका छन् भने कान्छा छोरा अर्जुनले एमएस्सी अध्ययन सिध्याए । बुबाले सन्तानका लागि भौतिक रूपमा केही जोरजाम नगर्दिए पनि साथीभाइ, इष्टमित्र र समाज अथाह जोडिदिएकोप्रति परिवार धन्य छन् ।

छोरी रूपालाई गर्व लाग्छ, बुबाले कसैको चम्चागिरी र चाप्लुसी गर्नुभएन; त्यस्तो सिकाउनु पनि भएन । त्यही बाटोलाई पछ्याएर उहाँका पुस्ता अघि बढिरहेका छन् । १६ वर्ष भएछ, निरन्तर...।

डिकमानको विशिष्टता नै के हो भने, परिवारभित्र जति नै दुःखले गाँजे पनि उहाँ पत्रकारिताबाट अलग हुनु भएन । उहाँलाई नशाको रोगले सताएर लामो समयको उपचारपछि स्वस्थ त हुनु भयो । तर, बस्ने घर र ११/१२ कठ्ठा खेत थिएन; उपचारमा सकियो घरखेत !

डिकमान विरहीले दुःख त के, बिरामी पर्दासम्म सहयोगको हात फैलाउनु भएन । जे–जस्तो छ, त्यस्तै अवस्थामा रहन चाहनुभयो । बरू साथीभाइहरूले मिलेर


स्वतःस्फूर्त सहयोग गरे । अर्थात्, समस्यैसमस्या र अभावैअभावका बीच पनि लोभ र आशा नगर्ने एउटा फकीर जीवन बिताउनुभयो- उहाँले ।

झापाली पत्रकारिता र साहित्यको क्षेत्रमा पछिल्लो पुस्ताले चिन्न नपाइरहेको अवस्थालाई मनन गरी एक अविचलित भद्र व्यक्तित्व डिकमान विरहीलाई जीवन्त राख्न साहित्य चौतारी-झापा र नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) झापाले उहाँकै स्मृतिमा पुरस्कार स्थापना गरेका छन् ।

साहित्य चौतारी-झापाले २०६५ सालदेखि 'डिकमान विरही स्मृति सम्मान पुरस्कार' स्थापना गरी साहित्य, पत्रकारिता र नाट्यकला क्षेत्रमा सेवा गर्ने स्रष्टालाई वितरण गर्दै आएको छ भने यिनै होनहार व्यक्तित्वको सम्मानका लागि फोनिजले पनि २०६६ साल माघदेखि 'स्व. डिकमान सुनुवार विरही वर्ष उत्कृष्ट पत्रकारिता पुरस्कार' स्थापना गरी पुरस्कार वितरण गर्दै आएको छ ।

**प्रस्तुति : रमेश समदर्शी**

*(लेखक, फोनिजले स्थापना गरेको*
*'डिकमान विरही सुनुवार स्मृति पत्रकारिता पुरस्कार'का संस्थापक हुन्)*



# शान्त विद्रोही

## हीरा आकाश

*मलाई अँध्यारोसित डर छैन*

*मलाई मृत्युसित रिस छैन*

अँध्यारोसँग नडराउने, मृत्युसित नझुक्ने कवि हीरा आकाशले ५६ वर्षकै उमेरमा सुटुक्क मृत्यु अँगाले, २०६७ साउन ६ मा ।

हीरा साठीको दशकको अन्त्यतिरदेखि थलिए । नशाको रोगले देब्रे खुट्टा सुकाउँदै लग्यो । यद्यपि उनले साहित्य सिर्जना छाडेनन् । मृत्युको अन्तिम घडीमा पनि सुन्दर कविता कोरे । त्यस्ता धेरै सुन्दर कविता समाजलाई छाडेर गएका छन् ।

परिवार सहित श्रीमती उषा देवान र चिकित्सकहरूको अथक प्रयासका बाबजुद मस्तिष्कघातका कारण सधैं–सधैंका लागि उनी महाप्रस्थानमा निस्किए ।

छोरी अदितीसँग हीराले अन्तिम संवाद गरेका थिए । सुत्केरी भएर माइत आएकी अदितीसँग २०६७ असार २४ गते बिहान २ बजे उनी गफिए, 'के छ नानी हालखबर ? तिमी कहिले आयौ ? सञ्चै छौ ? ज्वाइँलाई कस्तो छ ?' (अनलाइन खबर, २०७६ साउन ६)

**प्रेमिल हीरा ः**

हिमकुमार पराजुली उर्फ हीरा आकाश प्रेमिल स्वभावका थिए । मानवतावादी थिए । सबै जात, धर्म, वर्ग र लिङ्गप्रति उनको बराबरी प्रेम थियो । कसैलाई उच र कसैलाई निच व्यवहार उनले कहिल्यै गरेनन् ।

२०२७–'२८ सालदेखि साहित्य–लेखन शुरू गरेका उनले आफ्ना सिर्जनामा वास्तविक नाम फेरेर 'हीरा आकाश' लेख्न थाले । । 'त्यो बेला साहित्यिक नाम राख्ने चलन थियो, त्यही आधारमा उहाँले पनि आफ्नो नाम हीरा आकाश राख्नु भएको होला', श्रीमती उषा अनुमान लगाउँछिन् । हीरा लेखनमा अब्बल थिए ।

उषासँग हीराको पहिलो भेट ३० सालतिर भएको थियो । उनी एसएलसी दिएर बसेकी थिइन् । सानो दाजु किरण देवानका साथी थिए– हीरा । विस्तारै एकअर्कासँग उनीहरु नजिकिए । त्यो बेलाको समाज, प्रेमप्रति उदार थिएन । त्यसमाथि अन्तरजातीय प्रेमप्रति त बिल्कुल अनुदार थियो । तर, उनीहरु भेटघाटमा मात्रै सीमित भएनन् । अन्ततः ३७ सालको अन्त्यतिर विविध समस्याका बीच पनि भागेर बीरगञ्जमा रहेका चिनारू विनोद पोखरेलकहाँ पुगे । पोखरेलकै घरमा करीब २ महिना बिताएपछि उतै बिहे गरेर हीरा–उषा झापा फिरे ।

२०२५ सालमा भूमिसुधार सहायक मन्त्री र ३० सालमा भद्रपुर नगर पञ्चायतका

प्रधानपञ्च पनि भएका भक्तिमान देवानकी छोरी थिइन्- उषा । । भक्तिमानले भागी बिहे गरेकी छोरीलाई बोलाए, अनि टिकाटालो गरिदिए । त्यसबेला भद्रपुरका पुराना पत्रकार एसएल शर्माको प्रिन्टिङ प्रेस थियो । त्यहीँ काम गर्थे हीरा । उनी 'वरूण' साप्ताहिकका सम्पादक नै थिए । त्यस अघि हिजो आज दैनिक, साप्ताहिक विचार र विवेचना पत्रिकामा स्तम्भकार थिए । पत्रकारिता सँगसँगै उनी साहित्य सिर्जनामा निरन्तर सक्रिय भइरहे ।

पत्रकारिता गर्दागर्दै मेची क्याम्पसबाट बीए पनि सकेका हीरा आकाशले ४१ सालदेखि कृषि विकास बैंकको जागिर खान थाले । जागिरपछि पत्रकारितासँग टाढिँदै गए पनि साहित्य सिर्जना चाहिँ जारी नै राखे । अस्वस्थताका कारण करीब २४ वर्षपछि २०६४ सालमा उनले जागिर छाडेका थिए । तर, कविता लेख्न छाडेनन् ।

कम बोल्ने, चाँडै भावुक हुने हीरा प्रेमिल थिए, मूडी पनि थिए । अर्काको कुरा गरेको फिटिक्कै मन पराउँदैनथे । खासमा उनी एक पिडक्कड थिए । पिएपछि फुर्थ्यो उनलाई तिख्खर कविता । विपन्न, निमुखा, दलित, उत्पीडित जाति र समुदायबारे उनी कविता मार्फत वकालत गर्थे । 'पिएपछि उहाँ झैझगडा गर्नु हुन्नथ्यो, बरू कविता लेखेर बस्ने, धेरै मातेका दिन घर आएर थपक्क सुत्ने गरेको' श्रीमती उषा सम्झिन्छिन् । धेरै पिउने बानीले उनको शरीरमा मधुमेह उब्जियो । उच्च रक्तचाप जन्मियो । तिनै रोगहरु छिप्पिंदै गएपछि नशाको रोग देखियो । पछि त्यही मृत्युको कारण भइदियो ।

**प्रगतिशील हीरा :**

हीरा, प्रगतिशील धारको कवि जो कहिल्यै सत्ताको पछि लागेनन् । राजनीतिका पछि कवितालाई कुदाएनन् । बरू, राजनीतिभन्दा अघि–अघि हिँडे । प्रगतिशीलतालाई कलाले छोपे, सिँगारे । कला कलाको लागि हो भन्नेहरूलाई अनि भाषण वा नारा मात्र साहित्य हो भन्नेहरूलाई जवाफ दिए । कवितालाई उनले चाकडी र चाप्लुसीबाट टाढै राखे । सत्ताको तावेदारी जो भनिन्छ– बाट उनी टाढै रहे । मादकपनकै कारण उनको मुख बांगिदा पनि कसैका सामू उनको स्वाभिमान बांगिएन । (नेपाललाइभ, २०७६ पुस ५)

बैरागी काइँला, भवानी घिमिरेदेखि लक्ष्मण ढकालसम्मको संगत थियो उनको । त्यसो त ०७ सालको क्रान्तिमा झापामा सरिक उनका पिता कृष्णप्रसाद पराजुली पनि कविता कोर्थे । झापाका चर्चित कवि थिए– हीरा आकाश । मुक्त विचार र प्रजातन्त्रप्रति सम्मान गर्ने चेतका हीरा आकाश हेपिएका, पिसिएका र थिचिएकाहरूका आवाज पनि थिए । उनका लेखनहरूमा मूलतः नारीवाद, युगवोध, देशप्रेम, मानवप्रेम

र पीडामा रहेका मानिसका दुःख पाइन्थ्यो । उनका लेखनमा इमान्दारीको कदर र जाली–फटाहाहरूको तीव्र आलोचना पाइन्थ्यो । अत्यन्त सुन्दर, सफा र आकर्षक अक्षर थियो उनको । त्यस्ता छिपा अक्षरमा लेखिएका कविता झनै सुन्दर हुन्थे ।

*जहिले पनि*

*प्रगति र शान्तिको विरोधी हो सर्प*

*यसैले सर्पलाई*

*गरूड पुराण नसुनाऊ*

*बालुन र बिथोलिन नसुनाऊ*

*सर्प बहिरो हुन्छ सर्पले गीत सुन्दैन । (सर्पले गीत सुन्दैन)*

२०३९ सालको अन्त्यतिर झापामा 'भोक कविता आन्दोलन' भयो । भवानी घिमिरेले नेतृत्व गरेको यो आन्दोलन भोक, अभाव, गरीबी र बेरोजगारीका विरूद्ध भनिए पनि मूलतः पञ्चायत विरूद्ध लक्षित थियो । हीरा आकाश, अमृतलाल श्रेष्ठ, केशव आचार्य, कृष्ण धरावासी, दुर्गा दाहाल, प्रकाश बुढाथोकी, डिकमान विरही, लक्ष्मण ढकाल, देवेन्द्रकिशोर ढुंगाना लगायतका कविहरू आन्दोलनका सारथी थिए । भोक कविताका ९ जनामा 'ककाप' संलग्न थिए । 'ककाप' अर्थात् कम्युनिस्ट, कांग्रेस र पञ्च । यो ककापको सिद्धान्तकार थिए– भवानी घिमिरे । यी ३ राजनीतिक विचारधारालाई साहित्यको रूपमा पनि प्रयोग गर्न भवानी घिमिरेको यो ककाप सिद्धान्तले पूर्वाञ्चलको साहित्यिक गतिविधिमा ठूलो भूमिका खेलेको थियो । (शौर्य अनलाइन, २०६९ भदौ १९)

समकालीन कवि प्रकाश बुढाथोकीले सम्झिए, 'पञ्चायत विरूद्धको त्यो आन्दोलनमा हीरा सधैं सक्रिय रह्यो ।' बुढाथोकीका अनुसार, २०४४ सालको घटस्थापनामा हीराले आफ्नै नेतृत्वमा 'मन्थन' नामको साहित्यिक संस्था जन्माए । मन्थनले थुप्रै आशलाग्दा युवा स्रष्टा जन्मायो ।

अर्का समकालीन कवि केशव आचार्यका अनुसार, हीरा बढीजसो प्रयोगात्मक कविता लेख्थे । पञ्चायत सत्ताले बुझ्न नसक्ने भाषा र बान्कीमा उनी निक्कै चोटिला कविता लेखेर सत्ताको विरोध गर्थे ।

एक पटक उनले समकालीन र अग्रज सर्जकमाथि पनि कविता लेखनको श्रृंखला चलाए । नकुल काजी, लीला उदासी, कृष्ण धरावासी, शिवशङ्कर थापा, प्रकाश बुढाथोकी, पवन चाम्लिङ, अमृतलाल श्रेष्ठ, केशव आचार्य, दुर्गा दाहाल, डिकमान विरही, लक्ष्मण ढकाललाई उनले कविताका शीर्षक बनाए ।

यी विद्रोही कविको एउटा मात्रै कविता संग्रह प्रकाशित छ । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०५५ सालमा 'आगोका स्वरहरू' कविता संग्रहित गरी छापिदियो । त्यस बाहेक उनका कविता पुस्तकाकारमा छैन । उनका २ सय जति कविता अप्रकाशित थिए । ती कविता कहाँ छन्, कसैलाई थाहापत्तो छैन ।

**पत्रकार कम, कवि ज्यादा :**


२०१० साल फागुन १० मा दक्षिण झापाको शिवगञ्जमा जन्मेका थिए, हीरा । पत्रकार र कवि हुनु अघि उनी फूटबलका राम्रा खेलाडी थिए । केही समयपछि उनको परिवार शिवगञ्ज छाडेर भद्रपुर आयो । उनी भद्रपुर माविमा भर्ना भए । पढाइसँगै फूटबल खेलमा आकर्षित भए । उनले केही नाम चलेका राष्ट्रिय प्रतियोगितामा पनि भाग लिइसकेका थिए ।

हीरा आकाशको एउटा अर्को खासियत पनि थियो । उनी सधैं टिपटप भएर हिंड्थे । आइरन लगाएर तारिलो पारेको बेली पाइन्ट र शर्ट उनको प्रिय थियो । कविहरू झुत्रेझाम्रे भएर हिंड्नु हुन्न भन्ने विचार उनी राख्थे । उनी विचारमा प्रगतिशील थिए । तर, उनको राजनीतिक पार्टी शायद कुनै थिएन । प्रगतिशील लेखक संघ–झापाको पहिलो तदर्थ समितिका सचिव भए । तर, पछि छाडे ।

हीरा आकाश 'भानु' मासिक र 'दुबो' द्वैमासिकको सम्पादक पनि भए । उनको पहिलो कविता 'युगज्ञान' पत्रिकामा २०२९ सालमै छापिएको थियो । सन् १९८७ मा पराग समूह, कटुञ्जेद्वारा आयोजित राष्ट्रव्यापी कवि गोष्ठीमा तृतीय, सन् १९८५ मा स्रष्टा पुरस्कार, १९८६ मा इन्द्रेणी परिवार भद्रपुरद्वारा आयोजित कवि गोष्ठीमा प्रथम, २०४४ मा महानन्द पुरस्कार, २०४५ मा राष्ट्रिय कविता पुरस्कार (भक्तपुर), २०५० मा ललिता काव्य पुरस्कार, २०५७ मा मोहन रेग्मी स्मृति सम्मान पुरस्कार पाएका उनी बेलाबखत भने कविता बिर्सिएर कथा पनि कोर्ने जमर्को गर्थे । हीरा, छोटो समयमै पत्रकारितामा आफ्नो स्थान बनाउन सफल रहे । तर, उनलाई पत्रकारिताले भन्दा पनि कविताले बढी चिनायो ।

**प्रस्तुति : पर्वत पोर्तेल**

*(पोर्तेल, कान्तिपुर दैनिकमा आबद्ध छन्)*



# मिसन पत्रकारिताका पर्याय

## तारा बराल

झापाली पत्रकारिताको दोस्रो कालखण्डमा काम गर्ने पत्रकारहरूमध्ये तारा बरालको नाम अग्रस्थानमा आउँछ । तीव्र लेखन क्षमता भएका बराल प्रजातान्त्रिक धारका निडर पत्रकारको रूपमा रहेका सशक्त व्यक्तित्व पनि हुन् । शिक्षित तथा सम्पन्न परिवारमा २००९ साल जेठमा झापाको शान्तिनगरमा जन्मिएका बराल प्रजातन्त्र प्राप्तिका लागि मिसन पत्रकारितामा जीवन समर्पण गरेका व्यक्ति हुन् ।

शान्तिनगरबाट शिक्षण पेशाका लागि भद्रपुर आइपुगेका बरालले झापामा 'पत्रकारितामा बाघ' उपनामले परिचित पत्रकार तथा साहित्यकार नकुल काजीसितको संगतका कारण २०३२ सालबाट पत्रकारका रूपमा जीवनको पाटो एकाएक बदल्न पुगे । असल शिक्षक बन्ने लक्ष्य पत्रकारितामा बदलिएपछि बरालले पञ्चायतको दमन विरूद्ध खरो प्रतिवाद गर्ने मिसन पत्रकारिता अगाडि बढाउन पुगे । व्यवस्थाविरोधी व्यक्तिका रूपमा प्रशासनले चित्रित गरेको बरालको पत्रकारिता निडर र अब्बल भएकै कारण शक्तिशाली पञ्चायती प्रशासन पनि कहींनकहीं डराउने गर्दथ्यो ।

२०३२ सालमा काठमाण्डौबाट प्रकाशन हुने 'नयाँ सन्देश' साप्ताहिक पत्रिकामा झापाबाट आवश्यक पर्दा समाचार दिने पत्रकार भएर काम थालेका बरालले २०३९ सालबाट आफ्नै सम्पादन/प्रकाशनमा 'साप्ताहिक विचार' पत्रिकाको प्रकाशन शुरू गरे । यो साप्ताहिक पत्रिका झापामा मात्र सीमित नभएर नेपालका प्रमुख शहर काठमाण्डौ, बिराटनगर, धरान, पाल्पा, पोखरामा समेत पाठक बटुल्न सफल थियो । साथै, नेपाल बाहिर सिक्किम, दार्जीलिङ लगायत प्रवासमा पनि पत्रिकाले बलियो उपस्थिति जनाएको थियो ।

उत्तरी झापाको विकट गाउँ शान्तिनगरमा हुर्किएका बरालले शान्ति आदर्श हाइस्कूलबाट २०२५ सालमा एसएलसी परीक्षामा प्रथम श्रेणी प्राप्त गर्दै विद्यालयमा इतिहास रचेर सर्वोत्कृष्ट नतिजा ल्याउने पहिलो विद्यार्थीको रूपमा नाम लेखाएका थिए । उच्च शिक्षा लिने क्रममा विज्ञानका विद्यार्थी बराल नेपाली भाषाका असल सेवक भए । २०३२ देखि २०३८ सालसम्म काठमाण्डौको 'नयाँ सन्देश' तथा झापाकै 'विवेचना' साप्ताहिक लगायत विभिन्न पत्रपत्रिकामा काम गर्दै मिसन पत्रकारिताका लागि अनुभव संगालेका बरालले प्रजातन्त्रको स्थापना नभई देशको उन्नति-प्रगतिपथ भेट्न नसकिने ठहर गरेर पत्रिकाको प्रकाशन थालेका थिए । यस प्रकाशनले प्रजातन्त्र स्थापना गर्नका लागि झापाका बासिन्दालाई संगठित गर्न निकै ठूलो योगदान दिएको थियो । २०४६ सालको अन्त्यतिर प्रजातन्त्रको पुनर्बहाली भएपछि बरालको पत्रकारिताको एक अध्यायले पूर्ण विराम पायो ।

झापामा पञ्चायती शासन पक्षधर पत्रकारहरूको बाहुल्य भए पनि बरालले अल्पमतमै रहेर पनि बहुजनका लागि मिसन पत्रकारिताको बाटो रोजेका थिए । सदरमुकाम चन्द्रगढी–भद्रपुर बाहिर पत्रकारिताले ठाउँ नपाइरहेको झापा जिल्लामा बरालले पत्रकारिता मार्फत गाउँका आवाज समेट्ने प्रयास गरिरहे ।

हाते प्रविधि (लेटर प्रेस) बाट प्रकाशन भइरहेको नेपाली पत्रकारिता प्रजातन्त्रको पुनर्स्थापनासितै नयाँ प्रविधिमा प्रवेश गर्न पुग्यो । उपत्यका बाहिर उन्नत प्रविधि आइनपुगे पनि काठमाण्डौले उन्नत प्रविधि मार्फत पत्रपत्रिका प्रकाशन गर्न थालिसकेको थियो । त्यही समयमा बरालको मिसन पत्रकारिताको सम्मान गर्दै सरकारले उनलाई २०४८ सालमा पहिलो पटक प्रेस काउन्सिलको सदस्य बनाइदियो । पञ्चायतकालमा शोषण–दमनमा परेर थिचिएको नेपाली पत्रकारिता उकास्न बरालले प्रेस काउन्सिलमा रहँदा निकै ठूलो अवसर समेत प्राप्त गरे । २०४८ देखि २०५० सालसम्म झापा मूल कर्मथलो भए पनि बरालका लागि काठमाण्डौ पछिल्लो कार्यस्थल बन्न पुग्यो ।

प्रजातान्त्रिक आन्दोलनमा पत्रकारिताबाट महत्वपूर्ण योगदान दिएका बराललाई तत्कालीन सरकारले २०५० सालमा नेपालको सरकारी स्वामित्वको पहिलो दैनिक पत्रिका 'गोरखापत्र'को प्रधान सम्पादकको जिम्मेवारी दियो । २ वर्षका लागि 'गोरखापत्र'को समाचार सम्पादनको नेतृत्व गर्ने अवसर पाएका बराल झापाबाट पत्रकारिता गर्दै गोरखापत्र जस्तो ऐतिहासिक पत्रिकाको सर्वोच्च पदको नेतृत्व गर्ने पहिलो झापाली पत्रकारको पहिचान समेत बनाउन सफल भए ।

मिसन पत्रकारिताको जगबाट उठेका बरालले पत्रकारितामा हुनु पर्ने निष्पक्षताको धर्म भने मर्न दिएनन् । आर्थिक रूपमा ज्यादै जर्जर पेशा मानिएको पत्रकारितालाई पैसा कमाउने माध्यम नबनाएका बराल विधि, प्रक्रिया र विचारलाई पत्रकारितामा सदैव सुरक्षित राख्न सफल भए । प्रजातान्त्रिक पत्रकारहरूको साझा संस्था नेपाल प्रेस युनियनको केन्द्रीय अध्यक्ष भएर देशभरका पत्रकारको नेता समेत बनेका बरालले पत्रकारितामा राजनीतिको गन्ध आउन दिएनन् ।

प्रवासी भएर अमेरिकाको टेक्सस राज्यमा २० वर्षदेखि सपरिवार बसोबास गरेका बराल हाल पुनः स्वदेश फर्केका छन् । अमेरिका रहँदा नेपाली भाषाको अन्लाइन खबर पत्रिका 'हिमालय खबर'को सल्लाहकार–सम्पादक भएर पत्रकारिताको सेवा गरेका बराल विदेशिनु पर्ने बाध्यतालाई नेपाली राजनीतिमा आएको विचलन तथा स्वार्थीपन प्रमुख कारण मान्छन् । पञ्चायतले देश र जनताको हित गर्न नसकेपछि प्रजातन्त्रको खोजीमा लागेको स्मरण गर्दै बराल भन्छन्– '२०४६ सालको

परिवर्तनको मूल मुद्दा बिर्सिएर दलका नेतृत्व आफू र आफन्तमा मात्र सीमित घेरामा भरणपोषण गर्ने बाटोमा लागेकै कारण देश छोडेर विदेशिने प्रवृत्ति बढेको हो ।'

दक्षिण-एसियामै नेपालको पत्रकारिता निकै द्रूत गतिमा विकास भइरहेको भए पनि पछिल्लो कालखण्डमा दलीय झुण्ड र गुटगत विचलनको बाटोमा अल्मलिन गएकोमा उनमा चिन्ता बढेको छ । विगतमा देश र जनताका लागि जागरण ल्याउन मिसन पत्रकारिताको आवश्यकता थियो भने अबको पत्रकारिता प्रविधिको उपयोग सहित देशको विकास र उन्नतिका लागि हुनु पर्नेमा दलका गुट-उपगुटको पृष्ठपोषणमा अल्मलिनु चिन्ताको कारण रहेको उनको भनाइ छ ।

पत्रकारिताको संस्थागत विकासका लागि पनि योगदान गरेका बरालले तत्कालीन नेपाल पत्रकार संघको झापा शाखा विस्तारका क्रममा पहिलो निर्वाचित सभापति भएर २ वर्ष झापाली पत्रकारको नेतृत्व गरेका थिए । उनले 'साप्ताहिक विचार' पत्रिका २०५० सालबाट स्वामित्व हस्तान्तरण गरेका थिए । २०५०–'६० सालसम्म राजधानी काठमाण्डौलाई केन्द्र बनाएर पत्रकारितामा संलग्न बरालले त्यसबीचमा गोरखापत्र दैनिक (२०५०–'५२) र नेपाल टेलिभिजनको सञ्चालक समितिको अध्यक्ष (२०५५/'५६) का रूपमा सरकारी सञ्चार माध्यमको प्रमुख कार्यकारी भएर काम गरे भने शिक्षा मन्त्रालय मातहत रहेर शिक्षा र पत्रकारिताको समयानुकूल विकासका लागि परियोजनामा समेत काम गरेका थिए ।

डेनिस सरकारको सहयोगमा सञ्चालित परियोजनामा मिडिया कन्सल्टेन्टका रूपमा काम गर्दाताका उनले शिक्षा पत्रकारितालाई भिन्न क्षेत्र बनाएर कलम चलाउने वातावरण निर्माण गरी पुरस्कार दिने प्रचलन स्थापित गराएका थिए । पैसा पनि नहुने र समय पनि खर्चनु पर्ने स्वयम्सेवकका रूपमा छापा पत्रकारितामा अधिकांश समय व्यतीत गरेका बरालले समाचार लेखेकै कारण प्रहरी/प्रशासनको धाकधम्कीदेखि मुद्दा समेत खेप्नु परेको थियो ।

आलोचकहरू बराललाई पत्रकारिता पेशालाई राजनीतिमा साटेर अवसर उपयोग गर्ने पात्र भन्दै आलोचना पनि गर्ने गर्दछन् । तर, पत्रकारिताको माध्यमबाट राजनीतिलाई बाटो देखाउने क्रममा बरालको क्षमतालाई राजनीतिक नेतृत्वले उपयोग गरेको हो ।

तारा बराल पत्रकारितामा विकृति विरूद्ध निर्मम प्रहार गर्ने कठोर व्यक्ति भनेर चिनिए पनि समाज र व्यक्तिगत जीवनमा त्यति नै शालीन र नम्र व्यक्तिको पहिचान बनाउन पनि सफल छन् । रविलाल बरालका ५ भाइ छोरामध्ये कान्छो छोरा उनी शान्तिनगरमा जति प्रिय भए, सदरमुकाम चन्द्रगढीमा बसाइँ

सरी आएको नयाँ बस्तीमा पनि त्यति नै लोकप्रिय रहे । आफू बसोबास गर्ने टोललाई 'मैत्री टोल' नाम दिएर पहिचान दिलाएका बराल संगीत साधना र गायनमा पनि रूचि राख्थे ।

बरालले पञ्चायतकालमा आफ्नै सम्पादकत्वमा पञ्चायत विरूद्ध आवाज बनाएर 'साप्ताहिक विचार' प्रकाशन गरे । प्रजातान्त्रिक विचारधाराको उक्त पत्रिका पूर्वाञ्चलबाट प्रकाशित हुने पत्रिकामध्ये राजनीतिक जागरणका लागि प्रभावशाली मानिन्थ्यो । पत्रकार राजेश ढुंगाना, विष्णु निष्ठुरी र लेखक कृष्ण धराबासी पनि यही पत्रिका मार्फत उदाउन सफल भए ।

नेपाली पत्रकारिताको सेवा गर्ने धोको जीवित राखेका बराल नेपालमै फर्किएर हाल झापाली पत्रकारितामा जोडिएका छन् ।

**प्रस्तुति ः द्रोण अधिकारी 'गुयेली'**



# पत्रकारितामा नथाकेको पचास वसन्त

गञ्जबहादुर दाहाल

कसैले पचास वर्षसम्म पेशालाई निरन्तरता दिइरहेको छ भन्दा अनौठो लाग्न सक्छ । तर, पत्रकारिता शुरू गरेदेखि प्रकाशनको अनवरत यात्रा गरिरहेका झापाली पत्रकारिताका अग्रज दमक निवासी गञ्जबहादुर दाहालको यस्तै अनुभव छ, जसले पत्रकारिताको पचास वसन्तलाई चुम्यो ।

समाजमा धेरै मान्छेहरूको पेशा रहरभन्दा पनि बाध्यताले चलेको हुन्छ । कसैले पेशालाई धनसम्पत्ति आर्जनलाई मध्यनजर राखेर काम गरेका हुन्छन् भने कसैको सम्पत्तिले पेशा निर्धारण गरिरहेको हुन्छ । कुनै-कुनै व्यक्तिको जीवन यस्तो हुन्छ, जो आफूले बनाएको पेशा नै जीवनभर छुटाउन नसकिने नशा बनिदिन्छ । यस्तै एउटा उदाहरणीय व्यक्तिको नाम हो- गञ्जबहादुर दाहाल । झापाली पत्रकारिताको पुराना पुस्ताका एक अग्रणी व्यक्ति दाहालको जन्म पिता रत्नबहादुर र माता लक्ष्मीमाया दाहालका सुपुत्रको रूपमा २०१२ साल असार १५ गते भएको थियो । उहाँको हाल झापाको दमक- ५ मा बसोबास रहेको छ । अहिले उहाँका परिवारमा श्रीमती कल्याणी एवम् छोरीहरु स्मृति र अर्चना रहेका छन् ।

**बाल्यकाल र शिक्षा :**

भोजपुरको प्याउलीमा जन्मिनुभएका दाहालका हजुरबुबा अम्मरबहादुर दाहालको पहाड र मधेशमा समेत रवाफ थियो । 'झापाको दुहागढीमा ३३ बिघा जग्गा रहे पनि हजुरबुबा परलोक भएपछि त्यो सम्पत्ति बुबाले संरक्षण गर्न सक्नु भएन । बुबाको पालामै सम्पत्ति पनि सकियो र बुबा पनि बित्नुभयो'- उहाँ सम्झनु हुन्छ ।

बुबालाई मैले सानु छँदै गुमाउनु पर्‍यो । त्यो बेला म ३ वर्षको बालक थिएँ, शायद दुःखलाई सामना गर्नु नै मेरो लेखान्त थियो होला । एउटा भाइ र दिदीलाई एक्ली आमाले हुर्काउनुभयो । हुर्काउन र शिक्षा-दीक्षामा आमाको अहम् भमिका छ । आमाको पहिलो इच्छा गाउँको मुखिया परिवार भएको कारण छोरालाई टिपन, रसीद लेखन गर्न सक्ने बनाउने थियो, उहाँले भन्नुभयो ।

दाहालले श्री शारदा मा.वि., भोजपुरबाट विद्यार्थी जीवनको शुरूवात गरेर झापाको हिमावि.बाट २०३२ सालमा एसएलसी पास गर्नुभएको हो । उहाँले मोरङको बिराटनगरस्थित महेन्द्र मोरङ क्याम्पसबाट आईए.सम्मको अध्ययन गर्नुभएको थियो ।

**पेशाको खोजी :**

एसएलसी पास गरिसकेपछिको समय जागिर खाएर सदुपयोग गर्ने र जागिर खाएर आमाका चाहना पूरा गर्ने योजनाका साथ जागिरको खोजी गरेको उहाँको कथन छ । जागिरको खोजीमा निस्किदा शुरूवाती दिनको उहाँको स्मरण यस्तो छ : 'पञ्चायतकालका नेता आफन्त बसन्तकुमार खड्काले झापाको भद्रपुरबाट

'सूर्योदय' साप्ताहिक प्रकाशन गर्नु हुन्थ्यो, उहाँको माध्यमबाट केही काम पाइन्छ कि भनेर म त्यहाँ गएँ । मेरो पहिलो प्रस्तावमा नै बसन्तकुमारले हुन्छ, काम पाइन्छ, म केही काममा लगाइदिन्छु । अहिले यही पत्रिकामा केही काम सघाउँदै गर्नु, भन्नुभयो । म पत्रिकाकै काम सघाउन थालेँ ।...

...केही दिन बिते, तर काम लगाइदिने कुरा हुँदैन ! अनि मैले फेरि सोधेँ– खोइ त काम ?

उहाँले भन्नुभयो– 'गर्दैछौ त, यही हो नि काम । गर्दै गर न, राम्रो छ तिम्रो काम, अब यही काम गर्नुपर्छ' भनेपछि मलाई थाहा भयो कि म त पत्रिकामा पो काम गर्न थालिसकेको रहेछु ।...

...साँच्चै भन्नु पर्दा म बुझेर होइन, आवश्यकताले लागेको हुँ, पत्रकारितामा । मलाई जागिरको आवश्यकता थियो । २०३२ सालदेखि सूर्योदय साप्ताहिकमा काम गर्न थालेँ, गर्दागर्दै मलाई सम्पादकको जिम्मेवारी दिइएको थियो । बसन्तकुमार खड्का त्यसका प्रकाशक हुनुहुन्थ्यो । म सूर्योदयमा '३९ सालसम्म रहेँ । त्यो बेला जिल्लाबाट आलोक, सूर्योदय, विवेचना, युगज्ञान साप्ताहिक र सिद्धार्थ पाक्षिक पत्रिका निस्कन्थे । त्यसैबीच मैले २०३७ सालबाट 'जनज्योति' मासिकको सम्पादक–प्रकाशक भई २०३९ सालसम्म त्यहीँ बसेर प्रकाशन गरेँ । २०३९ सालदेखि चाहिँ 'जनज्योति' साप्ताहिक दर्ता गरी हालसम्म निरन्तरता दिइरहेको छु ।'

**अग्रज र समकक्षीको स्मरण :**

२०३२ सालदेखि निरन्तर पत्रकरिता गर्दै आउनुभएका दाहालले अहिले 'पूर्व सन्देश' दैनिक र 'जनज्योति' साप्ताहिक दमकबाट प्रकाशन गरिरहनु भएको छ । उहाँ दुबै पत्रिकाको प्रकाशक–सम्पादक हुनुहुन्छ । अग्रज र समकालीन साथीहरु सम्झिदै दाहाल भन्नु हुन्छ : 'अग्रजको सम्मान गर्न सकेमात्र आफ्नो पनि सम्मान हुन्छ । हामीले अग्रजलाई सम्झिन सकेनौं भने हामीलाई सम्झिने पनि कोही हुँदैनन् । श्यामकृष्ण उपाध्याय, नकुल काजी, डिल्लीराम निर्भीक, बसन्तकुमार खड्का, चूडामणि रेग्मी मेरा अग्रज हुन् । द्रोणाचार्य क्षेत्री, रामप्रसाद पोखरेल, मदन ढकाल, गोविन्दचन्द्र क्षेत्री, गोपीकृष्ण खनाल मेरा समकालीन हुन् ।

**अनुभव र चुनौति :**

'पत्रकारिता नशा र पेशा दुबै हो । सञ्चार, सम्पर्क र सामाजिक जिम्मेवारी पनि हो । पत्रकारिताले सबैसँग चिनजान गराउँछ, आफूलाई सक्रिय गराइरहन्छ । पत्रिका एक दिन निस्केन भने दिनभर तनाव हुन्छ, जब पत्रिका छापिन्छ, आफूलाई आनन्द महसूस हुन्छ । ठूलै काम गरियो जस्तो लाग्छ ।...

...पत्रकारितालाई मान्छेले विभिन्न तरिकाले व्याख्या गरेका छन् । मलाई लाग्छ, यो त यात्रा हो– निरन्तर अग्रगतिमा बढिरहने । आशाको र समर्पणको हामी यात्री रहेछौँ । पत्रिका प्रकाशन गर्दा पहिले ज्यादा गम्भीर बन्नु पर्थ्यो, तौली–तौली शब्द चलाउनु पर्थ्यो । सञ्चारमा स्वतन्त्रता थिएन । व्यावसायिकता पनि थिएन । अहिले स्वतन्त्रता छ । तर, पछिल्लो समय पत्रकारिता खस्कदै गएको छ । मर्यादित बन्न सकेको छैन । यद्यपि राम्रो पक्ष के हो भने, व्यावसायिक हुँदै गएको छ । प्रतिष्पर्धाको युगमा पत्रकारिता क्षेत्रमा धेरै चुनौति रहेका छन् । यी चुनौतिको सामना गर्न हामीसँग संकल्प, अठोट, इमान्दारी, लगनशीलता र निरन्तरता हुनैपर्छ । यो मैले अहिलेसम्म पत्रकारिता गर्दाको अनुभव हो'– उहाँ भन्नु हुन्छ ।

विषयवस्तुलाई सामान्य ढंगले लिँदा, रिपोर्टिङ गर्न ध्यान नपुर्‍याउँदा, समाचारमा केही शब्द चयनमा त्रुटि हुँदा पनि धेरै अप्ठ्यारा समस्या आउने दाहालको अनुभव छ । आफैंले लेखेको समाचारको शब्द चयनले निम्त्याएको एउटा मुद्दाको उदाहरण दिँदै उहाँ भन्नु हुन्छ– 'एकपटक एउटा मान्छे झुण्डिएको समाचार लेख्दा 'आत्महत्या' शब्द प्रयोग गरिएछ, कसैले जनाएको पनि भनिएन । भोलिपल्ट नाराबाजी गर्दै अफिसमा मान्छे आए, विरोध गरे । कसैले मारेर झुण्ड्याएको थियो या आत्महत्या घटना अनुसन्धानमा थियो । आत्महत्या भन्ने शब्दले चाहिँ आफै मरेको प्रमाणित गर्न खोजेजस्तो अर्थ लाग्दोरहेछ । त्यो घटनाले मलाई पाठ सिकायो ।'

अर्को यस्तै अविस्मरणीय घटना उहाँले स्मरण गर्नुभयो, 'एकपटक भ्रष्टाचार सम्बन्धी समाचार लेख्दा दमकका एक उद्योगपतिले मुद्दा हाले । त्यो मुद्दा २ वर्षसम्म जिल्ला अदालतमा रह्यो । फैसला हुँदा समाचारमा सत्यता रहेको भनेर फैसला भयो र सफाइ पाइयो ।' यस्ता घटना याद आइरहँदो रहेछ ।

**जनयुद्धका बेलाको प्रकाशन :**

नेपालमा तत्कालीन नेकपा माओवादीले सञ्चालन गरेको जनयुद्धका बेला पत्रिका प्रकाशन निक्कै पेचिलो बनेको अनुभव छ, दाहालसँग । उहाँ भन्नु हुन्छ– 'हामी प्रेस चलाउने मान्छेहरु दोहोरो मारमा परेका थियौँ, भूमिगत समूहले भन्थ्यो, हाम्रा कुरा पनि समेट्नु पर्‍यो । प्रहरी र सेनाले भन्थ्यो, माओवादीका कुरा छाप्यौ भने प्रेस नै उडाइदिन्छौँ । अहिले सम्झिँदा तरवारको धारमा रहेर पत्रकारिता गरिएको रहेछ जस्तो लाग्छ । जनयुद्धको समय माओवादी निकट 'जनविद्रोह' साप्ताहिकको छपाइमा सहयोग पनि गरियो । केही पर्चा, पम्पलेट र बुलेटिन समेत छापियो । भूमिगत समूहका त्यस्ता कामहरु हामी रातको १२ बजे पछाडि बाहिर सटर बन्द गर्थ्यौं र भित्र छपाइको काम गर्थ्यौं, उज्यालो हुनु अगावै पठाइसक्थ्यौं । पछिल्लो समय भने प्रहरी र सेनाले निगरानी निक्कै बढाएको थियो । पटक–पटक प्रेसमा छड्के गर्न पनि आए । धेरै हण्डर खायौँ ।

**पत्रकारितामा परिवारको साथ :**

कसैको जीवनमा पेशा सार्थक बन्नका लागि परिवारको साथ–सहयोग महत्वपूर्ण हुन्छ । परिवारको साथ, सहयोग र समर्थन बिना कुनै पनि पेशाले सार्थकता पाउन सक्दैन । तर, आफूले परिवारबाट सोचेभन्दा राम्रो साथ पाएका कारण मात्रै पत्रकारितालाई बचाएर म यहाँसम्म आउन सफल भएको हुँ– दाहाल भन्नु हुन्छ । यदि पारिवारिक माया, सद्भाव, सहयोग र हौसला नभएको भए शायद म यहाँसम्म आउन सक्ने थिइन होला ।

**नयाँ पुस्तालाई सुझाव :**

पछिल्लो समय पत्रकारिता पेशा सजिलो जस्तो देखेर लाइन लाग्ने मान्छे धेरै छन् । प्रतिष्पर्धा बढ्दै गएको छ । यस्तो अवस्थामा काम गर्नु, टिक्नु र मिडिया टिकाउनु नै पनि ठूलो कुरा जस्तो भएको छ । पहिले–पहिले हुलाकबाट समाचार पठाउनु पर्थ्यो, न्यूज डेक्ससम्म समाचार पुग्न हप्तौं लाग्थ्यो । समाचारका स्रोतहरु कम थिए, प्रविधि पुरानो थियो, कपीमा कलमले लेखेर धेरै समय खर्चिनु पर्थ्यो, यातायातका साधन र बाटो पनि केही शहरमा मात्रै थिए । अर्थात्, उतिबेला पत्रकारिता गर्नु कठिन थियो । तर, अहिले प्रविधि र यातायात दुबैको सहजता छ । पछिल्लो समय अन्लाइन, एफएम, टीभीको मेहरो आएको छ । सञ्चारमाध्यमहरु डिजिटल भइसके । अब प्रविधिको विकाससँगै पत्रकारितालाई लान सकियो भने मात्रै टिक्न सकिने भइसक्यो । यो अवस्थामा पत्रकार सक्रिय हुन सकेन भने नयाँ कुरा दिन सकिँदैन । उहाँ भन्नु हुन्छ– 'यो पेशामा आउने जो कसैले पनि कामलाई निरन्तरता दिन सकेन भने टिक्तैन । कहिल्यै मात्तिनु हुँदैन र कहिल्यै आत्तिनु पनि हुँदैन । प्रलोभनमा परियो, पूर्वाग्रही भइयो भने यो क्षेत्रमा टिकिँदैन ।'

**सामाजिक संलग्नता र पुरस्कार :**

नेपाल पत्रकार महासंघको केन्द्रीय पार्षद भइसक्नुभएका उहाँ पत्रकार मञ्च, दमकको संस्थापक–अध्यक्ष पनि हुनुहुन्थ्यो । उहाँले प्रदेश सरकारबाट नगद १ लाखको 'प्रादेशिक पत्रकारिता पुरस्कार–२०७८', नेपाल पत्रकार महासंघ, झापा शाखाबाट 'मोती पत्रकारिता पुरस्कार, नेपाल पत्रकार संघ झापाबाट 'श्यामकृष्ण उपाध्याय पत्रकारिता पुरस्कार', नेपाल प्रेस युनियन झापाबाट 'खगेन्द्रकुमार कार्की स्मृति पत्रकारिता पुरस्कार', गौरीशंकर स्मृति प्रतिष्ठानद्वारा 'गौरीशंकर स्मृति पत्रकारिता पुरस्कार', 'जानकीबल्लभ दाहाल पत्रकारिता पुरस्कार' लगायत विभिन्न संघ-संस्थाहरूबाट सम्मानित र पुरस्कृत हुनु भएको छ ।

**प्रस्तुति : विमल लामिछाने**



# झापाली पत्रकारितामा अमर

## अमृतलाल श्रेष्ठ

करीब ४ दशक पत्रकारितामा बिताएका झापाका अग्रज पत्रकार अमृतलाल श्रेष्ठ अहिले भौतिक रूपमा हामी माझ हुनुहुन्न । दुबै मृगौला खराब भएर लामो समय पीडादायी अवस्थाका बीच यो संसारबाट सदाका लागि उहाँ बिदा भइसक्नु भएको छ । यद्यपि उहाँले पत्रकारिताको माध्यमबाट पुऱ्याएको योगदान समाजका लागि स्मरणीय छ ।

वि.स. २०१३ असार १ गते भक्तपुरमा पिता चन्द्रलाल र माता शारदादेवी श्रेष्ठको साधारण परिवारमा जेठो छोराको रूपमा जन्मिनुभएका उहाँको निधन झापा मेचीनगर-१०, धुलाबारीस्थित घरमा २०७७ साल साउन २५ गते भएको थियो । भक्तपुरमा जन्मिएर झापालाई कर्मथलो बनाएका श्रेष्ठले २०३४ सालदेखि पत्रकारिता प्रारम्भ गर्नुभएको हो । त्यसभन्दा अघि उहाँ गाउँ पञ्चायतको मुखिया हुनुहुन्थ्यो ।

पत्रकारिता क्षेत्रमा मान-सम्मान र विदेश भ्रमणको अवसर पाइने प्रलोभन तथा उहाँको आफ्नो साहित्यिक रूचिलाई पनि पत्रकारिता पेशाले सहयोग पुग्छ भन्ने विश्वासले छँदाखाँदैको मुखिया पद छोडेर पत्रकारिता पेशा अँगाल्न आउनुभयो ।

साहित्यमा उहाँ अमृत 'निर्मोही'-का नामबाट चिनिनु हुन्छ । जुन उद्देश्य बोकेर पत्रकारितामा उहाँ प्रवेश गर्नुभयो, त्यो प्राप्ति भयो वा भएन भनेर पर्गेल्ने समय अगावै उहाँको इहलीला समाप्त भए पनि पत्रकारिता यात्रामा उहाँको निष्ठा र नैतिकता झापाली पत्रकारहरूका लागि प्रेरणादायी छ ।

२०३४ सालमा 'वार्ता'बाट पत्रकारिता प्रारम्भ गर्नुभएका श्रेष्ठले झापा भद्रपुरको 'सिद्धार्थ' पाक्षिक पत्रिकामा २०३६ सालमा, 'संसार' साप्ताहिकमा २०३८ सालमा र 'सिरेटो' साप्ताहिकमा २०३९ सालमा काम गरे पनि सरकारी सञ्चारमाध्यम राष्ट्रिय समाचार समिति (रासस) मा भने २०४२ सालबाट प्रवेश गरेपछि जागिरे पत्रकारिता शुरू गर्नुभएको हो ।

स्वतन्त्र पत्रकार ऋतुवर्ण पराजुलीले प्रकाशन गरेको 'सिर्जनशील नेपाली पत्रकारहरू' (भाग-१)-मा पत्रकार श्रेष्ठले मेची क्याम्पसका प्राध्यापकहरूले प्रहरी-प्रशासनको विरूद्धमा अञ्चलाधीश समक्ष गरेको विरोध कार्यक्रमलाई उल्लेख गर्दै त्यो समाचार प्रकाशित भएकोमा सन्तुष्टि व्यक्त गर्नुभएको छ । जनआन्दोलनको क्रममा मेची क्याम्पस हातामा भएको राम थापाको हत्या र सुरक्षाकर्मीको भूमिकामा प्रहरीको व्यवहार विरूद्ध प्राध्यापकहरूले विरोध प्रदर्शन गर्दै ज्ञापन-पत्र बुझाएको सम्प्रेषित समाचार र २०४६ सालमै नेपाल-भारतबीच व्यापार सन्धि नवीकरण नभई चिसोपन आएको समयमा भारतका विपक्षी दलका राष्ट्रिय नेताहरू समक्ष सहयोग र

सहमतिका लागि गएको राजनीतिक टोलीमा समावेश भई अनौपचारिक वार्ताद्वारा गरेको प्रयासमा आफूले पनि राष्ट्रियताको दृष्टिकोणले सञ्चारमाध्यमबाट पुऱ्याएको सेवाले आनन्द महसूस गरेको उक्त पुस्तकमा उल्लेख छ ।

उहाँले सरकारी मिडिया बाहेक पनि २०४८ सालमा 'शनिबार' साप्ताहिक र उमेरहदका कारण रासस.बाट अवकाश लिएपछि २०७१-'७३ सालमा 'जनसंसद्' दैनिकको अतिथि सम्पादक रहेर पेशालाई निरन्तरता दिनुभयो । पत्रकारितामा सधैँ सक्रिय उहाँ आफ्नो जिम्मेवारीप्रति सदैव लगनशील र इमानदारीपूर्वक लागि नै रहनुभयो ।

उहाँले पत्रकारिता गरेर २०५४ सालमा 'श्यामकृष्ण पत्रकारिता पुरस्कार' र 'ज्योतिष जागरण पत्रकारिता पुरस्कार' प्राप्त गर्नुभएको थियो भने रासस.ले पनि नगद र थप ग्रेड प्रोत्साहन पुरस्कार प्रदान गरेको थियो ।

यद्यपि उहाँले पत्रकारिताले आफ्नो जीवनमा उथलपुथल मच्चाउने काम नगरे पनि मेची नदीको सीमा अतिक्रमण बारे समाचार लेख्दा स्थानीय जिल्ला प्रशासनले उहाँमाथि दोषारोपण गरेको थियो । तर, त्यही समाचारले सर्वोच्च निकाय संसद्को ध्यानाकर्षण गराएको र सधैँ सत्यको पक्षमा उभिएर निष्ठाको पत्रकारितामा अडिग रहनुभयो ।

संवाददाता भएर पत्रकारिता शुरू गर्नुभएका उहाँ रासस. भद्रपुरको कार्यालय-प्रमुख भएर २०७१ सालमा सेवानिवृत्त हुनुभयो । रासस.मा उहाँले २९ वर्ष सेवा गर्नुभएको थियो ।

श्रेष्ठको अर्को रूचिको विषय थियो- साहित्य सिर्जना । पत्रकारितामा लाग्ने एउटा उद्देश्य पनि रूचिको त्यही विषय साहित्यलाई बल पुग्छ भन्ने थियो । त्यही कारण पनि नेपाली साहित्यको क्षेत्रमा समेत उहाँको योगदान देखिन्छ । उहाँका 'ढुङ्गामाथि तरेलिएका फूल र पातहरू' (कविता संग्रह-२०४८), अन्तहीन यात्रा (कविता संग्रह-२०५२), 'हुटिट्याउँले आकाश थामेको देश' (कविता संग्रह-२०५६), 'क्यात्तुके फूल' (कथा संग्रह-२०६८), 'स्मृतिका ती दिनहरू' (संस्मरण संग्रह-२०७१) लगायतका कृति र विभिन्न पुस्तक तथा पत्रपत्रिकामा थुप्रै लेख-रचनाहरू प्रकाशित छन् ।

नेपाली साहित्यमा श्रेष्ठले पुऱ्याएको चर्चा जति गरे पनि कम हुने साहित्यकार पुण्यप्रसाद खरेल बताउनु हुन्छ । पत्रकारिता र साहित्य क्षेत्रमा मात्र होइन, श्रेष्ठले सामाजिक संघ-संस्थामा पनि उत्तिकै सक्रिय रहेर मुख्य जिम्मेवारी सम्हाल्नुभएको छ । सन् १९९० मा धुलाबारी जेसीजको प्रेसिडेन्ट भएर उहाँले एक कार्यकाल सफलतापूर्वक व्यतीत गर्नुभएको थियो ।

नेपाली पत्रकारिता, साहित्य तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै साहित्यिकदेखि अन्य संघ-संस्थाले श्रेष्ठलाई सम्मान तथा पुरस्कृत गरेका छन् । देवकोटा स्मृति भवन भद्रपुर, नवरङ्ग साहित्यिक प्रतिष्ठान धरमपुर, लेखनाथ पुस्तकालय चन्द्रगढी, सासंक प्रतिष्ठान धुलाबारी, त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारी, कनकाई प्रतिष्ठान सुरुंगा, समता साहित्यिक प्रतिष्ठान-इलाम लगायत दर्जनभन्दा बढी संघ-संस्थाबाट उहाँ पुरस्कृत र सम्मानित हुनुभएको छ ।

झापा र सुनसरीका विभिन्न समाचार पत्रिकामा प्रारम्भमा स्वयम्‌सेवकका रूपमा र आफ्नै नाममा दर्ता रहेको 'साहित्यालोक' त्रैमासिक पत्रिका प्रकाशन गर्दा जीवन चलाउन अनेकौँ कष्ट भोगाइ उहाँको जीवनको तीतो अनुभूति रहेको छ । ग्राहक र विज्ञापन शुल्कको कमिशनबाट जीवन धान्नै कठिन हुने त्यसबेलामा अन्तर्मुखी स्वभावका उहाँलाई रासस.को सरकारी जागिर परिवार चलाउने दिगो स्रोत बनेको थियो ।

**प्रस्तुति : झुलन रेग्मी**



# ननुहिने काठ भाँचिन्छ

भरत भूर्तेल

*प्रजातन्त्र एक प्रस्ताव, एक समर्थन, एक ताली*

*ठीकै छ कृष्ण धरावासी कहिले तेरो पालि, कहिले मेरो पालि ।*

पहिलो पल्ट २०४३ सालमा उनले यो मुक्तक सुनाएका थिए, नगर प्रतिभा विकास शाखा–इलामको कवि गोष्ठीमा । सबै स्रोता जोडले ताली बजाउँदै हाँसेका थिए । झापाबाट कामको खोजी गर्दै उनी इलाम पुगेका थिए । केशव अधिकारीसँग मिलेर एउटा 'ल फर्म' खोलेका थिए । उनी मेची अञ्चलको सदरमुकाममा निश्चय पनि बढी नै कानूनी सल्लाहकारहरूको आवश्यकता पर्ला भन्ने सोचेर पुगेका थिए होलान् । तर, सोचे अनुसारको काम पाएको थिएन फर्मले । त्यसैले पनि इलामको बसाइ निकै अभावग्रस्त र निराशाजनक थियो उनीहरूका लागि ।

भरत भूर्तेल त्यस्तो हरेस खाने मान्छे थिएनन् । समस्यासँग जुध्न सक्ने अथाह शक्ति थियो उनमा । इलामे युवाहरूको संगतमा प्रवेश गरेपछि सामाजिक गतिविधिमा पनि केन्द्रित हुन थाले उनी । खासगरी इलामको साहित्यिक गतिविधिमा उनको सक्रियता ज्यादै उत्साहजनक थियो । त्यसबेलाका इलामे नवयुवाहरु विष्णु निष्ठुरी, धीरेन चेम्जोङ, विमल बैद्य, मङ्गेश दिपविम, कुवेर निरौला, होम भट्टराई, शिशिर खरेल, नारायण ओली, डम्बर पहाडी, गीता बराल, नीलकमल, आदिहरु उनीबाट ज्यादै प्रभावित थिए । पहिलोपल्ट उनलाई कार्यक्रमको प्रमुख अतिथि बन्न कर लगाउन मैले धेरै मेहनत गर्नु परेको थियो । तर, त्यसपछि उनी यति सजिला भए, इलामको साहित्यिक वातावरण एकाएक अनौठो ढङ्गले जुर्मुरायो ।

धर्म गौतम, राजेन्द्र सुवेदी, युद्धप्रसाद बैद्य, कोमल निरौला, रनबहादुर कार्की, रामप्रसाद पोखरेल आदि इलामे अग्रजहरूलाई समेत समेटेर एउटा उत्साहित वातावरण तयार पारिएको थियो । वकालत गरेर परिवार पालिएला कि भनी इलाम पुगेका उनले त वकालत पेशालाई नै बिर्सेर सबै समय साहित्यलाई नै प्रमुख अभीष्ट जस्तो ठान्न थाले । कृषि विकास बैंकको चौथो तहको कर्मचारीका रूपमा इलाममा जागिर खाइरहेको म उनलाई भन्थैं–'दाइ ! आफ्नो व्यवसाय पनि बिर्सनु हुँदैन है !'

तर, जता लाग्यो त्यता एकोहोरो लागिरहने उनको अनौठो बानी थियो । सँगसँगै पत्रकारितातिर पनि अभ्यासरत् उनले इलामबाटै झापा चन्द्रगढीबाट प्रकाशन हुने 'साप्ताहिक विचार'का लागि पनि लेख लेख्ने गर्थे । उनको लेखनको गाम्भीर्य र आक्रामक शैलीका कारण प्रहरी/प्रशासन सधैँ सतर्क र दाउ हेरिरहेको हुन्थ्यो । त्यस अघि २०३४ सालको प्रारम्भदेखि उनको संलग्नता 'सिद्धार्थ' पाक्षिकमा थियो । भर्खरै (२०४२ सालमा) मात्र सत्याग्रहमा भाग लिई जेलमुक्त भएका उनीमाथि प्रशासनिक निगरानी कायमै थियो । इलाममा उनी पुगेपछि धर्म गौतम र उनको विशेष सक्रियतामा उठेको साहित्यिक वातावरण पनि प्रशासनिक आँखामा प्रश्नवाचक थियो ।

एक दिन 'साप्ताहिक विचार'मा प्रकाशित उनको एउटा लेखको निहुँ पारेर पुलिस/प्रशासनको योजना अनुसार उनीमाथि दिउँसै सांघातिक आक्रमण गराइयो । टाउको फुटी रक्ताम्मे भएका उनीमाथि उल्टै पुलिसले दुर्व्यवहार गर्‍यो । तत्कालीन डीएसपी शारदाप्रसाद पराजुलीसँग उनको प्रत्यक्ष झगडा नारियो र त्यो झगडा पछिसम्म हुरहुर बलिरहेकै थियो ।

२०४५ सालतिर भद्रपुर फर्केर झापाली जेठा पत्रकार श्यामकृष्ण उपाध्यायको 'आलोक साप्ताहिक' को सम्पादन गर्न थालेपछि सारै सशक्त कलमबाजका रूपमा उनी स्थापित भए । अत्यन्त निडर र स्पष्ट वक्ताका रूपमा परिचित उनी आफूलाई लागेको कुरा भन्न र लेख्न कहिल्यै झुक्दैनथे । मेरो सरूवा झापा चन्द्रगढीमा भएपछि म पनि 'आलोक' पत्रिकासँग अनुबन्धित भई लेख्न थालेँ । गोप्य नामबाट स्तम्भहरू लेख्ने म उनकै कलमको तीखो सीपले दीक्षित हुँदै गएँ । प्रायः सबै अङ्क विवादास्पद र समाचारमूलक बन्थे । हप्ता–दुई हप्तामा सीडीओ कार्यालयमा स्पष्टीकरण दिन पुगिरहनु पर्थ्यो । तर, कहिल्यै लेखनमा सम्झौता गरेको देखिएन । चित्त नबुझेको कुरा लेखिहाल्ने बानीले एकपल्ट गणेशमान सिहंमाथि पनि कडा प्रहार गरेका थिए । त्यो अङ्क प्रजातन्त्रवादीहरूका बीच खुब विवादास्पद बनेको थियो । तर, उनले आफ्नो भनाइको अन्तिमसम्म बचाउ गरिरहे ।

जिल्लाको पत्रकारिता पेशा बन्न कहाँ सक्थ्यो र ? खाली एउटा रहर र उत्साह मात्र । त्यो पनि सत्ताको विरूद्ध उभिएर लेख्नु सजिलो थिएन । २०४६ सालको जनआन्दोलनका बेला झापाली आन्दोलनलाई काँध थापेर जोत्ने एक हल पत्रिका थिए– तारा बरालको साप्ताहिक विचार र भरत भूर्तेलको आलोक । आन्दोलनकारीहरूको मुखपत्रको रूपमा जुझारु यी पत्रिका र पत्रकारहरू आज पनि झापाली इतिहासमा उल्लेख्य छन् ।

२०४८ सालको आमनिर्वाचनपछि राजधानी पसेका उनले आफ्नो स्थायी कर्मथलो काठमाडौंलाई नै बनाए । उनी रेडियो र पत्रपत्रिका दुबैतिर सँगसँगै देखिए । नेपाल प्रेस युनियनको काठमाडौं सभापति तथा केन्द्रीय महासचिवसम्म भएर गरेको सांगठनिक योगदानको अलग्गै मूल्याङ्कन हुनुपर्ला । रेडियो नेपालमा 'परिवेश' र 'अर्थ संसार' कार्यक्रमका सञ्चालक भई लामो समयसम्म आफ्नो सुरिलो स्वरलाई तरङ्गमा फालिरहे । रेडियो नेपालबाट बाहिरिएपछि 'सुरूचि साप्ताहिक' र 'गोरखापत्र'का स्तम्भकार भए । 'प्रसंग कतिपय', 'शहरमा जसको चर्चा छ' र 'चरित चर्चा' जस्ता स्तम्भहरू ज्यादै लोकप्रिय थिए । व्यङ्ग्य लेखनका सशक्त कलमबाज उनी साहित्यिक लेखनमा पनि उस्तै थिए । उनका कविता, निबन्ध, मुक्तक र कथाहरू अत्यन्त उत्कृष्ट छन् ।

रेडियो नेपालको विद्युतीय सञ्चारमाध्यमको संगतमा आएका उनलाई त्यसबाट रहर पुगेको थिएन । पछिल्लो कालमा नयाँ एफएम (क्यापिटल) खोलेर सारै उत्साहित भएको बेला, २०६४ साल भदौमा म पनि जागिर सरूवा भएर राजधानी पुगेपछि भेटेको थिएँ । उनले मलाई मेरो अफिस कोठामै आएर बडा उत्साहका साथ भनेका थिए– 'कृष्ण ! लौ अब तिमीले मलाई सघाउनु पर्‍यो । एफएम खोलेको छु । एउटा साहित्यिक कार्यक्रम चलाइ देऊ ।' मैले त्यतिखेर केही भनिन, भोलिपल्टदेखि 'पुस्तक संसार' कार्यक्रम शुरू गरें ।

एफएम सँगसँगै 'नेपाल साप्ताहिक'मा पनि उनी सक्रिय भए । प्रिन्ट मिडियासँगको मोह पनि हराएको रहेनछ उनमा । त्यसैले नेपाल साप्ताहिकमा 'चरित् चर्चा' लेख्न थाले । पछिल्लो कालका अत्यन्तै चर्चित र लोकप्रिय स्तम्भकार बनेका थिए उनी । चरित् चर्चाकार हुँदाहुँदै पनि उनी राष्ट्रपति रामवरण यादवको जीवनी लेख्न थालेका रहेछन् । एक दिन कुरै कुरामा भने- 'निकै ठूलो काममा लागेको छु कृष्ण ! अलिक पछि भनौंला ।' अनि झण्डै ६ महिनापछि जीवा लामिछानेजीसँग बसेका बेला भने- 'राष्ट्रपतिको जीवनी लेख्दैछु । वाह ! कति दर्दनाक छ तिनको कथा । ती वास्तवमा अनुकरणीय व्यक्तित्व हुन् ।'

धेरै प्रभावित थिए उनी, राष्ट्रपति रामवरण यादवको जीवनीबाट ।

ooo

*चार नै दिनको यो पापी चोला यो मैलो गुमानी*

*आखिर एकदिन हावाले छर्छ एक मुठी खरानी । (देवकोटा)*

आर्यघाटमा लस्करै चिताहरूबाट धुवाँ उडिरहेको थियो । आँखाभरि आँशु र अनुहारभरि शोक बोकेका असंख्य मानिसहरु चूपचाप उभिएका थिए । कोही कसैसँग राम्ररी खुलेर बोल्न चाहिरहेका थिएनन् । मृत्युको आघात सहन नसकी अजाख पल्टिएका परिवारजनलाई आफन्त र शुभचिन्तकहरूले पानी छ्यापिरहेका थिए, पङ्खा हम्किरहेका थिए । आर्यघाटमा सधैँ देखिने यी स्वाभाविक दृश्यहरु हुन् ।

कहिले पर्यटक मन बोकेर, कहिले भक्तिवादी हृदय लिएर, कहिले मनको विरक्ति विसर्जन गर्न पशुपति जाँदा देखिने यी नियमित दृश्यहरु मनमा छुँदै, छोइँदै गइरहन्थे । अरु रोइरहेको देख्दा पनि रोइहाल्न मन लाग्दैनथ्यो । अरु हाँसिरहेको बेला पनि मन खुल्दैनथ्यो । तर, आज म त्यही मन्दिर परिसरमा कहिले उभिँदै, कहिले टुक्रुक्क बस्दै, कहिले आँशु पुछ्दै, कहिले लामो–लामो सास फेर्दै निर्वाक छु । आज मेरा आँखा एकटक त्यही एउटा चितामा केन्द्रित छन्, जसबाट धुँवालाई जित्दै आगोको मुस्लो आकाशतिर यसरी उठिरहेको छ, मानौं त्यसले इन्द्रासनलाई नै जलाइदिनेछ ।

म विश्वासै गर्न सक्दिन, के साँच्चै भरत दाइ मरेकै हो त ? के यो जलिरहेको चिता उसैको हो त ? यो धुवाँ जो अब चिताको धुवाँसँग एकाकार भइरहेको छ, के उसैको हो त ? पशुपतिनाथको यही परिसरमा ५ महिना अघि भवानी घिमिरेको मलामी आउँदा मृत्युसँग असन्तोष व्यक्त गर्दै रसिला आँखा पार्ने र एक वर्ष अघि ईश्वरबल्लभको मलामीमा बैरागी काइँलाको छेऊमा उभिएर टोलाइरहने त्यही भरत भूर्तेलको चिता हो त ? उनले ती दुबै चितासँग चित्त दुखाएका थिए, मृत्युसँग असन्तोष व्यक्त गरेका थिए, जीवनको अमरत्वको अभिलाषा व्यक्त गरेका थिए । भन्थे–

'कृष्ण ! मानिसले यो जीवनलाई किन बुझ्दैनन् ! हामी प्रत्येकले मर्नुपर्ने रहेछ, तर हामीलाई मृत्युको सम्झना किन हुँदैन ?'

आँखाभरि विगतका असंख्य पानाहरू खज्मजिएर आइरहेछन् । २०३४ सालको त्यो दिन सम्झन्छु, जुन दिन उनलाई पहिलोपल्ट देखेको थिएँ– एउटा सिकुटे र तिखो स्वर भएको मभन्दा केही वर्ष जेठोजस्तो युवकलाई । एउटा कवि गोष्ठीमा उसले अत्यन्त प्रभावकारी शैलीमा कविता वाचन गरेर सारा स्रोताको ताली आफ्नै लागि मात्र एकोहोऱ्याएको थियो । हाम्रो लागि छोड्दै छोडेको थिएन । त्यो दिन उसले त्यहाँ सुनाएको कविता २०३५ सालमा प्रकाशित शनिश्चरे माविको मुखपत्र 'उषा'मा प्रकाशित भएको थियो ।

मेची क्याम्पसको विद्यार्थी राजनीतिमा सधैँ चर्चामा आउने, प्रशासनको टाउको दुखाइरहने, पुलिसको लाठी थापिरहने एउटा निडर र छुक्छुके लुते दाइका रूपमा मैले चिनेको उनी कति भारी भएर बसेका रहेछन् दिमागभरि । आँखा चिम्म गर्छु, टुप्लुक्क खस्छन् आँशुका थोपा गाला, च्युँडो, छाती कतै नठोक्किई सिधै जमिनमा । यस्ता कैयौं मृत्युयात्रामा सामेल भइयो । चितामा दाउरा चढाइयो । अस्तु पखालियो । तर, यति धेरै भावुकताले छोएको थिएन । यसरी कतै नछोइ आँशुका थोपा सिधै जमिनमा खसेका थिएनन् ।

किन ? किन उनले यस्तो अलोकप्रिय माध्यम रोजे मर्नका लागि ? किन यति छिटै उनले यस्तो निर्णय गरे ? सत्याग्रहमा जेल बस्दा, पुलिस कस्टडीमा कुटाइ खाँदा, मातृशोकले विह्वल हुँदा, आर्थिक अभावको असहनीय पीडाले आक्रान्त हुँदा, आफ्नो राजनीतिक आस्थामाथि केन्द्रित विचलनका पीडापूर्ण क्षणहरू देख्दा पनि कहिल्यै विचलित नभएको, नहारेको, नडराएको, सधैँ जुधिरहनु पर्छ, लडिरहनु पर्छ, संघर्ष गरिरहनु पर्छ, भन्ने मान्छे कसरी  कसरी आज यसरी आफैँसँग हाऱ्यो हँ... ?

२०४३ सालको इलामको दुःखपूर्ण र कष्टकर जीवन सम्झन्छु । २०४४ सालको झापा भद्रपुरको 'आलोक' सम्पादनको क्षण सम्झन्छु । 'साप्ताहिक विचार'मा जागिर

खाएको बेलाको कष्टकर जिन्दगीको स्मरण हुन्छ । अभाव र गरीबीको अव्यक्त पहाडले थिचिएर पनि कुन–कुन चेपबाट फुत्किएको त्यो साहसी अनुहार सम्झन्छु । विश्वास लाग्दैन भरत दाइ ! तिमीले झुण्डिएर शरीर त्याग गरेको कुरा पत्याउन !

'ए कृष्ण ! नागरिकता गोजीमा बोकेर गाडीमा चढ, हिँड काठमाडौं ।' मैले एउटै प्रश्न नगरी उनको पछि लागेको थिएँ, २०५० साल माघको पहिलो हप्ता । रेडियो नेपालको जिल्ला संवाददाताका लागि उनले मलाई काठमाडौं लगेका थिए । २०५० माघ १२ गतेदेखि 'इलेक्ट्रोनिक' सञ्चार क्षेत्रमा मलाई उनले प्रविष्ट गराएको दिन सम्झन्छु । कति सम्झनु ? के–के मात्र सम्झनु ?

कसैले पनि पत्याउन सक्दैन, उनको त्यो शरीरदाहको समाचार । तर, अब त्यो आगोजस्तै छोइने सत्य भएको छ । कसरी मान्छेले यति राम्रो संसार, यति जतनले हुर्काएको शरीर, यति धेरै आफूले माया गरिरहेका सन्तान, पत्नी र साथी–भाइहरूलाई बिर्सन सक्छ ?

अब तिम्रा प्रसङ्ग कतिपयहरु, शहरमा जसको चर्चा छहरु, चरित् चर्चाहरु, कविताहरु, मुक्तकहरु, कथाहरु, जीवनीहरु, सम्पादकीयहरु, छोरीहरु, पाठक र शुभचिन्तकहरु मात्र छौं यहाँ ।

जीवनको सम्पूर्ण समय अक्षर र आवाजमा खेले उनले । निडर, स्वाभिमानी र सम्झौताहीन वैचारिकताले दीक्षित उनी नेपाली पत्रकारिताको इतिहासमा एक विशिष्ट खम्बा हुन् । उनको योगदानलाई जति बिर्सन चाहेर पनि त्यो नमेटिनेगरी खोपिएको छ । आज उनी भौतिक रूपमा छैनन् । तापनि भरत भूर्तेललाई हामी बाँच्नेहरूले बिर्सनु हुन्छ जस्तो लाग्दैन । जतिबेला देशलाई निडर र जुझारु कलमवीरको खाँचो थियो, त्यसबेला कुनै स्वार्थ नबोकी आगोमा हाम फाल्ने यस्ता कैयौं प्रतिभाहरु अझै हाम्रा अघि सशरीर जुधिरहेकै छन् । हरेकको योगदानको कदर नगरे इतिहास कसरी इतिहास बन्ला, त्यसले असल पात्रहरु पनि कहाँ भेट्ला ?

अन्तिम अवस्थासम्म पनि निष्ठाको पक्षमा कलम घोटिरहने भरत भूर्तेल मेरो स्मृतिमा एउटा यस्तो विम्ब छन्, जसले जीवनमा कहिल्यै हार्न चाहेनन्; तर नराम्रो गरी हारे । उनको यो हारलाई उनका योगदानको मूल्यले जित्नुपर्छ भन्ने चाहन्छु ।

उनी कसैका अघि नुहुन चाहँदैन थिए– भाँचिए ।

**प्रस्तुति : कृष्ण धरावासी**



# झापाली पत्रकारितामा पहिलो पाइला

राधा शर्मा

झापा जिल्ला, मेचीनगर नगरपालिका वडा नं- ४ निवासी पिता देवीप्रसाद र माता तारादेवी चौलागाईंको सुपुत्रीको रूपमा उहाँको जन्म २०१६ साल श्रावण १६ गते भएको हो ।

त्यसबेलाको समय आजको जस्तो सुविधासम्पन्न थिएन । झापामा पनि बाहुण्डाँगी पिछडिएको थियो । त्यहाँ स्कूलहरु पनि थिएनन्, जसको कारणले शिक्षाको उज्यालो किरणबाट बालबालिकाहरु वञ्चित थिए । देश बनजङ्गलले ढाकिएको र बस्ती नभएको अवस्थामा पनि बुबा देवीप्रसाद र त्यहाँका केही अग्रजहरूले २०२४ सालमा भूइँमा कोरेर क ख पढ्ने स्कूलको शुरूवात गर्नुभयो । उहाँका बुबा छोरा सरह छोरीलाई पनि शिक्षा दिनुपर्छ भन्ने चेतना र समाज रूपान्तरण गर्ने स्वभावको भएको हुनाले स्कूल पढ्ने मौका पाएको सम्झना छ- उहाँको । २०३४ सालमा त्यो गाउँबाट एसएलसी पास गर्ने पहिलो महिला पनि उहाँ नै बन्नुभयो ।

कक्षा- १० मा पढ्दादेखि नै स्कूलमा कथा, कविता प्रतियोगिताहरुमा भाग लिने उहाँको इच्छा पत्रकारिता गर्ने तर्फ ढल्किँदै गयो । त्यसबेलाको चर्चित पत्रिका 'विवेचना' साप्ताहिकमा पत्रकारिताका श्रद्धेय गुरू नकुल काजीको प्रेरणाले २०३४ सालदेखि नै बाहुण्डाँगी क्षेत्रको संवाददाताको रुपमा काम थालनी गरेको उहाँको सम्झना छ । त्यस्तै, २०३७ सालदेखि भने काठमाडौंको भृकुटीमण्डपस्थित नेपाल ल क्याम्पस पढ्न शुरू गरेपश्चात 'विवेचना'को राजधानी प्रतिनिधि भएर पत्रकारितालाई निरन्तरता दिनुभएको थियो ।

विक्रम सम्बत् २०३७ फागुन ७ गते प्रजातन्त्र दिवसको दिन नेपाल पत्रकार सङ्घको महाधिवेशनको समापनमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेव सरकारबाट पाएको दर्शनभेटलाई उहाँ गर्वका साथ सुनाउनु हुन्छ । पत्रकार भएकै कारण श्री ५ ऐश्वर्य सेवा पदक र गोरखा दक्षिणबाहु चौथोले पनि सम्मानित भएपछि पत्रकारितामा सक्रिय रुपमा काम गर्ने थप अवसर र ऊर्जा मिलेको उहाँको बुझाइ छ । 'जसलाई मैले मेरो जीवनकै महत्वपूर्ण उपलब्धि ठानेकी छु'- उहाँ भन्नु हुन्छ ।

'राजधानी प्रतिनिधिको रुपमा मैले आफ्नो बुद्धि विवेकले भ्याएसम्म निष्पक्ष र स्वतन्त्र पत्रकारिताको धर्म निभाउने कोशिश गरेँ । आफ्नो अध्ययन र पत्रकारिता सँगसँगै अघि बढाएँ । यसबीच, अभिभावक वियोगको शोककै बीच मैले २०३९ सालमा नै 'सान्त्वना' साप्ताहिक पत्रिकाको भक्तपुरमा दर्ता गरी बुबाको ४५ औं तिथिको दिन वाणी प्रिन्टिङ प्रेस-भद्रपुरमा छापेर मेरा श्रद्धेय गुरूको हातबाट

विमोचन गराएँ । त्यसपश्चात् काठमाडौँ फर्केर पत्रिकालाई निरन्तरता दिएँ । तर, त्यसबेला पत्रिका प्रकाशन गर्न ठूलो चुनौति थियो । व्यावसायिक विज्ञापन पाउन कठिन थियो । नियमित पाठकबाट प्राप्त हुने शुल्क र चाडपर्वहरूको विज्ञापन नै प्रमुख आयस्रोत थियो'– उहाँको स्मरणमा छ ।

झापाको 'विवेचना' साप्ताहिकले उहाँको पत्रकारिता यात्रामा महत्वपूर्ण भूमिका खेलेको छ । त्यसबेला झापामा आदरणीय गुरू नकुल काजी, डिल्लीराम निर्भीक, एसएल शर्मा, मदन ढकाल, गोपीकृष्ण खनाल लगायत अग्रज पत्रकारहरु क्रियाशील र चर्चित हुनुहुन्थ्यो ।

उहाँ भन्नु हुन्छ– 'पत्रिका प्रकाशन गर्न त्यतिले मात्र सम्भव नहुने देखेर २०४१–४२ सालतिर 'नवयुवा छापाखाना' पनि आफैंले शुरू गरेँ । प्रेस र पत्रिका दुबै भएपछि केही सहज त भयो, तर त्यसबेलाको प्रविधि दयनीय थियो । एउटा–एउटा अक्षर जोडेर पेज बनाएर मेसिनमा चढाइसकेपछि कहिलेकाहीं झल्र्याम–झुर्लुम झर्थ्यो । भोलि बजारमा पत्रिका पठाउनु छ, आज त्यस्तो हुँदा फेरि छाप्नु पर्ने लण्ठा लाग्थ्यो । यदाकदा बीचको अक्षर भाँचिन्थ्यो र अर्थको अनर्थ पनि लाग्थ्यो । २०४६ सालको राजनीतिक परिवर्तन सँगसँगै पत्रपत्रिका प्रकाशन गर्ने लहर नै आयो । मैले २०५० सालसम्म पत्रिका र प्रेस सञ्चालन गरेँ ।'

२०५० सालमा रमेशराज आचार्यसँग वैवाहिक जीवनमा बाँधिनुभएकी उहाँको २०५१ सालमा छोरी जन्मिएपछि भने पत्रकारितामा बिराम लाग्यो । त्यसपछि केही समय गुमनाम नै हुनुभएकी उहाँमा पत्रकारिता गर्ने हुट्हुटी जीवितै भएकाले २०५५ सालमा 'कर्म क्षेत्र' मासिक पत्रिका प्रकाशन गर्न थाल्नुभयो । त्यस सँगसँगै उहाँले 'त्रिवेणी' साप्ताहिकमा पनि सम्पादकको रूपमा केही समय काम गर्नुभएको थियो ।

त्यही बीच २०६१ सालमा श्रीमान्को स्वर्गवास भएपछि भने पत्रकारिता गर्ने रहर थाती राखेर छोरीको भरणपोषण र शिक्षा–दीक्षामा केन्द्रित रहनुभयो । पत्रिका निकालेर नपुग्ने भएपछि उहाँले अन्य कामहरु गर्न थालेको बताउँदै भन्नुभयो– 'छोरीको शिक्षाभन्दा ठूलो महत्व मेरो जीवनमा अरू रहेन । छोरीका निम्ति मैले सक्दो गरेँ । त्यसपछि समयक्रमसँगै म हाल छोरीसँगै अमेरिकाको मेरिल्याण्ड राज्यको माल्टिबोनमा बस्दै आएकी छु ।'

उहाँको अनुभव छ– 'पत्रकारका रूपमा काम गर्दैगर्दाको समयमा पत्रकारिता गर्ने पुरूष वर्ग धेरै कम हुनुहुन्थ्यो । महिलाहरूले घर बाहिर निस्किएर पत्रकारिता गर्नु भनेको फलामको चिउरा चपाउनु झैँ थियो । तर, त्यसका बाबजुद वेदकुमारी रेग्मी दिज्यू २०२६ सालमा 'युगज्ञान' साप्ताहिकको प्रकाशक रहनु मेरा लागि प्रेरणाको

स्रोत थियो । मैले भने सम्पादक–प्रकाशकका साथै छापाखाना सञ्चालकका रूपमा काम गरें । आज सम्झँदा गौरव महसूस हुन्छ ।'

राधा शर्मा (चम्लागाईं)लाई झापाको पहिलो महिला पत्रकार र सम्पादकका रूपमा मूल्याङ्कन गर्ने नारी सञ्चार गृहकी संस्थापक–अध्यक्ष श्रीमती सावित्रा दाहालले खोज पत्रकारिताको दस्तावेज तयार गरेकोमा उहाँलाई धन्यवाद दिनै पर्दछ । जसले समयक्रममा ओझेल परेकी झापाली पत्रकारितामा पहिलो पाइला चाल्ने महिलाको योगदानलाई उजागर गरिदिनुभएको छ ।

साथै, नेपाल पत्रकार महासंघको झापा जिल्ला शाखाले झापाका अग्रज पत्रकारहरूको इतिहास, अनुभव र योगदानको अभिलेख राख्ने लक्ष्य लिएर लुप्त इतिहासलाई उजागर गर्ने प्रयत्न गरेकोमा अग्रज पत्रकार राधा शर्माले पनि आभार व्यक्त गर्नुभएको छ ।

**- सम्पादक**



# दोस्रो पुस्ताका सिद्धहस्त पत्रकार

**लक्ष्मण ढकाल**

झापाली पत्रकारिताको आयाम फराकिलो छ । तत्कालीन राज्य व्यवस्थाको कठिन घडीमा पनि झापाली पत्रकारिताले आफूलाई अविचलित रूपमा उभ्यायो । आस्था, विचार वा वादले जनताको सूचना प्राप्तिको अधिकारलाई छेक्न खोज्ने, रोक्न प्रयास गर्ने र दमनको नीति लिनेहरु पनि पत्रकारिताका अगाडि झुकेका कैयौँ उदाहारण अग्रज पत्रकारहरूका अनुभवले बताइरहेका छन् । मूलत साहित्य प्रधान पृष्ठभूमिबाट झापाली पत्रकारिताको जग बसेको इतिहासका बीच थोरै मात्र कलमकर्मी प्रतिभाको नाम आउँछ । ती थोरै कलमजीवि प्रतिभामा पर्छन्, अग्रज पत्रकार लक्ष्मण ढकाल । माता तुलसादेवी र पिता परशुराम ढकालका साइँला पुत्ररत्न लक्ष्मणको जन्म २०१४ साल भदौ १८ गते तत्कालीन अनारमनी गाविस–१ को खोपबारीमा भएको थियो ।

झापाको बिर्तामोड–१ का स्थायी बासिन्दा पत्रकार ढकाल प्रचारको सस्तो लोकप्रियताबाट कोसौँ टाढा छन् । एउटा निष्काम कर्मयोगीका रूपमा उनले झापाली पत्रकारितामा लामो समय बिताइसके । लेखन अभ्यास र कर्ममा उनको पौरख पोखिएको ४३ वर्ष बितिसकेको छ । यो अवधिमा उनले आफूलाई एउटा सादगी र प्रतिभाशाली पत्रकारका रूपमा आफूलाई स्थापित गरेका छन् । युवावयको ऊर्जाशील समय पत्रकारिता, शिक्षण र साहित्य सिर्जनामा खर्चिएका ढकाल आज पनि अभिव्यक्ति स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिँदै आएका छन् । पत्रकारितामा असल अभ्यास र आचरण हुनुपर्छ भन्ने मान्यताका प्रखर अनुयायी ढकाल आफ्नै जेठा दाजु मदन ढकालको प्रेरक छाया–छविका असली उत्तराधिकारी हुन् । दाजुको माया, ममता र स्नेहले लक्ष्मण पत्रकार भए । उनको रूचिमा दाजु मदनको 'भरथेग' मार्ग प्रशस्तीको खुड्किलो नै बन्यो ।

आज भौतिक रूपमा मदन छैनन् । सरल र सादगी जीवनशैलीका मदनको नेपाली पत्रकारितामा एउटा अविचलित त्याग, आदर्श र निष्ठा भने बाँचिरहेको छ । लक्ष्मणले त्यसैलाई पछ्याइरहेका छन् भने पनि हुन्छ । पत्रकारिताको पछिल्लो रंगीन दुनियाँका असली साक्षी उनी आफ्नै सहोदर दाजुको बिँडो थामिरहेका छन् । तत्कालीन शासन व्यवस्थाको विरोधमा शुरू भएको भोक कविता आन्दोलनको एक जना सर्जकको रूपमा लक्ष्मणको लेखन यात्रा शुरू भएको थियो । त्यही लेखन परिष्कृत हुँदै आजको पत्रकारितासम्म आइपुगेको हो । झापाको एउटा पुरानो र चर्चित अखवारको दैनिकीसँग जोडिएको पत्रकार ढकालको नाता आज पनि कायम छ । उनी पूर्वाञ्चल दैनिकको डेस्क सम्पादकका रूपमा अहिले पनि आफूलाई कार्यक्षेत्रमा उभ्याइरहेका छन् । अनलाइन संस्करण पूर्वाञ्चल डेली डटकमका सम्पादक पनि हुन् पत्रकार ढकाल ।

**आस्थारहित लेखनका पर्याय :**

प्रशंसा ठाने पनि ठानियोस्, आत्मरतिको आवेगले पिल्सिएको पत्रकारिताको पछिल्लो दुनियाँले पत्रकार ढकाललाई छोएको छैन । विचार वा वाद भन्दामाथि उठ्न सक्ने थोरै पत्रकार छन्, तिनमा उनको नाम छुट्यो भने अन्याय हुन्छ । 'पत्रकारितामा जब आस्था प्रतिविम्बित वा प्रेरित हुन्छ, समाचार समाचार जस्तो बन्दैन', उनले भने, 'जनताको आवाज जे हो, त्यही बोल्न, लेख्न र भन्न सक्ने खुबी र सामर्थ्य भएको मान्छेले मात्र सच्चा पत्रकारिता गर्न सक्छ ।' आजसम्म ढकालले त्यो खुबी र सामर्थ्यलाई बचाइराखेका छन् । उनी रेडियोमा बोल्छन्, कहिले समाचार लेख्छन्, कहिले सम्पादकीय र टिप्पणी मार्फत विकृति र विसङ्गति विरूद्ध प्रहार गर्छन् । आस्थाका हिसाबले पक्कै एक ठाउँमा उभिएलान्, त्यो उनको 'व्यावसायिक बाध्यता' हुन पनि सक्ला । तर, उनीसँग कुनै दलीय नारा छैन् । न त उनी त्यसको पछि कुद्छन् ।

**शिक्षण पेशा : आत्मसन्तुष्टिको अध्याय**

पत्रकारितासँगै ढकालले शिक्षण अभ्यासमा पनि लामो समय बिताएका छन् । उनले आफ्नो ज्ञान, सीप, आदर्श र निष्ठालाई आफूमा मात्रै सीमित राखेनन्, विद्यालय र कलेजका ती हजारौँ विद्यार्थीलाई पनि बाँड्न भ्याए । उनी आत्मसन्तुष्टिको एउटा अध्यायका रूपमा शिक्षण पेशालाई लिन्छन् । 'जति समय मैले पढाएँ, त्यसले आत्मसन्तुष्टि मिलेको छ', उनले भने, 'विद्यार्थीलाई सधैँ रचनात्मक ढंगले सिकाउनु पर्छ भन्नेमा ध्यान गयो ।' उनले बिर्ता बजारको महेन्द्ररत्न माविमा लामो समय अध्यापन गरे; बिर्तामोडको बाल्मीकि एजुकेशन फाउण्डेशनमा पनि पढाउन भ्याए । हाल 'रिटायर्ड लाइफ' बिताइरहेका ढकाल पत्रकारिता मार्फत प्रवाह गर्न नसकेका कैयौँ सन्देश विद्यार्थीमार्फत तिनको परिवार र समाजलाई बाँडेको अनुभव सुनाउँछन् ।

**कविताले जगायो पत्रकारिताको भोक :**

झण्डै सात दशकको झापाली पत्रकारिताको इतिहासमा दोस्रो पुस्ताका सिद्धहस्त पत्रकार हुन्– लक्ष्मण । तत्कालीन 'विश्वदीप' मासिक पत्रिकाबाट उनको पत्रकारिता यात्रा शुरू भएको हो । नयाँ प्रविधिले पत्रकारितालाई सरल र सहज बनाउँदै लगेको अवस्थामा उनी त्यसलाई आत्मसात गरेर थप सिक्ने र सिर्जनात्मक बन्ने प्रयासमा छन् । कक्षा– ५ मा पढ्दा विद्यालयको मुखपत्र 'उषा' मा कविता छापिएपछि उनी लेखन अभ्यासमा उत्साहित भएका थिए । दाजु मदन ढकालको अगुवाइमा स्थापना भएको विश्वदीप प्रकाशनले उनलाई थप हौस्यायो ।

उनी साहित्य सिर्जनामा सक्रिय भए । साँच्चै भन्ने हो भने ढकाललाई कविताले पत्रकारिताको भोक जगाएको हो ।

**स्वविवेकको पत्रकारिता :**

विश्वदीपसँगै सूर्योदय, आलोक लगायतका पत्रिकामा उनले आफ्ना सिर्जना प्रकाशन गर्ने मौका पाए । भद्रपुरबाट प्रकाशन हुने ती पत्रिकाले उनका समाचार, कविता र लेख छापेका छन् । साहित्य सिर्जनाबाट ढकाल पत्रकारितामा जोडिएका हुन् । उनी मात्र होइन, झापाली कलमकर्मी अग्रज प्रतिभाहरु साहित्य सिर्जना मार्फत झापाली पत्रकारिताको जग बसाल्न आइपुगेको इतिहास छ । विश्वदीपको प्रकाशन 'शनिबार' साप्ताहिक हुँदै ढकालले काठमाडौंबाट प्रकाशित सुरूचि, स्वतन्त्रता, जनस्वतन्त्रता, देशान्तरसँग जोडिएर काम गर्ने मौका पनि पाए । 'स्वविवेक र असल अभ्यासले मात्रै हामीले पत्रकारिता गरेका हौँ जस्तो लाग्छ', अनुभव सुनाउँदै उनी भन्छन्– 'सीप पनि राम्रो विकास भएको थिएन हिजो । प्रविधिको कुरा झन् टाढाको विषय थियो ।' अझ सीप र प्रविधिको प्रयोग बिना राजधानी बाहिर पत्रकारिता गर्नु आफैँमा कठिन हुन्थ्यो । समयक्रममा टेलिफोन र फ्याक्स उपलब्ध भएपछि पत्रकारिता थप सहज भयो । आज प्रविधिको अधिकतम प्रयोगले पत्रकारितालाई सीप र दक्षतासँगै जोड्दै लगेको छ । हिजोको जोखिम, चुनौति र सत्ता नियन्त्रित प्रवृत्तिले गाँजेको पत्रकारिता आफैँमा डरलाग्दो विषय थियो । शासकहरु कड्किन्थे । तिनका सुराकीहरु चल्मलाउँथे । सत्तालाई पोल लगाउने प्रतिस्पर्धाले धेरैको गुजारा चलेको हुन्थ्यो । त्यो कहालीलाग्दो र कठिनतम परिस्थितिमा हुर्किएका पत्रकार ढकालको कलम निरङ्कुश सत्ताको धम्कीले कहिल्यै रोकिएन । उनी विवादको घेरामा परेनन् वा तानिएनन् । पेशागत आदर्श र निष्ठाले उनलाई सधैँ सत्मार्गमा हिँड्न प्रेरित गरिरह्यो ।

**रेडियोका कुशल समाचारवाचक :**

२०५२ सालमा श्रीअन्तु प्रकाशन प्रालि.ले 'पूर्वाञ्चल' दैनिक प्रकाशन प्रारम्भ गरेपछि त्यसयता दैनिक अखबारसँग जोडिएको पत्रकार ढकालको नाता आजसम्म कायम छ । अनेक आरोह, अवरोह र अवरोध झेलेको पूर्वाञ्चल दैनिक अहिले नियमित प्रकाशनमा छ । त्यसका पूर्णकालीन डेस्क-सम्पादक ढकाल छापा र विद्युतीय सञ्चारमाध्यमका भुक्तभोगी हुन् । तत्कालीन मेची अञ्चलको पहिलो एफएम रेडियोका रूपमा २०५९ सालमा स्थापित 'कञ्चनजङ्घा एफएम'को समाचार–सम्पादक थिए, पत्रकार लक्ष्मण । उनले रेडियोमा समाचार मात्रै सम्पादन गरेनन्,

आफै समाचार पनि वाचन गरे । कुशल समाचार-सम्पादक र वाचकका रूपमा उनले रेडियोमा आफ्नो छुट्टै परिचय स्थापित गरेका छन् ।

पत्रकार ढकाल सुनाउँछन्, 'शिक्षण पेशाले भरथेग नगरेको भए म पत्रकारितामा अविचलित रूपमा टिक्न सक्ने थिइन होला ।'

**तलबले अखबारको कागज खरीद :**

कुनै बेला 'शनिबार' साप्ताहिक निकाल्न कागज किन्ने पैसा नहुँदा, पत्रिका निकाल्ने हुट्हुटीले, शिक्षण पेशाबाट आएको पारिश्रमिकबाट अखबारको कागज किन्नु परेको बाध्यात्मक परिस्थिति पनि सामना गरेको उनी बताउँछन् । यस्ता कैयौँ अनुभवका साक्षी पत्रकार ढकाल मोफसलको पत्रकारितामा लगानीकर्ताले अपेक्षा अनुसार प्रतिफल पाउन नसकेको बताउँछन् । धराशायी र कमजोर बन्दै गएका मिडिया हाउसको दुरावस्थाले पनि उनको भनाइलाई पुष्टि गर्छ । सामूहिक लगानी, संस्थागत प्रतिबद्धता र व्यवस्थापनले मात्रै मिडिया हाउस चल्न सक्दैनन् भन्ने उदाहरण मोफसलमा व्याप्त छ । अपवाद बाहेक अहिले अखबारको दुनियाँ मोबाइलले चलाइरहेको छ । पेशागत दायित्व र धर्ममा पत्रकार चुक्दै गएका कतिपय घटनाले पत्रकारिता बदनाम हुने हो कि भन्ने डर पनि छ । उनी विद्यमान राजनीतिक अवस्था र यसबाट सिर्जित समस्याले पनि पत्रकारिता क्षेत्र प्रभावित भएको ठान्छन् । राज्यको चौथो अंगले पनि आर्जित आफ्नो व्यावसायिक प्रतिष्ठा जोगाउन सकेन भने अरू क्षेत्र थप गैरजिम्मेवार हुनसक्ने खतरा पनि उत्तिकै रहेको पत्रकार ढकाल औँल्याउँछन् ।

**पुरस्कार र अभिनन्दन :**

पत्रकारिता मार्फत समाज रूपान्तरणको अभियानमा अविच्छिन्न योगदान गरेका ढकालले थुप्रै पुरस्कार पाएका छन् । कैयौँ सामाजिक संघ-संस्थाको सम्मान र अभिनन्दन ग्रहण गर्ने सौभाग्य पनि उनलाई मिलेको छ । इन्द्रेणी पुरस्कार, गणेशबहादुर थापा स्मृति पत्रकारिता पुरस्कार, एसएल शर्मा सिर्जनशील पत्रकारिता पुरस्कार-२०७१, चिरञ्जीवी-ईश्वरादेवी सम्मान लगायतका पुरस्कार तथा सम्मान प्राप्त ढकाल जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठान, महानन्द पुरस्कार समिति, साहित्य विकास समिति, भोक कविता आन्दोलन, मन्थन साहित्य परिवार, नेपाली लेखक संघमा पनि आबद्ध छन् ।

**प्रस्तुति : सुब्रत न्यौपाने**

*(२३ वर्षदेखि पत्रकारितामा क्रियाशील न्यौपाने विवेचना दैनिकका सम्पादक छन्)*



# कलम र कागजसँग चालीस वर्ष

गोपाल गिरी

झापाको पत्रकारितामा चार दशकदेखि अनवरत क्रियाशील अग्रजको नाम हो– गोपाल गिरी । जीवनका उर्वर उमेर उहाँले पत्रकारितामा समर्पण गर्नुभएको छ । आत्मप्रशंसा नरूचाउने र जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि कलम र कागजमा रमाउने उहाँको स्वभावबाट नयाँ पुस्ताका धेरै पत्रकारहरू अभिप्रेरित छन् । उहाँ व्यवहारमा उत्ति नै सरल र शालीन हुनुहुन्छ ।

पिता रघुनाथ गिरी र माता हर्कमाया गिरीको सुपुत्रको रूपमा २०१७ साल जेठ ५ गते झापाको सुरूङ्गास्थित जामुनखाडीमा जन्मनुभएका उहाँको प्रारम्भिक अध्ययन सुरूङ्गा र घैलाडुब्बामा भयो भने एसएलसीपछिको अध्ययन मेची बहुमुखी क्याम्पसमा भयो । जेठो सन्तान भएको हुँदा भाइ–बहिनीहरूलाई हुर्काउन र स्याहार्न सघाउनु स्वाभाविकै थियो । आर्थिक रूपमा सामान्य परिवार हुनाले बुवा–आमालाई व्यावहारिक काममा सहयोग गर्दै अध्ययनलाई अघि बढाउनु पर्ने बाध्यताबीच उहाँको सङ्घर्षशील जीवन क्याम्पस अध्ययनसँगै शुरू भइसकेको थियो ।

सानैदेखि मेहनती र अध्ययनशील उहाँको सुन्दर हस्तलिपि र भाषा–साहित्यप्रतिको लगावले साहित्यकार, पत्रकार, सामाजिक अगुवा र भद्रभलाद्मीहरूसँग नजिक हुन पुग्दा उहाँ पत्रकारिता जगततिर अनायासै डोहोरिनुभयो । उहाँले अठार वर्षको कलिलो उमेरमा २०३५ साल अर्थात् मेची क्याम्पस पढ्न भद्रपुर बस्दादेखि नै भद्रपुरबाट प्रकाशित 'सिद्धार्थ' साप्ताहिकमा सेवा शुरू गर्नुभयो । यो नै उहाँको पत्रकारितामा प्रवेश थियो ।

उसबेला दैनिक पत्रिका थिएनन् । २०४६ सालमा प्रजातन्त्र बहाली हुनुभन्दा अघि पञ्चायतकालीन अवस्थामा झापाको भद्रपुरबाट प्रसिद्ध पत्रकारहरू नकुल काजीको सम्पादकत्वमा 'विवेचना' साप्ताहिक, डिल्लीराम निर्भीकको सम्पादकत्वमा 'सिद्धार्थ' साप्ताहिक, श्यामकृष्ण उपाध्यायको सम्पादकत्वमा 'आलोक' साप्ताहिक, बसन्तकुमार खड्काको सम्पादकत्वमा 'सूर्योदय' साप्ताहिक, चूडामणि रेग्मीको सम्पादकत्वमा 'युगज्ञान' साप्ताहिक, तारा बरालको सम्पादकत्वमा 'साप्ताहिक विचार', द्रोणाचार्य क्षेत्रीको सम्पादकत्वमा 'पञ्चामृत' लगायतका पत्रपत्रिका प्रकाशित हुन्थे । तिनै पत्रिकाहरू झापा जिल्लाभर मात्र नभएर मेची अञ्चल र पूर्वाञ्चलभरि पुग्दथे । झापा र त्यसको पनि भद्रपुरलाई पूर्वाञ्चलकै पत्रकारिताको राजधानी मानिन्थ्यो, त्यसबेला ।

गाउँबाट पढ्ने मनसुवाले शहर छिर्नुभएको किशोरवयका गोपाल गिरीलाई त्यसबेला जिजीविषाका लागि सानोतिनो काम गर्ने सोच आयो । उहाँ चर्चित पत्रकार डिल्लीराम निर्भीकको सामीप्यमा पुग्नुभयो । केही गरौं भन्ने मेहनती सोच

बोकेको ठिटोलाई अग्रज पत्रकार निर्भीकले चिन्न बेर लागेन । उहाँलाई 'सिद्धार्थ' साप्ताहिकमा काम दिनुभयो । गोपाल गिरीको जीवनमा त्यसपछि नयाँ घुम्ती आयो, यात्रा पत्रकारितातर्फ सोझियो । त्यसबेलादेखि आजपर्यन्त उहाँ पत्रकारिताको महामार्गमा हिँडिरहनु भएको छ ।

२०४६ सालमा जनआन्दोलन सफल भयो, पञ्चायती शासन ढल्यो, फेरि २०६२-६३ मा दोस्रो जनआन्दोलन सफल भयो, अढाई सय वर्ष पुरानो राजतन्त्र ढल्यो, २०७२ सालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भयो । यी सबै राजनीतिक परिवर्तनका एक साक्षीको रूपमा उहाँले पत्रकारिताको माध्यमबाट निरन्तर कलम चलाइरहनु भएको छ ।

पछिल्ला दिनहरूमा उहाँ भद्रपुरको सामुदायिक रेडियो 'नागरिक एफएम'मा समाचार-सम्पादक र भद्रपुरबाटै प्रकाशित 'साप्ताहिक समाचार'को प्रधान सम्पादकको रूपमा कार्यरत हुनुहुन्छ । उहाँ एफएममा समाचार सम्पादन मात्र गर्नु हुन्न, समाचार वाचन र कार्यक्रम पनि सञ्चालन गर्नु हुन्छ । उहाँसँग लामो समय पत्रकारिताको सहयात्रा गर्नुभएका नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य मोहन काजी भन्नु हुन्छ, 'मैले २०५० सालमा विवेचना दैनिकमा पत्रकारिता शुरू गर्दा उहाँ विवेचनामै कार्यरत हुनुहुन्थ्यो । मैले उहाँलाई समाचार लेख्ने सीपका धनी, कुशल सम्पादक र सिद्धहस्त प्रतिभाका रूपमा पाएँ । उहाँले समाचार लेख्ने तरिका र भाषाका ज्ञानहरू दिनुहुन्थ्यो । उहाँ मेरो आदरणीय गुरू हुनुहुन्छ ।'

गोपाल गिरीले शुरूमा काम गर्नुभएको 'सिद्धार्थ' साप्ताहिक पछि अर्धसाप्ताहिक भयो । त्यसपछि २०३९ सालदेखि डिल्लीराम निर्भीकद्वारा प्रकाशित 'हिजोआज' दैनिकमा कार्यालय-प्रतिनिधि हुँदै २०५० सालसम्म सहसम्पादकका रूपमा कार्यरत रहनुभयो ।

नकुल काजीको 'विवेचना' दैनिक र डिल्लीराम निर्भीकको 'हिजोआज' दैनिक समकालीन प्रमुख अखबार थिए । उनीहरू बीच आपसमा प्रतिष्पर्धा पनि थियो । २०५० सालदेखि भने गोपाल गिरी निर्भीकसँगको लामो सहकार्य छाडेर नकुल काजीसँग जोडिनुभयो । मिलनसार र मेहनती प्रतिभा भएका नाताले पत्रकार गिरीलाई भद्रपुरका सबै अग्रज पत्रकारहरूले स्नेह प्रदान गरेका थिए ।

वि.स. २०५१ मा चन्द्रगढीबाट नकुल काजीको सम्पादकत्वमा 'झापा एक्सप्रेस' दैनिकको प्रकाशन शुरू भयो । त्यहाँ गोपाल गिरी सहसम्पादक बन्नुभयो । उहाँले २०५२ सालमा आफ्नै सम्पादकत्वमा 'साप्ताहिक समाचार' नामक पत्रिका दर्ता गर्नुभयो र एक वर्षसम्म प्रकाशित गर्नुभयो । त्यसबेला पनि उहाँ 'विवेचना'

दैनिकसँगै संलग्न हुनुहुन्थ्यो । २०५६ सालसम्म विवेचनाको सहसम्पादक र केही समय सम्पादक रहनुभयो । उहाँले 'गोरखापत्र' दैनिकमा २०६२ सालदेखि २ वर्षसम्म लगातार संवाददाताको रूपमा कार्य गर्नुभयो भने 'स्वाधीन संवाद' साप्ताहिकमा (२०५७-५८) र 'पूर्वाञ्चल' दैनिकमा (२०५९-६०) समेत पत्रकारिता गर्नुभयो । 'पूर्वाञ्चल' दैनिकमा उहाँ कार्यकारी सम्पादक हुनुहुन्थ्यो । राजधानीबाट प्रकाशित हुने 'जनभावना' र 'सारथि' साप्ताहिकमा पनि उहाँले झापा संवाददाता भएर काम गर्नुभयो ।

उहाँले विभिन्न ग्रन्थहरु सम्पादन समेत गर्नुभएको छ । 'समाजसेवी पदमबहादुर गिरी स्मृति ग्रन्थ', भद्रपुर नगरपालिकाको 'स्वर्ण महोत्सव स्मारिका', झापा उद्योग वाणिज्य संघद्वारा प्रकाशित 'उद्योग वाणिज्य दर्पण', 'स्मृतिमा एस एल शर्मा' नामक स्मृति ग्रन्थ र नेपाल पत्रकार महासंघ, झापा शाखाद्वारा २०५६ सालमा प्रकाशित 'चौथो अंग' उहाँबाट सम्पादित पुस्तकहरु हुन् ।

स्नातक तहसम्मको अध्ययन गर्नुभएका पत्रकार गिरी नेपाल पत्रकार महासंघको झापा शाखामा कार्यसमितिको सदस्य (२०४७-४९), सहसचिव (२०५१-५३) र कोषाध्यक्ष (२०५३-५५) हुँदै २०५५-५८ सम्म सचिव हुनुभयो । उहाँ २०५८ देखि २०७० सालसम्म लगातार चार पटक केन्द्रीय पार्षद रहनुभयो ।

क्षेत्रीय सञ्चार स्रोत केन्द्र लगायतका विभिन्न संस्थाबाट आयोजित पत्रकारिता सम्बन्धी तालिममा सहभागी उहाँ 'एसएल शर्मा सिर्जनशील पत्रकारिता पुरस्कार', 'देवकोटा स्मृति भवन' र भद्रपुर नगरपालिकाबाट सम्मानित भइसक्नुभएको छ । नेपाल पत्रकार महासंघको १ नं प्रदेश समितिबाट पनि झापाली पत्रकारितामा ३० वर्ष पूरा गरेका सञ्चारकर्मीहरुमध्ये उहाँ पनि सम्मानित हुनुहुन्छ । पत्रकारिताबाट समय निकालेर सामाजिक सेवाको क्षेत्रमा पनि क्रियाशील उहाँ नेपाल रेडक्रस सोसाइटी, भद्रपुर उपशाखाको सभापति हुनुहुन्छ ।

पत्रकारिता र परिवारमा मात्र होइन, २०४३ सालदेखि शिक्षण पेशामा लाग्दा समेत उहाँ आदर्शवान बन्नुभयो । आजीविकाको पेशा शिक्षण भए पनि पत्रकारितालाई नै महत्व प्रदान गर्दै २० वर्ष पूरा हुने बित्तिकै अवकाश लिएर उहाँ पत्रकारितामा पूर्णकालीन हुनुभयो । इमानमा रहेर पत्रकारिताले पेट भर्न उहिले पनि गाह्रो थियो र अहिले पनि गाह्रै छ । त्यसैले उहाँले पत्रकारिता र शिक्षण कर्मलाई सँगसँगै लैजानुभयो ।

पत्रकारितामा लागिसकेको व्यक्ति किन शिक्षण पेशामा लाग्नुभयो भन्ने प्रश्नको जवाफमा अग्रज पत्रकार गोपाल गिरीले रोचक घटना सुनाउनुभयो– 'पत्रिकामा

रातोदिन घोटिएर काम गर्दा आउने पारिश्रमिकले गोजी खर्च मात्र पुग्थ्यो । बिहे गरेपछि जिम्मेवारी बढ्ने क्रममा आर्थिक सङ्कटले घेर्‍यो । अभावका बीच पत्रकारिता गरे तापनि घरमा चाहिँ पत्रकारिता गरेर कमाएको पैसा ससुराली पठाउँछ भन्ने ठूलो भ्रम परेछ । त्यसपछि दिक्क भएर मैले पत्रिकाको जिम्मेवारी राजबाबु शङ्करलाई छाडेर सम्पादक डिल्लीराम निर्भीकलाई थाहै नदिई घर गएँ । घर गएपछि म फर्किन । अन्य रोजगारी खोज्ने सिलसिलामा गाउँ (जलथल)कै स्कूलमा खुलेको शिक्षकमा जागिर खान पुगेँ ।' तर, पत्रकारितामा लागिसकेको उहाँको नशा छुटेन छ ! उहाँ शिक्षक भइसकेपछि पनि फेरि 'हिजोआज' दैनिक पत्रिकामा काम गर्न थाल्नुभयो । पत्रकारिता र शिक्षण दुबै कामलाई उहाँले सन्तुलन मिलाएर लैजानुभयो ।

पत्रकारिताको लामो यात्रामा गोपाल गिरीले अनेकन अनुभव संगाल्नुभएको छ । 'जेलनेल चाहिँ भोग्नु परेन, तर धम्की र डरत्रास त कति हो कति भोगियो'– उहाँ भन्नु हुन्छ । उहाँ पत्रकारिताको व्यापक विकास भएकोमा जति खुशी हुनुहुन्छ, त्यसको आधारमा पत्रकारहरूको गुणात्मक सीपको विकास हुन नसकेकोमा उति नै चिन्तित हुनुहुन्छ । उहाँ भन्नु हुन्छ, 'पत्रकारिता ज्यादै सम्मानित पेशा हो; यसलाई मर्यादित, जिम्मेवार, विश्वसनीय र तथ्यमा आधारित बनाउने काम स्वयम् पत्रकारहरूकै हो ।' हिजोभन्दा आज पत्रकारिताप्रति आम नागरिकको आशा बढ्दै गएको, तर विश्वास टुट्दै गएर निराशा बढ्दो छ । विकृतिहरू बढ्दै गएको तर्फ इङ्गित गर्दै उहाँ नवपुस्ताका पत्रकारहरूलाई सेवा, त्याग र मेहनतका साथ लाग्न आह्वान गर्नु हुन्छ ।

हिजो गोपाल गिरीले 'सिद्धार्थ' साप्ताहिकमा पत्रकारिता शुरू गर्दा लेटर प्रेसको जमाना थियो । आज कम्प्युटर प्रविधिको युग छ । एक-एक वटा टाइप (सिसाको अक्षर) मिलाउने युगबाट कम्प्युटरमा टाइप गरेर अफ्सेट प्रेसमा छाप्ने जमानामा आइपुग्दा उहाँले आफूलाई नयाँ प्रविधिसँग तालमेल गर्दै नयाँ पुस्ताको कुनै पत्रकारभन्दा प्रविधिमा कमजोर हुनुहुन्न । विद्युतीय माध्यमबाट हुने पत्रकारिताले छोटो अवधिमै अद्भूत परिवर्तन ल्याइदिएको बताउँदै उहाँले सामाजिक सञ्जालहरू नै मूलधारको मिडियाका लागि प्रमुख चुनौति बनिसकेको बताउनु हुन्छ । अन्लाइन र सोसल मिडियाले आम मानिसलाई हातहातैमा तात्तातो सूचना पुर्‍याइरहेको अवस्थामा आम सञ्चारकर्मीले आफूलाई नयाँ प्रविधि र माध्यममा अपडेट नगर्ने हो भने विस्थापित हुनुपर्ने अवस्था आइसकेको बताउनु हुन्छ, उहाँ ।

'पत्रकारिता समाज रूपान्तरणको अहम् माध्यम हो, पत्रकार त्यसैको सम्बाहक हो,' उहाँको पत्रकारिता बुझाइ यस्तो छ– 'आज सत्ता पल्टाउन सक्ने पत्रकारिताको हैसियत विश्वमञ्चमा देख्न सकिन्छ । तर, हाम्रो मुलुकको पत्रकारितालाई भने राजनीतिक दलका नेताले उपयोग गर्ने अवस्थाबाट मुक्त राख्न जरूरी छ । पत्रकारितालाई मर्यादित र इमानयुक्त बनाउन सबै लाग्नु पर्छ ।'

कुनै राजनीतिक दल–विशेषसँग आबद्ध भएर भन्दा पनि आम नागरिकसँग केन्द्रित भएर गरिने पत्रकारिताले पेशाप्रतिको मर्यादालाई उच्च बनाउँछ भन्नेमा उहाँ दृढ निश्चयी हुनुहुन्छ । अन्तरमुखी स्वभावका उहाँ समाचार वा कुनै पनि विषयमा सूक्ष्म अध्ययन नगरी सतही रूपमा समाचार लेख्दा वा टिप्पणी गर्दा त्यसले अनेकथरि समस्या ल्याउने तर्क राख्नु हुन्छ । कुनै दलसँग आबद्ध नभई स्वतन्त्र रूपमा पत्रकारिता गरिनुपर्छ भन्ने मान्यता राख्ने उहाँ त्यसै विचारको पृष्ठपोषक रहँदै आउनु भएको छ । तर, स्वतन्त्र पत्रकार भनेर चिनिनु/चिनाउनुभन्दा पनि स्वतन्त्र पत्रकारको व्यवहारगत क्रियाकलापमा जोड दिनु हुन्छ । सकारात्मक सोच र आग्रह, पूर्वाग्रहविहीन पत्रकारितामा विश्वास गर्ने उहाँ सादगी जीवनमा रमाउनु हुन्छ ।

**प्रस्तुति : अम्बिका भण्डारी**



# नडग्मगाएको निष्ठा र आदर्श

केशव आचार्य

छोटो कद, सेताम्मे केश-दारी, केशव आचार्यको आवरण वा देखिने अहिलेको परिचय । शक्तिशाली सिर्जना, गजलका बादशाह... साक्षात्कार हुनेका निम्ति यो उनको भित्री परिचय हो । गुमनाम नाम, मात्र डेटलाइन पत्रकारितामा उनको नखुलेको परिचय ।

उसबेला केशव आचार्यले कसरी पत्रकारिता गरे ? ३० को दशकमा कस्तो थियो पत्रकारिता ?- यी र यस्तै विषय निफन्न म र नेपाल प्रेस युनियन कोशी प्रदेश कार्यसमिति सदस्य बहिनी कल्पना कडरिया २०८० साल भदौ ८ गते उनको घर गरामनीको नडियाबाडीस्थित केशवकुञ्ज पुग्यौँ । उमेरले ७० पुगेका उनको हातमा घडी र आँखामा चश्मा सदाबहार हुने नै भो ।

करीब तीन दशक उनले सक्रिय पत्रकारिता गरे, राजधानी र मोफसल गरेर । बाइलाइन समाचार लेखेनन्, किनकि उनको बाइलाइन समाचार आयो कि शिक्षण पेशा (सरकारी जागिर) चैट ।

आफूले पत्रकारिता शुरू गरेको ठ्याक्कै तिथि, मिति उनलाई याद छैन । उनले त्यसबेला लेखेका समाचारका संग्रहित कटिङ र फायल पनि छैनन् । २०३१ सालमा केशवकुमार बुढाथोकी, गोपीकृष्ण खनाल, केदारमणि ढकालसँगको उठबस र संगतबाट उनी पत्रकारितामा तानिएका हुन् । झापामा बुढाथोकीले पत्याएका र स्नेह गर्ने पत्रकारको सूचीमा आचार्य एक नम्बरमा नै पर्थे । २०३६ सालपछि उनी पत्रकारितामा जमे ।

उनको शुरूवाती पत्रकारिता साहित्यिक हो । जनमत संग्रहका बेला उनी पहेँलो पोशाक लगाएर पञ्चायतको पक्षधर बने । तर, उनको यो पक्षधरता सीके प्रसाईंको भेटसँगै शेष भयो । उनी कट्टर प्रजातन्त्रवादी बने । उनको दिमागमा चढेको पञ्चायतको भूत भरतबाबूले टक्टकाइदिए, पन्छाइदिए । सँगै काङ्ग्रेसको बीज रोपण । तर, आचार्यले काङ्ग्रेसको सदस्यता आजपर्यन्त लिएका छैनन् ।

उनी पञ्च त बनेनन् नै, कम्युनिस्ट पनि भएनन् । उनका बहिनीज्वाइँ माधवकुमार नेपाल मुलुकको प्रधानमन्त्री बने । आचार्यलाई पद प्राप्तिका लागि त्यो स्वर्णिम अवसर थियो । तर, उनले केही खोजेनन्, मागेनन् । 'गोरखापत्र'मा जागिर खाने प्रस्ताव उनले ठाडै अस्वीकार गरिदिए । शिक्षकबाट निवृत्त, परिपक्व उमेर, आचार्यका लागि मौका थियो- त्यो प्रस्ताव ।

सीकेले छरिदिएको प्रजातान्त्रिक त्यही बीजले सक्रिय पत्रकारिताको आखिरी क्षणसम्म केशव आचार्यलाई स्वतन्त्र, निष्पक्ष, निडर, स्वाभिमानी र अब्बल बनायो । कैयौँ अवसर आए, तर उनले तलब बाहेक कसैसँग कुनै सौदा गरेनन् । आचार्यले

खुलेर भने, "अहिले झापाको पत्रकारिता सौदाबाजीमा चलेको छ, व्यावसायिक धर्म र इमानदारीमा धब्बा लागेको छ ।"

झापाका अग्रज पत्रकार मदन ढकालसँग भेट र सामीप्यतासँगै केशव 'विश्वदीप' साहित्यिक मासिकसँग जोडिए । उनले त्यहाँ प्रबन्ध-सम्पादकको जिम्मेवारी सम्हाले ।

केशव आचार्यले बीपी कोइरालासँग अन्तरवार्ता गर्ने सुअवसर पाए । तर, त्यो अन्तरवार्ता प्राविधिक कारणवश छापिएन । सीके प्रसाईंको घरमा बसेर लिइएको सो अन्तरवार्ता रेकर्ड नै नभएको कुराले त्यसबेला खैलाबैला मच्चिएको थियो । मदन ढकाल, गोपीकृष्ण र उनले लिएको अन्तरवार्ताको रेकर्ड सीकेलाई उनीहरूले सुनाउन सकेनन् । रेकर्ड नभएको जवाफ सुनाएपछि सीके प्रसाईं त्यसबेला धुरू-धुरू रोएका थिए ।

तत्क्षण यो विषयले शंकाको घेरा भत्काउन सकेन, मदन ढकाल र गोपीकृष्णले गायब पारे कि भन्नेमा । त्यसबेला अञ्चलाधीशकहाँ पुऱ्याएर रेकर्ड गरेको चक्का (क्यासेट) खाली बनाएको शंका सीकेले गरेका थिए । सीके प्रसाईंले त्यो बेला भनेको कुरा स्मरण गर्दै आचार्यले सुनाए, "अब मैले बीपीलाई के भन्ने, यो त शंकास्पद भयो ।"

आचार्यले ससुरालीबाट ल्याएको टेपरेकर्ड (क्यासेट) मा बीपीको अन्तरवार्ता रेकर्ड गरिएको थियो । त्यो अन्तरवार्तामा बीपीलाई प्रश्न सोध्ने केशव, लेख्ने मदन र रेकर्ड गर्ने काम गोपीकृष्णले गरेका थिए ।

रेकर्ड नै नभएको भनिएको र नछापिएको अन्तरवार्ताको केही अंश आचार्यले सम्झिए, "अबको युवा, तपाईंको उत्तराधिकारी को भन्ने प्रश्नमा बीपीले भनेका थिए- "पर्शुनारायण चौधरी, सीके प्रसाईं ।" अन्तरवार्ताको थप कुरा आचार्यको स्मरणमा खास छैन । यो २०३७ सालको कुरा हो ।

"बीपीको होइन, विश्वेश्वरप्रसाद कोइरालाको हामीले अन्तरवार्ता लिएको थियौं" उनले भने, "बीपी १० र विश्वेश्वरप्रसाद कोइराला ९० प्रतिशत हुन् ।" उनले बीपीको साहित्यिक पाटोमा जोड दिए । सो अन्तरवार्तामा ९० प्रतिशत साहित्यिक र १० प्रतिशत राजनीतिक कुरा भएको आचार्यले सुनाए । आफूले बीपीलाई विश्वेश्वरप्रसाद कोइरालाको रूपमा चिनेको आचार्यको मत छ ।

२०३९ सालको अन्त्य र २०४० सालको शुरूवाततिर अहिलेको जस्तो आमसञ्चार माध्यम थिएन । 'शनिबार' साप्ताहिक निकै पछिसम्म निस्कियो । तर, आचार्य त्यसमा लामो समय अडिएनन् । उनीहरूले 'विश्वदीप'का केही अंक निकाले । दुई वर्ष विश्वदीप निकालेपछि आचार्य अलग भए ।

'शनिबार' साप्ताहिकसँग अलग भएपछि आचार्य सहित चार जना मिलेर 'केलिमास' ग्रुप बनाए, २०५८ सालतिर । के- केशव आचार्य, लि- लीला बराल, मा- माधव बिद्रोही (भण्डारी) र स- सन्तोष अग्रवाल । मीनबहादुर नाम गरेका व्यक्तिले अहिलेको हिकोला रोडमा छापाखाना चलाएका थिए ।

उनीहरूले सन्तोष अग्रवाललाई साथमा लिनुको कारण चाहिँ आवश्यक पर्दा खर्च गर्ने र लेखनकर्ममा पनि सक्रिय भएकोले हो ।

त्यसबेला अहिलेको पुरानो भद्रपुर रोडको मुखैमा चौतारो थियो । चौतारो जोगीहरूको अखडाजस्तै थियो । केलिमास ग्रुपकाहरू त्यहीँ भेला भएर समाचारको विषय छनोट गर्ने गर्थे । विशेष गरेर व्यंग्यको निधो हुन्थ्यो, त्यहाँ । त्यसपछि उनीहरू समाचार लेख्थे । त्यसबेला उनीहरूले "ओझेलमा परेको" कोलम चलाए । त्यो कोलम खुब चर्चित थियो । त्यही कोलम मार्फत विकृति, विसंगतिमाथि दह्रो प्रहार गर्थे उनीहरू ।

झापाको 'शनिबार' छाडेर केशव आचार्य काठमाडौंबाट प्रकाशित हुने 'देशान्तर' साप्ताहिकमा आबद्ध भए । जतिबेला खाममा हालेर हुलाकबाट समाचार पठाउनु पर्थ्यो । आचार्यले पनि लामो समय त्यसै गरे । पुराना नहुने विषय आचार्यको समाचारको नजर र रोजाइमा पर्थे । समाचार लेखनीमा आचार्यको विधा फिचर हो ।

'देशान्तर'ले शुरूमा केशवलाई १०० देखि २०० रूपैयाँ तलब दिन्थ्यो । देशान्तर त्यसबेला खुब चल्थ्यो । पछि-पछि देशान्तरले आचार्यलाई ४०० देखि ५०० तलब दियो । जतिबेला उनको स्कूलको तलब ३२५ रूपैयाँ मात्रै थियो ! त्यसबेला उर्वशी सिनेमा हलको पम्प्लेट र पोष्टरसँगै पार्टीका पर्चा मासिक रूपमा झापा आउँथ्यो । पुलिसको आँखा छलेर केही समय आचार्यले ती पर्चा सीके प्रसाईंको घरसम्म पुऱ्याउने काम पनि गरे । त्यही बेला केशव धितालले 'नयाँ बाटो' निकाले । दुई-चार महिना चल्यो, केही अंक निस्कियो । त्यसमा पनि आचार्यले काम गरे । महिनाको एक-दुई सय तलब पनि लिए ।

'देशान्तर'बाट किशोर नेपाल अलग्गिएर 'सुरूची' साप्ताहिकमा पछि केशव पनि सुरूचीमै आबद्ध भए । पूर्वाञ्चलबाट त्यसबेला सन्तोष अग्रवाल, हर्ष सुब्बा, मोहन भण्डारी, केशव आचार्य र विष्णु निष्ठुरी (इलाम)ले काम गर्थे ।

सुरूचीपछि आचार्यले 'स्पेशटाइम्स'मा काम गरे । 'स्पेशटाइम्स'ले त्यसबेला आचार्यलाई मासिक पाँच हजार तलब दिन्थ्यो । यो रकम आचार्यले छोरीहरूको पढाइमा खर्च गरे । शिक्षकको तलबभन्दा पनि पत्रकारिताको पैसाले ठूलो काम

गरेको उनले सुनाए । इराकमा १२ जना नेपालीको हत्या भएको घटनासँगै स्पेशटाइम्स बन्द भयो । त्यसबेलाको दङ्गामा स्पेशटाइम्स निशानामा परेको थियो । सो पत्रिका बन्द हुनुको कारण पनि त्यही थियो ।

त्यसपछि आचार्य बिर्तामोडमा 'पूर्वाञ्चल' दैनिकको सहायक-सम्पादक बने । केशव आचार्य, लीला बराल लगायतका व्यक्ति त्यसबेला पूर्वाञ्चलमा काम गर्थे । त्यो बेला यो नै पत्रकारिताको सक्रिय टिम थियो । यो २०५२ साल सेरोफेरो र त्यसपछिको कुरा हो । उनको पनि १० हजार रूपैयाँ लगानी रहेको पूर्वाञ्चल पत्रिकाका सम्पादक गोविन्दचन्द छेत्री सहितको टिम अलग भएर लगभग तीन महिना प्रकाशन अवरूद्ध रह्यो । त्यसबेला भरतलाल गिरीको आग्रहमा गोपाल गिरीले पत्रिकालाई निरन्तरता दिए । करीब आठ महिनापछि मदन ढकाल सम्पादक बने ।

झापामा नेपाल पत्रकार महासंघको शाखा स्थापनामा आचार्यको पनि भूमिका छ । २०४६ साल पुस ८-९ गते कलवलगुडीमा सम्पन्न नेपाल पत्रकार संघ (गोविन्द वियोगी) को पहिलो बैठकले दुई वर्षे कार्यकालका लागि तदर्थ समिति गठन गऱ्यो । डिल्लीराम निर्भीकको नेतृत्वमा पहिलो कार्यसमिति चयन भयो । २०४६-२०४७ सालको सो समितिमा आचार्य संस्थापक-कार्यसमिति सदस्य थिए ।

दोस्रो २०४७-२०४९ सालको कार्यकालको नेतृत्व तारा बरालले लिए । बराल सभापति रहेको समितिमा पनि आचार्य कार्यसमिति सदस्यको जिम्मेवारीमा रहे । पत्रकार महासंघको चौथो झापा अधिवेशनले केशव आचार्य सभापति रहेको सर्वसम्मत नेतृत्व छान्यो ।

झापामा महासंघको अफिस समेत नभएको त्यसबेला उनले नै कोठा खोजेर महासंघको आयस्रोत नहुँदा पनि कार्यसमितिका पदाधिकारी र सदस्यहरूले मासिक भाडा ५०० रूपैयाँ तिरेर कार्यालय चलाए । झापा शाखाको अफिसमा आचार्यकै पालामा टेलिफोन जडान गरिएको हो । टेलिफोन जोडेपछि त्यसलाई भाडामा लगाइयो र खर्च जुटाउने माध्यम त्यही टेलिफोन बन्यो ।

कविता र गजल आचार्यको दखल भएको विधा हो । उनले पछि शिव परियारको स्वरमा गजल एल्बम नै निकाले । साहित्य सिर्जनामा जमेपछि आचार्यले विस्तारै सक्रिय समाचार लेखनबाट गति धिमा गरे । आचार्यले आफू सक्रिय पत्रकारिताबाट ओझेल पर्नुको भेद खोले, "पत्रकारिता, पत्रकारिता जस्तो रहेन, पत्रकार महासंघमा राजनीति घुस्यो । विचारको प्रभुत्व देखाउने थलो बन्यो । र, पत्रकारिता कमाइ खाने माध्यम बनेपछि म टाढिएको हुँ ।"

उनले अहिले पनि पत्रकारिताबाट हातै चाहिँ धोएका छैनन् । उनलाई सम्मानका साथ स्थान दिइएको छ । सरसल्लाह र सुझाव दिने दायित्व उनले अहिले निर्वाह गरी नै रहेका छन् । आचार्य अहिले पनि झापाबाट प्रकाशित हुने 'जनआन्दोलन' साप्ताहिकको प्रधान सम्पादकको जिम्मेवारीमा छन् ।

आचार्य शिक्षण र पत्रकारिता पेशामा एकसाथ सक्रिय रहे । सामाजिक कार्यमा सधैँ सक्रिय रहे, छन् । उनी आफ्नै कमाइमा रमाए । स्वतन्त्रतापूर्वक आफूलाई समाजसामू उभ्याए । "हाम्रो पुस्ताले पत्रकारको बदनाम हुन कहिल्यै दिएन" भन्ने उनी अहिले पत्रकारलाई पत्रकार नै नगन्ने कुसंस्कार फैलिएको र त्यो संस्थागत बन्दै गएकोमा दुःखी छन् ।

पत्रकारिताको निश्चित इथिक्स हुने निष्कर्ष सुनाएका आचार्यले अहिले झापाको पत्रकारिता दलालीको पथमा रहेको पनि बताए । "जान्ने छु, सबै बुझेको छु भन्ने आडम्बरमा अडिएर अहिले झापाको पत्रकारिता चलिरहेको छ" उनले भने, "राम्रा पत्रकार नभएका होइनन्, तर झापाको पत्रकारिता अपमान सहेर चलिरहेको छ, मेरो चिन्ता केवल राम्रो गरौँ भन्ने हो ।"

**प्रस्तुति : राजेन्द्र गौतम**



# साहित्य र पत्रकारितामा स्थापित

राजेश ढुंगाना

नेपाल पत्रकार महासंघ, झापा शाखाले आफ्नो स्मारिका निकाल्न लागेको सुनेपछि झापा शाखालाई र सम्पादन-मण्डलका अग्रज सदस्यद्वयलाई धन्यवाद दिनु आफ्नो कर्त्तव्य ठान्दछु । आफ्नो लामो पत्रकारिता यात्रामा मैले यसलाई पनि एउटा सुखद संयोग ठानेको छु, स्मारिकामा मेरा पुराना पत्रकार मित्र राजेश ढुंगानाका बारेमा लेखिदिने आग्रहलाई ।

मैले प्रसिद्ध सञ्चारकर्मी किशोर नेपाल र शालीन प्रकाशक बन्धु थापा सम्पादक एवम् प्रकाशक रहेको 'देशान्तर' साप्ताहिकमा प्रारम्भदेखि नै (४ दशक अघि नै) संलग्न रहेर आफ्नो पत्रकारिता यात्रा थालेको हुँ । म बिराटनगर संवाददाता थिएँ भने झापा संवाददाता राजेश ढुंगाना थिए ।

'साप्ताहिक देशान्तर'को संवाददाता सँगसँगै राजेश ढुंगाना झापाबाट निस्कने 'साप्ताहिक विचार'को सम्पादकीय समूहमा पनि सम्बद्ध थिए । जसमा पत्रकार भरत भूर्तेल र आजका प्रसिद्ध साहित्यकार कृष्ण धरावासी समेत संलग्न थिए । कृष्ण धरावासीको उपन्यास 'आधा बाटो' र गोरखापत्र संस्थानबाट प्रकाशित साहित्यिक मासिक 'मधुपर्क'को साहित्य र आम सञ्चार विशेषांकमा कृष्ण धरावासी स्वयम्ले 'साप्ताहिक विचार'को चर्चित स्तम्भ 'मुक्त पातो' उनीभन्दा पहिले राजेश ढुंगानाले चलाउँथे भनेर उल्लेख गरेका छन् ।

मैले यहाँ साहित्यकार राजेश ढुंगानाभन्दा पनि पत्रकार राजेश ढुंगानाको चर्चा गरेको छु । तर, यति चाहिँ चर्चा गर्नै पर्दछ कि राजेश ढुंगानासँग मेरो र उसको सम्बन्ध पत्रकारिता शुरू गर्नु अघिदेखि नै कविद्वयका रूपमा रहेको हो । म कविका रूपमा हराएर पत्रकारको रूपमा मात्र चिनिए पनि राजेश एउटा कविता संग्रह 'सुकिला मान्छेको सामूहिक मृत्यु' समेत निकालेर कवि एवम् पत्रकार दुइटै क्षेत्रमा स्थापित नाम भइसकेका छन् ।

नेपाली पत्रकारिताको इतिहासमा साप्ताहिक देशान्तर, सुरूचि साप्ताहिक र साप्ताहिक विमर्शको इतिहास गौरवमय छ । त्यो कालखण्डका सर्वाधिक लोकप्रिय र चर्चित राष्ट्रिय पत्रिकाहरूमा राजेश ढुंगाना गतिलै हैसियतमा संलग्न रहेको ती पत्रिकाका रेकर्ड पल्टाएर हेर्दा आफै सत्य र तथ्य बोलिहाल्छ; कसैले थप पुष्टि गर्नै पर्दैन ।

राजेश ढुंगानालाई ४० वर्ष अघिदेखिको सहकर्मी र सहयात्रीका रूपमा हेर्दा म उसलाई एउटा कुशल र सिद्धहस्त एवम् जिम्मेवार पत्रकारका रूपमा देख्तछु । उनी कहिल्यै पत्रकारितालाई प्रयोग गरेर गलत काम गर्नतिर लागेनन् । त्यो नै उनले पाएको र नेपाली पत्रकारिताका लागि एउटा योगदान हो । उनी कहिल्यै कर्त्तव्यच्युत भएनन्; निरन्तर निष्ठामा रहेका छन् ।

देशान्तर, विमर्श, सुरुचि बाहेक उनी जनस्वतन्त्रता, नवयुगवाणी, नेपाल पुकार, गोरखापत्र दैनिक, अग्निपथ, साप्ताहिक जनमञ्च, स्पेसटाइम दैनिक लगायत आधा दर्जन पत्रिकामा डेस्क सम्पादक, संवाददाता, समाचारदाता, समाचार विश्लेषक, अन्तरवार्ताकार, स्तम्भकार र सम्पादकका रूपमा समेत उनको ६ दशक लामो जीवनमा ४ दशकभन्दा लामो समय त पत्रकारितामै बितेको छ । यसको उच्च मूल्यांकन र कदर हुनु पर्दछ, हुने नै छ ।

हाल पनि राजेश लोकप्रिय 'साप्ताहिक घटना र विचार'मा स्तम्भकारका रूपमा संलग्न छन् । त्यसले उनको पत्रकारितामा रहेको कुनै न कुनै रूपको निरन्तरतालाई समेत पुष्टि गर्दछ । मैले यहाँनेर अन्तिममा यो पनि भन्नै पर्ने हुन्छ... झापामा पत्रकार तारा बराल, मदन ढकाल र भरत भूर्तेलसँग नजिक रहेर काम गरेका उनले राजधानीमा भने केशवराज पिंडाली, जनार्दन आचार्य, किशोर नेपाल, हरिहर विरही, मुकुन्द पराजुली, हरि अधिकारी, जयप्रकाश आनन्द, श्री आचार्य, तेजप्रकाश पण्डित, शिव अधिकारी, शैलेश आचार्य आदिसँगको लोभलाग्दो सान्निध्यमा पत्रकारिताको अनुभव बटुलेका छन् । उनी नेपाल प्रेस युनियनका संस्थापक-सदस्य पनि हुन् ।

**प्रस्तुति : सुवास ढकाल**

*(लेखक सुवास ढकाल केही अघिसम्म कान्तिपुर पब्लिकेशनका दुइटा पत्रिकाहरू- 'साप्ताहिक' र 'नारी'को सम्पादक हुनुहुन्थ्यो भने हाल स्वतन्त्र पत्रकारका रूपमा हुनुहुन्छ)*



# रहरले पत्रकारितामा फुलेका

## गोविन्द गुलाफ

मान्छेले रहरको पेशा अँगाल्नु पर्छ, अनि मात्र त्यो पेशामा ऊ रमाउन सक्छ । पत्रकारितालाई रहरको पेशा बनाएर कपाल फुलाउने एक अग्रज पत्रकारको नाम हो – गोविन्दप्रसाद अधिकारी उर्फ गोविन्द गुलाफ । टहलदास अधिकारी र रामप्यारी अधिकारीका जेठा छोरा । तेह्रथुमको आठराईमा २०१८ सालमा जन्म ।

घैलाडुब्बा आदर्श हाइस्कूलमा प्रारम्भिक शिक्षापछि सैनिक बजार, गोलधाप, घैलाडुब्बा र भद्रपुर हाइस्कूलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उहाँले भारतको बनारसमा गई उत्तरमध्यमासम्म अध्ययन गर्नुभएको छ ।

**पत्रकारिता यात्रा ः**

पत्रकारितामा लाग्दै गर्दाको कथा उहाँको भिन्नै छ । नपुग्दो केही थिएन, हुनेखाने परिवार । बिर्तामोडमै थियो उहाँको घर । २०३९ सालमा उहाँलाई पत्रकार बनाउने साप्ताहिकको नाम हो – शनिबार । जुन त्यसबेला मदन ढकालको सम्पादनमा प्रकाशन हुने गर्दथ्यो ।

पत्रकारितामा लाग्न केशव धितालले प्रेरित गर्नुभएको सम्झँदै उहाँ भन्नुहुन्छ, "केशव दाइले शनिबार साप्ताहिकमा सहयोग गर भन्नुभयो, मलाई पनि रहर लाग्यो अनि त्यसैबाट पत्रकारितामा मेरो यात्रा शुरू भयो ।"

उहाँले पत्रकारिता शुरू गर्दाको जमाना लेटर प्रेसको थियो । एउटा–एउटा सिसाका अक्षरहरु खोजेर कम्पोज गरिन्थ्यो । पत्रिका बण्डल बनाउँदा मसी लत्पतिएर हात कालो हुँदाको क्षण उहाँ स्मरण गर्नु हुन्छ । "त्यसबेला हात कालो हुँदा बुवा–आमाले के भन्नुहोला, साथीभाइले के भन्लान् भन्ने लाग्थ्यो । तर, जब मैले लेखेको समाचारले सार्थकता पाउँथ्यो, यस्ता सबै कुरालाई बिर्साउँथ्यो"– उहाँ भन्नु हुन्छ । शुरूमा उहाँलाई पत्रकारितामै जीवन बित्ला भन्ने लागेको रहेन रहेछ । काम गर्दै जाँदा पत्रकारितासँगै प्रीत बस्यो । रहरबाट शुरू भएको पत्रकारिता पेशा बन्यो । उहाँको पत्रकारिता बिर्तामोड अनि झापामा मात्रै सीमित बनेन, काठमाडौंबाट प्रकाशित पत्रिकासँग जोडिएपछि देशभर फैलियो ।

उहाँसँग सम्पादक पदमसिंह कार्कीको 'गतिविधि' साप्ताहिक, प्रेम कैदीको 'युगान्तर' साप्ताहिक, 'दिव्य दर्शन', 'गोरखा एक्सप्रेस', 'नेपाली पत्र', 'नवरस', 'रूपरेखा', 'पृष्ठभूमि' लगायत २५ वटाभन्दा बढी पत्रिकामा काम गरिसकेको अनुभव छ । त्यसबेला भारतका सिक्किम, दार्जीलिङ, कालेम्पोङ, आसाम, बर्मासम्म 'मालिका' साप्ताहिक पुग्ने गरेको थियो । सिक्किमका तत्कालीन मुख्यमन्त्री पवन चाम्लिङका विषयमा लेख्दा उहाँलाई भारत जान निषेध गरिएको थियो ।

अग्रज पत्रकार नकुल काजीले प्रकाशन गर्नुभएको दैनिक पत्रिका 'झापा



एक्सप्रेस' र 'विवेचना' दैनिकमा उहाँले पूर्वाञ्चल प्रतिनिधिको जिम्मेवारी समेत सम्हाल्नुभएको थियो । हाल उहाँको सम्पादन तथा प्रकाशनमा बिर्तामोडबाट 'सुपूर्व मालिका' साप्ताहिक प्रकाशन भइरहेको छ ।

**अनुभूतिहरु उहाँकै शब्दमा :**

पत्रकारिताको काम समाजमा चेतना फैलाउनु हो, जनतालाई जागरूक बनाउने हो । आफूले लेखेको समाचारको प्रभाव समाजमा कस्तो पर्‍यो भन्ने कुरा ठूलो हो । त्यसबेला मेरो लागि आर्थिकभन्दा आफ्नो समाचारले ल्याएको हलचल महत्वपूर्ण हुन्थ्यो, गर्वको विषय थियो ।

त्यसबेला झापामा औँलामा गन्न सकिने पत्रकार थिए । कम्युनिष्ट, कांग्रेस र पञ्चायतमा आस्था राख्ने पत्रकारहरु थिए । त्यसमा पनि भद्रपुर र बिर्तामोडका पत्रकार दुई भागमा बाँडिन्थे ।

दुःख पनि कम थिएन त्यसबेला । गाडी थिएन । कति ठाउँ पैदल हिँडेर, कति ठाउँमा साइकल चढेर रिपोर्टिङ गर्न पुग्नु पर्थ्यो । बाटा उस्तै खाल्डा र खुल्डी । गलेर लखतरान होइन्थ्यो । त्यतिखेर समाचार खोज्नै पर्थ्यो । किनकि मान्छेमा अहिलेको जस्तो समाचारको चेतना थिएन । त्यसैले समाचारका स्रोत साह्रै कम हुन्थे । मलाई स्थलगत खोजी पत्रकारिता गर्न मन पर्छ । २०४५ सालमा काँकरभिट्टाका प्रधानपञ्च शशि खतिवडाको हत्याको बारेमा एकै दिन १३ जनासँग कुराकानी गरेको थिएँ । कुराकानी गर्दा सूर्य नेपाल पनि मेरो साथमै थिए ।

त्यसबेला उनी पत्रकार थिएनन् । तर, उनले मभन्दा अघि त्यो कुरा काठमाडौं पठाएर रातोरात चर्चित बने । झापामा त्यसले तरङ्ग ल्यायो । पछि कुराकानी गरेकाहरूसँग मैले माफी माग्दै हिँड्नु पऱ्यो । पत्रकारिता जीवनमा यही एउटा क्षण थियो, जहाँ मैले माफी माग्नु पऱ्यो ।

त्यस्तै, भारतले सिमाना सार्दै पशुपतिनगरदेखि झापाको महेशपुरसम्मको जमिन अतिक्रमण गरेको बारेमा मैले लेखेको समाचार 'पृष्ठभूमि' र 'युगान्तर'मा छापिंदा दरबारमा खैलाबैला भई सारेको सीमा स्तम्भ हटाइएको थियो । समाचार संकलनकै क्रममा बीएस फोर्सले मलाई लखेटेको थियो ।

मैले पैसाको लागि कहिल्यै पत्रकारिता गरिन । मलाई बुवाकै सम्पत्तिको रहलपहल सम्पत्तिले पुगिरहेको छ । ऊ बेलाको सरकार, भ्रष्टहरू मेरो कलमसँग डराउँथे । चाहेको भए गलत बाटो रोजेर कमाउन पनि सक्थेँ होला, तर मनले गलत बाटो रोज्न दिएन । समाजलाई सही बाटोमा ल्याउने यति राम्रो पेशालाई लोभमा परेर कसरी गलत बाटोमा जान सकिन्छ र ! त्यसबेला काठमाडौं समाचार पठाउँदा हुलाकबाट पठाउनु पर्थ्यो । फ्याक्सको जमाना अलिक पछि आयो । अहिले ई–मेलको जमाना छ । अनलाइन मिडिया छन्, सामाजिक सञ्जाल छ । छिन–छिनमा समाचार आदानप्रदान भइरहेको छ । त्यो बेलाको जमाना र अहिलेको जमानामा कैयौँ गुना परिवर्तन भएको छ । तर, पहिलेको जस्तो जाँगर चलाएर समाचार खोज्न दुःख गर्ने नयाँ पुस्ताका पत्रकार कमै छन् ।

अहिले पत्रकारिता पेशामा निराशा बढेको छ । यसको एउटा कारण आर्थिक पाटो पनि हो । धेरैले यो पेशा अँगालेर गुजारा गर्न पनि नसकेको अवस्था छ । यो सम्मानित र मर्यादित पेशा हो । जुनसुकै पेशाका लागि पहिलो कुरा क्षमता चाहिन्छ, दोस्रो कुरा त्यस पेशाप्रति जिम्मेवार बनेर काम गर्न सक्नुपर्छ ।

**पत्रकार महासंघसँग जोडिएका प्रसङ्ग :**

'झापा एक्सप्रेस' दैनिकको पूर्वाञ्चल विशेष प्रतिनिधि रहँदा उहाँले बिर्तामोडको तमु मार्केटमा भाडामा कोठा लिई कार्यालय सञ्चालन गर्नुभएको थियो । पछि सो कार्यालयमा रहेको टेबल, कुर्सी, बेञ्च, सिलिङ फेन लगायत सामग्री उहाँले नेपाल पत्रकार संघको भद्रपुर कार्यालयलाई हस्तान्तरण गरेको उहाँ बताउनु हुन्छ । झापामा कुनै बेला पञ्चायत पक्षधर र प्रजातान्त्रिक धारका पत्रकारहरू विभाजित भएको अवस्था थियो, उहाँ सम्झनु हुन्छ, ' नेत्र पाठक सचिव हुनुहुन्थ्यो, उहाँलाई मैले ताला–चाबी दिँदै सबैखाले विचार भएका पत्रकारहरूलाई एकै थलोमा बस्ने वातावरण मिलाउन प्रयास गरेको थिएँ ।'



*चन्द्रगढीको कलवलगुडीमा सम्पन्न पत्रकार भेला (चैत २०५०)*

२०४६ साल पूसमा झापाको पञ्चायत प्रशिक्षण केन्द्र, कलवलगुडीमा भएको नेपालभरिका पत्रकारहरूको भेलाले पत्रकारहरूको साविक नेपाल पत्रकार संघलाई 'नेपाल पत्रकार महासंघ'मा रूपान्तर गरेको उहाँ बताउनु हुन्छ । त्यस अघि झापाको कनकाई सिंचाइ योजना गैँडेस्थित कार्यालयमा भएको भेलाले डिल्लीराम निर्भीकको संयोजकत्वमा संघको तदर्थ समिति गठन गरेको थियो । सो समितिमा सचिव– तारा बराल तथा सदस्यहरूमा मदन ढकाल, भरत भूर्तेल, मोहन ढुंगाना, गोविन्दचन्द्र क्षेत्री, गोपीकृष्ण खनाल, केशव आचार्य र गोविन्द गुलाफ रहनुभएको थियो ।

झापाको पत्रकारिताको विकासमा योगदान रहँदारहँदै राजतन्त्रमा आस्था राखेको र लोकतान्त्रिक आन्दोलनमा सहभागी नभएको भन्दै नेपाल पत्रकार महासंघ झापा शाखाले सदस्यता निलम्बन गरेको तीतो अनुभव गोविन्दसँग छ । दरबारसँग नजिक रहेको नेपाल राष्ट्रिय पत्रकार महासंघमा केन्द्रीय सदस्य र पूर्वाञ्चल संयोजक भएका कारण जनआन्दोलन २०६२/६३ पछि महासंघले उहाँलाई कारवाही गरेको थियो । "आस्था जेसुकै भए पनि मान्छेको नियत राम्रो हुनुपर्छ", उहाँ भन्नुहुन्छ, "अहिले पत्रकारितामा राजनीति हावी बन्दै गइरहेको छ, यसले स्वतन्त्र निष्पक्ष पत्रकारितालाई प्रभावित गर्न सक्छ ।"

**प्रस्तुति : एकराज प्रधान**



# सादगीपूर्ण जीवनका उदाहरण

## लेखनाथ परदेशी

मान्छे जब संसारमा आउँछ, समयक्रम सँगसँगै उसका रहरहरू, इच्छा–आकांक्षाहरू बढ्दै जान्छन् । कतिले आफ्ना सपनाहरू पूरा गर्छन् भने कतिको अधुरै रहन्छ । आफैले देखेको चुनौतिपूर्ण सपना पूरा गर्ने मान्छे मध्येमा एक हुनुहुन्छ– अग्रज पत्रकार लेखनाथ शिवाकोटी 'परदेशी' ।

हरेक चुनौतिलाई सामना गर्दै ४० वर्षदेखि पत्रकारिता क्षेत्रमा लागिरहनुभएका परदेशीको जीवनमा उतारचढाव नआएका होइनन्, तर धैर्य र आत्मविश्वासले उहाँलाई विचलित हुन दिएन ।

वि.स. २०१५ चैत २६ गते ताप्लेजुङको चाँगेमा बुवा जयप्रसाद र आमा हरिमाया शिवाकोटीका जेठो सुपुत्रका रूपमा उहाँको जन्म भएको हो । आफ्ना बुवा नै शिक्षा क्षेत्रका पहिलो गुरू बताउने परदेशीको औपचारिक अध्ययन भने नेपाल राष्ट्रिय प्रा.वि., आठराई नेसुमबाट प्रारम्भ भएको थियो । मिडिल स्कूल, चाँगेबाट नि.मा.वि तह उत्तीर्ण गरेपछि सरस्वती हाइस्कूल हाङ्पाङबाट उहाँले मेट्रिक पास गर्नुभएको छ ।

वि.स. २०३५ मा पशु विज्ञान शाखा, पाख्रिबासमा जागिरे जीवन शुरूवात गर्नुभएका शिवाकोटीले २०३८ सालमा अतिरिक्त हुलाकमा मुखियाको रूपमा काम गर्नुभएको थियो । जीवनका आरोह–अवरोहहरू पार गर्दै २०३९ सालमा झापा छापाखाना (शर्मा प्रेस) र आलोक प्रेसको व्यवस्थापक र 'आलोक' साप्ताहिक र 'मेची प्रवाह' साप्ताहिकको संवाददाताको रूपमा उहाँको पत्रकारिता शुरू भएको पाइन्छ ।

लेखनमा अत्यन्तै रूचि राख्ने उहाँ त्यसपछि 'साप्ताहिक विचार', 'स्वतन्त्र आवाज' साप्ताहिक, 'नौलो आवाज' साप्ताहिकको सहसम्पादकका साथै झापा ज्योति प्रकाशन प्रा.लि.को सञ्चालक समितिको सदस्य, नागरिक एफ.एम.को बजार व्यवस्थापक हुँदै २०६५ सालदेखि हालसम्म 'साप्ताहिक वरूण'को कार्यकारी–सम्पादक रहनुभएको छ ।

विभिन्न सामाजिक क्षेत्रमा पनि आबद्ध उहाँ जलथल युथ क्लबको संस्थापक–उपाध्यक्ष हुँदै सो क्लबको २ कार्यकाल अध्यक्ष, जलथल युवा साहित्यिक परिवारको उपाध्यक्ष, 'युवा' साहित्यिक मासिक पत्रिकाको सम्पादक रहिसक्नुभएका छ । उहाँ नेपाल रेडक्रस सोसाइटी–जलथल उपशाखाको आजीवन सदस्य हुनुहुन्छ ।

पेशागत आबद्धतास्वरूप उहाँ श्रमजीवी पत्रकार समूह–जलथलको अध्यक्ष, प्रेस क्लब–हल्दिबारीको सल्लाहकार संयोजक, प्रेस क्लब–भद्रपुरको साधारण सदस्य, नेपाल प्रेस युनियनको केन्द्रीय पार्षद् हुँदै २०४९ देखि '५१ सालसम्म नेपाल पत्रकार महासंघ–झापा शाखाको कार्यसमिति सदस्य पनि हुनुहुन्थ्यो ।

यसैगरी, नेपाल पत्रकार महासंघको १ नं प्रदेश समितिबाट पनि झापाली पत्रकारितामा ३० वर्ष पूरा गरेका सञ्चारकर्मीहरूमध्ये उहाँलाई पनि सम्मान प्रदान गरिएको छ भने पत्रकारिता क्षेत्रमा अविच्छिन्न लागिरहन परदेशीलाई सहयोग पुऱ्याएकोमा पत्रकार महासंघ-झापा शाखाले उहाँकी धर्मपत्नी कृष्णकलालाई समेत 'पार्वतीदेवी शर्मा स्मृति प्रोत्साहन पुरस्कार' प्रदान गरेको थियो ।

नेपाली कांगेस पार्टीप्रति आस्था राखेको भए पनि पार्टीभित्रको गतिविधि चित्तबुझ्दो नभएपछि २०७५ सालबाट पार्टीमा निष्क्रिय रहेको बताउने उहाँ आफ्नो पत्रकारिता जीवनमा पार्टीगत पत्रकारिता नगरेको बताउनु हुन्छ ।

'पत्रकारिता गरेर जीवन चल्छ त ?' भन्ने प्रश्नमा उहाँको जवाफ छ- '४ छोरा-छोरीको शिक्षादीक्षा र घरव्यवहार धान्ने मुख्य स्रोत नै खेतीकिसानी हो । तर, मैले पत्रकारिता पनि छोडिन । यस पेशाप्रति लगनशील र व्यावसायिक बन्न सकेकै कारण पत्रकारिता पेशामा अडिन सकेको हुँ, अहिलेसम्म अडिएको छु ।'

शुरूवातदेखि हालसम्मै निरन्तर साइकलबाटै उहाँ आज ६५ वर्षको उमेरमा पनि पत्रिकाको कार्यालय तथा अन्य कार्यक्रममा पुग्ने गरिरहनु भएको छ । झापाली पत्रकारितामा लामो रेस पूरा गर्नुभएका शिवाकोटीको सादगीपूर्ण जीवन यो क्षेत्रमा आउने जोकोहीका लागि उदाहरण बन्न सक्छ ।

**प्रस्तुति : देविका अधिकारी**

*हल्दिबारी- ३ (झापा)*

# संस्मरण/ लेख खण्ड



**युवराज गौतम**

# पत्रकार बन्ने रहर

स्कूल पढ्दा पूर्वाञ्चलका सबै विद्यार्थीलाई उछिनेर निबन्ध प्रतियोगितामा म प्रथम भएको थिएँ ।

मेरा गुरू उमाकान्त खतिवडा र हरि कोइरालाले "तिम्रो सिर्जनात्मक प्रतिभा उत्कट र उत्कृष्ट छ, केही लेखिरहनू" भनेर प्रोत्साहन दिनुभयो । म अरू उत्साहित भएँ र कोर्स बाहिरका पुस्तक पनि पढ्न थालेँ ।

राजनीतिक र साहित्यिक चेतना भएका पिताजी भगीरथ गौतमले दार्जीलिङको 'भारती' पत्रिकामा पनि रचना छपाउनु भएको देखेपछि साहित्यकार वा लेखक हुने रहर जागेको हुन सक्छ, मलाई । झापाको बुधबारेस्थित मामा मेघनाथ ढकालको घरमा एउटा साप्ताहिक पत्रिका आउँथ्यो । वसन्तकुमार खड्काको सम्पादनमा छापिने 'सूर्योदय' थियो त्यो । पत्रिकामा छापिएको मेरो पहिलो कविता थियो, त्यो । त्यस पत्रिकामा स्कूल पढ्ने केटो मेरो कविता पढेर मामा मुसुक्क हाँस्नुभयो । हत्पति नहाँस्ने र थोरै बोल्ने उहाँ खुशी भएको बुझेँ मैले ।

**यसरी अखबारसँग जोडिएँ**

त्यसबेला पच्चीस पैसाको 'गोरखापत्र' पढ्न म यदाकदा गाउँ पञ्चायत कार्यालय जान्थेँ । सम्पादकीय भनेको थाहा थिएन । २०३८ सालमा मेरो पहिलो लेख छापिएको थियो, गोरखापत्रमा । साठी रूपियाँ पारिश्रमिक पाएँ । ऊबेला काठमाडौंको सफा होटल खोजेर पाँच रूपियाँमा म शाकाहारी खाना खान्थेँ । अर्थात् एउटा लेख छापिँदा एक हप्ता जति पेट भरिन्थ्यो ।

कानून व्यवसायी (वकिल) हुने सपना लिएर म राजबिराज गए पनि फर्केर मेची क्याम्पसमा भर्ना भएको थिएँ । वसन्तबाबू (वसन्तकुमार खड्का), डिल्लीराम निर्भीक, श्यामकृष्ण उपाध्याय, नकुल काजी, एसएल शर्मा जस्ता पत्रकारसँग परिचय भयो ।

मासिक तीन सय रूपियाँमा 'सूर्योदय'मा सहायक-सम्पादक भएँ । सम्पादक

हुनुहुन्थ्यो, गञ्जबहादुर दाहाल । नकुल काजीले 'विवेचना' साप्ताहिकमा मलाई सहायक-सम्पादक बनाउनु भयो ।

अंग्रेजी भाषा राम्रो जान्ने काजी दाइबाट धेरै कुरा सिकैँ । तलब तोकिएको थिएन, तर उहाँको निवासमा खाने-बस्ने प्रबन्ध थियो । उहाँको संकलनमा केही राम्रा पुस्तक थिए, तीमध्ये केही पढैँ ।

पत्रकार, त्यो पनि सहायक-सम्पादक, २०३५ सालतिर महत्वपूर्ण जिम्मेवारी थियो । सम्पादक काजीले माया, विश्वास र भरोसा गरेर उहाँ केही दिन झापा बाहिर जाँदा पनि मैले कमाण्ड सम्हाल्ने काम गरेँ ।

रेडक्रसका गतिविधिमा पनि म संलग्न थिएँ । राजा वीरेन्द्रकी माहिली काकी तथा नेपाल रेडक्रस सोसाइटीकी केन्द्रीय अध्यक्ष प्रिन्सेप शाहको निवास ताहाचल काठमाडौंमा केन्द्रीय उपाध्यक्ष तथा साहित्यकार स्वयम्भूलाल श्रेष्ठले परिचय गराउनु भएको थियो,२०३७ सालमा ।

उहाँले युवराज पत्रकारिता र रेडक्रसमा सक्रिय छन् भनेरै सिफारिश गरेपछि प्रिन्सेप सरकारबाट हुकुम भयो- " मलाई असल सेक्रेटरी चाहिएको छ । मेरो घरमै बस्ने प्रवन्ध गरिदिन्छु ।हेड अफिसको प्रेस सम्बन्धी काम गरेको छुट्टै 'रिम्युनरेशन' पाउने छौ ।"

मैले बिन्ति गरेँ, "सरकारले विश्वास गरिबक्सेकोमा कृतज्ञ छु । देहाती केटो भएकोले दरबारको भाषा, चालचलन र आशय बुझेको छैन । मेरा धेरै साथीहरू छन्, आउजाउ गर्न मुश्किल होला ।"

राजादेखि रैतीसम्मका धेरै कुरा बुझ्न सकिने रहेछ भन्ने लागेर ममा पत्रकार बन्ने रहर प्रबल भयो । त्यसैले मैले पत्रकारिता विषय नै रोजेको थिएँ । भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीलाई अंगरक्षकहरूले मारेको केही महिना पहिले मैले काठमाडौंबाट पत्रकारिता विषयमा स्नातक तह उत्तीर्ण गरेँ । बिरामी परेको हुँदा काठमाडौंमा मेरो पढाइ एक वर्ष हानी भयो । झापामा जनमत संग्रहको कारण बढेको विद्यार्थी राजनीति, हडताल आदिले पनि समय बर्बाद भयो ।

झापा मेरो पत्रकारिताको प्राथमिक स्कूल हो । त्यसैले पुराना दिनहरू सम्झना गर्दा म मदन ढकाल, श्याम अधिकारी, गोपीकृष्ण खनाल, देवी बर्मा, ईश्वरीमान श्रेष्ठ, अमृतलाल श्रेष्ठ, बालकृष्ण श्रेष्ठ, कृष्ण आचार्य, गोपाल गिरी लगायतलाई सम्झिन्छु ।

राजा वीरेन्द्रको शुभजन्मोत्सवमा सूचना विभागले प्रतियोगिता गर्दा झापाका तीन

वटा पत्रिका प्रथम, द्वितीय र तृतीय भएछन् । खुशी मनाउन आयोजना गरिएको समारोहमा समालोचक तथा पुराना राजनीतिज्ञ गणेशबहादुर प्रसाईंले कठोर टिप्पणी गर्नु भएछ । उहाँको कथन थियो, "नेपालका एक सयभन्दा धेरै पत्रिकामा झापाका यिनै पत्रिकाले जिते भनेर खुशी मनाउने होइन, नेपाली पत्रकारिताको स्तर कहाँ र कस्तो छ भनेर शोक मनाउनुपर्छ ।"

दल, जात, गुट आदिको खेलाडी भएर होइन; रेफ्री बनेर समाज र राष्ट्रलाई पत्रकारले बाटो देखाउनु पर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । अब हामीले आफैंलाई प्रश्न गर्नु पर्छ, कुनै अंकुश नभएको अवस्थामा पनि हामीले व्यक्तित्व उठाउन र सत्य कुरा जनसमक्ष लैजान सकेनौं भने कसलाई दोष दिने ?

*(लेखक गोरखापत्र दैनिकका पूर्वप्रधान सम्पादक हुनुहुन्छ)*



लीला उदासी

# अघिल्लो समयमा झापाको पत्रकारिता

श्यामकृष्ण उपाध्याय - झापाको पहिलो पत्रकार । उहाँ यसै त झापाबाट प्रकाशन भएका 'केटो' र 'युवक' पत्रिकाको पनि सम्पादक हुनुभएको रहेछ । त्यो त इतिहासका रूपमा मात्र थाहा पाएँ । मैले भने उहाँलाई २०२४ सालमा 'आलोक'को सम्पादकका रूपमा चिनेँ । पछिल्लो समयमा झापाको पहिलो साप्ताहिक पत्रिकाका रूपमा 'आलोक' प्रकाशित भएको थियो । मेरो छोटो आकस्मिक पत्रकारिताको यात्रा पनि 'आलोक' साप्ताहिकबाटै आरम्भ भयो । मैले त्यहाँ सम्पादकलाई पत्र लेखेर पत्रकारिता यात्रा शुरू गरेँ ।

त्यतिबेला 'आलोक' साप्ताहिक चर्चित थियो । त्यसमा बाजेको चिठी र अन्य धेरै सामग्री महत्वका हुन्थे । मानिसहरू 'आलोक' प्रकाशनको दिन पर्खिरहन्थे । मेरा एक जना मित्र वासुदेव शर्मा पनि शुरूमा 'आलोक' साप्ताहिकमा सरिक हुनुहुन्थ्यो । उहाँ मार्फत मैले श्यामकृष्ण उपाध्यायसँग परिचय गरेको थिएँ । पछि त उहाँसँग घनिष्ठ सम्बन्ध रह्यो । उहाँले स्नेह प्रदान गर्नुभयो ।

केही समयपछि वासुदेवजीले 'आलोक' छाड्नुभयो । राधाकृष्ण मैनाली र उहाँले 'पञ्चामृत' मासिकको प्रकाशन शुरू गर्नुभयो । अलिक पछि म पनि 'पञ्चामृत' मासिकको सम्पादनमा सरिक भएँ । रूद्र खरेल पनि सम्पादनमा हुनुहुन्थ्यो । पछि त्यो प्रकाशनमा प्रशासनले प्रतिबन्ध लगायो । त्यही समयमा पुण्य ढकालको सम्पादनमा 'आव्हान' मासिक पनि निस्कन्थ्यो ।

त्यो समयमा झापा जिल्लाका हरेक कुरा भद्रपुरमा केन्द्रित रहन्थे । केही व्यक्तिहरू लेखन तथा पत्रकारिता कार्यमा चर्चित रहेका थिए । ती व्यक्तिहरूमा भवानी घिमिरे, एस एल शर्मा, डा. हृषीकेश उपाध्याय, चूडामणि रेग्मी, स्वयम्भूलाल श्रेष्ठ, सी के प्रसाईं, बसन्तकुमार खड्का, नकुल काजी, द्रोणाचार्य क्षत्री, डिल्लीराम निर्भीक, रामप्रसाद पोखरेल, दिव्य भूर्तेल, गोविन्दचन्द्र क्षत्री, याम भण्डारी, प्रहिल घिमिरे, तारा बराल आदिको नाम लिन सकिन्छ । उहाँहरू राजधानी तथा

बिराटनगरबाट प्रकाशन हुने विभिन्न प्रकाशनसँग सम्बन्ध राखेर समाचार/लेख प्रकाशन गराउनु हुन्थ्यो ।

कतिपय व्यक्ति सामयिक र साहित्यिक प्रकाशनमा सरिक हुनुहुन्थ्यो । लेखन प्रकाशनको निकास खोजिरहनु हुन्थ्यो । राजधानी र बिराटनगरका पत्रपत्रिकासँग सम्बन्ध राख्नु हुन्थ्यो । बिराटनगरबाट 'जनवार्ता', 'हिमालचुली', 'कोसेली' आदि पत्रिका निस्कन्थे । तिनमा झापाको समाचार बग्रेल्ती हुन्थ्यो । झापामा पनि जिल्ला पञ्चायतको र भद्रपुर नगर पञ्चायतको मुखपत्र प्रकाशन हुन्थ्यो । ठाउँ-ठाउँबाट सामयिक सङ्कलन प्रकाशन भइरहन्थे ।

२०२६ साल झापाको पत्रकारितामा महत्वपूर्ण वर्ष बनेर आयो । यसै वर्षदेखि 'युगज्ञान' साप्ताहिक र 'सूर्योदय' साप्ताहिक प्रकाशन हुन थाले । 'युगज्ञान' चूडामणि रेग्मीको सम्पादनमा प्रकाशन हुन थाल्यो भने 'सूर्योदय' बसन्तकुमार खड्काले प्रकाशन/सम्पादन गर्नुभयो । दुबै पत्रिकामा धेरै सामग्री प्रकाशित हुन्थे । 'युगज्ञान'मा धेरै साहित्यिक स्तम्भ थिए । धेरै साहित्यकारले लेख्थे । 'सूर्योदय'मा पञ्चायत राजनीतिसँग जोडिएका टिप्पणीहरु बढी प्रकाशित हुन्थे ।

चूडामणि रेग्मी प्राध्यापन र प्राज्ञिक क्षेत्रमा हुनुहुन्थ्यो । त्यसको प्रतिविम्ब पत्रिकामा देखिन्थ्यो । बसन्तकुमार पञ्चायती राजनीतिमा सरिक हुनुहुन्थ्यो । उदार बनेर इतर विचारका व्यक्तिको सहयोग लिनु हुन्थ्यो । बसन्तकुमारको विशेषता थियो– पञ्चायतसँग सहमत नहुनेहरूकै पनि लेख-रचना छाप्नु हुन्थ्यो । द्रोणाचार्य क्षत्री र म (लीला उदासी) पनि कुनै कालखण्डमा 'सूर्योदय' साप्ताहिकमा लेख्थ्यौं । द्रोणाचार्य क्षत्रीले राजबिराजबाट प्रकाशित हुने 'गोरेटो' साप्ताहिक र काठमाण्डौबाट प्रकाशित हुने 'जनजागरण'को पनि सम्पादन गर्नुभयो । गञ्जबहादुर दाहाल र निर्माणकुमार नेउपानेले पनि लामै समयसम्म 'सूर्योदय'मा काम गर्नुभयो ।

पत्रिकामा प्रकाशित सामग्रीकै कारण चूडामणि रेग्मीको प्रशासनसँग राम्रो सम्बन्ध बनेन । उहाँलाई एक पटक केही दिनका लागि नेपालगञ्ज सरूवा गरियो । साथै, त्रिभुवन विश्वविद्यालयको प्राध्यापकले पत्रिका सञ्चालन गर्न नपाउने नयाँ नियम ल्याइयो । त्यसपछि यसको प्रकाशक बेदकुमारी रेग्मी र सम्पादकमा गोविन्दचन्द्र छेत्री रहनुभयो । 'युगज्ञान' निरन्तर चलिरह्यो । २०४६ सालपछि त चन्द्र भण्डारीले सम्पादक-प्रकाशक भएर केही वर्ष 'युगज्ञान' चलाउनुभयो । जे होस्, झापाको पत्रकारिताको इतिहासमा 'युगज्ञान' साप्ताहिकको महत्वपूर्ण भूमिका रहेको छ ।

उता, झापाको पहिलो साप्ताहिक 'आलोक'का सम्पादक शयामकृष्ण उपाध्यायको २०४६ सालको जनआन्दोलनका समयमा बिर्तामोडमा गएका बेलामा हृदयाघातबाट

निधन भयो । त्यसपछि 'आलोक' बन्द भयो । बसन्तकुमार खड्काको पनि २०५१ सालतिर निधन भयो र 'सूर्योदय' साप्ताहिक पनि बन्द भयो ।

झापा पसेदेखि नै निरन्तर लेखिरहेका तथा विभिन्न स्थानका विभिन्न प्रकाशनमा साहित्य, समाचार, टिप्पणी निरन्तर छपाइरहेका व्यक्ति नकुल काजी र डिल्लीराम निर्भीक हुन् । नकुल काजीले 'विवेचना' साप्ताहिक, मासिक र दैनिक पनि लामो समय चलाउनुभयो । नकुल काजीको लेखन क्षमतासँग जो कोही परिचित थिए । उहाँको कलम तिक्खर र माझिएको छ । उहाँले अङ्ग्रेजी भाषामा पनि 'ईष्टर्न ईको' पत्रिका चलाउनुभयो ।

यस्तै, डिल्लीराम निर्भीक पहिला रासस.मा पनि समाचार सम्प्रेषण गर्नु हुन्थ्यो । पछि, 'सिद्धार्थ' पाक्षिक, साप्ताहिक र अर्धसाप्ताहिक तथा 'हिजो आज' दैनिक पनि चलाउनुभयो । डिल्लीराम निर्भीक जीवनपर्यन्त पत्रकारिताकै क्षेत्रमा निरन्तर क्रियाशील रहनुभयो । यसै क्रममा गोपीकृष्ण खनालको नाम आउँछ । पहिला उहाँ सिलिगुडीमा बसेर नेपालका पत्रपत्रिकामा लेख्नु हुन्थ्यो । पछि, झापामा आएर 'विवेचना'सँग जोडिनुभयो । निकै पछि (२०४७ सालतिर) बिर्तामोडबाट 'नयाँ कामना' साप्ताहिक प्रकाशनमा लाग्नुभयो । 'नयाँ कामना' पनि लामो समय चल्यो ।

२०३० सालको आसपासमा नेपालमा राजधानीबाट प्रकाशन हुने ४ वटा साप्ताहिकको व्यापकता थियो । ती पत्रिका 'समीक्षा', 'मातृभूमि', 'राष्ट्र पुकार' र 'नयाँ सन्देश' थिए । झापामा पनि यी पत्रिकाको जबरजस्त बजार थियो । 'राष्ट्र पुकार'मा सी.के. प्रसाईंले झापामा बसेर पनि 'श्री निष्पक्ष'को नामबाट नियमित स्तम्भ लेख्नु हुन्थ्यो । भारतको कलकत्ता, दिल्ली, पटना आदि स्थानबाट निस्कने पत्रिकामा पनि उहाँका लेख छापिन्थे ।

त्यसबेला 'समीक्षा'मा झापाबाट रामप्रसाद पोखरेलले समाचार पठाउनु हुन्थ्यो । 'समीक्षा' पञ्चायतका विरूद्धमा लेख्ने सबल पत्रिका मानिन्थ्यो । यसका सम्पादक मदनमणि दीक्षित साहित्य र पत्रकारिता क्षेत्रका दिग्गज व्यक्ति मानिनु हुन्थ्यो । प्रहिल घिमिरे 'नयाँ सन्देश'को संवाददाताका रूपमा काम गर्नु हुन्थ्यो । गोविन्द वियोगीको सम्पादनमा प्रकाशन हुने 'मातृभूमि'मा हरेक अञ्चलको चिठी छापिन्थ्यो । मैले केही वर्ष 'मातृभूमि'मा मेची अञ्चलको चिठी लेखेको थिएँ ।

२०३६ सालमा जनमत सङ्ग्रह भयो । त्यो समयमा झापामा बहुदल पक्षमा लेख्ने पत्रिकाको भने अभाव भयो । राजधानीकै पत्रिकाहरूले मद्दत पुऱ्याएका थिए । २०४० सालदेखि तारा बरालको सम्पादन तथा प्रकाशनमा चन्द्रगढीबाट प्रकाशन हुने 'साप्ताहिक विचार'ले २०४६ सालको जनआन्दोलनमा महत्वपूर्ण योगदान दियो ।

तिनताक चन्द्रगढीबाट योग्यराज न्यौपानेले 'जनध्वनि' साप्ताहिक, भद्रपुरबाट हीरा आकाशले 'वरूण' साप्ताहिक, दमकबाट गञ्जबहादुर दाहालको सम्पादन र प्रकाशनमा 'जनज्योति' साप्ताहिक, बिर्तामोडबाट मदन ढकालले 'शनिबार' र गोपीकृष्ण खनालले 'नयाँ कामना' साप्ताहिक प्रकाशन गर्नु भयो । २०४९ सालको मध्यदेखि नकुल काजीको सम्पादनमा चन्द्रगढीबाट 'झापा एक्सप्रेस' दैनिक प्रकाशित हुन थालेको थियो ।

त्यसअघि २०४७ सालमा बिर्तामोडबाट 'स्वाधीन सम्वाद' साप्ताहिक र 'लोकमत' साप्ताहिक प्रकाशित भए । 'स्वाधीन सम्वाद'को प्रकाशन मैले शुरू गरेको थिएँ । जसको स्वामित्व अहिले माधव विद्रोहीमा छ, चलाउँदै हुनुहुन्छ । 'लोकमत'को प्रकाशक-सम्पादक सूर्य नेपाल हुनुहुन्थ्यो ।

*(लेखक उदासी झापाका अग्रज पत्रकार एवम् बरिष्ठ अधिवक्ता हुनुहुन्छ)*



# झापा घोषणा-पत्र जारी भएको ऐतिहासिक दिन

तारा बराल

झापाली पत्रकारहरूको त्यो ऐतिहासिक दिन - २०४६ साल पूसको चिसो दिन । झापाको गैंडेस्थित कन्काई सिंचाई आयोजनाको एउटा हलमा राजधानी र मोफसलका दुई दर्जन पत्रकार गम्भीर छलफलमा जुटे । तत्कालीन नेपाल पत्रकार संघका सभापति गोविन्द वियोगी, पदाधिकारी सदस्यहरू हिरण्यलाल श्रेष्ठ, होमनाथ दाहाल, प्रेम कैदी, सोमनाथ घिमिरे, हरिहर विरही, किशोर नेपाल, केन्द्रीय सदस्यहरूमा शक्ति लम्साल, रघुजी पन्त, टीआर विश्वकर्मा, पदमसिंह कार्की, मोरङका पत्रकार मोहन भण्डारी लगायत झापाली पत्रकारहरू श्यामकृष्ण उपाध्याय, डिल्लीराम निर्भीक, गोविन्दचन्द्र छेत्री, भरत भूर्तेल, केशव आचार्य, सूर्य नेपाल, मदन ढकाल, गोविन्द अधिकारी र म सम्मिलित उक्त भेलाले झापामा पत्रकार संघको बिरूवा रोप्यो । पञ्चायत समर्थक मञ्जुरत्न शाक्यको संघतिर आकर्षित डिल्लीराम निर्भीक दाइलाई मेरै जोडबलमा वियोगी समूहतिर ल्याएर उनकै सभापतित्वमा नेपाल पत्रकार संघको झापा जिल्ला तदर्थ समिति गठन गरियो । त्यो गठन यस अर्थमा पनि महत्वपूर्ण मानिन्छ कि, तत्कालीन नेपालका बहुचर्चित पत्रकार र प्रेस स्वतन्त्रताका लागि संघर्ष गरिरहेका पत्रकार र संघको रोहवरमा निर्माण भएको थियो ।

पूस ९ गतेका दिन गठन भएको तदर्थ समितिमा मैले सचिवको जिम्मेवारी पाएको थिएँ । सदस्यहरूमा- गोविन्दचन्द्र छेत्री, मदन ढकाल, भरत भूर्तेल, गोपीकृष्ण खनाल, मोहन ढुंगाना, केशव आचार्य र गोविन्द अधिकरी थिए । त्यसै दिन नेपाल पत्रकार संघको केन्द्रीय समितिको विशेष बैठकले झापा घोषणा-पत्र जारी गर्दै नेपालमा प्रेस स्वतन्त्रता र मानव अधिकार लगायतका सन्दर्भमा आफ्नो प्रतिबद्धता जनायो । त्यो ऐतिहासिक दस्तावेजले मुलुकमा प्रजातान्त्रिक व्यवस्थाका लागि आन्दोलनको तयारी गरिरहेका राजनीतिक दललाई बल पुग्यो भने तत्कालीन पञ्चायती सत्तालाई दबाब पनि भयो ।



झापामा पहिलो पटक भएको पत्रकार संघको त्यो विशेष केन्द्रीय बैठक, त्यसले जारी गरेको झापा घोषणा र झापाली पत्रकारहरूको संगठित प्रयासमा गठन भएको झापा पत्रकार संघ... त्यो नियमित आकस्मिकता थिएन, यो अनिवार्य आवश्यकता नै थियो । तदर्थ समितिले एक वर्ष काम गरेपछि २०४७ सालमा संघको अधिवेशन मार्फत मेरो सभापतित्वमा वैधानिक रूपले नेपाल पत्रकार संघ, झापा शाखा स्थापना भएको हो ।

त्यो बेलाको कठिन अवस्थाबाट संघर्ष गर्दै आज नेपाल पत्रकार महासंघको झापा शाखा बनेको छ । सयौं युवा पत्रकार साथीहरू अहिले यो महासंघमा आबद्ध छन् । अहिले प्रविधि र अवसरले बाटो फराकिलो बनाएको छ । पत्रकार महासंघ झापा शाखा चलायमान छ, सक्रिय देखिन्छ । हामीले त्यति बेला रोपेको बिरूवा यसरी हुर्केको देखेर मन आनन्दित हुन्छ ।

त्यतिबेला हामीसँगै हिंडेका मेची अञ्चलकै जेठा पत्रकार श्यामकृष्ण उपाध्याय, डिल्लीराम निर्भीक, मदन ढकाल, गोपीकृष्ण खनाल र भरत भूर्तेल भौतिक रूपमा हामीबीच छैनन् । तर, आजको महासंघ यो गर्व गर्ने अवस्थामा आइपुग्दा उनीहरूले पुऱ्याएको योगदान हामीले बिर्सनु हुँदैन ।

*(संस्थापक-सचिव तथा २०४७-'४९ सालका सभापति /नेपाल पत्रकार संघ, झापा शाखा)*



# झापाबाट सिकौं

चन्द्र भण्डारी

जुन बेला म नेपाल पत्रकार संघ, झापाको सचिवमा निर्वाचित भएँ, त्यो समय हामीसँग ऊर्जा मात्र थियो । भौतिक रूपमा विपन्न थियौं । आफ्नो कुनै ओत थिएन, छानो थिएन । फायल सुरक्षित राख्ने बाकससम्म थिएन । लाग्छ, त्यो ऊर्जा नै आज सबैभन्दा बलवान भएको छ । आज हामीसँग झापा जिल्लामा दुई वटा भवन छन्, एक करोड बढी रकमको अक्षयकोष छ, औंलामा गन्न सकिने पत्रकारको संख्या आज दुई सय नाघेको छ । पालिका–पालिकामा संस्थागत रूपमा उभिएका छौं । दर्जनौं छापामाध्यम, रेडियो, पत्र–पत्रिका,अन्लाइन पोर्टल, टेलिभिजन अर्थात् विद्युतीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्न सक्षम भएका छौं । पत्रकार संघलाई नेपाल पत्रकार महासंघ बनाउन सफल भएपछि संसारको जुनसुकै भूगोलमा हाम्रो अस्तित्व र पहुँचलाई स्थापित गर्न सफल भएका छौं ।

यहाँसम्म आइपुग्न झापाका पहिलो पुस्ताका सचेत पत्रकारहरूको भूमिका अजर अमर स्तुत्य र स्मरणीय छ । भलै पछिल्ला दिनहरूमा हामीले स्वतन्त्रताको बढी उपयोग गर्न पायौँ होला, राजनीतिक आस्थाका आधारमा संगठित भएर पत्रकारिताको मूल्यलाई कमजोर बनाउन अभ्यास पनि गऱ्यौँ होला । तर, झापाली पत्रकारितालाई कोशेढुङ्गा बनाउन कुनै कसर बाँकी राखेका छैनौं । संगठित रूपमा अग्रज दाजु तारा बराल सभापति रहनु हुँदा म सचिवको भूमिकामा थिएँ ।

त्यस अघि म विभिन्न पत्रपत्रिकामा स्तम्भ लेख्ने गर्थें, तर पत्रकार संघको सदस्यता मसँग थिएन । कठोर राजनीतिक आन्दोलनबाट खुत्रुक्क ओर्लेर पत्रकारितामा होमिन आइपुग्दा पत्रकारको पहिचान बनाउन फलामको काँटी चपाउनुभन्दा कठिन थियो मलाई । तर, राजनीतिक रङबाट मुक्त भएर गतिविधि गर्दा मैले सबै अग्रज र समकालीन मित्रहरूको मन जित्न सफल भएँ र नै आफू संगठित भएको छोटो समयमै बिराटनगरमा सम्पन्न राष्ट्रिय अधिवेशनले मलाई केन्द्रीय सचिवमा निर्वाचित गऱ्यो । अर्को अधिवेशन झापामा आयोजित हुँदा केन्द्रीय महासचिवमा निर्वाचित हुन सफल भएको थिएँ ।

केन्द्रीय सचिव हुँदा देशभरिको भ्रमण, नयाँ-नयाँ शाखाको निर्माण र अनेकौं मुद्दाको छिनोफानोमा निष्पक्ष भूमिका रहेका कारण देशका सम्पूर्ण शाखामा म सुपरिचित हुन पुगें । आस्थाका आधारमा कुनै दल-विशेषको रङ बोकेर नहिंँडेको र गतिशील भएकै कारण भुक्तभोगी अग्रज र समकालीन मित्रगणले मेरो आवश्यकता महसुस गरेपछि महासचिवमा निर्वाचित गरेपछि केही उल्लेखनीय र ऐतिहासिक कार्य गर्न सफल भएका थियौं ।

बहुदलीय व्यवस्था स्थापित भएपछि पनि स्वतन्त्रताका पक्षधर हाम्रो संगठन अन्तर्राष्ट्रिय रूपमा स्थापित थिएन । मञ्जुरत्न शाक्य नेतृत्वको संगठन परिचित थियो । उनको संगठन मार्फत भएका गतिविधिले पत्रकारिताको अवमूल्यन भइरहेको, पत्रकारहरु दमित र उत्पीडित भइरहनु परेको, छाता संगठनको अभावमा पत्रकारिताका अनेक 'विङ्स'हरु अस्तित्वहीन हुनु परेका जस्ता अनेकौं विसंगति सतहमा थिए । त्यो परिस्थितिका बीच हाम्रो संगठनले महासंघ बनाउनैपर्ने महसुस गरेर धरानमा सम्पन्न विधान अधिवेशनले महासंघ बनाउन सफल भयो । संघलाई महासंघ बनाउन अग्रजहरूको आशीर्वाद नभएको भए र देशभरिका शाखाहरूमा उत्साह नभएको भए महासंघ भत्काउन उद्यत हामीभित्रैका कतिपय परचक्रीका भ्रूणहरु हावी हुन सक्ने थिए । त्यो बेला झापा, सुनसरी, मोरङ लगायत कतिपय जिल्ला शाखाहरूको अथक प्रयत्न अविस्मरणीय छ र रहनेछ । त्यसमध्ये पनि झापाली प्रतिनिधिको भूमिका सबैभन्दा बलियो थियो भन्ने कुरा इतिहासमा सुरक्षित छ ।

महासंघको स्थापनाका लागि अग्रज पुस्ताका हस्तीहरु गोपालदास श्रेष्ठ ,गोविन्द वियोगी, होमनाथ दाहाल, अघिल्ला महासचिव रघुजी पन्त (नेपाल पत्रकार संघ) लगायतको साथ, अध्यक्ष हरिहर बिरहीको नेतृत्वमा गठित समूहको संकल्प, अठोट र महासचिवको भूमिकामा म समेतको साहसबाट मात्र महासंघ निर्माण भएको कुरा स्मरणीय छ ।

धरान अधिवेशनमा महासंघ हुनु हुँदैन भन्नेको निकै ठूलो जमात कसरी कहाँबाट निर्देशित थियो र त्यो समस्यालाई कसरी चिर्ने भन्ने मुद्दामा हरिहर बिरहीको नेतृत्वमा गठित तत्कालीन केन्द्रीय समितिका दुई जना बाहेक एकमतका साथ महासंघका पक्षमा उभिएका थियौं । अहिले मूल्यांकन गर्नेहरूका लागि यो विषय झिनोमसिनो लाग्न सक्ला, तर महासंघ निर्माणको क्रममा तत्कालीन दरबार हारेको थियो भने स्वतन्त्रताविरोधीहरु लत्रिएका थिए । खुलेर भन्नुपर्दा तत्कालीन झापा, सुनसरी, मोरङ अर्थात् मेची-कोशीका पत्रकारहरूको भूमिका सबैभन्दा

अग्रभागमा थियो । केही अपवादलाई छोडेर सिङ्गो देशभरिका शाखाहरूको साथ, सहयोग र सोच नै आजको नेपाल पत्रकार महासंघ हो ।

आज झापामा मित्र एकराज गिरीको नेतृत्व छ । यो नेतृत्वले देशभरिका शाखा सहित केन्द्रीय नेतृत्वलाई समेत सबक सिकाएको छ । झापाको क्रियाशीलता, दृष्टिकोण र योजना देशकै निम्ति सन्देश भएको छ । महासंघ नेतृत्वले सम्मान र पुरस्कृत गर्नुपर्ने उदाहरणीय र ऐतिहासिक महत्वका काम झापा शाखाले सम्पन्न गरिसकेको छ । देशका विभिन्न क्षेत्रमा पत्रकारका कतिपय गतिविधिले वाक्क–दिक्क भएका जनमानसले झापाली पत्रकारहरूले स्थापना गरेको गौरव र प्रतिष्ठाको अध्ययन गर्ने हो भने पत्रकारिताको मूल्य बोध गर्ने छन् ।

यद्यपि झापासँग पनि केही अपवाद र केही विमति हुन सक्लान्; तर वर्तमान नेपाल पत्रकार महासंघ झापा नेतृत्वको साधना,तपस्या,उद्देश्य र लक्ष्यको म खुलेर प्रशंसा गर्दछु । नेपाल पत्रकार महासंघ, झापा शाखाको साधारण सदस्य हुनुका नाताले यो संस्थाको दीर्घ र स्वस्थ जीवनका निम्ति जुनसुकै मूल्य चुकाउन प्रतिज्ञा पनि गर्दछु । म विधिवत् गठन भएको नेपाल पत्रकार संघ झापाको पहिलो सचिव र महासंघको संस्थापक-महासचिव हुनाका कारण महासंघको विकास र सम्बर्द्धनका निम्ति एक मुठी श्वास रहुञ्जेल सक्रिय र गतिशील रहनेछु ।

*(लेखक- झापाको पहिलो रेडियो 'कञ्चनजंघा एफएम' का प्रबन्ध-निर्देशक हुनुहुन्छ)*



राजेश ढुंगाना

# आधा शताब्दी लामो झापाली पत्रकारिता : केही सम्झना

झापाका अग्रज सञ्चारकर्मी मित्र गोपाल गिरीबाट झापाली पत्रकारिताको इतिहाससँग सम्बन्धित केही कुरा लेखिदिने आग्रह पश्चात म अलमलमा परेको छु – म इतिहास लेखनका लागि एक प्रतिशत पनि सक्षम र योग्य पात्र होइन । यो सत्यबोधका बाबजुद आफ्नो चार दशकभन्दा अघिदेखिको पत्रकारिता यात्राको थालनी झापाबाटै भएकाले एउटा सानो संस्मरण भने मैले लेख्नै पर्दछ ।

मैले साहित्य लेखन थालेको ४ वर्षपछि अर्थात् २०३९,४० सालदेखि पत्रकारिता क्षेत्रमा औपचारिक रूपले प्रवेश गरेको प्रामाणिकताका हिसाबले आफूलाई चार दशक अघिकै पत्रकार ठानेकाले यो संस्मरण लेख्ने गमट गरेको छु । हामीले पत्रकारिता शुरू गर्दा झापामा मुश्किलले डेढ दर्जन जति पत्रकार थियौं होला । आजभन्दा चालीस वर्षभन्दा अगाडिको त्यो समयमा यति संख्या हुनु पनि ठूलै मात्रा मान्नु पर्दछ । झापा भन्नाले पनि सदरमुकाम चन्द्रगढी भद्रपुरमै थियो– त्यसबेलाको पत्रकारिता र पत्रिकाको चहलपहल ।

भद्रपुरबाट केटो, युवक, आलोक, सूर्योदय, विवेचना, सिद्धार्थ, हिजो आज, युगज्ञान लगायत पत्रिकाहरू निस्कन्थ्यो । इतिहासमा माथि उल्लेखित सबै पत्रिकाको आ–आफ्नै छुट्टै प्रकारको विशिष्ट योगदान त छँदैछ । तर आलोक, विवेचना, हिजो आज र साप्ताहिक विचारको आफ्नै छुट्टै भूमिका र महत्व देखिन्छ । आलोक प्रजातन्त्रप्रति प्रतिबद्ध, तर पूर्णतः स्वतन्त्र रूपले निस्कने पत्रिका थियो । जसको सम्पादक झापाका जेठा पत्रकार श्यामकृष्ण उपाध्याय हुनुहुन्थ्यो । उहाँसँग मेरो पनि केही समय सानिध्यता रहेको थियो । हिजो आज, विवेचना, सिद्धार्थ र सूर्योदयले भने तत्कालीन पञ्चायती शासनको पक्षपोषण गरेको देखिन्थ्यो ।

यस्तैमा, नेपालको राजनीतिमा एउटा कोशेढुंगा रहेको जनमत संग्रह (२०३६ साल) को घोषणाले ल्याएको केही खुकुलोपना प्रजातन्त्रको पक्षमा बोल्न पाउने केही सीमित अधिकारको उपयोग गर्दै २०३९ सालमा 'साप्ताहिक विचार'को प्रकाशन

प्रारम्भ भएको थियो । झापामा यो नै त्यस्तो पहिलो पत्रिका थियो, जो पूर्ण रूपले घोषित रूपमै प्रजातन्त्रको पक्षमा थियो, तर पनि पूर्ण रूपले भने होइन ।

हो, २०३९,४० सालदेखि निस्कन थालेको यही साप्ताहिक विचार नै मेरो पत्रकारिताको औपचारिक आरम्भ थियो । जुन कुरा विगतमा नेपाल पत्रकार महासंघले निकालेको अभिलेखमा उल्लेख छैन र अब त्यो त्रुटिपूर्ण कुरालाई सच्याएर त्यो तथ्य राखेर पुन : अभिलेखीकरण गरिनु पर्दछ । भरत भूर्तेल र कृष्ण धरावासी पनि सोही पत्रिकामा संलग्न हुनुहुन्थ्यो । साप्ताहिक विचार पत्रिकाको प्रकाशनपछि श्यामकृष्ण उपाध्याय, नकुल काजी, चूडामणि रेग्मी, वसन्तकुमार खड्का, डिल्लीराम निर्भीकपछि तारा बराल पनि झापामा सम्पादकका रूपमा चर्चित हुनु भयो ।

जनमत संग्रहपछिको झापाको पत्रकारिता त्यसबेला मोफसलका बीरगञ्ज, पोखरा, नेपालगञ्ज, बिराटनगर, धरान जस्ता गिनेचुनेका शहरबाट प्रकाशित हुने गरेका पत्रकारिताको दर्जामा पर्दथ्यो । त्यसबेलाको झापाको पत्रकारिताले सिंगो नेपाली पत्रकारितामा गर्वलायक उपस्थिति जनाउन सक्षम थियो ।

वास्तवमा भन्ने हो भने, साप्ताहिक विचारमा संलग्न भएको केही वर्षमै २०४०/४१ सालतिर हुनु पर्छ, म त्यसबेलाको चर्चित र लोकप्रिय राष्ट्रिय साप्ताहिक 'देशान्तर' (काठमाडौं) मा झापाबाट संवाददाताको रूपमा काम गरेको थिएँ । पछि, राजधानी गएर त्यो लगायत साप्ताहिक सुरूचि, विमर्श, राष्ट्र पुकार, जनमंञ्च, नेपाल पुकार, युगवाणी, अग्निपथ, स्पेसटाइम, गोरखापत्र लगायत आधा दर्जन बढी पत्रिकाहरूमा संवाददाता, स्तम्भकार र सम्पादकसम्ममा संलग्न रहँदै गर्दा पनि म झापाको पत्रकारितामा समेत कुनै न कुनै रूपले, भावनात्मक रूपले बढी, सहभागी र संलग्न रहँदै आएको हुँ । यसै क्रममा आफ्नो नाममा दर्ता रहेको साप्ताहिक 'जनसंसद्' पत्रकार भाइ मोहन काजीको नाममा नामसारी गरिदिएर पनि मैले झापाको पत्रकारितालाई सहयोग नै गरेको ठान्दछु । यस बाहेक 'नयाँ सन्दर्भ' साप्ताहिक पनि ३ अंक निकालेकै हुँ । साथै, 'पूर्वाञ्चल' दैनिकमा मदन ढकाल सम्पादक रहेको समयदेखि केही वर्ष र नकुल काजी सम्पादक/प्रकाशक रहेको 'विवेचना' दैनिकमा पनि लामो समय स्तम्भ लेखन गरेको विगत पनि मसँग गाँसिएको छ ।

हामी आफ्नै पत्रिका नभएका पत्रकारहरू, जो अरूकोमा काम गर्थ्यौं; भरत भूर्तेल, देवेन्द्रकिशोर ढुंगाना, गोपाल गिरी, म र राजबाबु शंकर मात्र थियौं भन्दा

फरक पर्दैन... जो चालिस वर्षदेखि झापाको पत्रकारिताको साक्षी र सहभागी थियौं र छौं । कोही केही अलि अघि होला र कोही अलि पछाडि हौंला । अरू पनि संलग्न नाम चाहिँ होलान् । तर, पूर्णरूपले संलग्न भएको कुरा गरेको हुँ । यसमा केशव आचार्यलाई पनि जोड्दा हुन्छ ।

मैले झापाको पत्रकारिताको चार-पाँच दशकको सम्झना गर्दा एस.एल. शर्मा, गोविन्दचन्द्र क्षेत्री, गोपीकृष्ण खनाल, योग्यराज नेउपानेलाई पनि सम्झनु पर्दछ । यो इतिहास होइन; यो सानो सम्झना, संस्मरण र चर्चा मात्र हो । केही नामहरू भूल र अज्ञानतावश छुटेका हुन सक्छन् । त्यसका लागि विनम्रतापूर्वक क्षमा माग्दछु ।

*(सञ्चारकर्मी ढुंगाना नेपाल प्रेस युनियनका संस्थापक-सदस्य हुनुहुन्छ)*



# मेरो पत्रकारिता यात्रामा झापाको प्रभाव

धर्मेन्द्र झा

म पत्रकारितातर्फ किन र कहिलेदेखि आकर्षित भएँ ? विगत फर्केर हेर्दा यकिनका साथ ठ्याक्कै भन्न सक्दिन । यति भने निश्चित हो, मेरो पत्रकारिता यात्राको एउटा इँटा झापा अर्थात भद्रपुर-चन्द्रगढी हो । चन्द्रगढी (जिल्ला सदरमुकाम) मा मैले आफ्नो किशोरावस्थाको करीब दुई वर्ष बिताएको छु । मेरा पिताजी त्यहाँ २०३८/३९ सालतिर घरेलु उद्योग अधिकृतका रूपमा कार्यरत रहँदा मैले चन्द्रगढीस्थित वीरेन्द्र माविमा विद्यालयीय शिक्षा (कक्षा- ९ र १०) प्राप्त गरेको हुँ ।

त्यसभन्दा पहिले करीब एक-डेढ वर्षको अवधि मैले विद्यालयीय शिक्षाप्राप्तिका सन्दर्भमा मेरो गाउँ बस्तीपुर (हालः लहान नगरपालिका-१४)मा बिताएको थिएँ । त्यहीँ रहँदा हजुरबुबा कृष्णलाल झाको सान्निध्य प्राप्त गर्ने अवसर जुरेको थियो । बस्तीपुरमा रहँदा हजुरबुबाको कुरा सुनेर नै मेरो विचार निर्माणको प्रक्रिया प्रभावित बन्न पुगेको म यतिखेर सम्झन्छु । हजुरबुबा जहिल्यै साँझ बीबीसीको हिन्दी सेवा सुन्नु हुन्थ्यो । यो सुनाइ प्रक्रिया बारे पहिला त मैले खासै ध्यान दिइन । तर पछि म स्वयम् पनि यो प्रक्रियामा सहभागी हुन थालेको सम्झन्छु । त्यही आधारमा विस्तारै पत्रकार र पत्रकारितालाई मैले सम्मानका दृष्टिले हेर्न प्रारम्भ गरेको पनि आज ४२ वर्षभन्दा बढी भइसकेछ ।

बस्तीपुरको यो पृष्ठभूमि मस्तिष्कमा सजाएर म चन्द्रगढी पुगेको थिएँ । हाम्रो बसाइ घरेलु कार्यालयको माथिल्लो तलामा थियो । त्यही कार्यालयको ठीक अगाडि एउटा छापाखाना थियो । छापाखाना रहेको घरमा एउटा साइनबोर्ड थियो, लेखिएको थियो- 'विवेचना साप्ताहिक' । म हामी बसेको घरको बरण्डाबाट दिनहुँ त्यो साइनबोर्ड पढ्थें र बाहिर सडकमा पुग्दा पनि सधैंजसो त्यो साइनबोर्डमा मेरो आँखा ठोक्किइरहन्थे । मैले 'विवेचना' शब्दको अर्थ र विवेचना साप्ताहिक बारे जिज्ञासा राखेर पिताजीसँग सोध्थें । म पछि-पछि त्यही छापाखानामा पनि जान थालें । प्रेसले गर्ने काम हेर्थे र मनमनै रमाउँथे । त्यहाँ केही व्यक्ति घोत्लिएर

लेखिरहेको पनि देख्थें । यी को हुन् जस्तो लाग्थ्यो । पिताजीलाई गएर सोधें, जवाफ आयो– 'पत्रकार होलान् ।'

पिताजीबाट नै एक दिन थाहा पाएको थिएँ– त्यो प्रेसको सबैभन्दा ठूला मानिस र ठूला पत्रकारको नाम नकुल काजी हो । अब तिनलाई हेर्न ममा रहर जाग्न थाल्यो । पिताजीले नै एक दिन त्यहाँ लानुभयो र भन्नुभयो– 'ल हेर, यिनै हुन् नकुल काजी । मनमा अनेकथरि तर्कना चल्न थाल्यो... उहाँलाई त मैले पहिले नै प्रेसमा र बाटो हिँड्दा धेरैपटक देखेको हुँ । यति सामान्य मानिस पनि ठूलो हुन्छ र ? न लुगा राम्रो छ, न त कपाल दाह्री मिलेको छ, (शायद त्यस दिन उहाँको दाह्री काटिएको थिएन)। मैले त्यही कुरा पिताजीलाई सुनाएँ । उहाँ हाँस्न थाल्नुभयो । शायद उहाँलाई मेरो अबोध कुरा रमाइलो लाग्यो होला ।

नकुल दाइबाट प्रभावित भएर पनि होला, ममा पत्रकारको आधार तयार गर्न एक इँटा थपियो भन्दा मलाई अस्वाभाविक लाग्दैन । मैले पत्रकारिता प्रारम्भ गर्नुभन्दा धेरै पहिलेदेखि सुनेको र देखेको व्यक्तित्व हो– नकुल काजी । तर मेरो दुर्भाग्य, मैले संगतै गर्न नपाएको, सम्भवतः दोहोरो चिनजान पनि सामान्य भएको व्यक्तित्व हो, नकुल काजी । अहिलेलाई नकुल दाइका बारेमा यति मात्र ।

झापामा रहँदा पत्रकार भनेर मैले चिनेका अर्का व्यक्तित्व हुन्– डिल्लीराम निर्भीक । उहाँ मेरो पिताजीको कार्यालय र हाम्रो आवासमा बेलाबखत आइरहनु हुन्थ्यो । शायद उहाँको पत्रिकाको नाम थियो– 'हिजोआज' । मलाई लाग्छ, झापाको पहिलो दैनिक त्यो पत्रिका त्यसबेला भर्खरै मात्र छापिन शुरू भएको थियो । त्यो समय पत्रिका र पत्रकारिताका लागि अनुकूल समय थिएन भन्ने कुरा म यतिखेर बुझ्दैछु । तर, अनेक प्रतिकूलताका बाबजुद झापामा पत्रकारिता कर्म भइरहेको थियो । निर्भीक दाइको हिजोआज सानो आकारको एक पाने पत्रिका थियो । तर म सम्झन्छु, झापाका पाठकलाई दैनिक रूपमा समाचार पढ्ने बानी बसाउनमा त्यस पत्रिकाको ठूलो योगदान छ । अहिले यो पत्रिकाको अवस्थाबारे म जानकार छैन । निर्भीक दाइसँग भने म पछिसम्म निरन्तर सम्पर्कमा रहेँ । उहाँ पछि काठमाडौं आउनुभयो । म नेपाल पत्रकार महासंघको अध्यक्षको प्रत्याशी हुँदै गर्दा निर्भीक दाइले निर्वाह गरिदिनु भएको सहयोगी भूमिकाका लागि म सदैव अनुगृहित छु ।

त्यसैबेला पाका र गम्भीर पत्रकारको परिचय बनाएका मैले सम्झने अर्का व्यक्तित्व हुनुहुन्थ्यो– गोविन्दचन्द्र छेत्री । 'युगज्ञान' साप्ताहिकसँग २०२९ सालताका नै आबद्ध छेत्री २०३८–३९ ताका मलाई लाग्छ, काठमाडौंबाट प्रकाशित हुने

साप्ताहिक विमर्शसँग जोडिनुभएको थियो । झापामा रहँदा एक–दुई पटक मात्र मैले उहाँलाई देखेको हुँ । गोविन्द दाइसँगको सन्दर्भ अर्को पनि जोडिएको छ । २०६३ सालतिर मैले 'अन्नपूर्ण पोष्ट'मा समाचार सम्पादकका रूपमा काम गर्न प्रारम्भ गर्दा गोविन्द दाइ (झापा संवाददाता) सँग सम्पर्कमा रहने मौका जुर्‍यो ।

मलाई लाग्छ, त्यसबेलाको समाचारको प्राथमिकता समाजभन्दा पनि शायद राजनीतिकेन्द्रित थियो । त्यसो नहुँदो हो त विद्यालय भर्ना भएको तेस्रो दिन नै एउटा विद्यार्थीलाई प्रार्थनाको लाइनमा ड्रेस नलगाएको (ड्रेस सिउन दिएको, तर सिलाउनेले नदिएको भनेर भन्दा पनि शिक्षकले कुरा नबुझेको) निहुँमा शिक्षकले बेल्ट (कमर पेटी)ले पिटेर रगतपच्छे बनाएको विषय त्यसबेलाका भद्रपुर र चन्द्रगढीकेन्द्रित पत्रपत्रिकाका लागि समाचार बन्नु पर्थ्यो, तर बनेको थाहा भएन । जबकि त्यो विषय त्यतिबेलाको स्थानीय समाजमा निकै चर्चित बनेको थियो । हामी स्कूल पढ्ने केटाकेटीहरूको समस्या वा पीडा शायद उहाँहरूका लागि समाचारका विषय वा स्रोत थिएन ! हामी स्कूल पढ्ने केटाकेटीका लागि उहाँहरूसँग भेट्नु पनि सहज हुँदैनथ्यो । त्यो समाचार त्यत्तिकै गुपचूप पारियो ।

समाचारको खास मूल्यमै त हिजो र आजमा अन्तर नहुनु पर्ने हो, तर त्यो भएको पाइँदैन । समाचारको परिभाषाका सम्बन्धमा जतिसुकै 'आधुनिक' कुरा गरिए पनि एउटा कुरा के सत्य हो भने अगुवा पत्रकार वा सम्पादकले जे मान्दछन्, समाचार त्यही हो । हिजो पनि यही भएको थियो, आज पनि त्यही नै भइरहेको छ ।

यस अतिरिक्त मैले त्यसबेला नाम सुनेका 'आलोक' साप्ताहिक, 'सूर्योदय' साप्ताहिक, 'युगज्ञान' साप्ताहिक जस्ता केही अन्य पत्रपत्रिका पनि थिए । त्यस्तै, पत्रकारहरूमा श्यामकृष्ण उपाध्याय, वसन्तकुमार खड्का, चूडामणि रेग्मी, मदन ढकाल, तारा बराल जस्ता व्यक्तित्वको नाम पनि मैले सुनेको हुँ । यहाँ अर्को एक जानकारी पनि साट्न चाहन्छु । पछि, मलाई थाहा भएसम्म झापाबाट मैथिली भाषामा पनि पत्रिका प्रकाशित हुने गर्थ्यो, त्यो शायद धुलाबारीमा कार्यरत विज्ञान शिक्षक सुरेन्द्रकुमार कर्णको सम्पादनमा निस्कने तिलकोर नामक पत्रिका थियो । तर, त्यसको नियमितता बारे म जानकार छैन । जे होस्, तिलकोरको त्यो अंक मैथिली पत्रकारिताको विकासक्रमका दृष्टिले महत्वपूर्ण मानिन्छ ।

झापामा रहँदा मैले प्रत्यक्ष सम्पर्क गर्न पाएको र पछिसम्म निरन्तर सम्पर्कमा रहेको पत्रकार निर्भीक दाइ नै हुनुहुन्थ्यो । उहाँ हामीबीचबाट बिदा भइसक्नुभएको छ । यो आलेख मार्फत पनि म उहाँप्रति श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु ।

यस आलेखमा एउटा कुरा मैले स्वीकार्नै पर्छ, पत्रकारिता बारेको मेरो रूचि बढेको झापामै हो । मैले यसैलाई पेशा बनाउँछु र क्यारियरका रूपमा अगाडि बढाउँछु भनेर त्यसबेला सोचेको थिइन । तर, पछिल्ला दिनमा पत्रकारितामा सक्रिय हुन खोज्दा त्यसबेलाका झापाका पत्रकार र पत्रपत्रिकाको अघोषित प्रभाव ममाथि परेको कुरालाई म अस्वीकार गर्न सक्दिन ।

आजको पत्रकारिता हेर्दा त्यसबेलाको पत्रकारिताको स्तर, समस्या, आग्रह, चुनौतिका सम्बन्धमा फरक ढंगले छलफल गर्न सकिएला । कुरा जेसुकै गरिए पनि एउटा कुरा त स्वीकार्नै पर्छ, यहाँ चर्चा गरिएको कालखण्डका पत्रकार र पत्रपत्रिकाले समग्र पत्रकारिता, सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको जग बसाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन् ।

*(लेखक- नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हुनुहुन्छ)*



# त्यो बेलाको पत्रकारिता

चिन्तामणि दाहाल

अहिले सम्झन्छु, मैले त्यो बेला कुन हिम्मत र साहसले पत्रकारिता शुरू गरेछु । बेला–बेला त त्यसबेलाको पत्रकारिता सम्झँदा अहिले पो अत्यास लागेर आउँछ । तर, त्यो बेला अहिले सम्झे जस्तो अत्यास लागेको थिएन । भएको भए त पत्रकारिता शुरू गर्ने नै थिइन ।

म कुरा गरिरहेको छु, २०४० सालको दशकको । मैले अनौपचारिक खबर पत्रकारिता २०४५ सालतिरबाट शुरू गरेको हो । साहित्यिक पत्रकारिता भने त्यसअघि नै गरेको हो । त्यसअघिको पत्रकारिता र २०५० साल अघिको पत्रकारितामा खासै भिन्नता थिएन । तर, लेख्ने स्वतन्त्रतामा भने असाध्यै भिन्नता थियो ।

२०४७ साल अघि लेख्ने बोल्ने स्वतन्त्रता थिएन । त्यसबेला स्वतन्त्र पत्रकारिताका खातिर पत्रकारहरु अभियानमा थिए । निरंकुश पञ्चायती शासनले गर्दा कुनै पनि बेला पत्रपत्रिका र छापाखाना बन्द हुन सक्थे । लेख्ने बोल्ने मानिसले जुनसुकै बेला पनि पुलिसको हिरासतमा पुग्नु पर्थ्यो । शान्ति–सुरक्षा ऐन अन्तर्गत ६ महिनाको कारागार सामान्य जस्तै थियो । भित्ताका पनि कान हुन्छन्, विस्तारो बोल है भनिन्थ्यो ।

त्यसको अर्थ पत्रपत्रिका ननिस्किएका होइनन् । साप्ताहिक, दैनिक, पाक्षिक, मासिक, त्रैमासिक पत्रपत्रिका लगायत वार्षिक मुखपत्र पनि प्रशस्तै थिए । विद्यार्थीहरूले पनि आ–आफ्ना कलेज/क्याम्पसबाट वार्षिक मुखपत्र, भित्ते पत्रिका र हस्तलिखित पत्रिका निकाल्थे । विपरीत लागे कार्वाहीमा पर्थे । किताबहरु प्रकाशन हुन्थे । तिनीहरु पनि विपरीत भए छापाखाना सहित लेख्ने लेखक पनि कार्वाहीमा पर्थे ।

झट्ट हेर्दा कतैबाट पनि लेख्न र बोल्न बन्देज थियो जस्तो लाग्दैनथ्यो । तर, वास्तविकता त्यस्तो थिएन । राजा, राजपरिवार, भारदार, पञ्चायती शासन र पञ्चहरुका विरोधमा बोल्यो कि सिधै जेलको हावा खानु पर्थ्यो । गुणगान र स्तुतिगान बाहेकको समाचार भनेका विकास निर्माणका, दुर्घटनाका, घुमफिरका त्यो पनि आलोचना बेगरका समाचार लेख्न छुट थियो ।

तर, २०३७ सालको जनमत संग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाले जितेपछि भने बहुदल पक्षका ४५ प्रतिशत जनमतको दबाबले पत्र-पत्रिकामा लेख्ने स्वतन्त्रता र बोल्न केही छुट जस्तो लागे पनि त्यो देखावटी मात्र थियो । पत्रपत्रिकाले बहुदल पक्षका कांग्रेस/कम्युनिष्ट दललाई अगाडि प्रतिबन्धित अर्थात प्र. लेखेर उनीहरूका समाचार लेख्न थालेका थिए भने नेताहरूका कुरा पनि खतरा मोलेर छाप्ने र विश्लेषणात्मक समाचार लेख्ने गर्थे ।

नेपालको पत्रकारिताको इतिहास लामो छ । २००७ साल अघि नेपालबाट गोर्खापत्र प्रकाशित हुन्थ्यो, जो अहिले पनि जारी छ । राणा शासनको पतनपछि र पञ्चायतकाल शुरू हुनु अघिको समयमा थुप्रै पत्रपत्रिका प्रकाशन भए । पञ्चायतकालमा एउटा पत्रकारिता गुणगान र स्तुतिगानको थियो भने त्यस विपरीत अर्को पत्रकारिता प्रजातन्त्र ल्याएर प्रेस स्वतन्त्रता प्राप्त गर्ने अभियान-पत्रकारिता थियो । २०४७ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि हामी प्रेस स्वतन्त्रता पक्षधर पत्रकारहरु प्राप्त बहुदलीय व्यवस्था बलियो बनाउने पत्रकारिताको अभियानमा लाग्यौं ।

त्यसैबीच राजा ज्ञानेन्द्रले २०५९ सालमा संविधान विपरीत कदम चालेर निरंकुश शासन शुरू गरेपछि त्यस विरूद्ध शुरू भएको दोस्रो जनआन्दोलनका पक्षमा कलम चलाउन र सडक आन्दोलनमा उत्रियौं । त्यसले गणतन्त्र ल्याउन काम गऱ्यो र अहिले पूर्ण प्रेस स्वतन्त्रता बचाउन अभियानमा छौं ।

दोस्रो जनआन्दोलनको पूर्वार्द्धमा प्रेस स्वतन्त्रता अभियान जारी थियो । त्यसबेला झापाका पत्रकारहरूले बिर्तामोडमा रिले अनशन गरेका थिए । त्यसअघि आन्दोलनकै क्रममा झापा जिल्ला प्रहरी कार्यालयले हामी केही पत्रकारलाई बिहान पक्राउ गरेको थियो । तर, सोही बेलुका हामी सबैलाई रिहा गरियो ।

२०६२-६३ सालको जनआन्दोलनताका पत्रकारहरूले गणतन्त्रका लागि दबाब अभियान र त्यसपछि २०७० सालतिर लोकतन्त्रको सुदृढीकरण एवम् पूर्ण प्रेस स्वतन्त्रताका लागि समेत पत्रकारिता मार्फत अभियान सञ्चालन गरेका थिए, गरिरहेका छन् ।

त्यस्तो समयमा मैले २०४५ सालबाट झापाबाट प्रकाशित भइरहेको 'हिजो आज' दैनिक र 'साप्ताहिक विचार'मा घटनापरक, साहित्यिक र अन्य गतिविधिका समाचार तथा सम्पादकीय लेखेर पत्रकारिता शुरू गरेको हुँ । हिजोआज दैनिक डिल्लीराम निर्भीकले प्रकाशन गरेको पञ्चायत समर्थक दैनिक पत्रिका थियो भने साप्ताहिक विचार तारा बरालले प्रकाशन गरेको पञ्चायतविरोधी प्रजातन्त्र पक्षधर पत्रिका थियो ।

समाचार लेखेवापत पैसा पनि पाउने पत्रकारिता भने मैले २०५० साल बैशाखदेखि कान्तिपुर दैनिकबाट शुरू गरेको हुँ । मलाई कान्तिपुर दैनिकमा काम लगाइदिने पत्रकार थिए, तारा दाइ अर्थात् तारा बराल । त्यसबेला ३ महिना समाचार लेखेको करीब २ हजार ७ सय रकम हात पारेपछि मलाई औधि खुशी लागेको थियो ।

काठमाण्डौबाट प्रकाशन शुरू भएको कान्तिपुरमा घटना दुर्घटनाका समाचार भए टेलिफोनबाट समाचार टिपाउनु पर्थ्यो भने अलि ढिलो छापिँदा हुने समाचार वा फिचर टाइपका समाचार भए हुलाकबाट पठाउनु पर्थ्यो । २०५३ सालतिरबाट झापाको बिर्तामोडमा जेसीजले फ्याक्स राख्न थाल्यो । काँकरभिट्टामा राससले फ्याक्स राखेको थियो भने २०५५ सालतिर धुलाबारी जेसीजले पनि फ्याक्स राखेको थियो ।

भद्रपुरमा राससले आफ्नो अफिसमा फ्याक्स राखेको थियो । त्यहाँ राससले आफ्नो समाचार र सरकारी कामकाजको मात्र फ्याक्स गर्न दिन्थ्यो । म भद्रपुरमा बस्ने । भद्रपुरमा रासस बाहेक अरूले फ्याक्स राखेका थिएनन् । फ्याक्स राख्न नेपाल दूर सञ्चार संस्थानको स्वीकृति लिनु पर्थ्यो, त्यो पनि व्यक्तिलाई दिने प्रचलन शुरू भएको थिएन ।

बिर्तामोड, धुलाबारी वा काँकरभिट्टाको समाचार भए त्यतै समाचार लेखेर फ्याक्स गरेर फर्कनु पर्थ्यो । भद्रपुर आएपछि कुनै महत्वपूर्ण घटना भए फोनबाट टिपाउनु बाहेक अन्य विकल्प थिएन । ए फोर साइजको बोण्ड पेपरमा लेखेको समाचार पठाउँदा राससले प्रति पृष्ठ ३५ रूपैयाँ १५ पैसा लिन्थ्यो । बाहिरकाले प्रतिपृष्ठ ४० रूपैयाँ लिन्थे ।

म भद्रपुरमा समाचार लेखेर शुरूको एक वर्षसम्म समाचार पठाउन साइकलमा काँकरभिट्टा जान्थें भने अर्को दिन पनि पठाउँदा हुने समाचार भए काँकरभिट्टाबाट जागिर खान राससको चन्द्रगढी कार्यालय आउने दुई जना कर्मचारी थिए, तिनकै हातमा समाचार पठाएर फ्याक्स गर्न लाउँथें । काठमाण्डौका पत्रपत्रिकामा समाचार लेख्ने सबै पत्रकारको हाल मेरो जस्तै थियो ।

जिल्लाका धेरैजसो पत्रकारहरु झापा जस्तो जिल्लामा पनि हिंडेरै समाचार संकलन गर्न जाने र पत्रिकाका अफिसमा हिंडेरै गएर समाचार दिने अवस्था थियो । बस चल्ने ठाउँमा बसबाट गएर समाचार संकलन गरी ल्याएर त्यसरी नै समाचारको अफिसमै गएर समाचार दिनु पर्थ्यो । सबैसँग मोटरसाइकल त के, साइकल पनि थिएन ।

२०५४ सालतिर जस्तो लाग्छ, क्वीक डेलिभरी अर्थात् कुरियर सर्भिस शुरू भयो । यसले केही बढी पैसा लिने भए पनि आज पठाएको चिठी भोलि हात लगाइदिन्थ्यो । त्यसबाट हुलाकभन्दा केही छिटो समाचार पुग्न थाल्यो । त्यसैबेला भद्रपुरबाट पत्रकारिता गरिरहेका हामी गोविन्दचन्द्र छेत्री, देवेन्द्रकिशोर ढुंगाना, खगेन्द्र भण्डारीले सल्लाह गरी त्यसबेला चन्द्रगढीको श्रृंखला ट्राभल्सलाई अनुरोध गरेर फ्याक्स राख्न लगायौं । अनि केही सजिलो भयो समाचार पठाउन ।

त्यसपछि बिर्तामोडमा तारामणि सापकोटाले कम्प्युटर इन्स्टिच्युट खोले । कम्प्युटर पनि बिक्री गर्थे । अनि उनैबाट मैले एउटा कम्प्युटर, प्रिन्टरका साथै एउटा फ्याक्स पनि किनें । अहिले जस्तो लेजर प्रिन्टर आएको थिएन । डटमेट्रिक्स प्रिन्टर थियो । त्यसपछि कम्प्युटरमा टाइप गरेर त्यही प्रिन्टरमा प्रिन्ट गरेको समाचार फ्याक्स गरेर पठाउन थाल्दा आफूलाई आधुनिक पत्रकार भएको गर्व भएको थियो ।

त्यसबेला अहिले जस्तो वाइफाइ थिएन । केही पछि कम्प्युटरमा टाइप गरेर त्यहींबाट फ्याक्स गर्ने प्रविधि पनि आएपछि क्रमशः फ्याक्स मेसिन निष्क्रिय भए पनि हामीले रेडियोमा २०७३ सालसम्म फ्याक्समै समाचार रिसिभ गर्थ्यौं ।

अहिलेको जस्तो हात-हातमा मोबाइल, घर-घरमा कम्प्युटर, ल्यापटप, जहाँ गए पनि वाइफाइको सुविधा त्यो समयमा थिएन । यी सबै सुविधा नहुँदा पनि त्यो बेलाको पत्रकारिता उत्कृष्ट थियो, गुणस्तरको हिसाबमा ।

भाषा, शैली, विचार, सन्देश, दृष्टिकोण, शिक्षा आदि समाचारको माध्यमबाट दिने गरिन्थ्यो । त्यसबेलाको पत्रकारिताले एउटा जनमत बनाउन मद्दत गर्थ्यो । आमजनताले पत्रिकामा छापिएका समाचार र विचारलाई विश्वास गर्थे । अहिले त्यसमा कमी आएको छ । विश्वसनीयता घट्न थालेको छ ।

जिल्लाका अखबारहरूले राससको बुलेटिनबाट समाचार लिएर छाप्ने गर्थे भने आफ्नै स्रोतका समाचार पनि छाप्ने गर्थे । न अहिलेको जस्तो सहज यातायात थियो, न त सडकको सञ्जाल नै । अलि पछि मोटरसाइकल किनेपछि मलाई केही सरल भयो । तर, पेट्रोल किन्ने रकमको अभावमा साइकल चढेरै समाचार संकलन गर्न गाउँ-गाउँ जाने गरिन्थ्यो । कार्यक्रममा गएवापत भत्ता लिने चलन थिएन । दिने चलन पनि थिएन । माग्न पनि लाज लाग्थ्यो । नैतिकताको प्रश्न आउँथ्यो ।

२०५२ सालमा बल्ल केही कम्प्युटर देखा परे । हामी झापाली पत्रकारहरूको ठूलै समूह मिलेर पूर्वाञ्चल दैनिक पत्रिका शुरू गर्ने भनेर प्रयास गर्‍यौं । जसको अगुवाई गोविन्दचन्द्र छेत्रीले गरे भने मैले भरपुर साथ दिएँ । बिर्तामोडबाट मदन ढकाल, चन्द्र भण्डारी, लीला बराल, केशव आचार्य, डिकमान विरही, कृष्ण

धरावासी, कृष्ण बराल, लोकराज ढकाल, कृष्ण हुमागाईं, भद्रपुरबाट माधव विद्रोही, रामनाथ बास्कोटा लगायतले साथ दिए । केहीले पछि छोडे, केही पछिसम्म कायम रहे । छोड्दै थपिंदै भरतलाल गिरी प्रकाशक, अध्यक्ष टोरूप प्रसाईं संलग्न रहेको पूर्वाञ्चल दैनिक शुरू गराउनमा केशवकुमार बुढाथोकी र हर्कलाल गिरीको महत्वपूर्ण योगदान थियो ।

केही वर्षपछि अर्जुनधारा दैनिक पनि शुरू भयो । गोविन्द दाइको नेतृत्वमा म लगायत लोकराज ढकाल, कृष्ण हुमागाईं समेत धेरै पत्रकारको प्रयासमा डम्बर थापालाई अघि बढाएर शुरू गरिएको सो पत्रिका केही वर्ष यता बन्द छ ।

पत्रकारिता मेरो पेट पाल्ने व्यवसाय भएन, भएको छैन । तर, मेरो ऊर्जाशील समय पत्रकारितामा बितेको छ । अधिकं समय पत्रकारितामै रमेको छ । मैले रहरले पत्रकारिता शुरू गरेको हुँ । त्यसैले २०४५ सालदेखि लगातार पत्रकारितामा सक्रिय छु । दालभात–तरकारी खान, छोरा–छोरी पाल्न, पढाउन, घरव्यवहार लगायतका लागि अरू पनि काम गरें, गर्दै आएको छु र गर्छु ।

म अहिले झापाको भद्रपुरबाट २०६७ सालदेखि प्रसारण शुरू भएको एउटा रेडियोमा संलग्न छु । त्यस रेडियोको नाम नागरिक एफ.एम. १०७.५ मेगाहर्ज हो । यो पनि गोविन्द दाइकै नेतृत्वमा म, गोपाल गिरी, इश्वर अधिकारी र रामनाथ बास्कोटा सम्मिलित भएर शुरू भएको हो । यसमा भद्रपुरका थुप्रै गैरपत्रकार साथीहरू छन् । यो रेडियो भद्रपुरका सामाजिक व्यक्तित्व भक्त खवाससँगको सल्लाहमा र राजनीतिक तथा व्यापारिक व्यक्तित्व ओमप्रकाश सरावगीको विशेष प्रयासमा शुरू भएको हो ।

मैले साहित्यिक पत्रिकामा २०४४–४५ सालतिर होला, रहर मासिक पत्रिका सम्पादन गरेको थिएँ भने भद्रपुरको मेची क्याम्पसबाट प्रकाशित हुने अध्ययन जर्नलको सम्पादन पनि गरेको छु । मैले पत्रकारिताका साथै प्राध्यापन पनि गरें, करीब ३५ वर्ष । साहित्यमा पनि महानन्द पुरस्कार समितिको संस्थापक–सचिव भएर १४ वर्ष सेवा गरें । जीवनमा पत्रकारिता मेरो लागि आफ्नो विचार व्यक्त गर्ने माध्यम भएकोले अहिले पनि त्यही धारणाले निरन्तर सक्रिय भइएको हो ।

मलाई लाग्छ, पत्रकारिताले समाजको ऐनाको काम गर्नु पर्छ । समाजले खोजेको, समाजलाई सन्देश दिने, समाजलाई डोहोऱ्याउने, समाजमा चेतना दिने खालको काम पत्रकारिताले गर्नु पर्छ । समाचार सत्य, तथ्यपरक र विश्वसनीय हुनु पर्छ । जुन भाषामा लेखिन्छ, त्यो शुद्ध हुनुपर्छ । सरल भाषामा लेखिनु पर्छ । समाचार आमजनताले बुझ्ने शैलीमा लेखिनु पर्छ र पढ्न जाँगर चल्ने भाषामा ट्वाक्क भन्नु पर्छ ।

पत्रकारिता गर्दै गाउँ–गाउँ पुग्दा वा भारतका विभिन्न स्थानको भ्रमण गर्दा मैले लेखेको समाचारमा दार्जीलिङका सुवास घिसिङमाथि पंखाबारीमा भएको गोली काण्डको समाचार, मेचीको सीमा समस्या, भारतको सिलिगुडीमा दलाई लामा आउँदाको समाचार, भुटानी शरणार्थीको नेपाल प्रवेश गर्दाको समाचार, भुटानी नेता टेकनाथ रिजाल भुटानको जेलबाट छुटेपछि बागडोगरा एयरपोर्टमा पहिलो पटक भेटेर लेखेको समाचार, सिलिगुडीमा माओवादी नेता मोहन बैद्य 'किरण' पक्राउ परेको समाचार, झापाको भद्रपुरमा पहिलो पटक माओवादी नेता प्रचण्ड सार्वजनिक भएको समाचार स्मरणीय छन् ।

त्यसैगरी, बिर्तामोडकी फूलमाया धिमाल बहिनीले रिक्सा चलाएको समाचार लेखेपछि उनले धेरैतिरबाट रिक्साको सहयोग, सम्मान र पुरस्कार पाएको घटनाले आफूलाई खुशी बनाएको अवस्था, जिल्लाभित्रै पनि टेलिफोनको शुल्क एसटीडी सरह तिर्नु पर्ने नेपाल टेलिकमको ज्यादती विरूद्ध लेखेको समाचारले एउटै जिल्लामा रहेको एसटीडी शुल्क हटाउन तत्कालीन सञ्चारमन्त्री प्रदीप नेपालले लिएको कदमले सबैलाई सरल भएको कुराले पनि मलाई हौसला मिलेको घटना स्मरणीय लागेको छ ।

पत्रकारिता दुखिया पेशा हो । यो पैसा कमाउने व्यवसाय होइन । पत्रकारिता गर्दा गाली पनि खाएको छु । मार्ने धम्की पनि पाएको छु । माओवादी संघर्षको समाचार लेख्दा सेना र जनसेनाबाट जोगिएर सन्तुलित समाचार लेख्नु पर्दाका आफ्नै कहानी छन् । अहिले पनि पत्रकारितामा खतरा छ । अहिले पनि धम्की आउने गरेको छ । यो क्रम निरन्तर रहन्छ । अहिले पनि आम नेपाली सञ्चारकर्मीहरूको अभियान जारी नै छ । लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता एवम् पूर्ण प्रेस स्वतन्त्रताको रक्षा र सबलीकरणका लागि पत्रकारहरू अभियानमै छन् । यसलाई बुझेर, महसूस गरेर पत्रकारिता गर्न आउन चाहनेले मात्र पत्रकारितामा आउनु पर्छ भन्ने मेरो धारणा हो ।

*बैशाख ५, २०८१*

*(दाहाल सभापति : २०५३–'५५ साल / नेपाल पत्रकार महासंघ, झापा शाखा)*



# झापाले डोहोर्‍याएको मेरो पत्रकारिता

मोहन मैनाली

हाल प्लस-टु भनिने प्रवीणता प्रमाणपत्र तह पढ्न २०३८ सालको असोजमा तेह्रथुमबाट काठमाडौँ जान झापा झरेको थिएँ । झापामा बसोबास भएका काका र बडाबाका छोरा-छोरीहरूले मेची क्याम्पसमा पढ्ने विचार गरेकाले म पनि त्यहीँ पढ्ने भएँ । पढ्नका लागि सुरुङ्गादेखि भद्रपुर धाएँ ।

मेची क्याम्पस पढ्दा कहिलेकाहीँ क्याम्पस-मोडबाट गाडी चढ्न सकिँदैनथ्यो । त्यसैले हामी चन्द्रगढीसम्म हिँडेर आउँथ्यौँ । त्यहाँ कर उठाउने ढाटमा सबै गाडी रोक्नु पर्थ्यो । त्यसो भएकाले ट्रक, बस जेमा पनि चढ्ने अवसर हामी पाउँथ्यौँ । ढाटको केही मात्र पूर्व-दक्षिणमा हामी गाडी पर्खेर बस्ने ठाउँमा बाँसका चित्राको पाली निकालेको, स्कूलका जस्तै डेस्क-बेन्च भएको एउटा रेष्टुरेन्ट थियो । त्यसमा सारै मीठो छोला खान पाइन्थ्यो ।

त्यतैतिर एउटा प्रिन्टिङ प्रेस थियो । त्यहाँ भएको मेशिनमा एक जना मानिसले दाहिने हातले खाली कागज हाल्थे, मेशिनले त्यसमा अक्षर छापिदिन्थ्यो । त्यसरी छापिएको कागजलाई देब्रे हातले निकाल्थे । त्यो कागजमा छापिएको हुन्थ्यो– विवेचना दैनिक वा अन्य कुनै साप्ताहिक पत्रिका । त्यसरी छापिएको पत्रिका त्यही प्रेस नजिकैको घुम्तीमा रहेको पत्रिका पसलमा बेच्न राखिन्थ्यो ।

मलाई पत्रकारितातिर तान्ने साधन त्यही ट्रेडल प्रिन्टिङ प्रेस र त्यसको छपाई विधि थियो । त्यस अघि प्रिन्टिङ प्रेसमा छापिने सामग्री तयार हुने ठाउँ र प्रक्रिया मैले देख्न पाएको थिइन ।

आईए पास गरेपछि बीए पढ्न काठमाडौँ गएँ । त्यहाँ रत्नराज्य लक्ष्मी क्याम्पसमा पत्रकारिता विषय पढाइ हुन्थ्यो । झापाको चन्द्रगढीमा ममा रोपिएको पत्रकारिताप्रतिको आकर्षणले गर्दा मैले पत्रकारिता विषय पढ्न खोजेँ । तर, त्रिभुवन विश्वविद्यालयमा संसारका कुनै विश्वविद्यालयमा नभएको नियम थियो– आईएमा पत्रकारिता नपढेका विद्यार्थीले बीएमा पत्रकारिता पढ्न नपाउने । त्यसैले म बिहानको कक्षामा इतिहास र अर्थशास्त्र लिएर पढ्न अनि दिउँसोको कक्षामा

पत्रकारिता एउटा विषय पढ्न भर्ना भएँ । पछि, बीए सकेपछि यसैगरी पत्रकारिता एउटा विषय छुट्टै पढेँ ।

नेपाल वातावरण पत्रकार समूहसँग अलि–अलि उठबस भएपछि २०४७ सालमा मैले एउटा रिपोर्ट बनाउन लेखनवृत्ति पाएँ– रू. ३,००० । विषय छानेको थिएँ– हात्तीले दुःख दिएका झापाली र झापालीले दुःख दिएका हात्ती ।

त्यतिबेला हात्ती र मान्छेबीचको द्वन्द्व पहिलेजस्तो चर्को थिएन । त्यसैले मैले केही वर्ष पहिले भएका झापाली र हात्तीको मृत्यु सम्बन्धी जानकारी पनि खोज्ने विचार गरेँ । झापा जिल्ला प्रहरी कार्यालयमा जाँदा थाहा भयो– त्यहाँ बितेका एक–दुई वर्षको मात्र रेकर्ड राखेको हुँदो रहेछ । आफूलाई चाहिएको जानकारी खोज्न भौँतारिँदा मलाई लाग्यो– आफ्ना समस्या आफ्नै पेशाका मान्छेलाई भन्नु पर्छ । त्यसैले राष्ट्रिय समाचार समिति (रासस)को चन्द्रगढीस्थित अञ्चल कार्यालय पुगेँ । म सिकारू पत्रकारले त्यहाँका प्रमुख तथा अनुभवी पत्रकार ईश्वरीमान श्रेष्ठलाई समस्याको बेलिविस्तार लगाएँ । उहाँसँग चिनजान नभए पनि पेशागत नाताको फेर समातेर यसो गरेको थिएँ ।

राससको अञ्चल कार्यालयले आफ्ना बुलेटिन व्यवस्थित ढंगले बाइण्डिङ गरेर राखेको रहेछ । उहाँले मलाई ती बाइण्डिङ गरिएका बुलेटिनको थाकतिर देखाएर भन्नुभयो– 'ती जानकारी ऊ त्यहाँ छन् । सबै वर्षका बुलेटिन पढेर भ्याउनु हुन्न होला । त्यसैले यो समस्या चर्किएका तीन–चार वर्षको हेरे पुग्ला ।'

उहाँले झापामा बसेर १४ वर्षदेखि यस विषयको पनि रिपोर्टिङ नछुटाइकन गर्नु/गराउनुभएको रहेछ । त्यो अनुभवबाट मलाई फाइदा भयो, किनभने उहाँले मलाई त्यो समस्या चर्को भएका वर्ष बताइदिनुभयो । ती सामग्री पढ्न टेबल र कुर्सीको व्यवस्था पनि गरिदिनुभयो । साथमा, बेला–बेलामा अफिसकै चिया पनि खान पाएँ । काँकरभिट्टाबाट हिँडेर बाहुण्डाँगी गएँ । त्यो गाउँ हात्ती र मान्छेको द्वन्द्व सबैभन्दा बढी भएको गाउँ हो । त्यहाँका मानिससँग कुरा गरेँ । अनि झापाको आवादी र जंगल फँडानीको इतिहास बुझ्न जिम्दार देवीप्रसाद उप्रेतीलाई भेट्न घैलाडुब्बा गएँ । यति गरेर तयार भएको स्टोरी शरच्चन्द्र वस्तीले सम्पादन गरेर 'गोरखापत्र'को शनिवासरीय परिशिष्टाङ्कमा छपाइदिनुभयो । त्यो स्टोरीले मेरो आत्मबल बढायो ।

चन्द्रगढीको एक किलोमिटरभन्दा कम दूरीमा रहेका यी दुई ठाउँमध्ये यसरी एउटाले ममा पत्रकारिताको वीज रोपिदियो, अर्काले मेरो त्यो वीजको बिरूवा हुर्काइदियो । त्यो प्रेस, रासस अनि त्यसका प्रमुख ईश्वरीमान श्रेष्ठप्रति सधैँ आभारी छु ।

त्यसपछि पनि झापाको पत्रकारितासँग मेरो सम्पर्क कायम थियो । पत्रकार केशव आचार्यसँग चिनजान थियो । मेरा दाजुका साथी लीला बराल काठमाडौँबाट झापा गएर त्यहाँको पत्रकारितामा जम्नुभयो । मेची कलेजमा मलाई इतिहास पढाउनुहुने चिन्तामणि दाहाल सर म भद्रपुरमा पढेका बेला पत्रकारितामा हुनुहुन्थ्यो कि हुनु हुन्नथ्यो थाहा भएन, तर पछि उहाँ झापाको पत्रकारितामा सक्रिय हुनुभयो । काठमाडौँमा मैले पत्रिका पसल शुरू गर्दा त्यसको नाम राखिदिनु हुने दाइ चन्द्र भण्डारीले त्यहाँको पत्रकारितालाई अलग्गै मोड दिनुभएको छ । शिक्षक भएर पनि पत्रकारितामा सक्रिय लक्ष्मण ढकाल, गोपाल गिरीहरूले सेवानिवृत्ति पछि पनि पत्रकारितालाई सक्रियताका साथ निरन्तरता दिनुभएको छ ।

श्यामकृष्ण उपाध्याय, नकुल काजी, बसन्तकुमार खड्का, डिल्लीराम निर्भीक, एस.एल. शर्मा, चूडामणि रेग्मी, हृषीकेश उपाध्याय, गोविन्दचन्द्र छेत्री, मदन ढकाल, तारा बराल जस्ता अग्रजहरूले मलाई नचिने पनि म उहाँहरूलाई चिन्थेँ । जम्काभेट हुँदा नमस्कार गर्थें । बर्नेमा भएको पत्रकार महासंघको अधिवेशनमा अर्कै जिल्लाको भए पनि पत्रकार महासंघको सदस्य भएको नातो लगाएर सहभागी भएको थिएँ ।

'पूर्वाञ्चल' दैनिकले अफ्सेट प्रविधि अँगाल्ने बेलाको रोमाञ्चक कथा मलाई भारतदत्त कोइराला सरले सुनाउनुभएको थियो । त्यतिबेला छाप्नलायक सामग्री तयार गर्न म्याक कम्प्युटर चाहिन्थ्यो । त्यसमा क्वार्कएक्प्रेस नामक प्रोगाम चलाउनु पर्थ्यो । त्यही कुरा सिकाउन हुनुपर्छ, नेपाल आएका एक विज्ञले नेपाल वातावरण पत्रकार समूहमा हामीलाई पनि त्यो कार्यक्रम चलाउन सिकाएका थिए ।

पूर्वाञ्चल दैनिक अफ्सेट प्रेसबाट छापिन थालेको समाचार सुनेका दिन मैले चन्द्रगढीको त्यही ट्रेडल प्रेस चलेको झल्झली सम्झिएँ । झापाको पत्रकारितामा प्रविधिले ठूलो फड्को मारेको चाल पाएँ ।

म नेपाल वातावरण पत्रकार समूहमा हुँदा इन्द्रजीत मुखिया, माधव विद्रोही अनि खोज पत्रकारिता केन्द्र र हिमालखबरमा हुँदा मोहन काजी जस्ता साथीहरूसँग काम गर्ने अवसर मिल्यो । त्यसपछि पनि नेपाल पत्रकार महासंघ झापा, फोनिज झापा र नारी सञ्चार गृहले आयोजना गरेका तालिममा नयाँ पुस्ताका साथीहरूसँग भेटघाट हुने गरेकोलाई मलाई ऊर्जा मिल्ने गरेको छ । यस्तो अवसर दिएकोमा एकराज गिरी, इन्द्रजीत मुखिया, अम्बिका भण्डारी र उहाँहरूको टिमप्रति आभारी छु ।



# झापाको पत्रकारितालाई नमन

स्वागत नेपाल

पूर्ण भूतकाललाई वर्तमानकाल बुझेजस्तो भ्रम हुन्छ, नोस्टाल्जिया । स्कूल छँदा मनोवाद, दैनिकी लेख्ने गृहकार्य हुन्थ्यो । पञ्चायत व्यवस्था हटाएर मात्र नयाँ दशैं मनाउने भनेर लेख्थैँ मनोवाद । हेडसरले कार्यालयमा बोलाएर 'त्यस्तो कविता किन लेखेको ? तेरा दाजुहरु यस्तै कुरा गरेर पढ्न पाएनन्' भन्दै पिटिसकेर रूनुभयो । त्यो कविता चाहिँ भएछ भन्ने लाग्यो ।

कक्षा आठमा पढ्दा आमासँग धान गोड्दा ढाड दुख्यो । अनि लाग्यो– बीउ नछरी झारहरु उम्रिएजस्तो फूलहरु उम्रिनु, धान मकै र कोदो उम्रिनु कति सुन्दर हुन्थ्यो संसार । त्यही कविता पछि राष्ट्रिय कविता महोत्सवमा पुरस्कृत भयो । तर, त्यस्ता कविता आदि म विद्यालयस्तरमै छँदा कार्यक्रमहरुमा सुनाइरहन्थेँ, कहिलेकाहीँ पुरस्कृत पनि भइरहन्थेँ । त्यसरी पुरस्कृत भएपछि स्थानीय पत्रिकाहरुमा समाचार आइरहन्थे । कार्यक्रममा पत्रकारहरु अतिथिकै रूपमा उपस्थित हुनुहुन्थ्यो प्रायः ।

त्यसरी प्रायः उपस्थित हुने र कार्यक्रममा मन्तव्य पनि राख्ने भने एक जना पत्रकार हुनुहुन्थ्यो– डिल्लीराम निर्भीक । मैले जीवनमा पहिलो पटक चिनेको पत्रकार उहाँ नै हुनुहुन्थ्यो । म कविता भन्ने फुच्चे, उहाँ कहिलेकाहीँ समीक्षक र कहिलेकाहीँ निर्णायक पनि । त्यसैले उहाँले पनि मलाई अलि–अलि चिनिसक्नु भएको थियो । फलानो पुरस्कृत भनेर उहाँकै पत्रिका हिजोआज दैनिक लगायतमा म फुच्चेको समाचार पनि आइरहन्थ्यो । म विद्यालयको टिफिन समयमा पत्रिका पसलमा पुगेर पत्रिका पढ्थेँ ।

मैले एसएलसी पास गरेपछि तिनै पत्रिका पसलमा पत्रिका पढिरहँदा एउटा विज्ञापनमा आँखा परे । एउटा कार्यालयका लागि कार्यालय–सहायक चाहियो भन्ने । फोन नम्बर पनि थियो । आफूसँग फोन गर्ने पैसा पनि थिएन । घरमा फोन थिएन । मोबाइलको जमाना नै थिएन । कतै फोन छुन पनि पाइन्नथ्यो । तर, मामाघरमा फोन थियो । तर, मेरो दिमागमा आयो– जिल्ला विकास समितिको कार्यालयमा हाकिमहरुका कोठा–कोठामा फोन हुन्थ्यो । त्यो दृश्य मैले त्यही जिल्ला

विकास समितिको कार्यालयमा छिरेर केही काम परेजस्तो गरी विस्तारै गएर शौचालय पसेको बेला देखेको थिएँ । मेरो दिमागमा त्यही झल्झली आयो, कोठामा कोही नभएको, पंखा चलिरहेको र टेबलको फोन । अनि म त्यहाँ गएर कोही नभएको मौका छोपेर फोन गरेँ । एकदमै छोटो र हतारमा कुरा गरेँ । त्यो विज्ञापनमा भएको नम्बरबाट यो ठाउँमा आउनु भनियो । म गएँ । मैले भेटेको पहिलो व्यक्ति गोपाल गिरी हुनुहुन्थ्यो । उहाँले 'सर केही बेरमा आउनु हुन्छ' भन्नु भयो । प्रतीक्षा गरेँ । केही बेरमा आउनु भयो । उहाँ त डिल्लीराम निर्भीक नै हुनु हुँदोरहेछ ।

मैले आफ्नो कुरा राखेँ । उहाँले 'यहाँ त दोकानबाट चिया ल्याउने, अफिस खोल्ने र बढार्ने हो । तिमी यति तिखो कलम भएको मान्छे कहाँ यस्तो काम गर्ने हो र !' भन्नु भयो । मैले भनेँ– 'मेरो स्कूल फी तिर्ने पैसा निकाल्नु छ । म जस्तो काम भए पनि गर्छु ।'

उहाँ अवाक बन्नु भयो । तर, अन्तिममा उहाँले 'तिमीले यो काम गर्ने होइन, बरू तिमीले तिम्रो गाउँघर समाजमा भएका गतिविधि, समस्याहरूका बारेमा लेख' भन्नुभयो । उहाँले मलाई पाठक प्रतिक्रिया र सम्पादकलाई चिठीको स्थान देखाउनु भएको रहेछ । मैले हुन्छ भनेँ । त्यसपछि पहिलो पटक माईधारको एक मन्दिर परिसरमा युवा–किशोरहरूले फोहोर गरेको र गाँजा आदि खाने गरेको बारेमा लेखेको थिएँ । लगेर दिँदा 'ओहो... तिमीले राम्रो समाचार लेखेछौ' भन्नुभयो । म छक्क परेँ, मैले लेखेको कुरा त समाचार पो रहेछ । अनि नियमित लेख्न भन्नुभयो । मैले लेख्न शुरू गरेँ । त्यहीँबाट मेरो पत्रकारिताको जीवन शुरू भएछ ।

स्वीकारभन्दा तिरस्कार गर्न धेरै शक्ति चाहिन्छ । पचाउनभन्दा नपचाउन बढी बल पर्छ । पचाउनेभन्दा नपचाउनेसँग शक्ति बढी हुन्छ । मसँग शक्ति थियो, शायद त्यसैले कसैका झुठा प्रशंसाभन्दा सुधारका लागि आलोचनामा धेरै लेख्न थालेँ । त्यसै कार्यालयमा राजबाबु शंकर दाजुसँग पनि भेट र सहकार्य भयो । केही समयपछि त आफैँ पत्रिका निकाल्नु पर्छ भनेर दमकबाट घरमा थाहै नदिई जग्गा बेची प्रेस किनेर साप्ताहिक पत्रिका नै प्रकाशन गर्न थालियो । तर, त्यसैले एउटा पाठ सिकायो मलाई ।

हुन त माइक्रोस्कोपले मात्र देख्न सकिने रेखा हुन्छ – भव्य सिर्जनशीलता र भयानक मूर्खताबीच । जोखिम सिर्जनशीलता हो । सबैलाई जोखिम मोल्ने अधिकार छ नि ! जलिरहेको घरभित्रबाट बाहिर फाल हानेर बल्ल बाँच्ला कि भनिएको मान्छेलाई तपाईंले आत्महत्याको जोखिम किन मोलेको भनेर कारबाही गर्न मिल्छ र ?

तर जे होस्, जहाँबाट मैले जीवनका धेरै-धेरै सपनाहरू देखेँ र जहाँ बसे पनि सपनामा धेरै-धेरै उसैलाई देखिरहन्छु, त्यो ठाउँ हो- झापा । जहाँ मैले आधा पेट खाएर पेट खाली भएकाहरूको कविता र समाचार लेखेँ र उनीहरूलाई सपना देख्न अलि-अलि भए पनि सघाएँ । जसलाई सम्झिएर कहिले रून्छु र कहिले रूँदै गर्दा सम्झिएर नरून प्रेरित हुन्छु । कहिले अलिकति सुख पाएँ भने सम्झिएर मुस्कुराउँछु र कहिले मुस्कुराउँदै गर्दा सम्झिएर धेरै पुलकित नहुन संयमित हुने सन्देश लिन्छु र अनि दमकले मलाई भनेझैं लाग्छ, तँ एक्लै धेरै खुशी नबन्, म यता एक्लै छु, तँलाई पर्खिएर ।

मैले साहित्य र पत्रकारितालाई सँगसँगै अगाडि बढाइरहेको थिएँ । साहित्य मानव सभ्यताका अनुभवहरू र सपनाहरूको संग्रहालय हो भने पत्रकारिता त्यो संग्रहालयको निर्माण, मर्मत-सम्भार हो । यो मैले मेरो हाते पत्रकारिता र साहित्यको शुरूवाती चरणमा विकसित गरेको धारणा थियो । पहिला-पहिला हामीले हातैले कविता र समाचार लेख्दा पत्रकारिता र साहित्य दुवै समाजको ऐना थियो । अहिले ऐना होइन, क्यामेरा बन्यो । ऐनामा अगाडि जे छ त्यही जस्ताको तस्तै दुरूस्तै देखिन्थ्यो । तर, अहिलेको पत्रकारिता र साहित्य समाज हेर्ने ऐना होइन; क्यामेरा बनेपछि जूम-इन र जूम-आउट गर्न थालियो । फ्रेम-इन र फ्रेम-आउट गर्न थालियो । टिल्ड-अप र टिल्ड-डाउन गर्न थालियो । क्यामेरा घुमाउनेले एकै ठाउँ भएको सत्यलाई पनि कतै जूम-आउट गरेर छोप्न थालियो । कतै नभएको एडिट गरेर थपथाप जोडजाड गरेर देखाउन थालियो । किताब कोही बुर्का लगाउन लेख्छन्, कोही बुर्का उघार्न लेख्छन् ।

पत्रकारिताका कथा बेग्लाबेग्लै छन् । हुने-खानेको साहित्य र पत्रकारिता मात्र फस्टाएको छ । समाजको साहित्य र पत्रकारितामा वास्तविकता देख्न छोडिएको छ । पत्रकारिता आवाजविहीनहरूको आवाज भएको छैन । तिनै शदीयौंदेखिका सामन्तहरू, सबै ठालूहरू र शोषक सत्ताको लागि मात्र भएका छन् । नेपाली पत्रकारिता अधिकांशतः विदेशी हस्तक्षेपको पहिलो प्रवेशविन्दु भएको छ । संसारमा नेपाल मात्र यस्तो देश हो, जहाँ विदेशी राजदूत मुस्तांगमा गएर एम्बुलेन्स बाँडेको र सप्तरीमा पुगेर विद्यालय उद्घाटन गरेको समाचार प्रकाशन-प्रसारण हुन्छ । तर, नेपाली पत्रकारहरूले काठमाडौं छोडेर त्यहाँ जाँदा त्यो राजदूतले नेपाल सरकार, परराष्ट्र मन्त्रालयको अनुमति लिएर गयो कि नलिई गयो भनेर नसोधिकनै समाचार बनाउँछन् ! जबकि अरू देशमा त्यसरी अनुमति बिना अन्य क्षेत्रमा कुनै देशको राजदूत जान पाउँदैन । गएको थाहा भए पत्रकारले त्यसैलाई समाचार बनाउँछन् ।

संसारको कुनै पनि देशमा जाने नेपाली राजदूतहरूले यस्तो छुट पाउँदैनन् ।

दूतावास भएको इलाकाको चार किल्ला बाहिर अन्य शहर वा प्रान्तमा जानु पर्दा त्यो देशको परराष्ट्र मन्त्रालयको अनुमति लिनुपर्छ । त्यसरी आफू खुशी गए पनि त्यहाँका पत्रकारहरूले समाचार बनाउँदैनन् । ब्ल्याक आउट गर्छन् । उल्टो टिप्पणीपूर्ण र प्रश्नात्मक जानकारीका समाचारहरु बनाउँछन् । नेपालमा यस्तो दिन कहिले आउने भनेर पर्खिरहेछु म ।

तर, नेपाल मात्र संसारमा यस्तो यस्तो देश हो, जुन देशका पत्रकारले आफ्नो देशको अनुमति बिना अरू देशको स्वाधीनता दिवसको दिन त्यो देशको हामी प्रान्त भएजसरी अर्काको देशको स्वाधीनता दिवसको विज्ञापन छापेर पैसा लिन्छन् । हो, दौत्य सम्बन्ध स्थापनाको दिन दुवै देशका पत्रिकामा त्यस्तो सन्देश अरू देशका पत्रिकाले पनि छाप्छन्, तर अर्को देशको राष्ट्रिय स्वाधीनता दिवस र स्वतन्त्रता दिवसको विज्ञापन भने संसारमा कतै छापिँदैन । नेपालमा त्यसरी छापिएको विज्ञापनको कति पैसा सञ्चार माध्यमहरूले लिए भन्ने सरकारले पनि कुनै अभिलेख राख्दैन ।

यसैबाट पुष्टि हुन्छ– नेपाल, नेपाली पत्रकारिता, साहित्य र सबैतिर नै विदेशी हस्तक्षेप भित्रिएको छ । अति नै दुःख लागेर आउँछ । धेरै पटक मैले यसको विरोध गर्दा मलाई उल्टै झुठा मुद्दामा फसाइएको छ । त्यसबाट दिक्क भएर म फेरि अदालत तर्फ  देश र जनताका लागि गलत कुरा विरूद्ध खरो उत्रिएर सेवा गर्न सकिन्छ कि भनेर लागेँ । यहाँसम्म आइपुग्न मलाई पत्रकारिताले नै बल दिएको थियो ।

तर, एउटी बलात्कृत नाबालिका चेली न्यायाधीशले घुस खाएर बलात्कारीलाई रिहा गरिदिएपछि वर्षौंसम्म अदालत धाउँदा उल्टै बलात्कारीले चाहिँ 'भेटिस् त न्याय ?' भनेर गिज्याउँदै अदालत अगाडिबाट हिँड्दा 'हाम्रो देशमा न्याय कहाँ छ ?' भन्नुपर्ने अवस्था छ ।

आज म जे जति बोल्न–लेख्न सक्ने भएको छु, त्यो क्षमता र आँट सबै झापाको पत्रकारिताले दिएको हो । पत्रकारिता, त्यसमा पनि झापाको शुरूआती पत्रकारिताप्रति मेरो नमन ।



# मेरो पत्रकारिता-पाठशाला

अखण्ड भण्डारी

लक्ष्य थियो गणित शिक्षक । मेची क्याम्पसमा आईए भर्ना हुँदा उत्साहसाथ एउटा ऐच्छिक विषय म्याथ राखें । पढ्दै थिएँ ।

कलवलगुडी महाधिवेशनपछि नेपाली कांग्रेसभित्र विवाद चरम हुँदै गएको थियो । अर्को महाधिवेशन सन्निकट थियो । २०५२ सालतिर मलाई किन-किन राजनीतिको यो रमिता लेख्न सकसक लाग्यो । कलम र कागज निकालें । मनमा जे आयो, लेखें । शीर्षक, 'नेपाली कांग्रेसभित्रको विवाद : यता न उता' वा यस्तै केही थियो ।

त्यो कागज बोकेर भद्रपुरस्थित 'हिजोआज' दैनिकको कार्यालय पुगें । कसैलाई भेटेर बोल्ने आँट आएन । लेखोट फुत्त छाडें र फनक्कै फर्किएँ । तै छापियो कि भनेर भोलिपल्टको पत्रिका हेरें । देख्दा आफैं चकित भएँ । प्रथम पृष्ठको मुख्य भागमा (पछि थाहा भयो, त्यसलाई 'ब्यानर न्यूज' भन्दा रहेछन्) छापिएछ त्यो त !

हँ... ? म सक्छु कि क्या हो ? उत्साहको शिखरमा पुगें आफैं । र, पुनः 'हिजोआज' को कार्यालय गएँ । त्यहाँ भेटिनुभयो राजबाबु शंकर । शायद उहाँ सहसम्पादक वा यस्तै कुनै भूमिकामा हुनुहुन्थ्यो ।

'के म यहाँ जागिरै पाउन सक्छु ?' प्रकाशित आफ्नो सामग्री देखाउँदै उहाँलाई सोधें ।

उहाँले जागिरका लागि भने तत्काललाई ठाउँ खाली नरहेको बताउनुभयो । बरू भन्नुभयो, 'लेख्दै गर्नुहोस्, छापौंला ।' एउटा छापिंदैमा जागिरै मागिहाल्नु मेरो पनि बढ्तै रहर थियो । तर, 'लेखेको छापिदिने' उत्तरले उत्साही नै भएँ ।

निस्किएँ । राजबाबु दाइसँग बसेर हाम्रा कुरा सुनिरहेका अर्का व्यक्ति मेरो पछि लाग्नुभयो । अलि वर आएपछि रोक्दै मलाई भन्नुभयो, 'भाइ, तिमीलाई पत्रकारिता गर्न मन छ भने म एक ठाउँ लैजान्छु ।'

'लौ न,' मैले आग्रह गरें ।

उहाँ हुनुहुँदो रहेछ, देवेन्द्रकिशोर ढुंगाना । उहाँले 'सूर्योदय' साप्ताहिकको कार्यालय पुऱ्याउनुभयो । उहाँले प्रकाशक वसन्तकुमार खड्कासँग भेटाउनुभयो ।

'पैसा दिन सक्दिन, मन लागेको लेख्दा हुन्छ', उहाँले भन्नुभयो, 'आउनुहोस्, काम गर्नुहोस् ।'

उमेर र स्वास्थ्यका कारण उहाँ आफैं काम गर्न अलि नसक्ने अवस्थामा हुनुहुन्थ्यो । देवेन्द्र दाइले सघाइदिनुपर्ने बाध्यता रहेछ । आफूले उन्मुक्ति पाउने र मेरो पनि इच्छा पूरा हुने जुक्ति उहाँले निकालेको रहेछ ।

निस्किने बेला वसन्त दाइले भन्नुभयो, 'कुनै कार्यक्रममा पठाएँ भने बाटा खर्च चाहिँ म दिन्छु ।' मेरा लागि त्यो नै धेरै ठूलो थियो । पहिलो रिपोर्टिङका लागि वसन्त दाइले मोमेन्टो एपरेल्सको उद्घाटन कार्यक्रममा पठाउनुभयो ।

टन्टलापुर घाममा अरु खुला आकाशमुनि । पत्रकारका लागि मञ्च छेउमा टेन्टमुनि कुर्सी समेत राखिएको । पहिलो रिपोर्टिङमै जिन्दगीमा पहिलोपल्ट कोकाकोला चाखें मैले । नाकबाट धूँवा निकाल्दै पिएको त्यो पेय पदार्थले मलाई पत्रकारितामा डटेर लाग्न धूँवाधार प्रेरित गऱ्यो । यो पेशा सम्मानित रहेछ भन्ने छाप पऱ्यो ।

ooo

पस्दापस्दै 'सूर्योदय' साप्ताहिकमा मेरो 'रजाइँ' चल्यो । जे जसरी गरे पनि वसन्त दाइले 'बडो राम्रो गर्नुभयो' भन्नु हुन्थ्यो ।

त्यसको अन्तिम पृष्ठमा मैले एउटा स्तम्भ लेख्न थालें, 'व्यंग्य झटारो' । त्यसको झटारो लाग्न पुगेछ, नकुल दाइलाई ।

झापामा 'विवेचना' दैनिकको एकछत्र प्रभाव थियो । अरु दैनिक भए पनि परिचर्चा विवेचना र नकुल दाइकै हुन्थ्यो । उहाँ विवेचनामा एउटा स्तम्भ लेख्नु हुन्थ्यो- 'ऐसेलुको झाँङमनि चिसो पानी, परबाट आयो नरे थापा ।' स्तम्भकारको नाम राखिन्थ्यो- सत्यवाद केशरी ।

'तिमी एकछिन मलाई भेट्न आऊ', एसएल शर्मा बुवाको एक दिन फोन आयो, सूर्योदय साप्ताहिकमा ।

गएँ । उहाँलाई म आदरपूर्वक बुवा भन्थें ।

'हिंड, मसँग एक ठाउँ', उहाँले भन्नुभयो । रिक्सा चढाउनुभयो । कहाँ गइँदैछ चाहिँ भन्नुभएन । मेची अस्पताल कटेपछि मात्र सुनाउनुभयो, 'नकुल काजीले भेट्न

बोलाएका छन् तिमीलाई ।'

उहाँको स्नेहले म विभोर भएँ । उहाँकै सद्भावले जिन्दगीमा पहिलोपालि रिक्सा चढ्ने मौका पाएको थिएँ । उहाँकै आडमा बस्न पाएको थिएँ । त्यसभन्दा धेरै नकुल काजीलाई भेट्ने उहाँको 'सरप्राइज' खबरले मेरो मन हर्षपूर्वक रन्थनिइरहेको थियो ।

ooo

'तपाईं मकहाँ काम गर्न चाहनु हुन्छ ?' छोटो भलाकुसारीपछि नकुल दाइले सोझै प्रस्ताव राख्नुभयो ।

'सरले मौका दिनुभयो भने गर्छु नि,' मैले भनें ।

'सर ?' उहाँ झ्वाँक्किनुभयो, 'को सर ? मलाई सर भन्ने भए यहाँ काम गर्ने अनुमति हुन्न । काम गर्ने भए मलाई दाइ भन्नूस् ।'

उहाँले 'सर' कति टाढाको साइनो र 'दाइ' कति आत्मीय नाता हो भन्ने समेत अर्थ्याउनुभयो ।

'म अब सधैं दाइ भन्छु', कसमै खाएँ मैले । त्यही कसमसँगै जागिर पनि पाएँ । काम तोकियो । तलब तोकियो । रहरले छिरेको ठिटो, तलबी पत्रकार बनें म ।

'जसको भाषा राम्रो छैन,' नकुल दाइ भन्नु हुन्थ्यो, 'त्यो पत्रकारै होइन ।'

उहाँले शब्दकोशबाट खोजेर हरेक समाचारमा कम्तीमा एउटा नयाँ शब्द राख्न लगाउनु हुन्थ्यो । एक दिनको कुरा हो, मैले गतिलो शब्द भेट्टाएँ– किंकर्त्तव्यविमूढ । हौसिएर लेखें । तर, 'मू' दीर्घ हुनुपर्नेमा ह्रस्व लेखेछु ।

'के हो महाशय,' दाइले कन्सिरी तान्नुभयो, 'शब्दकोश हेरेर पनि शुद्ध सार्न आउँदैन ?'

त्यही कन्सिरी–तनाइ मेरो पत्रकारिताको गतिलो पाठशाला थियो ।

ooo

आईए सकें । गणित शिक्षक बन्ने मेरो धोको भने मरेको थिएन । मेची क्याम्पसमा बीएमा ऐच्छिक गणित थिएन, त्यतिञ्जेल । भर्ना त भएँ, तर मन खल्लो भइरहेको थियो ।

झापामा मेरो अभिभावक हुनुहुन्थ्यो– भिनाजु पर्शुराम बजगाईं । उहाँसँग सल्लाह गरें । एकातिर नकुल दाइको पत्रकारिता पाठशालामा निखारिने अवसर थियो, अर्कातिर गणित शिक्षक बन्ने मेरो सपना मर्न दिनु थिएन । कुन छान्ने भन्ने धरमरमा थिएँ । त्यसमाथि पत्रकारिता मेरो भविष्यको गन्तव्य हो भन्ने मलाई

फिटिक्कै थिएन । एक कालखण्ड, एक रहर ठानिएको थियो ।

महेन्द्र मोरङ क्याम्पसमा 'ट्रान्सफर' गरेर म्याथ पढ्न मिल्छ भन्ने जानकारी पाएपछि म बिराटनगर गएँ । सहमति–पत्र लिएर आए पनि नकुल दाइलाई भन्न आँटै आएन । केही हप्तामा ठूलो साहस गरेर सुनाएँ, 'दाइ, म पढ्न बिराटनगर जाने भएँ ।'

उहाँका आँखा रसाए । र, 'तपाईंको भविष्य बन्छ भने जानूस्', मन गाँठो पारेर उहाँले अनुमति दिनुभयो ।

०००

पत्रकारिताको लतले कहाँ छोडोस् ! बिराटनगरमा फेरि जोडिएँ । मित्रहरू भेषराज लोहनी, राजन भट्टराई र विजय खतिवडासँग मिलेर हामीले 'चिरफार' साप्ताहिक निकाल्यौं । म प्रधान सम्पादक बनाइएँ त्यसको । तर, पत्रकारिता गर्ने हामीले पत्रकारिता गर्न सकेनौं । बरू पैसा सक्यौं । पढाइ बिगार्‍यौं ।

त्यसपछि जसरी पनि पढ्ने अठोट बोकेर म काठमाडौं हान्निएँ । त्यहाँ पनि पत्रकारिताको अंकुशेले तानिहाल्यो । कान्तिपुरमा १९ वर्ष महत्वपूर्ण भूमिकाहरूमा काम गरें । अन्नपूर्ण पोस्ट्मा गएको अर्को ६ वर्ष भइसक्यो । त्यसको उपल्लो नेतृत्वमा छु । तैपनि मेरो पाठशाला झापा र महान् गुरू नकुल दाइभन्दा ठूला कहीं, केही देखिन ।

०००

फलामका अक्षर जोडेर छाप्ने लेटर प्रेसको जमाना थियो त्यो । अहिले अत्याधुनिक अफ्सेट र सीडफेड, तीव्र गतिको सूचना प्रविधि हुँदा पनि पत्रकारिताको त्यो तिक्खरपना किन–किन छैन जस्तो लाग्छ आफैंलाई ।

पत्रकारितामा नकुल दाइहरू छैनन् जस्तो लाग्छ सधैं ।

अनि, पत्रकारिताको त्यो झापा कहाँ होस् काठमाडौंमा !

*(भण्डारी अन्नपूर्ण पोस्ट् दैनिकमा प्रधान सम्पादक छन् ।)*



**गोपीकृष्ण ढुंगाना**

# त्यो पत्रकारिता, यो पत्रकारिता

एक वर्षपछि मुलुकमा ठूलो राजनीतिक परिवर्तन भयो अर्थात् बहुदलीय प्रजातन्त्र आयो । पञ्चायती शासन व्यवस्थाको अन्तिम वर्ष कक्षा- ९ मा पढ्थें । झापाको गौरादह गाउँ विकास समिति वडा नम्बर- ७, हाँसखोरा (हाल : गौरादह नगरपालिका-२, डिपु चोक) मा पत्रपत्रिका पुग्ने कुरै हुन्थेन । यसै पनि दैनिक नेपाली अखबार गोरखापत्र मात्र प्रकाशन हुन्थ्यो । एक घण्टा हिंडेर पुगिने गौरादह बजारमै पनि एक–दुई प्रति आइपुग्थे । २०४६ सालको प्रजातन्त्र लगत्तै स्थापना भएको गौरादह बहुमुखी क्याम्पसका तत्कालीन प्रमुख भोजराज दाहालले हाँसखोरास्थित घरमा गोरखापत्र दैनिक, छलफल र दृष्टि साप्ताहिक ल्याउनु हुन्थ्यो । दुई मिनेट पैदल हिंडेपछि उहाँको घर पुग्थें र उहाँले पढिसकेर फालेका ती पत्रपत्रिका सोधेर बटुलेर ल्याउँथें अनि आद्योपान्त पढ्थें । पाठक–पत्र होस् वा फिचर न्यूज, सबै पढ्थें ।

के रूचिले ती अखबारका हरेक पाना पढ्थें, आज ३५ वर्षपछि स्मरण र विश्लेषण गर्दा पनि उत्तर पाउन सकेको छैन । न कोर्सका लागि पढें, न कसैले पढ्नु पर्छ भनेर सिकाएर पढें, न त अरू कुनै कारणले पढें । जतिबेला अहिले जस्तो साहित्यका पुस्तक पनि लेख्दिनथें । पत्रकारिता गर्ने सोच त त्यसको डेढ दशकपछि मात्र दिमागमा पलाएको हो । जीवनमा यत्ति महसुस भएको छ, त्यसबेला पढेका समाचार, विचार, फिचर, अन्तर्वार्ता अनि पाठक-पत्र डेढ दशकपछि थालनी गरेको पत्रकारिताको 'ब्याक अप' चाहिँ पक्कै बने । यसले सिकाएको पाठ के भने लगानी गरिराखे प्रतिफल पक्कै पाइन्छ ।

४६ सालमा प्रजातन्त्र आउनुअघि पत्रकारिताको हालत जस्तो व्याख्या गरें, अहिले लगभग त्यस्तै भेट्छु । त्यतिबेला अखबार पढ्नु पर्छ भन्ने चेत कम थियो, भूगोलका कारणले प्राप्तिमा समस्या थियो, आर्थिक आम्दानीका कारण किन्ने हैसियत हुन्थेन, शिक्षाको उज्यालोबाट वञ्चित हुने धेरै थिए र पढ्थेनन् आदि कारणले पत्रकारिता कठै जस्तै थियो । दुर्भाग्य ! अहिले पुनः अवस्था त्यस्तै

छ । कारण चाहिँ फरक छ, छुट्टै कुरा । २०६० देखि २०७६ सालसम्म नेपाली पत्रकारिता अत्यन्तै उर्वर भूमिमा झैं फस्टायो । हुर्कियो, बढ्यो, फल्यो अनि फुल्यो पनि भन्छु म त । जनचेतना उत्तिकै फैलायो । अलि अघिको अवस्था हेर्ने हो भने एजेण्डा सेटिङको काम पनि गऱ्यो ।

२४ पृष्ठसम्म छापिने दैनिक अखबार अहिले ८ पृष्ठमा सीमित छन् । अखबार पल्टाएर पढ्ने पाठक उहिलेको मजस्तै औंलामा गनिने अवस्थामा पुगेका छन् । त्यो उर्वर पत्रकारिता समयमा समाचार यति उत्पादन हुन्थे कि प्रतिस्पर्धी समाचारले मात्र स्थान पाउँथे । अहिले उत्पादनमा पनि त्यो 'चार्म' देखिन्न, नेपाली पत्रकारितामा । टेलिभिजन हरेकजसो घरमा छन्, तर हेरिन्नन् । जुन बेला टेलिभिजन हेर्ने रहर हुन्थ्यो, किन्ने हैसियत हुन्थेन । अहिले किन्ने हैसियत छ, विदेशी भूमिमै सही, पसिना बगाएर पठाएका रकमले घरका भित्ता-भित्तामा ठूला स्क्रीन झुण्डिरहेकै छन् । तर 'अन' गर्ने मानिस छैनन् वा छैनन् हेर्ने समय भएका मानिस । रेडियो खेतबारीमा काम गर्दा, हलो जोत्दा, आली लगाउँदा, बीउ उखेल्दा, धान काट्दा, बिटा बोक्दा, कुन्यु लगाउँदा, धान झार्दा, दाइँ गर्दा यस्ता अनेक काममा सँगसँगै पुग्थ्यो, बज्थ्यो । अधिकांशको घरको भित्तामा आँगनपट्टि फर्काएर बिहान शंखध्वनिबाट बज्न थालेका रेडिया राति निदाउनु अघिसम्म निरन्तर बजिरहन्थे, विशेषतः गाउँघरमा ।

अहिले हरपल हात-हातमा बोकिने मोबाइल सेटमै हुन्छ तर खासै बज्दैन, बजाइँदैन । न ब्याट्री सकिन्छ अहिले, त्यो बेला जस्तो । उसबेला रेडियो सेटमा सीमित रेडियो स्टेशन बज्थे, अहिले एप्सबाट विश्वभरका रेडियो सुन्न पाइन्छ । तर सुनेको पाइन्न, समाचार आओस् कि गीत बजोस् । पहिले एएम र सर्ट वेभ ब्याण्डमा स्याँ... गरेर कानै खान्थ्यो, विषयभन्दा बढी 'न्वाइज'को झर्को सहनु पर्थ्यो । तर, अहिले एफएम ब्याण्डमा स्पष्ट भन्न खोजेकै र सुन्न चाहेकै विषय मात्र बज्छ, तर कसले सुन्ने ? प्रसारण आमसञ्चारको अवस्था पनि अखबारको भन्दा कम दर्दनाक बनेको छैन अचेल । कति भने टेलिभिजन र रेडियोमा बजेका क्लिप वा सर्ट भिडियो फुर्सद हुँदा हेर्ने दर्शकका लागि युट्यूबमा संग्रहित हुन्छन् ।

कोभिडले पत्रिका समेत नछुनु, भाइरस सर्छ भन्ने पाठ पढाएपछि र अन्लाइनको अत्यधिक प्रयोग हुन थालेपछि पत्रपत्रिका सुस्ताए । टेलिभिजन र रेडियो भने झन् बढी प्रयोगमा आए । तर, अहिले यी दुवैको हालत पनि पत्रपत्रिकाको जस्तै भएको छ । उतिबेला जब साँझ ७ बज्थ्यो, तब समाचार सुन्न रेडियोको कान बटार्न कसैले बिर्सदैनथ्यो । त्यसको एक घण्टापछि ८ बज्थ्यो, टेलिभिजनको

पर्दाअगाडि गाउँले सबै भेला हुन्थे र अटाइ- नअटाइ भूइँमा बसेर समाचार हेर्थे- जतिबेला नेपाल टेलिभिजन मात्र थियो, जतिबेला रेडियो नेपाल मात्र थियो । अहिले हजारौं रेडियो, एफएम र टेलिभिजन छन्; तर महत्व कम छ । प्रसारण हुने समाचार र विचार 'भेरिफाई' गर्नु पर्ने अवस्था बनेको छ । प्रसारित सामग्री गुणस्तरीय छैनन् र त दर्शक-स्रोता छैनन् शायद । अनि छैनन् पत्रकारिता पढ्ने विद्यार्थी पनि ।

सत्तरीको दशकदेखि अन्लाइन पत्रकारिता व्यापक बन्न थाल्यो । कोभिडको समय र त्यसपछि सबैको भरपर्दो सञ्चारमाध्यम नै अन्लाइन पत्रकारिता बन्यो । क्रमशः संख्या बढ्दै गयो र हजारौंको संख्यामा पुग्दा टोल-टोलमै जसो अन्लाइन खोलेर पत्रकारिता गर्ने अवस्था बनेको छ । 'कन्टेन्ट' र 'भ्यूअर्स' भन्दा पनि गरिखाने/कमाइखाने भाँडोजस्तै बने अन्लाइनहरु । च्याउसरि उम्रिएका अन्लाइनले त 'कपी-पेस्ट' गरेर पत्रकारिताको हुर्मत पनि लिएका छन् । करोडौंको लगानीमा खुलेका टेलिभिजनभन्दा केही हजारको व्यक्तिगत लगानीबाट सञ्चालित युट्यूब च्यानल लोकप्रिय हुन थालेका छन् । यसले पत्रकारिताको आयाम बदलिएको छ । हुन त युट्यूब च्यानल पनि च्याउसरि उम्रिएका छन् र छैनन् गुणस्तरीय अधिकांश ।

पुनः पत्रपत्रिकामै । २०६१ सालमा म अन्नपूर्ण पोष्ट दैनिकमा प्रवेश गर्दा दैनिक अखबारको 'चार्म' भव्य थियो । ६५ सालतिर हुनुपर्छ, टेलिभिजन र एफएम धमाधम खुल्न र चल्न थाले । भनियो कि, अब प्रिन्ट पत्रकारिताको भविष्य सकियो । अन्योलैअन्योलमा बाँच्यौं हामी अखबारमा काम गर्नेहरु केही वर्ष । पुनः दिन फर्किएको महसुस गरेका थियौं । फर्किएकै पनि हो, पत्रपत्रिकाका अफिस र पत्रकारहरुका दिन पनि कोभिड आउनु अघिसम्म । कुनै बेला थियो, दैनिक अखबारमा विज्ञापन हाल्न पनि निकै सोर्सफोर्स लाउँथे । अहिले मासिक, पाक्षिक र साप्ताहिकको त कुरै नगरौं, दैनिक अखबारका पाना विज्ञापनविहीन हुन्छन् कुनै-कुनै दिन । विज्ञापन आउँदा पनि खुशी हुनुपर्ने अवस्था छ । ऊर्जावान् समयको सर्कुलेशन जतिबेला छ्याप्छ्याप्ती हुन्थे दैनिक अखबार पत्रिका पसलहरुमा, सरकारी र निजी कार्यालयहरुमा जताततै अखबारै अखबार । बिहान आँखा मिच्दै चोक पुगेर पसलमा किन्नेको भिड पनि हुन्थ्यो । अहिले नेटले हातमै टाँसिइरहने मोबाइलमा सबै अखबार, सबै टेलिभिजन, सबै रेडियो एफएम र सबै अन्लाइन पोर्टल सित्तैमा । बरू पाठक, दर्शक, स्रोता र प्रयोगकर्ता कम !

प्रिन्ट पत्रकारितामा त्यो पनि नेपाली दैनिक अखबारमा छु, जिम्मेवार पदमा ।

शनिबारको परिशिष्टांक 'फुर्सद' र दैनिक लेखहरू र सम्पादकीयको 'विचार पृष्ठ'को संयोजन र सम्पादनको जिम्मेवारीका कारण ५ वर्षदेखि फरक बुझाइ र सिकाइ पनि भइरहेछ । फोन, मेसेज र इमेल आइरहन्छन्– 'पत्रिका पसलमा किन पत्रिका पहिले जसरी किन्न पाइँदैन ? कसैले सकियो भन्छन्, कसैले थोरै पिस आएथ्यो, सकियो भन्छन् । पल्टाएर पढ्दाको आनन्द अन्लाइनले दिँदैन ।' समाचार, विचार, अन्तर्वार्ता आदि प्रमाण राख्न अखबार नै चाहिन्छ भन्नेहरू पनि छन् अनि छन्– पत्रिका भए २-४ दिनपछि पनि पल्टाएर फेरि पढ्न पाइन्थ्यो, अन्लाइनमा त कतिबेला आउँछ, कतिबेला जान्छ, पत्तै नहुने भन्नेहरू पनि । हेरौं, हेर्दै जानु पनि छ– खासगरी पत्रपत्रिकाको भोलिको भविष्य ।

*(अन्नपूर्ण पोष्ट दैनिकका ओपेड एडिटर झापा गौरादहका ढुंगाना विकास पत्रकार मञ्च (फोडेज), नेपालका अध्यक्ष हुन्)*



**शिव गाउँले**

# पत्रकारितामा 'सेल्फ सेन्सरसीप'

'सेल्फ सेन्सरसिप' को अर्थ स्व-नियन्त्रण हो । पत्रकारितामा 'सेल्फ सेन्सरसिप' भनेको एउटा पत्रकारले थाहा पाएको वा थाहा पाउन सम्भव रहेको कुनै विषय आन्तरिक र बाह्य कारणले प्रकाशमा नल्याउनु वा जुन रूपमा भएको हो, सो रूपमा नल्याउने अवस्था हो ।

अथवा, पत्रकार र तथ्यका बीचमा अवरोध ल्याउने एउटा पाटो हो- सेल्फ सेन्सरसिप । जो विभिन्न कारणले गर्दा पत्रकारले थाहा पाएको वा थाहा पाउन सम्भव विषयलाई प्रभावित गरिदिन्छ । जसका कारण समाज तथ्य थाहा पाउने अधिकारबाट वञ्चित हुन्छ ।

'सेन्सरसिप' भन्दा 'सेल्फ सेन्सरसिप' झन् गम्भीर र खतरनाक हुन्छ । 'सेन्सरसिप' सामान्यतया घोषित हुन्छ, देखिन्छ, प्रकट हुन्छ । त्यसकारण यसका तथ्यहरु केलाउन सजिलो हुन्छ । त्यस विरूद्ध लड्न वा प्रतिवाद गर्न सहज हुन्छ । तर, 'सेल्फ सेन्सरसिप' धेरै हदसम्म अप्रकट हुन्छ, प्रमाण जुटाउन मुस्किल पर्छ । परिवेश र परिस्थितिको समीक्षा गरेर निचोड निकाल्नु पर्ने हुनाले कठिन पनि हुन्छ । समाचार, कार्यक्रम वा विचारमा नआएका तथ्यहरु केलाएर यसको व्यापकता, असर र प्रभाव मूल्याकंन गर्नुपर्छ । त्यसैले यो तुलनात्मक रूपमा जटिल छ ।

अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्ने प्रजातान्त्रिक समाजमा 'सेल्फ सेन्सरसिप' गम्भीर कुराको संकेत हो र यसको सधैं विरोध हुने गर्छ । किनकि यसले तथ्य लुकाउन, बंग्याउन वा नरम बनाउन बाध्य पार्छ । त्यस अर्थमा तथ्य थाहा पाउने नागरिक अधिकारको विरोधी पाटो पनि हो 'सेल्फ सेन्सरसिप' ।

'सेल्फ सेन्सरसिप'लाई कतिपयले कतिपय प्रसंगमा सकारात्मक अर्थमा पनि प्रयोग गर्न खोजेका छन् । पत्रकार वा सञ्चार संस्थाले वृहद् सार्वजनिक हितमा कुनै कुरा तौलिएर मात्रै प्रकाशन वा प्रशारण गर्नु, कहिलेकाहीँ त्यसलाई प्रकाशमा नल्याउनु पनि हो ।

अथवा, कतिपय कुरा लुकाउनुलाई पनि 'सेल्फ सेन्सरसिप' मानिएको छ र

यसो गर्नु व्यापक सार्वजनिक हितमा उपयुक्त नै हो भन्ने अर्थ्याउन खोजिएको छ । यसका पक्षधरहरु 'भारतमा इन्दिरा गान्धीको हत्या कुनै जाति–विशेषका सुरक्षा गार्डबाट भएको' भनेर गरिएको गल्ती प्रेसले लुकाउन सक्थ्यो भनेर तर्क गर्छन् । तर, प्रेस र अभिव्यक्ति स्वतन्त्रताको फराकिलो आलोकमा 'सेल्फ सेन्सरसिप' भनेको विचार र अभिव्यक्ति स्वतन्त्रताविरोधी पक्ष नै हो । यसले कुनै न कुनै रूपमा विचारलाई संकुचन गर्छ, तथ्यलाई लुकाउँछ, ढाकछोप गर्छ वा पीडक वा जवाफदेही बनाउनु पर्ने पक्षको हितमा प्रयोग गर्छ ।

'काउन्सिल अफ यूरोपको ह्युमन राइटस् च्यानल'मा प्रेस स्वतन्त्रता अनुगमन कर्ता एइडन ह्वाइट लेख्छन्, "जब पत्रकार अथवा सम्पादक आफ्नो समाचार वा सम्पादकीय अन्तर्वस्तुमाथिको छनोट गर्दा राज्य, प्रहरी, सञ्चार संस्थाको मालिक वा विज्ञापनदाताको स्वार्थ बमोजिम परिचालित हुन्छ भने त्यहाँ राम्रो पत्रकारिताको सम्भावना रहन्न ।" यो भनेको सेल्फ सेन्सरसिपको अवस्था आउने परिस्थिति हो ।

पत्रकार, सम्पादक वा सञ्चार संस्थालाई समाजमा यस्ता विभिन्न पक्षहरु हुन्छन्; जसले 'सेल्फ सेन्सरसिप' लागू गर्न दबाब दिन्छन् । तीमध्ये एउटा हो– सम्पादक, पत्रकार वा सञ्चार संस्थाको व्यवस्थापकीय नेतृत्वको आस्थाको मामिला । सामान्यतया आस्था राजनीतिक भन्ने बुझिए पनि त्यो सार्वजनिक सरोकारको मामिलामा नीति निर्माणदेखि कार्यान्वयन तहसम्मलाई प्रभाव पार्ने चिन्तनको फराकिलो दायरा हो । आफू सम्बद्ध दलको, दलका नेताको, त्यसमा पनि आफनो गुट वा समूहको पक्षमा गरिने खातिरदारी यसको एउटा उदाहरण हो । यसले आफ्नाको सधैं समर्थन र अरूको सधैं विरोध गर्न सिकाउँछ । यसले व्यवहारमा आफ्नाको गल्ती नदेख्ने मनोवृत्ति विकास गरिदिन्छ ।

नेपाली समाजमा प्रचलनमा रहेको 'आफ्नो आङको भैंसी नदेख्ने, तर अरूको जिउको जुम्रा देख्ने' प्रवृत्ति यसैको परिणाम हो । तसर्थ दल, जात, क्षेत्र, समुदायप्रतिको अति आशक्तिले सेल्प सेन्सरसिपलाई मलजल गर्छ । कतिपय अवस्थामा कुनै व्यक्ति, विचार वा पक्षप्रतिको अति समर्थन वा चर्को विरोधले पनि पत्रकारलाई त्यससँग सम्बन्धित मामिलामा 'सेल्फ सेन्सरसिप'को अवस्थामा पुर्‍याउन सक्छ ।

सेल्फ सेन्सरसिप बढाउने अर्को पक्ष धर्म पनि हो । सबै धर्महरुको केन्द्रीय चेतना भनेको मानव सेवा हो भन्ने सीमाभन्दा बाहिर निस्केर आफू र आफूले मानेको धर्म मात्रै ठिक, अरू गलत देखाउन गरिने पैरवी जब पत्रकारिता वा सञ्चार संस्थाको सम्पादकीय अन्तर्वस्तु बन्न पुग्छ; त्यहाँ एउटा धर्म ठिक र अरू गलत भन्नु पर्ने अवधारणाले सम्पादक वा पत्रकारको मनोभावना एकपक्षीय हुन सघाउँछ । यसले पनि 'सेल्फ सेन्सरसिप'लाई सघाउँछ ।

समाजमा यस्ता अरू थुप्रै विषयहरु छन्; जहाँ सम्पादक, पत्रकार वा सञ्चार संस्था स्वतन्त्र र तटस्थ भएर बिना दबाब वा प्रभाव विषयवस्तुलाई हेर्ने, टिप्पणी गर्ने वा पक्ष वा विपक्षमा उभिएर पूर्वाग्रह बिना बहस–पैरवी गर्ने सम्भावना न्यून पारिदिन्छ । हिंसाको वकालत यसको एउटा उदाहरण हुन सक्छ । नेपालले पनि हिंसा राजनीतिको अंग हो र होइन भन्ने लामो शृंखला पार गरेको छ । बेलाबखत हाम्रा सम्पादक, पत्रकार र सञ्चार गृहहरु यस बारेमा अलमलमा परेका उदाहरणहरु पनि छन् ।

कतिपय बेला समाज वा राज्य संयन्त्रको चर्को दबाबका कारण पनि सञ्चार गृहहरु सेल्फ सेन्सरसिप गर्न बाध्य हुन्छन् । नेपालमा दरबार हत्याकाण्ड भनेर चिनिने घटनामा मिडियाले गरेको 'कभरेज' यसको एउटा उदाहरण हो । राजधानीमा सम्साँझै भएको हत्याको त्यो घटनाको भोलिपल्ट प्रकाशित हुने कुनै पनि पत्रपत्रिकाले तथ्यपूर्ण रिपोर्टिङ गर्न सकेका थिएनन् । एक–दुई पत्रिकाले दरबारमा गोली चलेकोसम्म लेख्न सके । अपराध र सुरक्षा बिट हेर्ने केही पत्रकारले त यसलाई आफ्नो पत्रकारिता जीवनको सबैभन्दा अँध्यारो पाटो समेत भनेका छन् । डर, त्रासका कारण कसरी पत्रकार र सञ्चार संस्था आफूले थाहा पाएको जति समाचार दिन पनि डराउँछन् भन्ने यो एउटा उदाहरण हो ।

लोभ सेल्फ सेन्सरसिपको अर्को हतियार हो । जब पत्रकार, सम्पादक र सञ्चार संस्था कुनै कुराको लोभमा फस्छन्; त्यतिखेर उनीहरूले त्यहाँ स्वतन्त्रतापूर्वक समाचार, कार्यक्रम र सम्पादकीय टिप्पणी गर्ने हैसियत गुमाउँछन् । लोभ यस्तो हतियार हो, जसले सार्वजनिक नभइकन धेरै कुरा सिध्याउन सघाउँछ । यसमा कहीँ कतै देखिने धम्की वा डर हुन्न । लाभ पाइन्न कि भन्ने डर मात्रै हुन्छ । जसका कारणले गर्दा आँखै अगाडिका धेरै कुराहरु समाचार, कार्यक्रम वा सम्पादकीय टिप्पणीको विषय बन्न छाड्छन् ।

सार्वजनिक सुरक्षा र मुलुकको शासन प्रणाली पत्रकार, सम्पादक र सञ्चार संस्थाहरूलाई सेल्फ सेन्सरसिपमा पुऱ्याउन सक्ने पक्ष हो । यदि देशको सार्वजनिक सुरक्षा पद्धति विश्वसनीय छैन भने पत्रकारले निर्भयतापूर्वक समाचार लेख्न सक्दैन । यो समाचार वा टिप्पणीले मेरो सुरक्षामा प्रश्न उठाउला कि ? म असुरक्षित हुँला कि ? अथवा मलाई केही भइहाल्यो भने... जस्ता प्रश्न पत्रकारको मनमा उठाइदिन्छ । यसको परिणाम पत्रकारले धेरै समाचार देखेको नदेख्यै गर्न थाल्छन् । देखे पनि समाचारमा जुन 'धार' हुनु पर्थ्यो, त्यो हुँदैन । समाचार आइहाले पनि असाध्यै नरम धारमा आउन सक्छ ।

यस अर्थमा पत्रकारितामा 'सेल्फ सेन्सरसिप' कतिको छ भन्ने प्रश्न त्यो समाजको पत्रकारिताभित्र मात्र सम्बन्धित विषय होइन । त्यो समाज कति उदार, खुला छ, कति सुरक्षित छ, शासकहरु कति जवाफदेही छन् अनि पत्रकारिता कति व्यावसायिक छ भन्ने कुरासँग सम्बन्धित हुन्छ । त्यस अर्थमा पत्रकारितामा सेल्फ सेन्सरसिप त्यो देशको राजनीति, समाज, अर्थतन्त्र र सार्वजनिक सुरक्षा प्रणाली र प्रेसको व्यावसायिक स्तर मापन गर्ने एउटा औजार पनि हो ।

**खोज पत्रकारितामा बाधा**

सेल्फ सेन्सरसिपले पत्रकारितालाई लुलो बनाउँछ । यसले तथ्यहरूलाई जस्ताको तस्तै आउन दिँदैन । पत्रकारिताप्रति पाठक, दर्शक र स्रोताको विश्वासलाई कमजोर बनाइदिन्छ । त्यसमा पनि खोज पत्रकारितालाई यसले नराम्रोगरी प्रभावित गरिदिन्छ ।

किनकि खोज पत्रकारितामा गहिरो अनुसन्धान गरेर लुकाएको तथ्य बाहिर ल्याउनु पर्छ । अनुसन्धान र लामो अध्ययनपछि मात्रै कुनै कुरा बाहिर ल्याउने/नल्याउने निर्णय गर्न सकिने हुन्छ । तर, जुन समाजमा सामान्य आलोचना वा टिप्पणी नै नसहने, त्यसलाई अवाञ्छित प्रतिवाद गर्ने वा अस्वीकार गर्ने संस्कृति हुन्छ; त्यहाँ खोज पत्रकारिताले वाञ्छित परिणाम देखाउन सक्दैन । यस्तो समाजमा हो, सेल्फ सेन्सरसिप मौलाउने । किनकि, पत्रकारले आफ्नो समाचारलाई लिएर पाइला–पाइलामा डराउनु पर्दछ ।

असहिष्णु समाज र बन्द शासन प्रणाली खोज पत्रकारिताका अवरोध हुन् । जहाँ पत्रकारले गहन अनुसन्धान गरेर प्रकाशमा ल्याएको तथ्यलाई राज्य प्रणाली र शासन पद्धतिको सुधारको अंग बनाउने होइन कि त्यसलाई अवमूल्यन गर्ने, मानमर्दन गर्ने र उल्टो गालीगलौजको विषय बनाउने गरिन्छ । त्यस्तो अवस्थामा एउटा पत्रकार के गर्ने, के नगर्ने भन्ने दुविधामा हुन्छ । यो पनि एक प्रकारको 'सेल्फ सेन्सरसिप' हो ।

नेपालमा दरबार, सेना र अदालत लामो समयसम्म नेपाली प्रेसका लागि हाउगुजीका विषय भए । राजदरबारका बारेमा केही नलेख्ने कतिपय सञ्चार माध्यमहरूको नीति नै हुन्थ्यो । मुलुकमा प्रजातन्त्र आइसकेपछि पनि तत्कालीन युवराजाधिराजले गराएको सडक दुर्घटनालाई लिएर पनि त्यसबेला खासै आलोचना भएन । अझ कतिपय लिडिङ्ग पत्रपत्रिकाले दुर्घटनाका पाठहरु भन्ने टिप्पणी लेखेर पूरै घटनालाई ओझेलमा पारेका थिए ।

त्यस्तै, सेना वा सुरक्षा निकायका बारेमा कुनै टिप्पणी गर्नु अघि पत्रकारले पटक–पटक सोच्नु पर्ने अवस्था आयो भने त्यो पनि सेल्फ सेन्सरसिप हो । त्यसैगरी,

नेपालको न्यायालय पनि लामो समयसम्म प्रेसको टीकाटिप्पणीभन्दा बाहिर रह्यो । प्रेसले पनि त्यहाँका औपचारिक समाचार कभर गर्ने भन्दा बाहिर गएर कुनै गहिरो समाचार खोजबिन गरेन । नेपाली समाजमा अरू यस्ता धेरै उदाहरणहरू छन्, जसले कुनै बेला 'सेल्फ सेन्सरसिप'लाई मलजल गरेको थियो ।

नेपालमा सेल्फ सेन्सरसिपको अवस्थाका सम्बन्धमा केही संक्षिप्त अध्ययनहरू भएका देखिन्छन् । तिनले नेपाली समाज, यहाँका विभिन्न पक्षहरू र तिनले आमसञ्चार माध्यमहरूलाई सेल्फ सेन्सरसिपमा कसरी पुऱ्याउँछन् भन्ने खुलासा गरेका छन् । व्यावसायिक पत्रकार र सञ्चारविज्ञसँग देशव्यापी रूपमा छलफल गरेर तयार गरिएका यी प्रतिवेदनहरूले समाजको तत्कालीन अवस्थासँग प्रेसको 'सेल्फ सेन्सरसिप'को विषय अन्तरसम्बन्धित हुने देखाएको छ ।

त्यसमध्येको एउटा हो, दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा) को अध्ययन । साफ्माका लागि पत्रकार प्रतीक प्रधान र रघु मैनालीको संयुक्त लेखनमा तयार भएको प्रतिवेदन 'नेपाली पत्रकारितामा सेल्फ सेन्सरसिप' अनुसार, 'सेल्फ सेन्सरसिप नेपाली समाजको अंग बनेको अवस्थामा पत्रकार मात्रले स्वतन्त्रतापूर्वक आफूले उजागर गरेका तथ्यहरू बाहिर ल्याउन सक्दैनन् । पत्रकार आफैले यति धेरै मामिलामा स्व–नियन्त्रण गर्छ कि तथ्यहरू हराएर जाने सम्भावना धेरै रहन्छ ।'

शक्तिशाली व्यक्ति वा समूहका बदमासी, भ्रष्टाचार र संगठित अपराध जस्ता विषयमा पत्रकारले गहिरो अनुसन्धान नगरिकन सत्य बाहिर आउन मुस्किल पर्छ । तर पत्रकारलाई लोभ, डर र भौतिक तथा व्यावसायिक सुरक्षाको अभावमा उसले धेरै तथ्यहरू लेख्ने/नलेख्ने भनेर तौलिन थाल्छ । कति लेख्दैन, कतिलाई पीडक वा शक्तिशाली व्यक्तिको पक्षमा लेख्छ, नभए नरम भाषामा लेख्छ । यसको परिणाम समाज सत्य–तथ्य थाहा पाउनबाट वञ्चित हुन्छ ।

समग्रमा, पत्रकारितामा 'सेल्फ सेन्सरसिप' पत्रकारको चिन्तन, सोच र परिश्रमबाट प्राप्त तथ्यमाथि उसले मनमनै चलाउने कैँची हो । जसबाट समाजमा लुकेका वा लुकाइएका तथ्यहरू बाहिर आउनबाट रोकिन्छन् ।

*(अनलाइनखबर डट कमका प्रधान सम्पादक शिव गाउँले, नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हुन् । गाउँले यसअघि हिमाल खबरपत्रिका र खोज पत्रकारिता केन्द्रका सम्पादक थिए)*



# प्रवासमा नेपाली पत्रकारिता : व्यावसायिक चुनौति र सम्भावना

भानुभक्त आचार्य

वि.सं. २०४६ मा नेपालमा लोकतन्त्रको पुनर्स्थापनापछि नेपालीहरूका लागि संसार यात्राको ढोका खुल्यो – पढ्ने, अवसरहरूको खोजी गर्ने र विदेशमा स्थायी बसोबास गर्ने आदि । वि.सं. २०५२ मा माओवादी विद्रोह शुरू भएपछि त नेपालीहरूको विदेश पलायन तीव्र गतिमा हुन थाल्यो ।

विदेशमा नेपाली समुदाय बढ्ने क्रमसँग नेपाली भाषामा नेपाल बाहिर पनि अखबार, रेडियो र टेलिभिजन खुल्न थाले । इन्टरनेटको आगमनपछि नेपाल बाहिरबाट नेपाली भाषामा अनलाइन पोर्टल सञ्चालन गर्ने लहरै चल्यो । स्मरण रहोस्, प्रवासी नेपालीको मात्रै होइन, अचेल संसारभरि नै प्रवासी मिडिया धेरै हदसम्म इन्टरनेटमा आधारित छन् । यसको संख्यात्मक आकार एवम् गुणात्मक स्तर दिनप्रतिदिन बढ्दो छ । त्यसरी सञ्चार माध्यम सञ्चालन गर्नेहरु प्रायः नेपालमा पत्रकारिता पृष्ठभूमि भएका व्यक्ति छन् । उनीहरूले व्यावसायिक रूपमा आर्थिक उपार्जनका लागि अन्य काम गरेर बचेको समयमा पत्रकारिता गर्ने अभ्यास छ, किनभने सीमित संख्यामा छरिएको नेपाली समुदायकै भर परेर प्रवासी नेपाली मिडियाले सञ्चालन खर्च धान्न सक्ने अवस्था छैन ।

प्रवासी मिडियाले सम्बन्धित समुदायको पहिचान र राष्ट्रियताको भावनालाई बलियो बनाउँछ । यसले गर्दा नेपाल बाहिर नेपाली भाषीलाई संगठित गर्न र नेपाली भाषा र संस्कृतिको प्रबर्द्धन गर्न निकै मद्दत पुगेको मान्न सकिन्छ । प्रवासी सञ्चार संस्थाको संख्यात्मक वृद्धि भएसँगै गुणात्मक विकास वा व्यावसायिक पत्रकारिताका बारेमा चासो वा तदारूकता देखाउन ढिला भइसकेको छ । आफूलाई जे मन लाग्छ त्यही, जस्तो मन लाग्छ त्यस्तै, जति बेला फुर्सद हुन्छ त्यही बेला जुन समाचार लेख्न मन लाग्छ, त्यही मात्रै राखेर अनलाइन वा कुनै सञ्चार माध्यम चलाउने परिपाटीले प्रवासमा नेपाली पत्रकारिताले गुणात्मक फड्को मार्न सक्दैन ।

हुन त नेपालभित्रकै पत्रकारिता व्यावसायिक कार्यसम्पादनमा खरो उत्रन सकेको छैन । संख्यात्मक भीड बढेको छ, तर गुणात्मक फड्को मार्न सकिएको छैन भनेर चित्त बुझाउने ठाउँ पनि हुन सक्छ । तर, पत्रकारिताको लामो इतिहास र व्यावसायिक वर्तमान भएका यूरोप र अमेरिका जस्ता महादेशमा बसेका नेपालीहरूले प्रवासमा मात्रै होइन, नेपालमा समेत व्यावसायिक पत्रकारिताका लागि उल्लेख्य मार्गनिर्देश गर्न सक्छन् । त्यसका लागि भए पनि हामीले फरक ढंगले सोच्न र काम गर्न ढिला भइसकेको छ ।

**प्रवासमा नेपाली पत्रकारिताका समस्या**

प्रवासी नेपालीले सञ्चार गरिरहेका सञ्चार संस्थामा पत्रकारिताको गुणस्तर कस्तो छ ? के समस्या छन् ? आर्थिक अवस्था कस्तो छ भन्ने बारे यथार्थ जानकारी नभइकन त्यसको समाधान के हो र कसरी गर्न सकिन्छ भनेर निष्कर्षमा पुग्न कठिन छ । यसका लागि मैले बीबीसी नेपालीका पूर्वपत्रकार भगीरथ योगी र डा. जगन कार्कीले सन् २०२२ मा प्रकाशन गरेको अध्ययनको संक्षेप यहाँ प्रस्तुत गरेको छु । उक्त अध्ययन बेलायतको राउटलेज प्रकाशनबाट प्रकाशित पुस्तक ' ग्लोबल पर्स्पेक्टिभ अन् जर्नलिजम इन नेपाल'मा प्रकाशित छ । त्यस पुस्तकको सम्पादक म आफैं भएकाले यस लेखमा योगी र कार्कीले गर्नुभएको अध्ययनका मुख्य अंशहरूलाई समावेश गर्दा बढी सान्दर्भिक होला भन्ने ठानेको छु ।

योगी र कार्कीले केस स्टडी विधि प्रयोग गरी नेपाल बाहिरबाट सञ्चालित ४४ ओटा अनलाइन पोर्टलका सञ्चालकहरूलाई व्यावसायिक पत्रकारिता र आर्थिक दिगोपनका बारेमा सर्भेक्षण अध्ययन गर्नुभयो । त्यसको तथ्याङ्कमा आधारित भएर १० ओटा अनलाइनको सूक्ष्म अवलोकन र पाँच अनलाइन सञ्चालकसँग अन्तर्वार्ता लिइयो । उक्त अध्ययन दुईओटा प्रश्नमा आधारित थियो– १. नेपाली प्रवासी पत्रकारले सञ्चालन गरेका अनलाइन माध्यमले व्यावसायिक मापदण्ड, आचरण, सामाजिक उत्तरदायित्व आदिलाई बहन गर्न सक्छन् ? २. दीर्घकालसम्म नेपाली आप्रवासीले सञ्चालन गरेका सञ्चार संस्थाहरु आर्थिक रूपले सञ्चालन हुन सक्छन् ? अध्ययनका निष्कर्षहरूलाई यहाँ दुई उपशीर्षकमा चर्चा गरिएको छ ।

**१. व्यावसायिक मापदण्डहरुको अवमूल्यन**

प्रवासी नेपाली पत्रकारिताको व्यावसायिक मापदण्डको परिपालन र आर्थिक दिगोपनका बारेमा अध्ययन गर्न सम्पर्क गरिएका ६५ मध्ये ४४ अनलाइन पोर्टल सञ्चालकहरु सर्भेक्षणमा सहभागी भए । अध्ययनमा समाचारको मौलिकता, गुणस्तर, आचारसंहिताको परिपालन आदि शीर्षकमा प्रश्नहरु सोधिएको थियो । सहभागी

भएकामध्ये ७३ प्रतिशत अनलाइन पोर्टल सञ्चालकले प्रेस काउन्सिल नेपालद्वारा जारी पत्रकार आचारसंहिता पालना गर्ने गरेको बताए । नेपाल बाहिर सञ्चालित नेपाली समाचार पोर्टलहरूले प्रेस काउन्सिल नेपालद्वारा जारी आचारसंहिता पालन गर्नु आवश्यक छैन । उनीहरूले सम्बन्धित देशका आधिकारिक संस्थाले जारी गरेका आचारसंहिताको परिपालन गर्नु पर्ने हो । कतिपयलाई त्यसको राम्रो जानकारी समेत छैन । सहभागीमध्ये ७० प्रतिशतले सूचना खोज्न वा भेला पार्न सामाजिक सञ्जालको प्रयोग गर्ने गरेको पाइयो भने त्यत्तिकै संख्यामा अध्ययनका सहभागीहरूले दावी गरे कि उनीहरूसँग समाचारको तथ्य प्रमाणीकरणका लागि आफ्नै सम्पादकीय समूह छ । तर, ३० प्रतिशत सहभागीहरूले मात्रै आफ्नो समाचार पोर्टलमा व्यावसायिक स्तर कायम गर्न सकिएको स्वीकार गरे ।

सर्भेक्षणमा प्राप्त तथ्यहरूलाई विश्लेषण गर्दै सहभागीले दावी गरेको कुरा र अनलाइनमा प्रस्तुत गरिएका विषयवस्तु एकआपसमा मेल खान्छन् कि खाँदैनन् भन्ने बाहेक १० ओटा अनलाइन पोर्टलमा प्रकाशित समाचार सामग्रीको सूक्ष्म अवलोकन गर्नुका साथै पाँच जना सञ्चालकहरूसँग विस्तृत अन्तर्वार्ता लिइएको थियो । सूक्ष्म अवलोकन गरिएका १० ओटा अनलाइन पोर्टलहरूमा के पाइयो भने, अधिकांशले नेपालकेन्द्रित समाचारहरू नेपाली भाषामा प्रकाशन गर्ने गरेका छन् । ती समाचारहरू प्राथमिक स्रोतको आधारमा भन्दा पनि विभिन्न सञ्चार संस्थामा प्रकाशित समाचारको आधारमा पुनर्लेखन गरी तयार गरेको पाइयो । त्यसरी समाचार तयार पारेका समाचारमा मूल स्रोतको नाम उल्लेख नगर्ने समस्या व्यापक थियो । अनलाइन पोर्टल सञ्चालन हुने देशको स्थानीय भाषामा समाचार प्रकाशन गर्ने बिरलै भेटिए । तर, तिनले पनि नियमित रूपमा स्थानीय भाषामा समाचार प्रकाशन गरेका थिएनन् । त्यसले गर्दा प्रवासी नेपाली बालबालिका, जो नेपाली भाषाभन्दा स्थानीय भाषामा बढी पारंगत हुन्छन्, नै नेपाल बारे बेखबर हुने समस्या देखियो । अर्कातिर, नेपाली भाषामा प्रकाशित समाचार पोर्टलले स्थानीय समुदायमा कुनै सम्पर्क बढाउन सक्ने सम्भावना रहेन ।

अन्तर्वार्ता लिएका पाँच अनलाइन सञ्चालकहरूलाई प्रवासी नेपाली पत्रकारले सञ्चालन गरेका अनलाइन पोर्टलहरूमा कसरी व्यावसायिक गुणस्तर सुधार गर्न सकिन्छ भन्ने प्रश्न सोधिएको थियो । सहभागीहरूले समाचारको चोरी बढ्दो, नयाँ र मौलिक समाचारको अभाव, समाचारमा राजनीतिक झुकाव देखिने, कसैको चरित्रहत्यामा केन्द्रित हुने जस्ता समस्या रहेको बताए । सत्यनिष्ठ वा तटस्थ समाचारको सट्टामा विभिन्न व्यक्ति वा संस्थालाई खुशी पार्ने वा कहिलेकाहीं कुनै

व्यक्ति वा संस्थालाई लक्षित गरेर भँडास पोख्ने मञ्चका रूपमा पनि सञ्चार संस्थाहरूको प्रयोग गरेको पाइयो । समाचारको गुणस्तर निर्धारण गर्नका लागि व्यावसायिक मापदण्ड पालन गरे नगरेको हेर्ने प्रेस काउन्सिल नेपालजस्तो कुनै निकाय हुनु पर्ने हो । तर, प्रवासमा त्यो सम्भव छैन । स्थानीय देशका आधिकारिक निकायलाई नेपाली भाषामा सञ्चालन हुने समाचार पोर्टलहरु बारे प्रायः थाहा छैन । प्रवासी नेपाली पत्रकार दावी गर्नेहरु पनि प्रवासी नेपालीका भेला आदिमा केन्द्रित छन् । स्थानीय पत्रकारको भूमिकामा छैनन् । अधिकांश स्थानीय निकायसँग समन्वयमा छैनन् । यसले उनीहरूलाई प्रवासी नेपालीको मात्रै 'पत्रकार' बनाएको छ । प्रवासमा प्रभाव पार्न, नेपाल र सम्बन्धित देशलाई जोड्न त्यो पर्याप्त छैन ।

**२. आर्थिक दिगोपनको अभाव**

प्रवासी नेपालीले सञ्चालन गरेका सञ्चार संस्थाहरु आर्थिक हिसाबले जर्जर अवस्थामा छन् । सर्भेक्षणमा सहभागी अनलाइन पोर्टलमध्ये ७५ प्रतिशतले आफैंले लगानी गरेर सञ्चालन गरेको बताए, जसमध्ये करीब आधा जति पूरै घाटामा छन् । बाँकीले खर्च कटौती गरेका छन् र प्रवासी नेपालीद्वारा सञ्चालित व्यापार–व्यवसायबाट धानिएका छन् । सर्भेक्षणका सहभागीमध्ये एक तिहाइभन्दा धेरैले आफ्नो समाचार पोर्टल लगातार घाटामा सञ्चालन गर्नु परेको, आफ्नो खल्तीकै पैसा हाल्ने गरेको, समाचार उत्पादनका लागि स्वैच्छिक रूपमा खटेको र अन्य कुनै स्थानीय वा अन्य निकायबाट कुनै सहयोग नपाएको बताए । केही विज्ञापन आउने सम्भावना भएका संस्थाहरु समेत कोभिड–१९ महामारीले चौपट भएकाले आर्थिक दिगोपन अझ चौपट भएको बताए । प्रवासी नेपालीले सञ्चालन गरेका अनलाइन पोर्टलहरूमा स्थानीय विज्ञापन उपलब्ध हुन नसक्नुको मूल कारण हो– ती पोर्टलहरु मूलतः नेपाली भाषामा मात्रै सञ्चालन हुनु । जुन देशबाट अनलाइन पोर्टलहरु सञ्चालन गरिएको छ, त्यहाँको स्थानीय भाषामा समेत नेपाल र नेपाली समुदायका सरोकारका विषयहरु प्रकाशन/प्रसारण गर्न नसक्दा स्थानीय विज्ञापन वा अन्य आर्थिक सहयोग पाउन मुस्किल छ ।

अखबार, रेडियो वा टेलिभिजनजस्ता परम्परागत सञ्चार संस्थामा नियमित आउने विज्ञापनको ठूलो हिस्सा विभिन्न सामाजिक सञ्जालले लगेका छन् । यसले गर्दा अनलाइनमा आधारित सञ्चार संस्थाहरु विश्वभरि नै कसरी आर्थिक रूपले स्वावलम्बी हुने भन्ने उपायको खोजीमा छन् । प्रवासी नेपालीका समाचार संस्थाहरु अपवाद होइनन् । तर, हामीले आफूले पाउन सक्ने बजारलाई पनि खोजी गर्न सकेका छैनौं । अनलाइन पोर्टलमा समाचार हेरिएको आधारमा अथवा फेसबूक,

युट्युब जस्ता सामाजिक सञ्जालमा शेयर गरिएको आधारमा केही पैसा आए पनि त्यो पर्याप्त छैन । धेरैले हेर्ने किसिमको सनसनीपूर्ण समाचार बनाउन खोज्दा पत्रकारिताका मापदण्डहरू चौपट हुन्छन् । अर्थात्, मापदण्ड पालन गर्न खोज्दा खर्च बढ्छ, आर्थिक दिगोपन खोज्दा पत्रकारिताका मापदण्ड चौपट होलान् भन्ने डर हुन्छ ।

विश्वभरि नै पत्रकारितामा वस्तुनिष्ठता, निष्पक्षता, तटस्थता र जवाफदेहितालाई व्यावसायिक मापदण्डको मानक मान्ने गरिन्छ । खल्तीबाट पैसा हालेर एवम् स्वयम्सेवी रूपमा गरिएको कामले प्रवासी नेपालीले सञ्चालन गरेको पत्रकारितालाई व्यावसायिक बनाउन र आर्थिक रूपमा सबल बनाउने कुरा निकै चुनौतिपूर्ण छ । चाखलाग्दो कुरा के छ भने, कोभिड–१९ जस्तो विश्वव्यापी महामारीको समयमा पनि प्रवासी नेपालीहरूले सञ्चालन गरेका कतिपय अनलाइन समाचार पोर्टलहरु (जस्तैः नेपाली लिंक डट कम, ग्लोबल नेप्लिज डट कम, गोर्खा मिडिया डट कम, ब्रिटिस खबर डट कम) आदि सञ्चालन भइराखे । यो निकै महत्वपूर्ण कुरा हो । तर, जस्तो परिस्थिति भए पनि पत्रकारिताको मूल्य–मान्यतामा सम्झौता गरेर गरिएको पत्रकारितालाई व्यावसायिक भन्न सकिन्न । महामारीभन्दा अघि वा पछि पनि प्रवासी नेपालीहरूले व्यावसायिक पत्रकारिता वा सञ्चार संस्थामा आर्थिक दिगोपनलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरामा कुनै ठोस कार्ययोजना नभएको देखिएन ।

**प्रवासी नेपाली मिडिया सञ्चालनका उपायहरु के हुन सक्छन् ?**

माथिको अध्ययनबाट प्राप्त तथ्यहरूलाई विचार गर्दा निम्न रणनीति अपनाउन सके प्रवासको पत्रकारितामा गुणस्तर कायम गर्न र आर्थिक हिसाबले पनि चलायमान बनाउन सकिन्छ । ती रणनीतिक सुझावका बारेमा म छोटकरीमा चर्चा गर्न चाहन्छु :

**१. हामीलाई थाहै छ–पत्रकारिता सामूहिक कार्य हो :**

कुनै पनि सञ्चार संस्थामा गुणस्तर अभिवृद्धिका लागि स्थानीय संवाददाता, मुख्य संवाददाता, समाचार सम्पादक, पाण्डुलिपि सम्पादक, भाषा परीक्षक, सज्जा सम्पादक, प्रधान सम्पादक आदि भूमिकामा पत्रकारहरु चाहिन्छ । तर, अचेल प्रवासका धेरैजसो अनलाइन एक–दुई व्यक्तिको रहर वा लहडले चलेका छन् । जतिसुकै खटे पनि पत्रकारितामा निखार ल्याउन वा व्यावसायिक गुणस्तर कायम गर्न एक्लो व्यक्तिले सम्भव छैन । त्यसैले प्रवासमा गुणस्तरीय पत्रकारिताका लागि उस्तै भावना र हुट्हुटी भएका साथीहरु मिलेर सहकार्य गर्नु पहिलो महत्वपूर्ण शर्त हो । एक्लै पत्रकारिता गर्ने कुरा हुटिट्याउँले सगर थामेजस्तै हो । त्यसैले गुणस्तरीय पत्रकारिताका लागि सहकार्य गरौं ।

**२. सञ्चार संस्था चलाउँदा आफैं सर्वेसर्वा हुनु पर्ने वा प्रधान सम्पादक आफैं हुनु पर्ने मानसिकताबाट मुक्त हुनु पर्छ :**

नेपालमा म फलानो पदमा थिएँ भन्ने भूतप्रभावी मानसिकताले पनि कहिलेकाहीं सहकार्य गर्न वा आफूभन्दा कनिष्ठहरूसँग उदार मन राखेर काम गर्न अप्ठेरो पर्छ । कसैले धेरै पैसा हालेकै भरमा त्यसलाई ठूलो पदमा स्वीकार्न सकिने अवस्था पनि हुँदैन । अमेरिका वा क्यानडामा त्यस्ता अनेक उदाहरणहरु छन्, जसमा सहकर्मीहरु को वरिष्ठ वा को कनिष्ठ भन्ने कुरामा विवाद भएर वा कसले कुन पद लिने भन्ने विषयमा कुरा नमिलेर चलिरहेका सञ्चार संस्था नै बन्द भएका छन् । अखबार सञ्चालनका लागि दिन सक्ने योगदान, समय वा आर्थिक सहयोग आदिलाई समेत दृष्टिगत गरेर विवाद नहुने किसिमले सबैलाई समेटेर सम्पादक–मण्डल बनाऔं, जस अन्तर्गत सबै साथीहरूको नाम बराबरीको हैसियतमा राख्न सकिन्छ । सहकारी मोडलमा सञ्चार संस्था चलाउनुपर्छ– सहकार्य गर्ने साथीहरूबीच नाफा–घाटा बराबर हुनेगरी ।

**३. समाचारको 'रिसाइक्लिङ' बन्द गरौं :**

प्रवासबाट सञ्चालित नेपाली सञ्चार संस्थाहरूले मूलतः नेपालकै समाचार पुनःउत्पादन गर्ने गरेको कुरा माथि उल्लेख गरिएकै छ । फेरि त्यस्तो पुनःउत्पादित समाचारको कच्चा पदार्थ कुनै औपचारिक वा वैधानिक स्रोतबाट प्राप्त भएको हुँदैन । प्रायः सबैले नेपालबाट प्रकाशित विभिन्न सञ्चार संस्थाको अनलाइन संस्करणबाट उपलब्ध समाचार सामग्रीलाई अनधिकृत रूपमा काँटछाँट, पुनःलेखन, सम्पादन आदि गरेर पुनःउत्पादन गर्ने हुन् । त्यो कुनै नयाँ वा सिर्जनात्मक काम होइन, जसले प्रवासी नेपाली समुदायलाई ठोस योगदान दिन सकोस् । अझ कतिले त ' कपी–पेस्ट' मात्रै जानेका छन् । चोरीचकारीबाट सिर्जना गरेको समाचारले तपाईंको प्रतिष्ठा बढाउँदैन, घटाउँछ । तपाईंको अगाडि 'क्याबात् पत्रकारज्यू' भन्नेले पनि पछाडि कुरा काटेकै हुन सक्छन् । सचेत होऔं । बचौं ।

**४. स्थानीय समाचारलाई प्राथमिकता दिऔं :**

प्रवासी नेपाली सञ्चार संस्थामा प्रायः नेपालमा जे राजनीतिक, आर्थिक वा सामाजिक घटनाक्रम हुन्छ, प्रवासका सञ्चार संस्थामा पनि त्यही समाचारको पुनःप्रस्तुतिले ठाउँ ओगट्छ । यो लेख लेख्दै गर्दा मैले यूरोप र उत्तर अमेरिकाका विभिन्न देशहरूबाट सञ्चालित प्रवासी नेपालीले चलाएका १४ ओटा अनलाइन पोर्टलहरु हेरें । तीमध्ये नेपालप्लस डट कम (फ्रान्स), खसोखास डट कम

(अमेरिका) र नेपालटच डट कम (क्यानडा) खोल्ने बित्तिकै पहिलो पाँच समाचारहरू स्थानीय विषयमा लेखेको पाइयो । बाँकीमा पहिलो पाँच समाचारभित्र स्वर्णिम वाग्ले प्रकरण, राष्ट्रिय स्वतन्त्र पार्टीको पत्रकार सम्मेलन, मिटरब्याज पीडितको मुद्दा, नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालका योजना, मच्छिन्द्रनाथको जात्रा आदि विषय समेटिएका थिए । नेपालको समाचार हेर्नका लागि नेपालकै अनलाइनहरू पर्याप्त छन् । त्यही समाचार पुनःलेखन गर्नुको साटो स्थानीय गतिविधिका बारेमा प्रवासी नेपाली पाठकलाई जानकारी दिन सकिएन भने प्रवासी नेपाली मिडियाले स्थानीय पाठकहरूबीच आफ्नो स्थान बनाउन सक्दैनन् । स्थानीय पाठकलाई काम लाग्ने खुराक दिन सकिँदैन र नेपालकै धङ्धडीमा रमाउने हो भने प्रवासमा त्यस्ता समाचार संस्थाको औचित्य छैन ।

**५. स्थानीय भाषामा पनि समाचार उत्पादन गरौं ः**

नेपालमा हुर्किएर प्रवासमा भाग्य खोज्दै हिंडेको हाम्रो पुस्ताले नेपाली समाचार पढ्छ, बुझ्छ । तर, सानो उमेरमै विदेश आएका वा प्रवासमै जन्मेका बालबालिकालाई नेपालबारे उत्ति जानकारी हुँदैन । एकातिर नेपाली भाषामा मात्रै लेखेर/बोलेर हाम्रै बालबालिकाले बुझ्दैनन् । अर्कातिर, हामी पनि नेपाली भाषामा मात्रै अनलाइन चलाएर स्थानीय समुदायमा भिज्न सक्दैनौं । यसको अर्थ हो– हाम्रो पत्रकारिताले नेपाल र प्रवासलाई जोड्न सकेन । त्यसका लागि आफू बसेको देशको भाषामा पनि समाचार प्रकाशन गर्ने काम गर्नु पर्छ, ताकि हाम्रा नानी–बाबुले पनि नेपालीत्व बारे जानकारी पाउन् । स्थानीय समुदायलाई पनि नेपाली आप्रवासीका सरोकारका विषयमा जानकारी होस् । मातृभूमिको प्रबर्द्धन गर्ने हो भने हामीले हाम्रो पत्रकारितालाई स्थानीय भाषामा समेत प्रकाशन/प्रसारण गर्न ढिला गर्नु हुँदैन ।

**६. अरूकै सञ्चार संस्थामा नियमित लेखौं ः**

हामीले सबैभन्दा सस्तो ठानेको अनलाइन पोर्टललाई व्यावसायिक हिसाबले चलाउन सबैभन्दा खर्चिलो छ । अनलाइनमा समाचारलाई अझ विश्वस्त बनाउन तस्विरको प्रयोग, श्रव्य–दृश्य सामग्रीको प्रयोग, रेखाचित्रको प्रयोग गर्न सकिन्छ । फेरि अनलाइनमा समाचार प्रकाशन गर्ने कुनै समयसीमा हुँदैन । पाठकहरू संसारभरि छरिएका हुन्छन् । जति समाचार प्रकाशन गरे पनि अनलाइनको भाँडो अखबारको जस्तो भरिनेवाला छैन । त्यसमा पनि एक्लै चलाउन खोज्ने जोशले अझ दुःख दिन्छ । आफूसँग सञ्चार संस्था चलाउने मन मिल्दा साथीहरूको

समूह छैन भने आफूलाई मन परेको सञ्चारमाध्यममा लेखक, स्तम्भकार वा टिप्पणीकर्ताका रूपमा आफूलाई सीमित राख्नु उपयुक्त हुन्छ । यसो गर्दा आफूलाई जसरी भए पनि पत्रकार हुनै पर्ने झन्झटबाट मुक्त राख्न सकिन्छ भने अरूले चलाएको अनलाइनमा योगदान गरेर आफ्ना समकक्षी साथीहरूलाई सहयोग गर्न सकिन्छ । फेरि हप्ता–दुई हप्तामा एउटा टिप्पणी वा लेख वा समीक्षा लेख्न सकियो भने आफ्नो लेखाइको गुणस्तर पनि बढ्छ । समाचार त जतासुकै पाइन्छ, आफ्नो ब्रह्मले देखेको सत्य लेख्न त आफैं अघि नसरी हुन्न । साथीहरूलाई सहयोग गरौं । हरेकले सम्पादकै हुनु पर्ने मानसिकताबाट पछि हटौं ।

*(प्राध्यापक : युनिभर्सिटी अफ् ओटावा, क्यानडा)*

# अभिलेख खण्ड

# हालसम्म झापा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका पत्रपत्रिकाको विवरण

| दर्ता संख्या | पत्रिकाको नाम | दर्ता मिति | किसिम | दर्ता नम्बर | प्रकाशक/ सम्पादक | प्रकाशन हुने स्थान |
|---|---|---|---|---|---|---|
| १ | भानु | २०२०/५/१७ | त्रैमासिक | १ | भवानीप्रसाद घिमिरे | भद्रपुर–८ |
| २ | पञ्चायत | २०२०/१२/२ | मासिक | – | जिल्ला पञ्चायत झापा | झापा जिल्ला |
| ३ | मेची सन्देश | २०२३/०६/२७ | पाक्षिक | – | भद्रपुर नगर पञ्चायत | भद्रपुर नगर पञ्चायत |
| ४ | साँचो | २०२५/१/१२ | पाक्षिक | – | दर्ता किताबमा सम्पादक/प्रकाशकको नाम उल्लेख नभएको (तर, प्रकाशित पत्रिकामा दिव्य भूर्तेल लगायतको नाम रहेको) | – |
| ५ | आलोक | २०२५/४/१७ | साप्ताहिक | २४६ | श्यामकृष्ण उपाध्याय | भद्रपुर–४ |
| ६ | पञ्चामृत | २०२५/८/२८ | मासिक | | दर्ता किताबमा सम्पादक/प्रकाशकको नाम उल्लेख नभए पनि राधाकृष्ण मैनालीबाट आफू प्रधान सम्पादक र प्रकाशक तथा लीला उदासी र रुद्र खरेल सम्पादक रहेको जानकारी प्राप्त। | |
| ७ | सूर्योदय | २०२५/१२/१२<br>२०२६/३/८ | साप्ताहिक | ७ | हृषीकेश उपाध्याय<br>वसन्तकुमार खड्का | भद्रपुर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | सिद्धार्थ | २०२९/८/१० | पाक्षिक | | डिल्लीराम निर्भीक | भद्रपुर |
| ९ | सेवा सुश्रूषा | २०३५/९/१० | द्वैमासिक | १३/२०३५–३६ | सम्पादक : डिल्लीप्रसाद भट्टराई<br>प्रकाशक : रेडक्रस झापा | चन्द्रगढी, झापा |
| १० | साहित्यिक ध्वनि | २०३६/०३/०७ | मासिक | १४/२०३५–३६ | योग्यराज न्यौपाने | चन्द्रगढी |
| ११ | विश्वदीप | २०३६/०८/२३ | मासिक | १५/२०३६/३७ | मदन ढकाल | शनिश्चरे, झापा |
| १२ | रहर | २०३७/५/२५ | मासिक | १६/२०३७–३८ | डिकमान मुखिया | गरामनी, झापा |
| १३ | सिद्धार्थ | २०३७/०८/२० | साप्ताहिक | १४/२०३७–३८ | डिल्लीराम निर्भीक | भद्रपुर |
| १४ | जुही | २०३८/२/८ | त्रैमासिक | १७/२०३७–३८ | प्रदीपमणि रेग्मी | चन्द्रगढी |
| १५ | जनज्योति | २०३८/७/१४ | मासिक | १८/२०३८–३९ | गञ्जबहादुर दाहाल | भद्रपुर– ७ |
| १६ | संसार | २०३८/८/०८ | द्वैमासिक | १९/२०३८–३९ | श्यामकृष्ण उपाध्याय | भद्रपुर नगर पञ्चायत |
| १७ | साहित्यालोक | २०३८/११/२१ | त्रैमासिक | २०/२०३८–३९ | अमृतलाल श्रेष्ठ | धुलाबारी– ४ |
| १८ | लालीगुराँस | २०३८/११/२५ | त्रैमासिक | २१/२०३८–३९ | सम्पादक : रञ्जीतकुमार खड्का<br>प्रकाशक : प्रदीपकुमार खड्का | भद्रपुर |
| १९ | हिजो आज | २०३९/१/१० | दैनिक | १/२०३८–३९ | डिल्लीराम निर्भीक | भद्रपुर– १५ |
| २० | जनध्वनि | २०३९/०४/२७ | साप्ताहिक | २२/२०३९–४० | योग्यराज न्यौपाने | चन्द्रगढी, झापा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | नयाँ विचार | २०३९/०६/२२ | साप्ताहिक | २४/२०३९-४० | श्रीमती मीरा अधिकारी | चन्द्रगढी- १ |
| २२ | दुबो | २०३९/९/२ | द्वैमासिक | २५/२०३९-४० | शलभ राजेन्द्र शर्मा | भद्रपुर- ९ |
| २३ | जनज्योति | २०३९/११/१२ | साप्ताहिक | २६/२०३९-४० | गञ्जबहादुर दाहाल | गौरादह- ८, झापा |
| २४ | स्वतन्त्र आवाज | २०४०/१/२ | साप्ताहिक | २७/२०३९-४० | मोहनबहादुर ढुङ्गाना | भद्रपुर- ४ |
| २५ | वरुण | २०४०/१/४ | साप्ताहिक | २८/२०४०-४१ | सम्पादक : हीरा आकाश<br>प्रकाशक : माया देवान | भद्रपुर- ८ |
| २६ | अञ्जुली | २०४०/६/४ | साप्ताहिक | ३०/२०४०-४१ | विष्णु शिवाकोटी | शनिश्चरे- ३, झापा |
| २७ | साप्ताहिक विचार | २०४०/६/५ | साप्ताहिक | ३१/२०४०-४१ | तारा बराल | चन्द्रगढी- ७ |
| २८ | शनिबार | २०४०/९/२५ | साप्ताहिक | २३/२०४०-४१ | मदन ढकाल | अनारमनी- १, झापा |
| २९ | सिद्धार्थ | २०४७/४/७ | अर्धसाप्ताहिक | | डिल्लीराम निर्भीक | भद्रपुर |
| ३० | नयाँ कामना | २०४७/५/६ | साप्ताहिक | ३२ | सम्पादक : गोपीकृष्ण खनाल<br>प्रकाशक : नयाँ कामना | अनारमनी- ४, झापा |
| ३१ | स्वाधीन सम्वाद | २०४७/५/७ | साप्ताहिक | ३३ | लीला उदासी खनाल | चारपाने- १, झापा |
| ३२ | मनकामना | २०४७/७/२७ | साप्ताहिक | ३४ | सम्पादक : गोपीकृष्ण खनाल<br>प्रकाशक : गणेशबहादुर कार्की | अनारमनी- ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | लोकमत | २०४७/१०/२७ | साप्ताहिक | ३५ | सूर्यप्रसाद नेपाल | अनारमनी– ३ |
| ३४ | श्रृष्टि | २०४८/४/२ | साप्ताहिक | ३६ | पदमबहादुर पौडेल | |
| ३५ | जनचाहना | २०४८/४/२३ | साप्ताहिक | ३७ | तिलबिक्रम कन्दङ्वा | धाइजन– ६, झापा |
| ३६ | झापा एक्सप्रेस | २०४९/८/२८ | दैनिक | ३८ | नकुल काजी | भद्रपुर– ४ |
| ३७ | सासंक | २०४९/११/०५ | त्रैमासिक | ३९ | सम्पादक : कृष्णप्रसाद भट्टराई<br>प्रकाशक : सासंक प्रतिष्ठान | धुलाबारी, झापा |
| ३८ | ज्योतिष दर्पण | २०४९/११/१९ | मासिक | ४० | सम्पादक : लोकराज पौडेल प्रकाशक : समूह प्रकाशन प्रालि | भद्रपुर– ४ |
| ३९ | विवेचना | २०५०/४/१५ | दैनिक | ४१ | सम्पादक : नकुल काजी<br>प्रकाशक : विवेचना प्रकाशन | भद्रपुर– ४ |
| ४० | कन्काई एक्सप्रेस | २०५०/८/१६ | साप्ताहिक | ४२ | सम्पादक : जयबहादुर श्रेष्ठ<br>प्रकाशक : डम्बर ब. श्रेष्ठ | |
| ४१ | झुल्केघाम | २०५१/९/२८ | साप्ताहिक | ४३ | डिकमान विरही | दुहागढी |
| ४२ | नौलो आयाम | २०५२/२/३ | साप्ताहिक | ४४ | सम्पादक : डिल्लीप्रसाद खनाल<br>प्रकाशक : पंकज दाहाल | दमक, झापा |
| ४३ | पूर्वाञ्चल | २०५२/४/२९ | दैनिक | ४५ | सम्पादक : गोविन्दचन्द्र छेत्री<br>प्रकाशक : भरतलाल गिरी | बिर्तामोड |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | पूर्वाञ्चल आवाज | २०५२/६/५ | साप्ताहिक | ४६ | केदारनाथ रिमाल | दमक |
| ४५ | तिलकोर (मैथिली भाषी) | २०५२/६/१० | मासिक | ४७ | सुरेन्द्रकुमार कर्ण | भद्रपुर |
| ४६ | नयाँ सन्दर्भ | २०५२/८/११ | साप्ताहिक | ४८ | सम्पादक : लोकराज ढकाल<br>प्रकाशक : लेखनाथ भट्टराई | बिर्तामोड |
| ४७ | यथार्थ कुरा | २०५२/९/१८ | पाक्षिक | ४९ | चूडामणि रेग्मी | चन्द्रगढी |
| ४८ | साप्ताहिक समाचार | २०५३/४/३० | साप्ताहिक | ५० | सम्पादक : गोपाल गिरी | भद्रपुर |
| ४९ | आधारशिला | २०५३/११/२५ | त्रैमासिक | ५१ | रामनाथ बास्कोटा | चन्द्रगढी– ७ |
| ५० | मेची खबर | २०५४/४/२४ | साप्ताहिक | ५२ | सम्पादक : राजबाबु शंकर | भद्रपुर– ५ |
| ५१ | पाथीभरा दर्शन | २०५४/४/३० | मासिक | ५३ | सम्पादक : मुकुन्दप्र.न्यौपाने प्रकाशक : रामप्रसाद अधिकारी | शनिश्चरे– ९ |
| ५२ | न्यू कान्तिपथ | २०५४/५/१३ | दैनिक | ५४ | सम्पादक : खगेन्द्रकुमार कार्की | हल्दिबारी, झापा |
| ५३ | मुक्ति आवाज | २०५४/११/१ | साप्ताहिक | ५५ | तिलबिक्रम कन्दङ्वा | धाइजन– ६ |
| ५४ | Eastern Echo | २०५४/१२/११ | साप्ताहिक (अंग्रेजी) | ५६ | नकुल काजी | भद्रपुर– ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५५ | जन आन्दोलन | २०५५/४/१८ | साप्ताहिक | ५७ | सम्पादक : गोपाल घिमिरे<br>प्रकाशक : कमलप्रसाद मिश्र | गरामनी– ४ |
| ५६ | जनसंसद् | २०५५/८/७ | साप्ताहिक | ५८ | राजेश ढुङ्गाना | भद्रपुर– ५ |
| ५७ | झापाली सन्देश | २०५५/८/१६ | साप्ताहिक | ५९ | ठाकुरप्रसाद शिवाकोटी | बिर्तामोड |
| ५८ | अर्को विकल्प | २०५५/८/१७ | त्रैमासिक | ६० | प्रेमकुमार प्रधान | दमक– १० |
| ५९ | स्काउट दर्पण | २०५५/९/१७ | त्रैमासिक | ६१ | सम्पादक : कुसुम क्षेत्री<br>प्रकाशक : नेपाल स्काउट, झापा | भद्रपुर |
| ६० | दीक्षा | २०५६/१/६ | मासिक | ६२ | लीला उदासी खनाल | चारपाने, झापा |
| ६१ | सप्रमाण | २०५६/२/१७ | पाक्षिक | ६३ | सम्पादक : अरुणा नेम्बाङ<br>प्रकाशक : जीएन शर्मा | अनारमनी– ३ |
| ६२ | नयाँ अठोट | २०५६/५/२२ | साप्ताहिक | ६४ | कमला आचार्य | अनारमनी– ३ |
| ६३ | पिपुल्स टाइम्स | २०५६/५/३१ | साप्ताहिक | ६५ | सम्पादक : अरुणा नेम्बाङ<br>प्रकाशक : जीएन शर्मा | |
| ६४ | साझा मञ्च | २०५७/२/६ | मासिक | ६६ | गोपाल काफ्ले | अनारमनी |
| ६५ | पूर्वी नेपाल | २०५७/५/९ | दैनिक | ६७ | किरण भारती | भद्रपुर– १४ |
| ६६ | मासलाइन | २०५८/१/१६ | दैनिक | ६८ | इन्द्रबहादुर न्यौपाने | दमक नगरपालिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६७ | पूर्व सन्देश | २०५८/६/२ | दैनिक | ६९ | गञ्जबहादुर दाहाल | दमक |
| ६८ | हिमालय | २०५८/७/२६ | साप्ताहिक | ७० | सुजाता उप्रेती | भद्रपुर– १४ |
| ६९ | सगरमाथा सौगात | २०५९/६/३ | मासिक | ७१ | सम्पादक : पञ्चप्रकाश चेम्जोङ प्रकाशक : चक्रबहादुर लिम्बू अविरल सागर | गोलधाप– ७, झापा |
| ७० | प्रभात | २०६०/६/४ | मासिक | ७२ | सम्पादक : कृष्णप्रसाद वन<br>प्रकाशक : डिल्लीराम ढुंगेल | जलथल, झापा |
| ७१ | झापा टाइम्स | २०६०/६/४ | साप्ताहिक | ७३ | षड्कुशादेवी रेग्मी | दमक |
| ७२ | नवप्रतिभा मञ्च नेपाल | २०६०/६/२६ | त्रैमासिक | ७४ | हरिप्रसाद गौतम | काठमाडौं |
| ७३ | नौलो आवाज | २०६०/१०/१४ | साप्ताहिक | ७५ | सुशीला लम्साल | भद्रपुर |
| ७४ | सुपूर्व मालिका | २०६१/८/३० | साप्ताहिक | ७६ | मोहन गिरी | बिर्तामोड |
| ७५ | दोमुखा साहित्य | २०६१/९/२ | मासिक | ७७ | सम्पादक : रामबाबु महर्जन | बिर्तामोड |
| ७६ | विचन हप्तामारी | २०६१/११/१६ | राजवंशी भाषी साप्ताहिक | ७८ | सम्पादक : पवनकुमार राजवंशी | बिर्तामोड |
| ७७ | दमक टाइम्स | २०६१/११/१६ | मासिक | ७९ | सम्पादक : दुर्गाप्रसाद अधिकारी | दमक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७८ | किरात नाम्साङ (नेपाली र किरात भाषामा) | २०६२/६/४ | मासिक | ८० | सम्पादक : डकेन्द्रसिंह लिम्बू<br>प्रकाशक : सेसेहाङ फियाक | दमक |
| ७९ | बज्रपात | २०६२/११/१० | दैनिक | ८१ | रविचन्द्र ओझा | अनारमनी– ३ |
| ८० | न्यू मेची टाइम्स | २०६३/४/२१ | दैनिक | ८२ | तीर्थराज सिग्देल | अनारमनी– ३ |
| ८१ | स्वतन्त्र जनआवाज | २०६३/७/३ | साप्ताहिक | ८३ | महालक्ष्मी आचार्य पनेरू | चन्द्रगढी– ८ |
| ८२ | गाउँका खबर | २०६३/७/१३ | साप्ताहिक | ८४ | मलिन्द्र सुवेदी (दीपक) | गौरादह– ४ |
| ८३ | जन विज्ञप्ति | २०६३/७/१३ | दैनिक | ८५ | मलिन्द्र सुवेदी (दीपक) | दमक |
| ८४ | सशक्त नारी आवाज | २०६३/७/२४ | साप्ताहिक | ८६ | सुशीला लम्साल आचार्य | भद्रपुर– ११ |
| ८५ | The Pioneer | २०६३/७/३० | साप्ताहिक | ८७ | सन्तोष घिमिरे | चन्द्रगढी– ८ |
| ८६ | जय लोकतन्त्र | २०६३/१०/१ | साप्ताहिक | ८८ | कृष्णप्रसाद हुमागाईं | बिर्तामोड– ५ |
| ८७ | न्यू मासलाइन | २०६४/१/९ | दैनिक | ८९ | भानुभक्त भण्डारी | दमक |
| ८८ | अर्जुनधारा | २०६४/६/११ | दैनिक | ९० | सम्पादक : कृष्णप्रसाद हुमागाईं<br>प्रकाशक : अर्जुनधारा प्रालि | बिर्तामोड |
| ८९ | बाल ज्ञानमाला | २०६४/६/११ | मासिक | ९१ | प्रधान सम्पादक : घनेन्द्रप्र.शर्मा<br>प्रकाशक : राजबाबु शंकरंगणेश खड्का | भद्रपुर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९० | साहित्यिक सचेतना | २०६४/८/२० | मासिक | ९२ | सम्पादक : पुण्यप्रसाद खरेल<br>प्रकाशक : चेतना प्रकाशन सहकारी संस्था | अनारमनी– ३ |
| ९१ | सनराइज | २०६४/११/१६ | दैनिक | ९३ | सम्पादक : विजयवस्ती<br>प्रकाशक : गोविन्दबहादुर थापा | दमक |
| ९२ | झापा पोष्ट | २०६४/११/२० | दैनिक | ९४ | सम्पादक : तारामणि सापकोटा<br>प्रकाशक : माधव विद्रोही | अनारमनी– ३ |
| ९३ | नयाँ तहल्का | २०६५/१/३० | दैनिक | ९५ | सम्पादक : विनोद बस्नेत<br>प्रकाशक : अर्जुन बस्नेत | अनारमनी |
| ९४ | यलम्बर टाइम्स | २०६५/१/३० | साप्ताहिक | ९६ | दीपेन्द्रकुमार राई | अनारमनी |
| ९५ | हाम्रो नयाँ पत्रिका | २०६५/२/२१ | साप्ताहिक | ९७ | कविता बास्तोला पाठक | अनारमनी– ४ |
| ९६ | रिमझिम | २०६५/५/४ | साप्ताहिक | ९८ | त्रैलोक्यनाथ शर्मा न्यौपाने | मेचीनगर, झापा |
| ९७ | पूर्वको अर्थ | २०६५/५/१८ | साप्ताहिक | ९९ | सम्पादक : मुक्तिनाथ लुइँटेल<br>प्रकाशक : यादवप्रसाद पौडेल | अनारमनी– ३ |
| ९८ | अनुसूचन | २०६५/६/१ | मासिक | १०० | भक्तबहादुर खपाङ्गी विक | अनारमनी |
| ९९ | नयाँ जनअदालत | २०६५/६/१० | पाक्षिक | १०१ | जीएन शर्मा | मेचीनगर |
| १०० | हाम्रो राय | २०६५/७/१० | साप्ताहिक | १०२ | सम्पादक : राजकुमार विश्वकर्मा<br>प्रकाशक : सोमनाथ विश्वकर्मा | अनारमनी– ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०१ | सुखानी आवाज | २०६५/९/२० | साप्ताहिक | १०३ | यज्ञराज प्रसाईं | अनारमनी– ३ |
| १०२ | प्रतिदिन | २०६५/१०/६ | दैनिक | १०४ | सम्पादक : लीलाप्रसाद बराल<br>प्रकाशक : कृष्णप्रसाद मिश्र | अनारमनी– ४ |
| १०३ | द इन्फो एक्सप्रेस (अंग्रेजी) | २०६५/१२/२३ | मासिक | १०५ | सम्पादक : बीना प्रसाईं<br>प्रकाशक : अनिल शिवाकोटी | बिर्तामोड |
| १०४ | संघीय नेपाल | २०६६/४/९ | साप्ताहिक | १०६ | सम्पादक : दिनेश कार्की<br>प्रकाशक : वीरबहादुर बेघा | मेचीनगर |
| १०५ | पूर्वी प्रतिध्वनि | २०६६/५/११ | साप्ताहिक | १०७ | नकुल काजी | भद्रपुर– ४ |
| १०६ | क्रेजी न्यूज | २०६७/४/२० | साप्ताहिक | १०८ | रवीन्द्र मण्डल (रविनश्री) | अनारमनी– ३ |
| १०७ | कसार | २०६७/५/२० | साप्ताहिक | १०९ | वेणुप्रसाद अधिकारी | गौरादह, झापा |
| १०८ | पूर्वेली दर्पण | २०६७/८/२३ | साप्ताहिक | ११० | सम्पादक : कृष्णप्रसाद बास्कोटा<br>प्रकाशक : उपेन्द्र प्रसाईं | गौरादह |
| १०९ | जनता राज | २०६७/११/६ | साप्ताहिक | १११ | गीता घिमिरे | बैगुनधुरा, झापा |
| ११० | बाध्यता | २०६७/१२/१७ | मासिक | ११२ | रोहित खपाङ्गी | शनिश्चरे, झापा |
| १११ | पल | २०६७/१२/१७ | मासिक | ११३ | सम्पादक : उमाकान्त खनाल<br>प्रकाशक : पल क्रिएशन | बिर्तामोड |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११२ | झापावाणी | २०६८/१/१४ | साप्ताहिक | ११४ | सम्पादक : डण्डीराज घिमिरे<br>प्रकाशक : गौरावाणीसमूह | महारानीझोडा, झापा |
| ११३ | सभ्य नेपाल | २०६८/३/२८ | साप्ताहिक | ११५ | सम्पादक : सरोज बराल<br>प्रकाशक : कृष्ण अधिकारी | मधेसा– ५, शनिश्चरे मोरङ |
| ११४ | माई लाइफ | २०६८/८/२२ | पाक्षिक | ११६ | सम्पादक : सचिन वंशल<br>प्रकाशक : नवीन उप्रेती | अनारमनी |
| ११५ | दीप जलन | २०६८/९/२८ | द्वैमासिक | ११७ | सन्तबहादुर लिम्बू | गोलधाप, झापा |
| ११६ | निर्माण लहर | २०६८/१०/५ | साप्ताहिक | ११८ | रोहित काफ्ले | महेशपुर– १, झापा |
| ११७ | सुप्तुलुङ | २०६८/१०/५ | मासिक | ११९ | प्रेम राई | धरमपुर– ७, झापा |
| ११८ | असहमति | दर्ता मिति नभएको | साप्ताहिक | १२० | सम्पादक : पूर्णबहादुर चेम्जुङ<br>प्रकाशक : शेरबहादुर नाल्बो | बिर्तामोड |
| ११९ | उज्यालो पूर्व | २०६८/१२/१५ | दैनिक | १२१ | सम्पादक : ज्ञानमाया चम्लागाईं<br>प्रकाशक : युवराज गिरी | बिर्तामोड |
| १२० | सतासी | २०६९/४/२८ | साप्ताहिक | १२२ | प्रेम राई | धरमपुर– ७, झापा |
| १२१ | निरुपण (जर्नल) | २०६९/०६/२८ | अर्धवार्षिक | १२३ | विष्णुप्रसाद रिमाल | धाइजन– ६, झापा |
| १२२ | देशभित्र | २०६९/१०/८ | साप्ताहिक | १२४ | डण्डीराज घिमिरे | महारानीझोडा, झापा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२३ | यस म्यागेजिन | दर्ता मिति नभएको | साप्ताहिक | १२५ | केदार आचार्य | अनारमनी– ४ |
| १२४ | शाब्दिक शक्ति | २०६९/११/१७ | मासिक | १२६ | कुवेरप्रसाद भट्टराई | सतासी– ४, झापा |
| १२५ | पूँजीवाद | २०६९/११/१७ | मासिक | १२७ | तारामणि सापकोटा | भद्रपुर |
| १२६ | न्यू पूर्वेली आस्था | २०६९/११/२१ | मासिक | १२८ | सम्पादक : प्रकाश भण्डारी<br>प्रकाशक : श्यामकृष्ण लम्साल | दमक |
| १२७ | जिज्ञासा मञ्च | २०६९/१२/२८ | मासिक | १२९ | यामप्रसाद खनाल/ जिज्ञासा मिडिया एण्ड पब्लिकेशन प्रालि | चारपाने |
| १२८ | पूर्वाञ्चल न्यूज | २०७०/२/२५ | दैनिक | १३२ | सम्पादक : एकराज गिरी | बिर्तामोड |
| १२९ | अखण्ड नेपाल | २०७०/३/५ | दैनिक | १३० | भक्तबहादुर विक खपाङ्गी | बिर्तामोड |
| १३१ | समर्पण सौगात | २०७०/५/३० | मासिक | १३१ | सम्पादक : मणिकुमार राई | अनारमनी– ४ |
| १३२ | लोकतन्त्र पोष्ट | २०७१/८/१० | दैनिक | १३३ | सम्पादक : मोहनकुमार न्यौपाने (मोहन काजी) | धुलाबारी |
| १३३ | साझा लिम्बूवान | २०७१/११/२९ | मासिक | १३४ | सम्पादक : सुरेन्द्र लिम्बू | दमक |
| १३४ | समदर्शी सञ्चार | २०७२/३/६ | मासिक | १३५ | सम्पादक : विष्णुदेवी चेम्जोङ<br>प्रकाशक : देशराज नेम्बाङ | दमक– १ |
| १३५ | मेची आवाज | २०७२/४/१४ | साप्ताहिक | १३६ | डम्मरु बराल | मेचीनगर– १० |
| १३६ | कनकाई | २०७२/४/२५ | साप्ताहिक | १३७ | लीलाराज खड्का (झापाली) | सुरुंगा, झापा |
| १३७ | समरूप | २०७२/४/२८ | साप्ताहिक | १३८ | डण्डीराज घिमिरे | गौरादह– ८, झापा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३८ | बिर्ता ज्योति | २०७२/५/२० | साप्ताहिक | १३९ | तीर्थराज सिग्देल | बिर्तामोड- ६ |
| १३९ | पूर्वेली | २०७२/५/२९ | साप्ताहिक | १४० | अनिल वाग्ले | बुधबारे (बुद्धशान्ति-१) |
| १४० | वैकल्पिक बहस | २०७३/३/२४ | मासिक | १४१ | दिनेश दंगाल | दमक- ५ |
| १४१ | खबर मञ्च | २०७३/४/१० | साप्ताहिक | १४२ | प्रकाश पौडेल | मेचीनगर |
| १४२ | इजलास | २०७३/१२/१६ | दैनिक | १४३ | प्रदीप परियार | बिर्तामोड |
| १४३ | शान्ति यात्रा | २०७४/२/९ | मासिक | १४५ | जीएन शर्मा | काँकडभिट्टा |
| १४४ | पूर्वी सीमान्त | २०७४/८/३ | साप्ताहिक | १४६ | किरण भारती | भद्रपुर |
| १४५ | बुद्धशान्ति | २०७४/१०/१९ | साप्ताहिक | १४७ | उमाकान्त खनाल | बुधबारे (बुद्धशान्ति) |
| १४६ | प्रदेश टाइम्स | २०७४/११/२२ | साप्ताहिक | १४८ | सम्पादक : खगेन्द्रप्रसाद घिमिरे<br>प्रकाशक : मुक्ति पौडेल | मेचीनगर |
| १४७ | सेसेधा | २०७५/०४/२३ | द्वैमासिक | १४५ | सम्पादक : जयप्रकाश सम्बाहाम्फे<br>प्रकाशक : सेसेमी सेरेङ नाल्बो | दमक- १ |
| १४८ | पोक्लाबाङ | २०७५/०४/२३ | द्वैमासिक | १४६ | सम्पादक- यज्ञबहादुर सुब्बा<br>प्रकाशक- डिल्लीश्वर मुसाहाङ लिम्बू | दमक- १ |
| १४९ | कनकाई खबर | २०७५/६/२२ | साप्ताहिक | १४९ | रामप्रसाद निरौला | कनकाई- ७, झापा |
| १५० | निष्कर्ष न्यूज | २०७६/१/१६ | साप्ताहिक | १५० | सुशीला पौडेल | दमक- ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५१ | माङ्गेन्ना | २०७६/७/२८ | मासिक | १५१ | प्रकाशक : सेसेहाङ फियाक<br>सम्पादक : विश्वदीप फियाक | दमक– ५ |
| १५२ | रातो पोष्ट | २०७७/८/२४ | साप्ताहिक | १५२ | दिलीप थापा | शिवसताक्षी– २, झापा |
| १५३ | छड्के अनुसन्धान | २०७७/९/३ | साप्ताहिक | १५३ | प्रकाशक : बालकृष्ण थापा<br>सम्पादक : खगेन्द्र प्र. घिमिरे | मेचीनगर– ६ |
| १५४ | नाम्सामी | २०७८/११/२२ | त्रैमासिक | १५४ | प्रकाशक : सेसेमी सेरेङ<br>सम्पादक : जयप्रकाश सम्बाहाङ्फे | दमक– १ |
| १५५ | सूर्योदय | २०७९/५/२३ | साप्ताहिक | १५५ | रोशन भट्टराई<br>सम्पादक : गंगाराम गड्तौला | बुद्धशान्ति, झापा |
| १५६ | सुखानी सन्देश | २०८०/१/१७ | साप्ताहिक | १५७ | प्रकाशक : राजु पाठक<br>सम्पादक : चूडामणि वशिष्ठ | भद्रपुर– ८ |
| १५७ | पालिका सन्देश | २०८०/४/१२ | साप्ताहिक | १५६ | तीर्थराज तिम्सिना | बुद्धशान्ति, झापा |
| १५८ | ज्येष्ठ आवाज | २०८०/६/७ | द्वैमासिक | १५८ | प्रकाशक : पंकज दाहाल<br>सम्पादक : कुवेर दाहाल | कमल– ५, झापा |
| १५९ | वर्तमान | २०८०/८/१५ | त्रैमासिक | १५९ | प्रकाशक : वर्तमान साहित्य प्रतिष्ठान<br>सम्पादक : रत्नमणि नेपाल | भद्रपुर, झापा |

*नोट : यो तालिका झापा जिल्ला प्रशासन कार्यालयको पत्रपत्रिका दर्ता किताबमा उल्लेखित मिति र तालिकाका आधारित छ। यद्यपि, निकै लामो समय प्रकाशन भएका 'युगज्ञान' साप्ताहिक लगायत कतिपय पत्रिकाहरूको नाम दर्ता अभिलेखमा समावेश भएको पाइएन। – सम्पादक*

# झापा जिल्लाका दैनिक पत्रिकाहरू

| क्र. स. | नाम | प्रधान सम्पादक/ सम्पादक | प्रकाशक/ प्रकाशन | अध्यक्ष | कार्यालय (ठेगाना) | फोन | इमेल |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल दैनिक | एकराज गिरी ९८४२६३४१६१ | भरतलाल गिरी ९८५२६७२०३५ | टोरुप प्रसाईं | बिर्तामोड- १ | ०२३-५४१००२ | *purwanchal2052@gmail.com* *purwanchal@ntc.net.np* |
| २ | प्रतिदिन | इन्द्रसिंह राजवंशी ९८५२६७५३४४ | नवसञ्चार गृह प्रा.लि. | | बिर्तामोड | ०२३-५३३८२० | *pratidin65@gmail.com* *nfo@pratidindaily.com* |
| ३ | इजलास दैनिक | प्रदीप परियार ९८५२६४५०२८ | टाइम्स मिडिया नेटवर्क | नारायणप्रसाद पोखरेल ९८४२७१०३१२ | बिर्तामोड-४ | ०२३-५४५०२८ | *ijalaasdaily@gmail.com* |
| ४ | पूर्वसन्देश दैनिक | गञ्जबहादुर दाहाल ९८५२६७०८७० | गञ्जबहादुर दाहाल ९८५२६७०८७० | | दमक-५ | ०२३-५८०२७२ | *purbasandesh@yahoo.com* |

# झापा जिल्लाका साप्ताहिक पत्रिकाहरू

| क्र. स. | नाम | प्रधानसम्पादक/ सम्पादक | प्रकाशक/प्रकाशन | अध्यक्ष | कार्यालय (ठेगाना) | फोन | इमेल |
|---|---|---|---|---|---|---|---|
| १ | जनज्योति | गञ्जबहादुर दाहाल ९८५२६७०८७० | गञ्जबहादुर दाहाल | | दमक-५ | ०२३-५८०६१६ | *dahalganja@gmail.com* |
| २ | समाचार | गोपाल गिरी राजबाबु शंकर ९७४९२ ४३३९७ | गोपाल गिरी ९८४२६५२८२७ | | भद्रपुर-८ | ९८४२६५२८२७ | *samachar2072@gmail.com* |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | निष्कर्ष न्यूज | सुशीला पौडेल<br>९८४२६६६३१४ | सुशीला पौडेल | | दमक–६ | ९८४२६६६३१४ | *nishkarshanews@gmail.com* |
| ४ | कसार | वेणुप्रसाद घिमिरे<br>९८४२६५७५४६ | वेणुप्रसाद घिमिरे | | गौरादह–२ | ९८४२६५७५४६ | *kasarweekly@gmail.com* |
| ५ | सतासी | प्रेम राई<br>सेलिङ केसी<br>९८१८४७२१०७ | प्रेम राई<br>९८१६९२५९६५ | योगेन लावती<br>९८०१४०३४५३ | शिवसताक्षी–८ | ०२३–४७०६७७ | *satashiweekly@gmail.com* |
| ६ | कनकाई | लीलाराज झापाली<br>९८६२६१३१८८ | लीलाराज झापाली<br>९८५२६७३२०५ | | कनकाई–३ | ०२३–५५०४२२ | *lilarajjhapali@gmail.com* |
| ७ | कनकाई खबर | रामप्रसाद निरौला<br>९८४२७३०४०१ | रामप्रसाद निरौला<br>९८४२७३०४०१ | | कनकाई–७ | ९८४२७३०४०१ | *kankaikhabar@gmail.com* |
| ८ | जनआन्दोलन | इन्दु पूर्वेली<br>९८४२६५९१८९ | यज्ञप्रसाद पाठक<br>९८४२७११२५४ | गोपीकृष्ण प्रसाईं<br>९८४४६३८८४१ | बिर्तामोड–५ | ०२३–५४५२४८ | *jana023542855@gmail.com* |
| ९ | जयलोकतन्त्र | कृष्ण हुमागाईं<br>९८५२६७२७५५ | कृष्ण हुमागाई | | बिर्तामोड–५ | ०२३–५४४०५५ | *humagain2012@gmail.com*<br>*loktantraweekly@gmail.com* |
| १० | बिर्ताज्योति | तुलसीप्रसाद निरौला<br>९८१६०४१६४६ | | | बिर्तामोड–४ | ९८१६०४१६४६ | *birtajyoti@gmail.com* |
| ११ | मेची खबर | झुलन रेग्मी<br>९८४२६२८७९२ | राजु पाठक<br>९८६२६८७२२२ | गोपालराज<br>कडरिया | बिर्तामोड–७ | ९८४२६२८७९२ | *mechikhabar72@gmail.com* |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | सुपूर्व मालिका | गोविन्द प्र. अधिकारी ९८४२७५७७११ | गोविन्द प्र. अधिकारी | | बिर्तामोड-५ | ९८४२७५५११ | *supurbamalika71@gmail.com* |
| १३ | यलम्बर टाइम्स | दिपीन रँई ९८४२६७११३१ | दिपीन रँई | | अर्जुनधारा-८ | ०२३-४६५५३३ | *yalamber.times@gmail.com*<br>*yalambar.times@yahoo.com* |
| १४ | पालिका सन्देश | तीर्थ तिम्सिना | टीएसटी नेपाल मिडिया प्रा.लि | सुरज दंगाल | वुद्धशान्ति | ९८०१८८०३६२ | *palikasandesh@gmail.com* |
| १८ | मेची आवाज | डम्बरु बराल ९८४२६७६३३१ | डम्बरु बराल | | मेचीनगर-६ | ९८४२६७६३३१ | *aawajmechi@gmail.com* |
| १९ | खबर मञ्च | प्रकाश पौडेल ९८५२६६३५९० | प्रकाश पौडेल | | मेचीनगर-६ | ०२३-५६३५९० | *paudelswadhin@gmail.com* |
| २१ | सुखानी सन्देश | चूडामणि वशिष्ठ ९८४२६५६०६० | राजु पाठक | | भद्रपुर- ८ | ९८६२६८७२२२ | *Sukhani2029@gmail.com* |
| २२ | नौलो आवाज | दीपक अधिकारी ९८४२६३८१९९ | झापा ज्योति प्रकाशन प्रालि | | भद्रपुर-६ | ०२३-५२२००९ | *nauloaawazweekly@yahoo.com* |
| २३ | स्वाधीन संवाद | माधव विद्रोही ९८४२६७७३८४ | व्यूह प्रकाशन समूह | | भद्रपुर-४ | ९८४२६७७३८४ | *madhabbidrohi@gmail.com* |
| ३४ | वरुण | ऋचा प्रधान | इशा प्रधान ९८१७९७०९९० | | फूलबारी टोल, भद्रपुर-८ | ९८४२६३७०६९ | *barunweekly@gmail.com* |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | नयाँ सन्दर्भ | गोविन्दचन्द्र छेत्री ९८४२६३७०८४ | गोविन्दचन्द्र छेत्री | | भद्रपुर–६ | ९८४२६३७०८४ | *chhetrigov@gmail.com* |
| २६ | निर्माण लहर | रोहित काफ्ले ९८४२७८३९९० | रोहित काफ्ले | नवराज पनेरू ९८५२६७८८०३ | भद्रपुर–४ | ०२३–५२१२२९ | *kafle.roheet@gmail.com* |

# झापा जिल्लाका मासिक पत्रिकाहरू

| क्र.स. | नाम | सम्पादक | प्रकाशक/प्रकाशन | अध्यक्ष | कार्यालय (ठेगाना) | फोन | इमेल |
|---|---|---|---|---|---|---|---|
| १ | समदर्शी सञ्चार | विष्णु चेम्जोङ ९८६०२४७८८४ | देशराज नेम्बाङ ९८४२६३१६१६ | देशराज नेम्बाङ ९८४२६३१६१६ | दमक–६ | ९८४२६३१६१६ | *samadarsi.paper@gmail.com* |
| २ | बैकल्पिक बहस | दिनेश दंगाल ९८४४६०२८९७ | दिनेश दंगाल ९८४४६०२८९७ | दिनेश दंगाल ९८४४६०२८९७ | दमक–५ | ९८१५०३७२८६ | *baikalpeekmedia@gmail.com* |
| ३ | साझा मञ्च | गोपाल काफ्ले ९८५२६७४३९३ | साझा मञ्च मिडिया प्रा.लि. | एकराज कार्की ९८५२६७१५९० | बिर्तामोड–४ | ०२३–५४५७१८ | *sajhamanch2070@gmail.com* |
| ४ | माङ्गेन्ना | सेसेहाङ फियाक ९८०७९१२०६६ प्रधान सम्पादक विश्वदीप फियाक ९८०६०५१८९४ | सेसेहाङ फियाक ९८०७९१२०६६ | | दमक–५ | ९८०७९१२०६६ | *mangnennanews@gmail.com* |
| ५ | पूर्वी गर्जन | प्रकाश डुम्रे | पूर्वी गर्जन मिडिया प्रा.लि | प्रवीन अधिकारी | मेचीनगर | ९८४०९९४८५६ | *Purbigarjan5@gmail.com* |

# झापाका नियमित प्रशारित टेलिभिजन

| क्र.स. | नाम | सम्पादक | प्रबन्ध निर्देशक | अध्यक्ष | कार्यालय (ठेगाना) | फोन | इमेल |
|---|---|---|---|---|---|---|---|
| १ | हिमशिखर | सुदीप अधिकारी<br>समाचार संयोजक<br>९८५२६६१६०४ | सन्दीप न्यौपाने<br>९८०१४०१६०२ | ध्रुवकुमार न्यौपाने<br>९८०१४०१६०१ | दमक-५ | ०२३-५८५५१२<br>०२३-५८३०२५ | *himshikhartv@gmail.com*<br>*deskhimshikhar@gmail.com* |
| २ | सूर्योदय | उमाकान्त खनाल<br>समाचार प्रमुख | विष्णु मैनाली उप्रेती<br>९८०४९२०१०० | मनोज उप्रेती<br>९८५२६७२१०० | बिर्तामोड-५ | ०२३-५४६३०८<br>०२३-५४५१०८ | *suryodayasamachar@gmail.com* |

# झापाका एफएम रेडियोहरू

| क्र. स. | नाम / मेगाहर्ज | सम्पादक | अध्यक्ष | प्रबन्ध-निर्देशक | कार्यालय | फोन नम्बर | इमेल / वेभसाइट |
|---|---|---|---|---|---|---|---|
| १ | रेडियो साथी (९८.६) | सुष्मा राजवंशी | पुनम प्रधान | | मेचीनगर | ०२३-५६३०३७ | *Newsfm986@gmail.com*<br>*www. radiosathi.com* |
| २ | रेडियो मन्त्र (१०५.४) | ज्ञानेन्द्र निरौला | अनिषा गौतम | ज्ञानेन्द्र निरौला | मेचीनगर | ९८५२६७४८२८ | *Radiomantra105@gmail.com* |
| ३ | मेची ट्युन्स (९६.८) | | राधिका घिमिरे | प्रज्वल घिमिरे | मेचीनगर | ०२३-५६३२६६ | *mechinews@gmail.com* |
| ४ | भिजन (९१.६) | पुष्प बराल | उमेश डालमिया | गणेश पोखरेल | बिर्तामोड | ०२३-५४५५१३ | *radiovision91.6@gmail.com*<br>*www. radiovision.com.np* |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | आँगन (८९.६) | चेतन लामिछाने | तपिलप्रकाश राई | इन्द्रजीत मुखिया | बिर्तामोड | ०२३-५३५६६० | *aagannews@gmail.com*<br>*www. aaganfm.com.np* |
| ६ | विराट (८८.५) | देवेन्द्र प्रसाईं | | लीला अनमोल | बिर्तामोड | ०२३-५४५३११ | *radiobirat@gmail.com*<br>*www. radiobirat.com.np* |
| ७ | मेरो रेडियो (१०५) | कुमार भट्टराई | शंकर सुवेदी | कुमार भट्टराई | अर्जुनधारा | ०२३-४६५००८ | *mero.radio.465008@gmail.com*<br>*www. meroradio105.com* |
| ८ | नागरिक (१०७.५) | गोपाल गिरी | ओम सरावगी | चिन्तामणि दाहाल | भद्रपुर | ०२३-५२०२७६ | *nagaricfm107.5@gmail.com*<br>*www. nagarikfm.com.np* |
| ८ | सप्तरङ्गी (१०१.६) | रोमणि लामिछाने | मेहेरमान लिङ्देन | गिरिराज भट्टराई | दमक | ०२३-५८४९२७ | *saptarangifmjhapa@gmail.com*<br>*www. saptarangifm.com* |
| ९ | पाथीभरा (९३.६) | सुमन धमला | बलराम पराजुली | राजेन्द्र चम्लागाईं | दमक | ०२३-५८४६०६ | *pfm93.6mhz@gmail.com*<br>*www. pathibharafm.org* |
| १० | हिमशिखर (१०३.३) | सुदीप अधिकारी | ध्रुव न्यौपाने | सन्दीप न्यौपाने | दमक | ०२३-५८३०२५ | *deskhimshikhar@gmail.com*<br>*www. himshikhartv.com.np* |
| ११ | रेडियो झापा (१००.७) | | | | दमक | ०२३-५८६०६३ | *www. radiojhapa.com* |
| १२ | एफएम प्लस | युवराज भट्टराई | युवराज भट्टराई | | गौरादह | ९८४१९८३९७३ | *Fmplus89.1@gmail.com* |
| १३ | रेडियो किङ | मनकुमार गदाल | डा.नवीन चापागाईं | मनकुमार गदाल | दमक- ८ | ९८४२६३११३८ | *Radiokingfm104.1@gmail.com* |
| १४ | कञ्चनजंघा (९२.६) | केशव भट्टराई | राजकुमार पोखरेल | चन्द्र भण्डारी | बिर्तामोड | | *kanchannews@gmail.com*<br>*www.kanchanjunghafm.org* |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | सनराइज (९०.२) | | सीता भट्टराई | कुमार भट्टराई | बिर्तामोड | (हाल बन्द) | *sunrise105.9@gmail.com* |
| १६ | सरगम (८८.८) | | लीना भण्डारी | | धुलाबारी | ०२३-५६१५२२<br>(हाल बन्द) | *sargamnews@gmail.com*<br>*www. radiosargam.org.np* |
| १७ | आरम्भ | | | | बिर्तामोड | (हाल बन्द) | |
| १८ | सिमाना | | | | मेचीनगर | (हाल बन्द) | |
| १९ | रेडियो अन | | | | बाहुण्डाँगी | (हाल बन्द) | |
| २० | रेडियो एवान (९९) | खड्गबहादुर कुमाल | हरिबिक्रम दुतपाउ | | अर्जुनधारा | (हाल बन्द) | |
| २१ | रेडियो सन्देश | | | | सुरुङ्गा | (हाल बन्द) | |

## झापाका नियमित अनलाइन न्यूज पोर्टलहरू

| क्र. सं. | अन्लाइन | सम्पादक | प्रकाशक | अध्यक्ष | ठेगाना | सम्पर्क | इमेल |
|---|---|---|---|---|---|---|---|
| १ | purwanchaldaily.com | लक्ष्मण ढकाल | भरतलाल गिरी | टोरुप प्रसाईं | बिर्तामोड | ०२३-५३१००२ | purwanchal2052@gmail.com |
| २ | pratidindaily.com | इन्द्रसिंह राजवंशी | नव सञ्चार गृह प्रा.लि. | | बिर्तामोड | ०२३-५३३८२० | pratidin65@gmail.com |
| ३ | www.ijalas.com | प्रदीप परियार | इजलास मिडिया प्रा.लि. | | बिर्तामोड | ९८५२६४५०२८ | ijalasmedia@gmail.com |
| ४ | sajilokhabar.com | तारामणि सापकोटा बाट रञ्जीत प्रसाईं | सन्दर्भ मिडिया प्रालि. बाट सजिलो खबर प्रालि. | | बिर्तामोड | ९८५२६७१८०१ | sajilokhabar@gmail.com |
| ५ | sajhamanch.com | गोपाल काफ्ले | | एकराज कार्की | बिर्तामोड | ०२३-५४५७१८ | sajhamanch2070@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | khabarmanch.com | सृजना घिमिरे | खबरमञ्च मिडिया प्रालि | | बिर्तामोड | ९८५११७१०३६ | khabarmanchonline@gmail.com |
| ७ | sancharmanch.com | रबीन तिम्सिना कोर्काली | प्रगतिशील डिजिटल मिडिया प्रा.लि. केशवराज भण्डारी | केशवमाया अर्याल | बिर्तामोड | ९८६२६४४५७५ | keshabraj2045@gmail.com |
| ८ | jhapaonline.com | सन्तोष शर्मा | सुसन मिडिया प्रा.लि. | | बिर्तामोड | ९८४४६८६९०६ | samisan143@gmail.com |
| ९ | bibechana.com | सुब्रत न्यौपाने | | | बिर्तामोड | ९८५२६७५००० | bibechana73@gmaill.com |
| १० | speakcorner.com | सुब्रत न्यौपाने | स्पीक कर्नर नेपाल प्रालि | लक्ष्मीप्रसाद घिमिरे | बिर्तामोड | ९८५२६७५००० | subrat.jhapa@gmail.com |
| ११ | jhapatoday.com | हिमाल खरेल | झापा टुडे मिडिया प्रा.लि. | | | ९८५२६७१६७९ | todayjhapa@gmail.com |
| १२ | Mechikhabar.com | प्रेम आचार्य | मेची खबर प्रकाशन प्रा.लि | | बिर्तामोड | ९८५१११७७६८ | mechikhabar@gmail.com |
| १३ | pardafasonline.com | पुष्प बराल | पर्दाफास प्रकाशन प्रा.लि. | | बिर्तामोड | ९८५२६३३६०३ | pardafasonline@gmail.com |
| १४ | nayapaper.com | रमेश तिवारी | प्राइम मिडिया प्रा.लि. | | बिर्तामोड | ९८५२६४३००० | abcjhapa@gmail.com |
| १५ | paribeshmedia.com | पुष्प खड्का | परिवेश डिजिटल मिडिया प्रा.लि. | गंगा तिम्सिना | बिर्तामोड | ९८४३०४९५८८ | paribeshdigitalmedia@gmail.com |
| १६ | purwakhabar.com | राजकुमार ओली | ओली फाउण्डेशन मिडिया मल्टिलिंक प्रा.लि. | | बिर्तामोड | ९८५१००३३०५ | rajkumar.jhapa@gmail.com |
| १७ | ekharipati.com | शम्भु दाहाल | | विकासजंग कार्की | बिर्तामोड | ९८५२६७४१९० | info@ekharipati.com |
| १८ | janaandolan.com | इन्दू पूर्वेली | यज्ञ पाठक | गोपीकृष्ण प्रसाई | बिर्तामोड | ०२३-५४५२४८ | jana023542855@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | purwanchaltoday.com | ठगमाया गौतम | | | बिर्तामोड | ९८५२६२७५५५ | purwanchaltoday.com |
| २० | sajhaonlinenews.com | सन्तोष न्यौपाने | सुसी मिडिया नेटवर्क प्रा.लि. | | बिर्तामोड | ९८४३८८६५०८ | jhapali18@gmail.com |
| २१ | Radiovision.com.np | गणेश पोखरेल | | | बिर्तामोड | ०२३-५४५५१३ | radiovision91.6@gmail.com |
| २२ | suryodayaonline.com | उमकान्त खनाल | सूर्योदय टीभी एण्ड मिडिया प्रा.लि. | मनोज उप्रेती | बिर्तामोड | ०२३-५४६३०८ | suryodayaonline@gmail.com |
| २३ | aaganfm.com.np | इन्द्रजीत मुखिया | आँगन एफएम प्रा.लि | तपिलप्रकाश राई | बिर्तामोड | ०२३-५३५६६० | aaganfm89.6@gmail.com |
| २४ | mofasalonline.com | भरत भावुक प्रसाई | श्री निर्मला मिडिया प्रा.लि | | बिर्तामोड | ९८६७८४७१७६ | kbrproduction.btm@gmail.com |
| २५ | samayasanjal.com | सृजन घिमिरे | समय सञ्जाल मिडिया प्रा लि | सरोज पौडेल | बिर्तामोड | ९८१५९१३२०५ | Jhapalisaroj@gmail.com |
| २६ | birtamodejhapa.com | विशाल आचार्य | बिर्तामोड झापा मिडिया प्रा.लि | टीकाराम बास्तोला | बिर्तामोड | ९७०२९५९४३० | birtamodejhapa11@gmail.com |
| २७ | orangesamachar.com | सन्तोष बेघा लिम्बू | यज्ञराज श्रेष्ठ | | बिर्तामोड | ९८४२६७१७४६ | orangeexcavatormedia12@gmail.com |
| २८ | nawadin.com | बद्रीनाथ हेमरम | नवदीन मिडिया प्रा.लि. | मनकुमार शर्मा | बिर्तामोड | ९८२४७८५१३९ | nawadinmedia@gmail.com |
| २९ | birtajyoti.com | तुलसी प्रसाद निरौला | बिर्ताज्योति | | बिर्तामोड | ९८१६०४१६४६ | niroulatulasi63@gmail.com |
| ३० | epurwa.com | राजु पौडेल | ई-पूर्व मिडिया प्रालि | नारायण अर्याल | बिर्तामोड | ९८४२६९७३१० | epurwa@gmail.com |
| ३१ | binjumedia.com | विजयराज बराल | बिन्जु मिडिया कर्नर | | बिर्तामोड | ९८५२६७७५४२ | binjustudi@gmail.com |
| ३२ | guptacharkhabar.com | | इसुल मिडिया प्रा.लि. | | बिर्तामोड | ९८५२६५५४५४ | esoulmedia@gmail.com |
| ३३ | shabdapatra.com | शर्मिला पुरी | शब्दपत्र प्रकाशन प्रा.लि. | उद्धव पुरी | बिर्तामोड | ९८४२६३३५६२ | shabdapatra@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | mechitimesonline.com | सुशीला संग्रौला | | | बिर्तामोड | ९८४२६३३१४५ | mechitimes@gmail.com |
| ३५ | jayloktantra.com | सुशीला संग्रौला | | कृष्ण हुमागाईं | बिर्तामोड | ९८५२६७२७५५ | humagain2012@gmail.com |
| ३६ | Birattvnews.com | देवेन्द्र प्रसाई | विराट अन्लाइन प्रा.लि. | लीला अनमोल | बिर्तामोड | ९८१४९६८०१० | info@birattvnews.com |
| ३७ | timesofpradesh.com | पार्थ मण्डल | प्रदेश डिजिटल मिडिया प्रा.लि. | | भद्रपुर | ९८४२६२६३०९ | info@timesofpradesh.com |
| ३८ | deshpradesnews.com | भेषराज नेपाल | देश प्रदेश खबर प्रा.लि. | | भद्रपुर | ९८४४६०५७८६ | despradesh.com@gmail.com |
| ३९ | aakha.com | ईश्वर अधिकारी | नागरिक ब्रोडकास्टिङ मिडिया नेटवर्क प्रालि. | | भद्रपुर | ९८५२६७१३५६ | aakhanews@gmail.com, |
| ४० | nayasandarva.com | द्रोण अधिकारी | नयाँ सन्दर्भ साप्ताहिक | | भद्रपुर | ९८०१४२२९१२ | nayasandarva@gmail.com |
| ४१ | saptahiksamachar.com.np | गोपाल गिरी | साप्ताहिक समाचार | | भद्रपुर | ९८४२६५२८२७ | samachar2072@gmail.com |
| ४२ | nirmanlahar.com | रोहित काफ्ले | निर्माण लहर प्रकाशन समूह | | भद्रपुर | ९८४२७८३९९० | kafle.roheet@gmail.com |
| ४३ | haldibari.com | रेखा न्यौपाने | हल्दिबारी मिडिया प्रा.लि. | नेत्रबिक्रम बिमली | हल्दिबारी | ९८२४९९७१२० | mediahaldibari@gmail.com |
| ४४ | Jhapanews.com | देवी अधिकारी | | | हल्दिबारी | ९८२५९३८५६० | enepalpati@gmail.com |
| ४५ | munalnews.com | मुना तिवारी | हातेमालो खबर मिडिया प्रालि. | मनोज तिवारी | बाह्रदशी | ९८०७९८४५७८ | Munalnewsh@gmail.com |
| ४६ | phulbaarmedia.com | दिनेशराज शर्मा | पाथीभरा थिएटर एण्ड सिने प्रा.लि. | प्रितमकुमार धमला | बाह्रदशी | ९८२३७४३४४१ | abidhamala@gmail.com |
| ४७ | jhapaexpress.com | मनोज ताम्ली | झापा एक्सप्रेस मिडिया प्रा.लि. | लेखनाथ (केशव) चापागाईं | झापा | ९८१३५६००६३ | jhapaexpress79@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४८ | palikasandesh.com | तीर्थराज तिम्सिना | पी.एस.टी. नेपाल मिडिया प्रा.लि. | (पालिका सन्देश) साप्ताहिक बाट सञ्चालित | बुद्धशान्ति | ९८६१०४२८०४ | palikasandesh@gmail.com |
| ४९ | buddhashantinews.com | | | | | ९७४२९८१४०० | postbuddhashantinews@gmail.com |
| ५० | suryodayaonlinenews.com | उज्ज्वल गुरागाईं | | | | ९८०१२४५७४६ | |
| ५१ | kanakaionline.com | लीलाराज झापाली | | | कनकाई | ९८५२६७३२०५ | lilarajjhapali@gmail.com |
| ५२ | kanakaikhabar.com | हुमकला मिश्र | | रामप्रसाद निरौला | कनकाई | ९८१४०८०३८२ | kanakaikhabar@gmail.com |
| ५३ | thoshkhabar.com | चूडामणि तिम्सिना | | सीएम शर्मा | कनकाई | ९८४२६७३३८३ | sharmacm571@gmail.com |
| ५४ | aamsanchar.com | नरेन्द्र ढकाल | आमसञ्चार डट कम प्रा.लि. | कमल पाण्डे (विनोद) | अर्जुनधारा | ९८५२६५५२९१ | Aamsanchar2019@gmail.com |
| ५५ | yalambartimes.com | राजन साम्पाङ | यलम्बर टाइम्स प्रा.लि. | दिपीन राई, लोचन राई | अर्जुनधारा | ९८४२६७११३१ | yalamber.times@gmail.com |
| ५६ | newssanjal.com | रमेश समदर्शी | | | अर्जुनधारा | ९८२४९०५०८२ | newssanjal.info@gmail.com |
| ५७ | khabarkheti.com | सोनाम तामाङ | टी.वाई. क्रिएशन प्रा.लि | तिलक योञ्जन | अर्जुनधारा | ९८५२६८६१०० | khabarkheti08@gmail.com |
| ५८ | sankalpasanchar.com | | | | अर्जुनधारा | | sankalpasanchar@gmail.com |
| ५९ | mechiaawaj.com | दामोदर भट्टराई | मेची आवाज साप्ताहिक | डम्मरु (डम्बर) बराल | मेचीनगर | ९८४२६७६३३१ | aawajmechi2073@gmail.com |
| ६० | hamrokhabarpati.com | त्रिलोचन गौतम | कृष्णथुम्की पब्लिकेशन एण्ड मिडिया प्रा.लि | योगराज आचार्य (युवराज) | मेचीनगर | ९८६३७२९७२२ | yuvraj.acharya01@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६१ | mechinagaronline.com | अर्जुन कार्की | पाउ पाथीभरा सञ्चार प्रा.लि. | | मेचीनगर | ९८५२६६२४०६ | arjunkarki.kvt@gmail.com |
| ६२ | ratopost.com | दिलीप थापा | | गणेश बहादुर मगर | मेचीनगर | ९८५२६२१३०० | |
| ६३ | loktantrapost.com | अम्बिका भण्डारी | काजी मिडिया एण्ड टेक्नोलोजी प्रा.लि. | मोहन काजी | मेचीनगर | ९८५२६७६२२ | info@loktantrapost.com |
| ६४ | bicharmanch.com | सन्तोष आचार्य | | | मेचीनगर | ९८४२७३२९६ | bicharmanch77@gmail.com |
| ६५ | meromechinagar.com | लक्ष्मी उप्रेती | हब डिजिटल मिडिया प्रा. लि. | उदयकुमार श्रेष्ठ | मेचीनगर | ९८५२६६२२६५ | meromechinagar@gmail.com |
| ६६ | anugaman.com | | | | मेचीनगर | ९८४२७५३१४१ | upreteeprakash@gmail.com |
| ६७ | setopatra.com | ज्ञानेन्द्र निरौला | झापा टाइम्स मिडिया नेटवर्क प्रा. लि. | | मेचीनगर | ९८५२६७४८२८ | setopatranews@gmail.com |
| ६८ | janasamsad.com | टंकबहादुर पौडेल | मेचीनगर अन्लाइन मिडिया प्रा.लि | मुक्तिनाथ पौडेल | मेचीनगर | ९८५२६७२७९९ | janasamsad@gmail.com |
| ६९ | khabarmanchonline.com | प्रकाश पौडेल | खबरमञ्च साप्ताहिक प्रा.लि. | | मेचीनगर | ९८५२६६३५९० | paudel.swadhin@gmail.com |
| ७० | purbigarjan.com | प्रवीण अधिकारी | पूर्वी गर्जन मिडिया प्रा.लि. | गणेश बहादुर पौडेल | मेचीनगर | ९८४०९९४८५६ | purbigarjan5@gmail.com |
| ७१ | mechipress.com | डम्बर विश्वकर्मा | मेची टाइम्स मिडिया प्रा.लि. | निर्मल निरौला/ विकास राउत | मेचीनगर | ९८०६०६९४१७ | news@mechipress.com |
| ७२ | chhadkeanusandhan.com | हीरालक्ष्मी कोइराला | अनुसन्धान मिडिया प्रा.लि. | खगिन्द्र प्रसाद घिमिरे | मेचीनगर | ९८५१२२२२२५ | jhapali.kg@gmail.com |
| ७३ | chautaripostonline.com | जीएन शर्मा | चौतारी मिडिया न्यूज नेटवर्क प्रा.लि. | | मेचीनगर | ९८४०३४०९२४ | Chautaripost74@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७४ | satakchinews.com | विनोद सापकोटा | सताक्षी मिडिया प्रा लि. | ललिता सापकोटा | शिवसताक्षी | ९८५२६७६६७६ | binodspkt18@gmail.com |
| ७५ | satasikhabar.com | सेलिङ केसी | सतासी साप्ताहिक खबर पत्रिकाद्वारा सञ्चालित | | शिवसताक्षी | ९८१८४७२१०७ | satashiweekly@gmail.com |
| ७६ | kuinetonews.com | विवेक भण्डारी | कुइनेटो मिडिया प्रा.लिं | उमानाथ भण्डारी | कमल | ९८५२६७०६३१ | kuinetomedia2075@gmail.com |
| ७७ | kochilanews.com | दमयन्ती राजवंशी | गौरीगञ्ज मिडिया प्रा.लि | आत्माराम राजवंशी | गौरीगञ्ज | ९८०६०४८५५६ | adrajbanshi@gmail.com |
| ७८ | onlinebichar.com | डण्डिराज (विवेक) घिमिरे | समरुप मिडिया नेटवर्क प्रा.लि | | गौरादह | ९८५२६७६३०८ | info@onlinebichar.com |
| ७९ | pardaphas.com | शान्तिराम नेपाल (सान) | पर्दाफास मिडिया नेटवर्क प्रा.लि. | | गौरादह | ९८४१७६१७८८ | shannepal78@gmail.com |
| ८० | himshikhartv.com.np | सुदीप अधिकारी | हिमशिखर मिडिया प्रालि | ध्रुब न्यौपाने | दमक | ०२३५८५५१२ | himshikhartv@gmail.com |
| ८१ | nishkarshanews.com | करुणा घिमिरे | निष्कर्ष मिडिया प्रा.लि | विष्णुप्रसाद पौडेल | दमक | ९८४२६६६३१४ | nishkarshamedia2078@gmail.com |
| ८२ | pradeshbani.com | दिलकुमारी राई | चेसुंग मिडिया प्रा लि | यज्ञराज आङ्देम्बे (विष्णु सुब्बा) | दमक | ९८५२२६७०१३७ | chesungmedia@gmail.com |
| ८३ | prabhabkarinews.com | विष्णुप्रसाद पोखरेल | प्रभावकारी मिडिया प्रा.लि. | | दमक | ९८०२०७५८५० | prabhabkarinews@gmail.com |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८४ | sarasandesh.com | डिकेश लामा | भ्याङ मिडिया प्रा.लि. | | दमक | ९८४२६३०६८७ | sarasandes77@gmail.com |
| ८५ | ujyaalokhabar.com | शक्तिराज नेपाल | पूर्व नेपाल मिडिया हाउस प्रा.लि. | भूमिराज पराजुली | दमक | ९८५२६६१६०० | ujyaalokhabar112@gmail.com |
| ८६ | saptarangifm.com | गिरिराज भट्टराई | सप्तरंगी एफ. एम.प्रा.लि. | मेहरमान लिङ्देन | दमक | ०२३ ५८४९२६ | saptarangifmjhapa@gmail.com |
| ८७ | aarambhanews.com | नवीन जोगी | प्रकाशक भिन्न मिडिया एण्ड रिसर्च प्रा लि. | राजु पोखेल | दमक | ९८५२६७४५४५ | aarambhanews1@gmail.com |
| ८९ | witlightnews.com | गीता अधिकारी | जोरधारा मिडिया प्रालि | बुद्धिप्रसाद लामिछाने | दमक | ९८४२६३३१९५ | witlightnews23@gmail.com |
| ९० | purbasandesh.com | गञ्ज ब. दाहाल | | | दमक | ०२३-५७०२७ | purbasandesh@yahoo.com |
| ९१ | purwanews.com | युवराज विवश | पूर्वन्यूज मिडिया प्रा. लि. | | दमक | ९८५२६७६४९० | purwanews1@gmail.com |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा

**संस्थापक कार्यसमिति : २०४६-०४७**



**डिल्लीराम निर्भिक**
संस्थापक अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | सभापति | डिल्लीराम निर्भिक |
| २ | सचिव | तारा बराल |
| ३ | सदस्य | मदन ढकाल |
| ४ | सदस्य | भरत भूर्तेल |
| ५ | सदस्य | मोहन ढुंगाना |
| ६ | सदस्य | गोपीकृष्ण खनाल |
| ७ | सदस्य | गोविन्दचन्द्र क्षेत्री |
| ८ | सदस्य | केशव आचार्य |
| ९ | सदस्य | गोविन्द अधिकारी |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा



**कार्यसमिति : ०४७-०४९ साल**

**तारा बराल**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | सभापति | तारा बराल |
| २ | उपसभापति | कृष्ण दाहाल |
| ३ | सचिव | चन्द्र भण्डारी |
| ४ | सहसचिव | राजबाबु शंकर |
| ५ | कोषाध्यक्ष | केशव धिताल |
| ६ | सदस्य | भरत भूर्तेल |
| ७ | सदस्य | केशव आचार्य |
| ८ | सदस्य | माधव विद्रोही |
| ९ | सदस्य | सूर्य नेपाल |
| १० | सदस्य | डिकमान विरही |
| ११ | सदस्य | गञ्जबहादुर दाहाल |
| १२ | सदस्य | ईश्वरीमान श्रेष्ठ |
| १३ | सदस्य | गोपाल गिरी |
| १४ | सदस्य | रामनाथ बास्कोटा |
| १५ | सदस्य | लीला बराल |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा




**कार्यसमिति : ०४९-०५१ साल**

**गोविन्दचन्द्र क्षेत्री**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | सभापति | गोविन्दचन्द्र क्षेत्री |
| २ | उपसभापति | केशव धिताल |
| ३ | सचिव | लीला बराल |
| ४ | सहसचिव | लोकराज ढकाल |
| ५ | कोषाध्यक्ष | लक्ष्मी लुइटेल |
| ६ | सदस्य | राजबाबु शंकर |
| ७ | सदस्य | नेत्र पाठक |
| ८ | सदस्य | खगेन्द्रकुमार कार्की |
| ९ | सदस्य | माधव विद्रोही |
| १० | सदस्य | अमृतलाल श्रेष्ठ |
| ११ | सदस्य | लक्ष्मण ढकाल |
| १२ | सदस्य | केपी कन्दङ्वा |
| १३ | सदस्य | लेखनाथ शिवाकोटी |
| १४ | सदस्य | नितु सुब्बा |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा



**कार्यसमिति : ०५१-०५३ साल**

**केशव आचार्य**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | सभापति | केशव आचार्य |
| २ | उपसभापति | गञ्जबहादुर दाहाल |
| ३ | सचिव | लोकराज ढकाल |
| ४ | सहसचिव | गोपाल गिरी |
| ५ | कोषाध्यक्ष | अमृतलाल श्रेष्ठ |
| ६ | सदस्य | लक्ष्मण ढकाल |
| ७ | सदस्य | नेत्र पाठक |
| ८ | सदस्य | राजबाबु शंकर |
| ९ | सदस्य | रामनाथ बास्कोटा |
| १० | सदस्य | डीकमान विरही |
| ११ | सदस्य | माधव विद्रोही |
| १२ | सदस्य | लक्ष्मी लुइटेल |
| १३ | सदस्य | टंक दुलाल |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा

**कार्यसमिति : ०५३-०५५ साल**




**चिन्तामणि दाहाल**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | सभापति | चिन्तामणि दाहाल |
| २ | उपसभापति | डिकमान विरही |
| ३ | सचिव | नेत्र पाठक |
| ४ | कोषाध्यक्ष | गोपाल गिरी |
| ५ | सदस्य | केशव आचार्य |
| ६ | सदस्य | माधव विद्रोही |
| ७ | सदस्य | राजबाबु शंकर |
| ८ | सदस्य | रोजिना पौड्याल |
| ९ | सदस्य | तोयानाथ उपेक्षित |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा

**कार्यसमिति : २०५५–०५८ साल**



**रामनाथ बास्कोटा**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | सभापति | रामनाथ बास्कोटा |
| २ | उपसभापति | कृष्ण हुमागाई |
| ३ | सचिव | गोपाल गिरी |
| ४ | कोषाध्यक्ष | दीपक ढकाल |
| ५ | सदस्य | धर्मेन्द्र मामा भट्टराई |
| ६ | सदस्य | टेकबहादुर गिरी |
| ७ | सदस्य | मोहन काजी |
| ८ | सदस्य | भीम नेम्वाङ |
| ९ | सदस्य | युवराज पौडेल |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा

**कार्यसमिति : २०५८-०६२ साल**



**माधव व्रिदोही**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | सभापति | माधव व्रिदोही |
| २ | उपसभापति | कृष्ण हुमागाई |
| ३ | सचिव | भीम नेम्वाङ |
| ४ | कोषाध्यक्ष | दिपीन राई |
| ५ | सदस्य | लक्ष्मण ढकाल |
| ६ | सदस्य | रोजिना पौड्याल |
| ७ | सदस्य | टंक दुलाल |
| ८ | सदस्य | धर्मेन्द्र मामा |
| ९ | सदस्य | रमेश पोखरेल |
| १० | सदस्य | लेखनाथ भट्टराई |
| ११ | सदस्य | गोपाल काफ्ले |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा

**कार्यसमिति : २०६२–०६४ साल**



**कृष्ण हुमागाईं**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | सभापति/अध्यक्ष | कृष्ण हुमागाई |
| २ | उपसभापति/ उपाध्यक्ष | गोपाल गड्तौला |
| ३ | सचिव | मोहन काजी |
| ४ | कोषाध्यक्ष | तारामणि सापकोटा |
| ५ | सदस्य | देवेन्द्र पौडेल |
| ६ | सदस्य | विष्णु सुब्बा |
| ७ | सदस्य | रमेश समदर्शी |
| ८ | सदस्य | दीपेन्द्रकुमार कार्की |
| ९ | सदस्य | टीकाराम नेति |
| १० | सदस्य | रोशनराज बास्तोला |
| ११ | सदस्य | सावित्रा दाहाल |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा

**कार्यसमिति : ०६४–०६७ साल**



**मोहन काजी**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | मोहन काजी |
| २ | उपाध्यक्ष | विष्णु सुब्बा |
| ३ | सचिव | गणेश पोखरेल |
| ४ | सहसचिव | राजेन्द्र गौतम |
| ५ | कोषाध्यक्ष | कृष्ण मिश्र |
| ६ | सदस्य | इन्दु पूर्वेली (महिला सदस्य) |
| ७ | सदस्य | केशव आचार्य |
| ८ | सदस्य | डीकेश लामा |
| ९ | सदस्य | पवन राजवंशी |
| १० | सदस्य | पारस तिम्सिना |
| ११ | सदस्य | दीपक अधिकारी |

# नेपाल पत्रकार महासंघ

## झापा शाखा



**कार्यसमिति : ०६७–०७० साल**

**गणेश पोखरेल**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | गणेश पोखरेल |
| २ | उपाध्यक्ष | तीर्थ सिग्देल |
| ३ | सचिव | दीपनवाला राई |
| ४ | सहसचिव | एकराज गिरी |
| ५ | कोषाध्यक्ष | विशाल नेम्वााङ |
| ६ | सदस्य | अनिल ढुंगाना |
| ७ | सदस्य | केशव भट्टराई |
| ८ | सदस्य | झुलन रेग्मी |
| ९ | सदस्य | विष्णु पोखरेल |
| १० | सदस्य | राजु अधिकारी |
| ११ | सदस्य | सुब्रत न्यौपाने |
| १२ | सदस्य | निर्मला तिम्सिना |
| १३ | सदस्य | पर्वत पोर्तेल |
| १४ | सदस्य | अर्जुन राजवंशी |
| १५ | सदस्य | पार्थ मण्डल |



# नेपाल पत्रकार महासंघ

झापा शाखा

**कार्यसमिति : ०७०-०७३ साल**

**भीम नेम्वाङ**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | भीम नेम्वाङ |
| २ | उपाध्यक्ष | तारामणि सापकोटा |
| ३ | उपाध्यक्ष | एकराज गिरी |
| ४ | सचिव | गोपाल झापाली |
| ५ | सहसचिव | प्रेम आचार्य |
| ६ | सहसचिव | अर्जुन कार्की |
| ७ | कोषाध्यक्ष | अर्जुन राजवंशी |
| ८ | सदस्य | आत्माराम राजवंशी |
| ९ | सदस्य | गंगा बराल |
| १० | सदस्य | पुष्प बराल |
| ११ | सदस्य | पार्थ मण्डल |
| १२ | सदस्य | मदनकुमार तुम्सा |
| १३ | सदस्य | रञ्जित परियार |
| १४ | सदस्य | रमेश क्षेत्री |
| १५ | सदस्य | राजु पाठक |
| १६ | सदस्य | सुरेन्द्र भण्डारी |
| १७ | सदस्य | राजकुमार ओली |
| १८ | सदस्य | सुशीला संग्रौला |
| १९ | सदस्य | अमित खम्बू |



# नेपाल पत्रकार महासंघ

झापा शाखा

**कार्यसमिति : ०७३-०७७ साल**

**तारामणि सापकोटा**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | तारामणि सापकोटा |
| २ | उपाध्यक्ष | एकराज गिरी |
| ३ | उपाध्यक्ष | भीमाकुमारी शिवाकोटी |
| ४ | सचिव | सन्तोष आचार्य |
| ५ | सहसचिव | केशव भट्टराईइन्द्रजित मुखिया |
| ६ | सहसचिव | ईश्वर अधिकारी |
| ७ | कोषाध्यक्ष | सुष्मा राजवंशी |
| ८ | सदस्य | रञ्जित परियार |
| ९ | सदस्य | अनिलदेव राई |
| १० | सदस्य | उत्तम नेपाल |
| ११ | सदस्य | देवु बानिया |
| १२ | सदस्य | बिनोद सापकोटा |
| १३ | सदस्य | पार्थ मण्डल |
| १४ | सदस्य | सन्तोष शर्मा |
| १५ | सदस्य | रमेश तिवारी |
| १६ | सदस्य | लक्ष्मी काफ्ले |
| १७ | सदस्य | लीलाराज झापाली |
| १८ | सदस्य | सुशीला संग्रौला |
| १९ | सदस्य | उत्तम नेपाल |
| २० | सदस्य | रञ्जित प्रसाईं |



# नेपाल पत्रकार महासंघ

झापा शाखा

**कार्यसमिति : ०७७-०८० साल**

**एकराज गिरी**
अध्यक्ष

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | एकराज गिरी |
| २ | उपाध्यक्ष | केशव भट्टराई |
| ३ | उपाध्यक्ष | सुशीला संग्रौला |
| ४ | सचिव | डिकेश लामा |
| ५ | सहसचिव | राजु पाठक |
| ६ | सहसचिव | अर्जुन राजवंशी |
| ७ | कोषाध्यक्ष | रञ्जित प्रसाईं |
| ८ | सदस्य | सन्तोष शर्मा |
| ९ | सदस्य | स्वस्तिका आचार्य |
| १० | सदस्य | विनोद पाण्डे कमल |
| ११ | सदस्य | रञ्जित परियार |
| १२ | सदस्य | चिरञ्जीवी घिमिरे |
| १३ | सदस्य | राजन साम्पाङ |
| १४ | सदस्य | होमप्रकाश अधिकारी |
| १५ | सदस्य | सुनिरा मैनाली |
| १६ | सदस्य | सुष्मा राजवंशी |
| १७ | सदस्य | अच्यूत सुवेदी |
| १८ | सदस्य | द्रोण अधिकारी |
| १९ | सदस्य | मनिषा चम्लागाई |
| २० | सदस्य | अनिल वाग्ले |



ISBN : 9789937-1-6555-6

9789937-1-6555-6

**नेपाल पत्रकार महासंघ**
**झापा शाखा**

फोन : ०२३-५३०२०६ । इमेल : fnjjhapa2071@gmail.com